# सुशासन, कानून निर्माण र न्याय सेवाको प्रभावकारिता

(कार्यक्रम सारांश प्रतिवेदन, २०७७)

संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका

संघीय स्वरूपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका

न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश/स्थानीय सरकारको अपेक्षा र भूमिका








नेपाल कानून समाज
NEPAL LAW SOCIETY

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

**Embassy of Switzerland in Nepal**

- प्रकाशन मिति
  **२०७८ वैशाख**

- संख्या
  **१००० प्रति**

- प्रकाशक
  **नेपाल कानून समाज**



- सर्वाधिकार ©
  **नेपाल कानून समाज**



- मुद्रण
  **नेशनल ग्राफिक्स्**
  नयाँबजार, काठमाण्डौ

- प्रकाशन सहयोग
  पुस्तक प्रकाशनको लागि एम्बेसी अफ स्विट्जरल्याण्ड इन नेपालबाट प्राविधिक र आर्थिक सहयोग उपलब्ध भएको छ। पुस्तकमा व्यक्त विचार तथा निष्कर्षहरुले एम्बेसी अफ स्विट्जरल्याण्ड इन नेपालको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन।

We would like to sincerely thank Embassy of Switzerland in Nepal for their financial and technical support. The opinions expressed in this publication are those of the authors. They do not reflect the views of the partnership or the organizations.

लालवावु राउत
**Lalbabu Raut**
मुख्यमन्त्री
**Chief Minister**

फोन फ्याक्स नं. ०४१-५२७३०३, ५२३१३३
PH. Fax No.: 041-527303, 523133
Website : www.ocmcm.p2.gov.np

प्रदेश सरकार
State Government
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**Office of the Chief Minister & the Council of Ministers**
प्रदेश नं. २
State No. 2, Janakpurdham, Nepal

## शुभकामना

नेपाल कानून समाजले प्रदेश नं. २ मा प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकासँग भर्खरै सम्पन्न गरेका कार्यशालाहरू र श्रृंखलावद्ध बैठकहरूबाट प्राप्त सुझाव, सिकाई र अनुभव सहितको प्रतिवेदन प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ । समाजले यसको स्थापनाकाल देखिनै निरन्तर रूपमा नेपालको कानून निमार्ण प्रक्रिया, यसको कार्यान्वयन, व्यवस्थापिका तथा न्यायपालिकाको क्षमता विकास लगायतका विषयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमहरूका कारण नेपालको प्रदेश सरकार, प्रदेश सभा, स्थानीय तह र न्यायपालिका समेत निकै लाभान्वित भएका छन् । नेपाल कानून समाजले गर्ने यस किसिमका कार्यक्रमहरूका कारण नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनमा महत्वपुर्ण योगदान पुऱ्याउनुका साथै नेपालको संवैधानिक विकासमा एउटा कोशेढुङ्गा सावित हुने कुरामा शंका छैन ।

प्रदेश नं. २ मा केन्द्रित राजनीतिक दलहरू र नागरिक समेत नेपालको संघीय प्रणाली स्थापना गर्ने सम्बन्धमा सबैभन्दा बढी त्याग र बलिदान समर्पण गरेको प्रदेश हो । आफुले जन्माएको बच्चाको संरक्षण गर्ने दायित्व समेत तुलनात्मक रूपमा आफुहरूको बढी रहेको र प्रणालीप्रति अपनत्वको भावना स्वतः बढी हुँदो रहेछ । नेपालको ६८ बर्षको इतिहाँसमा सातवटा संविधानको अभ्यास भएकोमा यस संविधानप्रति समेत आफ्ना केही चासो र असहमति हुँदाहुँदै पनि पद्धती सफलतापूर्वक काम गर्न सकेमा बाँकी कुरा संविधान संशोधनबाट पनि सम्बोधन गर्न सकिन्छ भन्ने मान्यताका साथ हामी प्रदेश सरकारको नेतृत्व गरिरहेका छौं । संघीय प्रणाली नेपालको निम्ति नौलो भएका कारण केही हदसम्म कमी कमजोरी हुनु स्वभाविक भए पनि सहकार्यतामूलक संघीयता अवलम्बन गरेका संविधानको प्रभावकारी कार्यान्वयनमा मुलतः एकात्मक र केन्द्रिकृत मानसिकता नै प्रमुख चुनौतीको रूपमा देखा परेको छ ।

यस परिस्थितीमा नेपाल कानून समाजले नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश श्री प्रकाशमान सिंह राउत, राष्ट्रिय सभा विधायन व्यवस्थापंन समितिका सभापति श्री परशुराम मेघी गुरूङ्, संविधान सभा सदस्य तथा बरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटा, प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द शर्मा, मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा र अधिवक्ता श्री मोहनलाल आचार्य जस्ता दिग्गज व्यक्तिहरूको सहजीकरणमा प्रदेश सरकारका मन्त्रीहरू, सचिवालयका अधिकारीहरू, प्रदेश सभाका सभामुख लगायतका सम्पुर्ण सदस्यहरू, उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरू समेतको उपस्थितीमा अत्यन्तै प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु भएकोमा प्रदेशको तर्फबाट कृतज्ञता प्रकट गर्दछु ।

हाम्रो माग र आवश्यकता बमोजिम कार्यक्रम गर्न सहयोग गर्ने नेपाल कानून समाज र नेपालस्थित स्वीस एम्बेसीलाई धन्यवाद दिँदै आगामी दिनमा पनि प्रदेश सरकार, प्रदेश सभा, न्यायपालिका र स्थानीय सरकारलाई मध्यनजर राखी कार्यक्रम सञ्चालन गर्न प्रदेशको तर्फबाट अनुरोध गर्दछु ।

अन्तमा संविधान र कानूनमा भएका व्यवस्थाहरू, संघदेखि स्थानीय तहका विधायिकाले गरेका गतिविधिहरू, तीन तहवीचको अन्तर सम्बन्ध र समन्वय, कार्यान्यनमा देखा परेका चुनौति तथा समाधानका विकल्पहरूको जानकारी हुनुका साथै प्रदेशस्तरमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच हार्दिक सम्बन्ध कायम गर्न र सहकार्यताका लागि कार्यक्रम एउटा नमूना सावित भएको छ । उक्त कार्यक्रमको उत्पादनको रूपमा प्रकाशन गर्न लागिएको यस कृतिले अन्य प्रदेशहरूका निम्ति समेत कानून निमार्ण, समन्वय, सहकार्य र सहअस्तित्वको प्रयोग, सरकारका तीन अङ्गबीचको सहकार्य यसका चुनौति तथा समाधानका विपल्कहरू सहित निष्पक्ष सूचना प्रवाह भई संविधान कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त हुँदै आगामि दिनहरूमा समेत यस किसिमको कार्यक्रमहरू र प्रकाशनको निरन्तरताको कामना गर्दछु ।

२०७८ वैशाख २ गते

लालबाबु राउत
मुख्यमन्त्री

# विषय सूची


प्रकाशकीय ........................................ १
कार्यकारी सारांश ........................................ २
१. पृष्ठभूमि ........................................ ४
२. कार्यक्रमको उद्देश्य ........................................ ५
३. लक्षित समूह ........................................ ६
४. मुख्य उपलब्धिहरु ........................................ ७
५. मुख्य सिकाईहरु ........................................ ८
६. मुख्य चुनौतीहरु ........................................ ९
७. सम्पन्न भएका कार्यक्रमहरु ........................................ १०
  ७.१ सल्लाहकार समिति ........................................ १०
  ७.२ कार्यक्रमको तयारी बैठकहरु ........................................ ११
  ७.३ लक्षित समूहसँग गरिएको आवश्यकता बिषयवस्तुको पहिचान ........................................ ११
  ७.४ संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका विषयक कार्यशाला ........................................ १४
  ७.५ संघीय स्वरुपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका सम्बन्धी कार्यशाला ........................................ १७
  ७.६ न्यायपालिकाको सेवा प्रवाहमाः प्रदेश र स्थानीय सरकारको भूमिका र अपेक्षा ........................................ २०
  ७.७ सम्पन्न गरिएका कार्यक्रमहरुको समीक्षा बैठकहरु ........................................ २५
८. अनुसूची
  ८.१ संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका ........................................ ३०
  ८.२ संघीय स्वरुपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका ........................................ ५२
  ८.३ न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश/स्थानीय सरकारको अपेक्षा र भूमिका विषयक कार्यशाला ........................................ ६७
९. कार्यपत्रहरु ........................................ ८६
१०. सहभागीहरु ........................................ १२८

# प्रकाशकीय

संविधान सभाद्वारा २०७२ सालमा जारी गरिएको नयाँ संविधानले नेपाललाई एकात्मक प्रणालीबाट संघ, प्रदेश र स्थानीय तह सहितको तीन तहको संघीय प्रणालीमा रुपान्तरण गरेको छ। उक्त तीनवटै तहहरु कार्यकारी, व्यवस्थापिकीय र केही हदसम्म न्यायिक शक्तिसम्पन्न एकाईको रुपमा रहेका छन्। नेपाललाई सातवटा प्रदेशमा विभाजन गरिएको छ भने नेपालको लागि प्रदेशको संरचना बिल्कुलै नौलो हो।

संघीय प्रणालीसँग सम्बन्धित विषयहरु नेपालको लागि आफैमा नयाँ अभ्यास हो। यस प्रकारको प्रणाली जन आन्दोलनको फलस्वरुप मूलतः मधेश आन्दोलनको प्रतिफलको रुपमा प्राप्त भएको हो। सातवटा प्रदेशहरु मध्ये प्रदेश नं. २ मा मधेसी समुदायको बाहुल्यता रहेको र संघीय प्रणालीको वकालत गर्नेहरुकै वर्चस्वको रुपमा परिचित छ।

संघीय प्रणाली अवलम्बन गरे पश्चातका प्रारम्भिक अवधिमा संघीय प्रणालीले प्रशस्त चुनौतीहरुको सामना गरेको छ। संविधानको सफलताका लागि पनि संघीय प्रणालीको प्रभावकारी कार्यान्वयन अनिवार्य शर्त हो । प्रदेश नं. २ मा हुने संघीय प्रणालीको अभ्यासले संविधानको सफल कार्यान्वयनको लागि अत्यन्तै महत्वपूर्ण भूमिका खेल्दछ।

स्वीस राजदूतावासको आर्थिक सहयोगमा नेपाल कानून समाजले गतवर्षदेखि प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकालाई सहयोग गर्ने उद्देश्यले वहाँहरुकै नेतृत्व र समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रममा प्रदेश सरकार, प्रदेश सभा र प्रदेशस्थित न्यायपालिकाका सम्बन्धित निकायहरुसँग विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका थिए।

परियोजना अन्तर्गत असल शासन, कानून निर्माण र सेवा प्रवाहमा सुधारका लागि आवश्यकता पहिचान गर्न सहभागितामूलक कार्यशाला लगायतका कार्यक्रमहरु सरोकारवालाहरुकै सक्रियतामा प्रभावकारी समन्वय र सहकार्यका आधारमा सञ्चालन गरिएका थिए।

नेपाल कानून समाजको तर्फबाट नेपालस्थित स्वीस राजदूतावास, प्रदेश नं. २ का माननीय मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सभाका सभामुख, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, उच्च अदालतका माननीय न्यायाधीशहरु लगायत सम्बन्धित सरोकारवालाहरु प्रति वहाँहरुको सक्रिय सहभागिता र भूमिका प्रति हार्दिक धन्यवाद दिन चाहन्छु। त्यसैगरी पूर्व उपप्रधानमन्त्री तथा जनता समाजवादी पार्टीका नेता माननीय श्री उपेन्द्र यादव र सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश माननीय श्री कल्याण श्रेष्ठ प्रति वहाँहरुको सक्रिय सहभागिताका लागि हार्दिक धन्यवाद दिन चाहन्छु।

कोरोना (कोभिड–१९) कहरका बीचमा रहेका थुप्रै चुनौतीहरुका बावजुद पनि सुरक्षित रुपमा कार्यक्रमहरु सम्पन्न भएको र नेपाल कानून समाजले कार्यक्रम, सञ्चालन गरिएका गतिविधिहरु र उपलब्धिहरु समेत समेटिएको प्रतिवेदन एउटा पुस्तकको रुपमा प्रकाशन गर्न पाएकोमा समेत खुशी व्यक्त गर्दछु। यो पुस्तक सुशासन, संघीयता र लोकतन्त्रका सरोकारवालाहरुलाई उपयोगी र लाभदायक हुने अपेक्षा गरिएको छ।

**तीर्थमान शाक्य**
अध्यक्ष, नेपाल कानून समाज

वैशाख, २०७८

# कार्यकारी सारांश

नेपालको संविधानले मुलुकमा संघीय शासन पद्धती अवलम्बन गरेको छ। मुलुक हाल समावेशी लोकतन्त्र, असल शासन र प्रभावकारी सेवा प्रवाहलाई समाहित गर्दै संविधान कार्यान्वयनको चरणमा रहेको छ। संविधानले पहिलो पटक संघ, प्रदेश र स्थानीय तह सहितको तीन तहको संघीय संरचना अवलम्बन गरेको छ। तीनवटै तहलाई कार्यकारी, विधायिकी र न्यायिक क्षेत्राधिकारहरु तोकि शक्तिशाली बनाइएको छ। केन्द्र, संघ र स्थानीय तहको अभ्यास फरक रुपमा यस अगावै भए पनि प्रदेशको रचना र अभ्यास नेपालको लागि नौलो अभ्यास हो। संविधानले मुलुकलाई सातवटा प्रदेशमा विभाजन गरेको छ। प्रत्येक प्रदेशहरु संवैधानिक रुपमा निर्वाचित सरकारद्वारा कार्यकारी अधिकार सहित शासित छन्। प्रदेशमा विधायिकी अभ्यास समेत प्रदेश सभा मार्फत भएको छ भने न्यायपालिका एकात्मक प्रकृतीको हुने व्यवस्था संविधानले गरेको छ। तर पनि उच्च अदालत र जिल्ला अदालतहरुले प्रदेशस्तरमा न्याय सेवा प्रदान गर्दै आएका छन्।

सातवटा प्रदेशहरु मध्ये प्रदेश नं. २ मा आठवटा खासगरी तराई/मधेशका जिल्लाहरु, समेटिएका छन्। मधेशी जनताहरु संविधानमा संघीय प्रणालीलाई संस्थागत गर्न प्रारम्भदेखिनै सक्रिय रहेका छन्। मधेश आन्दोलनको प्रतिफलस्वरुप नेपालको संविधानमा संशोधन भई संघीय प्रणालीको व्यवस्था गरिएको थियो। हालसम्म पनि मधेशस्थित राजनीतिक दलहरुले संविधान संशोधन गरी संघीय प्रणालीलाई अझ मजबुत बनाउन आवाजहरु उठाउँदै आएका छन्। यस अर्थमा नेपालमा संघीय प्रणालीको उदय यसै प्रदेशबाट माग भए बमोजिम भएको र यसको सफलता वा असफलताको श्रेय समेत यसै प्रदेशलाई जाने हुन्छ। तसर्थ संघीय प्रणालीलाई संस्थागत गर्न र संविधानको सफल कार्यान्वयनको लागि यस प्रदेशका राजनीतिक दलहरु चासो र सक्रियताका साथ लागि परेका छन्। संविधानलाई सहि मार्गमा डोर्‍याउन, सेवा प्रवाहलाई जनताको हितको निम्ति प्रभावकारी रुपमा सुधार गर्न र संविधान कार्यान्वयनलाई सहि दिशा दिनको लागि यस प्रदेशका सरकार, सभा र न्यायालय सक्रियताका साथ लागि परेका छन्। आफुले गर्दै आएका कामहरुमा आवश्यक सुधार गर्न, समन्वय र सहकार्यमा प्रभावकारी ल्याउन, कानून निर्माण तथा न्याय सेवामा प्रभावकारीका लागि आवश्यक प्राविधिक सहयोगको लागि नेपाल कानून समाज र स्वीस राजदूतावाससँग सहकार्य गरी प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकाको पटक–पटक छलफलल गर्दै आएको थियो।

कानून वा नीति निर्माण, शासन प्रणालीलाई सशक्त बनाउने, सम्बद्ध सरोकारवालाहरुसँगको सहकार्यमा न्यायिक सेवा प्रवाहलाई चुस्त तथा दुरुस्त पार्ने लगायतका जिम्मेवारीका लागि प्रदेश नं. २ लाई सहयोग गरी संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउनको लागि नेपाल कानून समाजले स्वीस राजदूतावाससँग सहकार्य प्रारम्भ गरेको छ। नेपाल कानून समाजसँग सम्बन्धित विषय विज्ञहरु र सम्बद्ध सरोकारवालाहरुलाई परिचालन गरी कानून तथा नीति निर्माणमा सहयोग गर्दै आएको लामो अनुभव रहेको छ।

नेपाल कानून समाजले सम्बन्धित सरोकारवालाहरुसँग श्रृखलाबद्धरुपमा औपचारिक तथा अनौपचारिक बैठकहरु सञ्चालन गरी प्रदेशको विभिन्न सवालहरु र उक्त सवालको लागि आवश्यक पर्ने विशेषज्ञ सेवाको बारेमा पहिचान गरेको थियो। यस कार्यक्रमको उद्देश्यनै सरोकारवालाहरुसँग आपसमा छलफल गरी सहयोगका क्षेत्रहरु पहिचान गर्नु र उक्त क्षेत्रमा आवश्यक सहयोग उपलब्ध गराउनु रहेको थियो।

उक्त छलफलहरुबाट पहिचान गरेका मुख्य उद्देश्यहरुमा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा छलफल गरी प्रदेशको शासन व्यवस्थामा सुधार ल्याउने उपायहरुको पहिचान गर्नु, संघीय संरचना बमोजिम प्रदेश सरकारले निर्माण गर्नुपर्ने कानूनका लागि रहेका चुनौतीहरु तथा निजहरुको भूमिका र फौजदारी कानूनको तर्जुमा र संघीय कानून बमोजिम

देखा परेका चुनौती पाइएको थियो। त्यसैगरी प्रदेश सभाको फौजदारी विषयमा कानून तर्जुमा, लोकतन्त्र, संसदीय अभ्यास लगायतका विषयमा सभाको प्रभावकारीको लागि सहयोग गर्नु तथा प्रदेशस्थित न्यायपालिकाका उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा न्यायालयका कर्मचारीलाई एकै थलोमा भेला गरी प्रदेश तथा स्थानीय तहले तर्जुमा गरेका कानूनहरुको प्रभावकारी कार्यान्वयनको लागि वातावरण निर्माण गर्नु रहेका थिए। त्यसको निम्ति नेपाल कानून समाजले प्रदेश सरकार तथा प्रदेश सभाका अधिकारीहरुको सहयोगमा सम्वादको लागि सहजीकरण गरेको थियो।

माथि उल्लेखित उद्देश्य हाँसिल गर्नको लागि समाजले कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तयारी बैठकहरु सञ्चालन गरेको थियो। यसले आवश्यकता पहिचान तथा विषयवस्तुको पहिचानका लागि समेत विभिन्न बैठकहरु आयोजना गरेको थियो। यस उद्देश्यका लागि ३ वटा कार्यशालाहरु सञ्चालन गरिएका थिए। पहिलो कार्यशाला प्रदेश सभाका सभामुख, समितिका सभापतिहरु र सदस्यहरुलाई लक्षित गरी **संघीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका** विषय, दोस्रो कार्यशाला प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीहरु, प्रमुख सचिव र सचिवहरुलाई लक्षित गरी **संघीय स्वरूपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका** विषय र तेस्रो कार्यशाला प्रदेश नं. २ का उच्च अदालत र जिल्ला अदालतका न्यायाधीश र कर्मचारहिरुलाई लक्षित गरी **न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश/स्थानीय सरकारको अपेक्षा र भूमिका** विषयमा सम्पन्न गर्‍यो। तीनवटै कार्यशालाहरु सम्पन्न भएपछि समीक्षा गर्ने उद्देश्यले विभिन्न समीक्षा बैठकहरु सम्पन्न भएको थियो।

कार्यक्रममा मुख्यमन्त्री, प्रदेश नं. २ सरकारका सबैजसो मन्त्रीहरु, प्रमुख सचिव, सचिवालयका कर्मचारीहरु, प्रदेश सभाका सभामुख, सभाका समितिका सभापति तथा सदस्यहरु तथा उच्च र जिल्ला अदालतका न्यायाधीशहरुको प्रभावकारी उपस्थिति थियो। नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री तथा जनता समाजवादी पार्टीका नेता श्री उपेन्द्र यादवको कार्यक्रम अवधिभर नै सक्रिय सहभागितामा कार्यक्रम सम्पन्न भएका थिए। त्यसै गरी सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश, श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, प्रतिनिधि सभाका सदस्य तथा सार्वजनिक सुनुवाई समितिका सभापति श्री लक्ष्मणलाल कर्ण, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द शर्मा पौडेल र प्राध्यापक श्री उमाशंकर प्रसाद लगायतको प्रभावकारी उपस्थितिले कार्यक्रम प्रभावकारी हुनुकासाथै उपलब्धिमूलक परिणाम समेत दिन सफल भएको थियो। प्रदेश सरकारका उच्च पदस्थ पदाधिकारीहरु तथा सचिवालयका अधिकारीको उपस्थिति र छलफलका कारण भविष्यको लागि महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएका छन्। प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरु र प्रदेशस्थित न्यायालयका उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुबीच पहिलो पटक यस प्रकारको छलफलको आयोजन सम्भव भएको थियो। उक्त छलफलहरुमा कानून निर्माणका विषय तथा चुनौतीहरु, कानूनको विषयवस्तु तथा कार्यान्वयन, सरकारहरुवीचको समन्वयका विषयहरु चुनौतीहरुको सम्बोधन गर्ने उपायहरु र सरकार तथा न्यायपालिकावीचको सम्बन्ध सुमधुर पार्ने उपायहरु लगायतका विषयमा गहन छलफलहरु भएका थिए। सम्बन्धित सरोकारवालाहरुले आफ्ना विचार तथा सीमाहरुको बारेमा भनाई राख्दै भावि दिनमा एकापसमा सहकार्य गरी काम गर्ने प्रतिबद्धता समेत जाहेर गर्नु भएको थियो भने यस प्रकारको सहजीकरणका लागि आयोजकलाई धन्यवाद समेत दिनु भएको थियो।

संघीयतालाई संस्थागत गर्न र पहिचान गरिएको महत्वपूर्ण विषयहरुलाई सम्बोधन गर्नको लागि नेपाल कानून समाजले आगामी दिनमा नीति सम्वाद, प्रदेश सरकार, सभा र न्यायपालिका, स्थानीय सरकारको क्षमता विकास कार्यक्रम मार्फत सहयोग गर्नेछ भने पछाडि परेका व्यक्तिहरुको लागि न्यायमा पहुँचको निम्ति कार्यक्रमहरु सञ्चालन गर्न लक्ष्य राखेको छ।

# ❶ पृष्ठभूमि

नेपाल कानून समाजले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सभा सचिवालय तथा उच्च अदालत जनकपूरका न्यायाधीशहरुसँगको सहकार्यमा स्वीस राजदूतावाससँगको सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा छलफल गरी प्रदेशको शासन व्यवस्थामा सुधार ल्याउने उपायहरुको पहिचान गर्नु, संघीय संरचना बमोजिम प्रदेश सरकारले निर्माण गर्नुपर्ने कानूनका लागि रहेका चुनौतीहरु तथा निजहरुको भूमिका र फौजदारी कानूनको तर्जुमा र संघीय कानून बमोजिम देखा परेका चुनौती पहिचान गर्नु, प्रदेश सभाको फौजदारी विषयमा कानून तर्जुमा, लोकतन्त्र, संसदीय अभ्यास लगायतका विषयमा सभाको प्रभावकारीको लागि सहयोग गर्नु तथा प्रदेशस्थित न्यायपालिकाका उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा न्यायालयका अधिकारीलाई एकै थलोमा भेला गरी प्रदेश तथा स्थानीय तहले तर्जुमा गरेका कानूनहरुको प्रभावकारी कार्यान्वयनको लागि वातावरण निर्माण गर्नु कार्यक्रमका उद्देश्यहरु रहेका छन्।

प्रदेश सरकारले संविधान बमोजिम कानून निर्माण गर्ने सम्बन्धमा उच्चतम प्रयास गरेको देखिन्छ। संविधानसँग बाझिएका करिव १० वटा जति विषयमा सर्वोच्च अदालतमा मुद्दा समेत यस प्रदेशको तर्फबाट दायर भएका छन्।

कार्यक्रम ३ वटा मुख्य उपलब्धिका अपेक्षा सहित सञ्चालन गरिएका थिए। जस अन्तर्गत असल शासन र सेवा प्रवाहमा प्रदेश सरकारलाई प्रभावकारी बनाउनु, प्रदेश सभालाई आवश्यक कानून तर्जुमा गर्न सहयोग गर्नु र न्याय सेवा प्रवाहमा अपेक्षा बमोजिम काम गर्न सहयोग गर्नु रहेका थिए।

नेपाल कानून समाजले कानून निर्माणका लागि संघीय संसद र सरकारसँग सहकार्य गरी विगत ४ दशकदेखि सहयोग गर्दै आएको छ। समाजको अनुभव तथा विज्ञताका आधारमा प्रदेश नं. २ को प्रदेश सरकार, सभा र उच्च अदालतलाई सहयोग गर्ने उद्देश्यले स्वीस राजदूतावाससँग विभिन्न कार्यक्रमहरु सहित सहकार्यतालाई अगाडि बढाएको हो। सरोकारवालाहरुको जानकारीको लागि छलफलको संक्षिप्त रुप यस प्रतिवेदनमा समावेश गरिएको छ।

परियोजनाका ३ वटा क्षेत्रहरु रहेका थिए। जस अन्तर्गत प्रदेश सरकार, सभा र न्यायपालिकालाई सहयोग गर्नु रहेको छ। लोकतान्त्रिक प्रणाली, संसदीय अभ्यास, समावेशी र लोकतान्त्रिक कानून निर्माण प्रकृया, संविधानको व्याख्या र संघीय मूल्य मान्यताहरु, प्रदेश सरकार तथा सभाको भूमिका र जिम्मेवारी सम्बन्धमा छलफल गर्नुनै यस कार्यक्रमको उद्देश्य रहेका थिए। त्यसको लागि नेपाल कानून समाजले प्रदेश सभा सचिवालय र मुख्यमन्त्री कार्यालयसँगको सहकार्यमा बर्दिवासस्थित होटल पावन मिथिलामा २०७७ फाल्गुण ९ र १० गते कार्यक्रम आयोजना गरेको थियो।

नयाँ संवैधानिक व्यवस्था अनुसार संघीय प्रणाली, प्रदेशस्तरमा कार्यकारी, व्यवस्थापीकिय र न्यायिक अभ्यास तथा तीनिहरुको अन्तर सम्बन्ध एउटा चुनौतीको रुपमा रहेको छ। यस सन्दर्भमा प्रदेश नं. २ ले सम्बन्धित दल र समुदायको नेतृत्वमा गरेको आन्दोलनको प्रतिफलस्वरुप प्राप्त संघीयता र गरेको अभ्यासले अन्य प्रदेशहरुका निम्ति समेत चासोको विषय हुन्छ। संविधानको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहवीचको अन्तर सम्बन्ध, समन्वय, सहकार्य र सहअस्तित्व, कार्यपालिका तथा व्यवस्थापिका बीचको ठाडो र तेर्सो सम्बन्ध तथा संविधानको प्रभावकारी कार्यान्वयनका विषय छलफल हुनु आवश्यक छ। तसर्थ यस प्रकारका छलफलले संविधानको कार्यान्वयनको गम्भिररुपमा समीक्षा गर्न मद्दत गर्दछन्।

संविधानको धारा ५६, ५७, भाग २०, अनुसूची ६, ७ र ९ बमोजिम प्रदेश सरकारको प्रभावकारी, यसले वहन गरेका चुनौतीहरु, प्रदेश सरकारको संघ र स्थानीय तहसँगको अन्तर सम्बन्ध र समन्वय जस्ता विषयमा गम्भिर रुपमा समीक्षा गर्नु आवश्यक छ। त्यसै गरी प्रदेश सरकार र सभावीचको सम्बन्ध, प्रदेशस्तरका न्यायिक निकायसँग सहकार्य गर्नुपर्ने विषयहरु समेत संवैधानिक मूल्य मान्यता र मर्मको दृष्टिकोणबाट समीक्षा गर्नु आवश्यक छ। यो प्रदेश सरकारले बहन गरेका चुनौती र प्राप्त अवसरहरुको समेत समीक्षा गर्ने समय हो।

संविधानले प्रदेश सभालाई केही विषयहरुमा कानून बनाउने अख्तियारी दिएको छ। यो प्रदेशको कानून निर्माण प्रकृया, सहभागितामूलक पद्धतीको अवलम्बन, कानून निर्माणमा भएको प्राविधिक क्षमताको स्तर, बनेका कानूनको कार्यान्वयनको अवस्था, सभाका विभिन्न समितिहरुले अवलम्बन गरेका पद्धती र अभ्यासहरु, कमजोरीहरु र संघको तर्फबाट समन्वय र सहकार्यका सम्बन्धमा देखापरेका विषयहरुको समेत समीक्षा गर्ने बेला भएको छ।

प्रदेश सरकार तथा सभासँगको सहकार्य तथा स्वीस राजदूतावासको सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रममा माननीय श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश, माननीय श्री उपेन्द्र यादव, पूर्व उपप्रधानमन्त्री, माननीय श्री परशुराम मेघी गुरुङ्ग, सभापति, विधायन व्यवस्थापन समितिका, श्री खिमलाल देवकोटा, संविधान सभा सदस्य, श्री बालानन्द पौडेल, अध्यक्ष, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, श्री उमाशंकर प्रसाद, प्राध्यापक, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु, समितिका सभापति, सदस्यहरु, प्रदेश सभा सचिवालयका सचिव तथा अन्य कर्मचारीहरु, नेपाल कानून समाजका कार्यकारी निर्देशक लगायत अन्य कर्मचारीहरु, नागरिक सम्वाद केन्द्र जनकपूरका प्रमुख तथा अन्य कर्मचारीहरुको उपस्थिति थियो।

तेस्रो कार्यक्रमको रुपमा प्रदेश नं. २ का तीनवटा उच्च अदालतहरु, ८ वटा जिल्ला अदालतहरुलाई लक्षित गरी न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश/स्थानीय सरकारको अपेक्षा र भूमिका विषयक कार्यशाला सम्पन्न भएको छ। उक्त कार्यक्रम २०७७ चैत्र ७ गते होटल पावन मिथिलामा जनकपुर, वीरगञ्ज र राजविराजका न्यायाधीशहरु, धनुषा, महोत्तरी, सर्लाही, सिरहा, बारा, पर्सा, रौतहट र सप्तरीका जिल्ला न्यायाधीशहरु र कर्मचारीहरुको सहभागितामा सम्पन्न भएको थियो।

## २ कार्यक्रमको उद्देश्य

- प्रदेश सरकारले सञ्चालन गरेका नीति तथा कार्यक्रमहरु, संघीय संरचनामा प्रदेश सरकारको कानून निर्माणमा योगदान र चुनौति, लोकतन्त्र, संघीय स्वरुप र फौजदारी कानून निर्माणमा प्रदेश सरकारको भूमिका लगायतका विषयमा छलफल गरी आगामी दिनका लागि सहज वातावरण तयार पार्न सहयोग गर्नु,
- लोकतन्त्र, संसदीय अभ्यास र फौजदारी कानून तर्जुमा प्रकृया सम्बन्धमा प्रदेश सभाको बढ्दो भूमिकाका लागि सहयोग गर्नु,
- प्रदेश सभा, समिति र सदस्यहरुको प्रदेश सभालाई लोकतान्त्रिक मूल्य मान्यताका आधारमा सञ्चालन गर्नको लागि सहयोग गर्नु,
- संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसरका विषयमा सरोकारवालाहरु बीच छलफल गरी विषय विज्ञहरुबाट मार्गदर्शन प्राप्त गर्नु,
- प्रदेश र स्थानीय तहबीच समन्वय र विवाद समाधानका चुनौति र अवसरका विषयमा व्यापक छलफल गरी आगामी दिनका लागि एउटा आधार श्रृजना गर्नु,

- राजश्व संकलन र न्यायोचित वितरणमा प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका तथा प्रदेश सरकारको बजेट निर्माण र कार्यान्वयनका विषयमा प्रदेश सरकार तथा संसदका बीच अनुभव आदान प्रदान गर्नु,
- उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरु र कर्मचारीहरुलाई एकै थलोमा भेला गरी प्रदेशस्तरमा न्यायपालिकाले गरेका योगदान र भोगेका चुनौती सम्बन्धमा छलफल गर्नु,
- प्रभावकारी न्याय सेवा प्रवाहका लागि न्यायाधीश/न्याय सेवाका पदाधिकारीहरु र प्रदेश सरकारका पदाधिकारीहरुवीच सम्वादको सहजीकरण गर्नु,
- प्रदेशस्तरबाट बनेका कानूनको प्रभावकारी कार्यान्वयनका लागि न्यायाधीश/न्याय सेवाका पदाधिकारीहरु र प्रदेश सरकारका पदाधिकारीहरुवीच सम्वादको सहजीकरण गर्नु,
- संघीयता कार्यान्वयन र जनतामा बढ्दै गएको न्यायपालिकाप्रतिको विश्वासलाई कायम गर्न न्यायपालिकाले खेल्नु पर्ने भूमिका सम्बन्धमा सम्वाद मार्फत सहजीकरण गर्नु,
- स्थानीय न्यायिक समितिको संरचना र भूमिका समीक्षा गर्दै प्रभावकारी सेवा प्रवाहका लागि आगामी रणनीतिका लागि छलफल गर्नु,
- जनताको न्यायमा पहुँचको अवस्थाको समीक्षा गर्दै त्यसको प्रर्वद्धनका लागि भावि रणनीतिका बारेमा छलफल गर्नु ।

## ३ लक्षित समूह

| | |
|---|---|
| प्रदेश सभा | सभामुख, उपसभामुख, समितिका सभापति तथा सदस्यहरु, विभिन्न राजनीतिक दलका मुख्य सचेतक तथा सचेतकहरु, संसदीय दलका नेताहरु, प्रदेश सभाका सदस्य तथा प्रदेश सभा सचिवालयका कर्मचारीहरु |
| प्रदेश सरकार | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीहरु, राज्य मन्त्रीहरु, प्रमुख सचिव, सचिवहरु, सहसचिव, उपसचिवहरु |
| न्यायालय | उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरु, रजिष्ट्रार, जिल्ला अदालतका न्यायाधीश तथा स्रेस्तेदारहरु, मुख्यमन्त्री, मन्त्री र मुख्य न्यायाधिवक्ता । |

## ४ मुख्य उपलब्धिहरू

कार्यक्रमका ३ वटा क्षेत्रहरु रहेका थिए। जस अन्तर्गत प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकालाई सहयोग गर्नु रहेको छ। उक्त कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरु यस प्रकार रहेका छन्ः

### क. प्रदेश सभासागको कार्यक्रमका उपलब्धिहरू

- कार्यक्रममा सबैजसो प्रदेश सभाका समितिका सभापतीहरु, सदस्यहरु, सचिवालयका सचिव लगायतका कर्मचारीहरु गरी जम्मा ६५ जनाको पूर्ण समय सक्रिय सहभागिता रहेको,
- सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, संङ्घीय संसद, सार्वजनिक सुनुवाई समितिका सभापति श्री लक्ष्मणलाल कर्ण, प्रदेशका मुख्यमन्त्री र सभामुख लगायतको उपस्थितिले कार्यक्रम प्रभावकारी भएको,
- प्रदेश सभाका सचिवालयका महत्वपूर्ण कर्मचारीहरुको उपस्थितले प्रस्तुत भएका ५ वटा विषयमा गहन छलफल भई आगामी दिनका लागि प्रमुख विषयहरुमा महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएको,
- प्रदेश सभाको तर्फबाट समेत संघीय संसद तथा सरकारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएको,
- प्रदेश सरकार र प्रदेश सभाबीच प्रभावकारी समन्वय गर्ने प्रतिबद्धता प्राप्त भएको,
- संघ, प्रदेश र स्थानीय तहको कानून निर्माण र सेवा प्रवाहमा समन्वय र सहकार्य हुने प्रतिबद्धताका कारण आगामी कानून निर्माण र सेवा प्रवाह प्रभावकारी हुने विश्वास प्राप्त भएको,
- कानून निर्माण, संसद, समिति प्रणाली, संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय, अनुगमन र कार्यान्वयन जस्तो महत्वपूर्ण विषयमा प्राप्त भएका सुझावहरुले आगामी दिनमा बन्ने कानूनहरु सम्वृद्ध हुने कुरामा विश्वस्त हुन सकिने वातावरण तयार भएको,
- हालसम्म प्रदेश सभाले गरेका अभ्यासहरुका आधारमा विगतमा भए गरेका कमी कमजोरीहरु आगामी दिनमा सच्याउने अवसर प्राप्त भएको,
- विषयहरुमा विज्ञहरुले प्रस्तुत गरेका कार्यपत्रहरुबाट महत्वपूर्ण श्रोत सामग्रीहरु तयार भएको आदि।

### ख. प्रदेश सरकारसँगको कार्यक्रमका उपलब्धिहरू

- प्रदेश सरकारका मुख्यमन्त्री, सबैजसो मन्त्रालयका मन्त्रीहरु, प्रदेश सरकारका प्रमुख सचिव, मन्त्रालयका सचिवहरु लगायतका कर्मचारी गरी जम्मा ४५ जनाको सक्रिय सहभागिता रहेको,

  नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ, संङ्घीय संसद, सार्वजनिक सुनुवाई समितिका सभापति श्री लक्ष्मणलाल कर्ण, प्रदेशका मुख्यमन्त्री, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेल लगायतको उपस्थितिले कार्यक्रम प्रभावकारी भएको,
- प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिव, सहसचिव, उपसचिव लगायतका महत्वपूर्ण कर्मचारीहरुको उपस्थितमा प्रस्तुत भएका ६ वटा विषयमा गहन छलफल भई आगामी दिनका लागि प्रमुख विषयहरुमा महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएको,

- प्रदेश सरकारको तर्फबाट समेत संघीय संसद तथा सरकारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएको,
- फौजदारी न्याय प्रणालीमा रहेका चुनौतीहरु, वित्तीय संघीयता र प्रदेश २ को अभ्यास, चुनौती र सम्भावनाहरु, संसद, समिति प्रणाली, संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, अनुगमन र कार्यान्वयन जस्तो महत्वपूर्ण विषयमा प्राप्त भएका सुझावहरुले आगामी दिनमा कानून कार्यान्वयनमा प्रभावकारी हुने कुरामा विश्वस्त हुन सकिने वातावरण तयार भएको,
- हालसम्म प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालयले गरेका अभ्यासहरुका आधारमा विगतमा भए गरेका कमी कमजोरीहरु आगामी दिनमा सच्याउने अवसर प्राप्त भएको,
- ६ वटा विषयमा विज्ञहरुले प्रस्तुत गरेका कार्यपत्रहरुबाट महत्वपूर्ण श्रोत सामग्रीहरु तयार भएको,
- संघ, प्रदेश र स्थानीय तहको कानून निर्माण र सेवा प्रवाहमा समन्वय र सहकार्य हुने प्रतिबद्धताका कारण आगामी कानून निर्माण र सेवा प्रवाह प्रभावकारी हुने विश्वास प्राप्त भएको,
- सभा र सम्बन्धित समितिमा विधेयकका सम्बन्धमा हुने छलफल बैठकमा मन्त्री उपस्थित हुनु पर्ने विषयमा स्पष्ट भई प्रतिबद्धता समेत प्राप्त भएको, आदि ।

**ग. न्यायपालिकासँग सञ्चालन गरेको कार्यक्रमका उपलब्धिहरू**

- प्रदेशस्थित उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा न्यायालयका अधिकारीहरु गरी जम्मा ६५ जना सहभागी एकैथलोमा जम्मा भई आ–आफ्नो विषयमा छलफल गर्ने अवसर प्राप्त भएको,
- पहिलो पटकनै प्रदेशस्तरका मुख्यमन्त्री तथा मन्त्रीहरु र उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरु बीच छलफल सम्पन्न भएको,
- प्रदेश तथा स्थानीय तहबाट निर्माण भएका कानूनहरु कार्यान्वयन गर्ने सम्बन्धमा सबै न्यायाधीशहरु बीच एकरुपता कायम भएको तथा सकारात्मक प्रतिक्रियाहरु प्राप्त भएको,
- प्रदेश सरकारबाट न्यायालयको लागि आवश्यक भौतिक पूर्वाधार, जनविश्वास विस्तार गर्न तथा श्रोत, साधन र कार्यक्रमहरु उपलब्ध गराउने प्रतिबद्धता प्राप्त भएको,
- सरकार र अदालत दुबैबाट स्थानीय न्यायिक समितिलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको,
- प्रदेशस्तरमा नमुना स्थानीय न्यायिक सेवा तालिम केन्द्र स्थापना गर्ने सहमती भएको,
- सरकार र अदालत बीच त्रैमासिक बैठक सञ्चालन गर्ने समेत सहमती भएको, आदि ।

## ५ मुख्य सिकाईहरू

- उच्चस्तरको नेतृत्व, मुख्यमन्त्री कार्यालय, संसद सचिवालय र नेपाल कानून समाजको संयुक्त आयोजनाका कारण मात्र यो स्तरको पूर्ण उपस्थिति र छलफल सम्भव हुनेरहेछ।
- उच्चस्तरका सहजकर्ता र जिम्मेवार निकायका व्यक्तित्वहरुको उपस्थितले कार्यक्रममा केन्द्रित गर्न तथा विषयवस्तु बुझाउन सहज हुनेरहेछ।
- विषयवस्तुको सही समयमा आवश्यक विषयमा हुन सकेमा मात्र कार्यक्रम प्रभावकारी हुन्छ। आवश्यकताका आधारमा तय गरिने कार्यक्रमहरु प्रभावकारी हुने रहेछ।

- आफ्ना भनाईहरुको प्रभावकारी सुनुवाई हुन्छ भन्ने कुराको सुनिश्चितताले सहभागिता अर्थपूर्ण र प्रभावकारी हुन्छ।
- यो स्तरको कार्यक्रम सम्पन्न गर्न पटक–पटकको पूर्व तयारी सही सहजकर्ता तथा विषयवस्तुको छनौट आवश्यक हुन्छ।
- सर्वोच्च अदालतका न्यायाधीश र पूर्व प्रधानन्यायाधीशको उपस्थितिले प्रदेशस्तरका न्यायाधीशहरुको आकर्षण र प्रभावकारी बढाउन मद्दत पुग्दछ।
- प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरुको उपस्थितिले न्यायाधीशहरुको पूर्ण रुपमा कार्यक्रममा भाग लिन सहज भएको।
- यातायात तथा बसोवासको खर्च व्यवस्थापन गर्दा कार्यक्रम प्रभावकारी हुन सक्ने रहेछ।
- सहभागितामूलक छलफलको माध्यमबाट प्रभावकारी सम्वाद गर्न सम्भव भएको।
- पटक–पटकका बैठक र छलफलका आधार छनौट गरिएका विषयहरुले सरोकारवालाहरुको आवश्यकता र विषयहरुको सम्बोधन गर्न सफल भएको।
- कार्यक्रमस्थल मध्यविन्दुमा राखिएका कारण पनि कार्यक्रम प्रभावकारी हुनमा मद्दत पुगेको आदि।

## ६ मुख्य चुनौतीहरू

- कोभिड–१९ को प्रभावका कारण करिव १ वर्ष अगाडि नै कार्यक्रम गर्ने तयारी भए तापनि समयमा नै कार्यक्रम गर्न सहज नभएको,
- प्रदेश सभा र मन्त्रालयहरु जनकपुरमा अवस्थित भए पनि समयको चाप, महत्वपूर्ण नेताहरु तथा सचिवहरुको सक्रिय र पूर्ण समय उपस्थितिका लागि बर्दिवासमा कार्यक्रम राख्नु परेकाले यातायातको व्यवस्थापनमा समस्या रहेको,
- समय व्यवस्थापनका दृष्टिले समेत प्रदेश सरकार र प्रदेश सभाका सम्पूर्ण व्यक्तित्वहरु, विषय विज्ञको समय व्यवस्थापनका कारण समेत कार्यक्रम समयमा सम्पन्न गर्न कठिनाई भएको,
- ६ वटा विषयमा एकैदिन सम्पूर्ण प्रस्तुती र उच्चस्तरका व्यक्तित्वहरुका वीच छलफल समेत गर्नुपर्ने भएकाले समय व्यवस्थापनको ठुलो चाप रहेको,
- कार्यक्रममा उच्चस्तरका सम्पूर्ण व्यक्तित्वहरुको पूर्ण समय पर्ने कार्यक्रमहरु भएका कारण वहाँहरुको कार्यालय व्यवस्थापनमा समेत कठिनाई रहेको,
- कार्यशालामा ५०–६० जना प्रदेश सभा सदस्यहरुले भाग लिनु भए पनि सम्पूर्ण प्रतिनिधित्व सम्भव नभएको,
- प्रदेश २ स्थित सम्पूर्ण अदालतका न्यायाधीशहरुलाई कार्यक्रममा लक्षित गरिएको भए पनि टाढाबाट आउनु पर्ने अदालतका न्यायाधीशहरुलाई यातायात तथा अन्य व्यवस्थापनको सहज नभएका कारण उपस्थित हुन सक्नु भएन।

# ७ सम्पन्न भएका कार्यक्रमहरू

## ७.१. सल्लाहकार समिति

नीति निर्देशन गर्ने, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन सहयोगका लागि परियोजनाले सरोकारवालाहरुको संलग्नतामा एक सल्लाहकार समिति गठन गरेको थियो ।

### उद्देश्य

सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा परियोजनाका कार्यक्रमहरुको योजना तर्जुमा, सञ्चालन, समीक्षा र अनुगमन गर्ने तथा भावि कार्यक्रमका लागि सुझाव प्रदान गर्ने ।

### कार्यक्रम

परियोजनाको अवधिभरमा सल्लाहकार समितिका बैठकहरु विभिन्न समयमा सञ्चालन गरिएका थिए। कार्यक्रममा प्रभावकारी ल्याउनको लागि प्रारम्भिक बैठकमा खासगरी कार्यक्रम सञ्चालनका तरिकाहरु, सहभागीहरुको छनौट र सरोकारवालाहरुको आवश्यकतामा केन्द्रित गरिएको थियो । कार्यक्रमलाई बढी प्रभावकारी बनाउनको लागि सरोकारवालाबाट सुझाव लिने र कार्यक्रमलाई सरोकारवालाहरुको आवश्यकता तय गर्ने विषयमा केन्द्रित गरिएको थिए । सल्लाहकार समितिको प्रभावकारी र कार्यक्रमलाई सहज बनाउनका लागि सरोकारवालाहरु सम्बन्धित क्षेत्रका व्यक्तित्वलाई संलग्न गराइएको थियो ।

सल्लाहकार समितिका सदस्यहरु यस प्रकार रहेका छन्ः

| | | |
|---|---|---|
| ● | श्री तीर्थमान शाक्य, अध्यक्ष, नेपाल कानून समाज | – संयोजक |
| ● | श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश, सर्वोच्च अदालत | – सदस्य |
| ● | श्री सुवासचन्द्र नेम्वाङ्ग, पूर्व सभामुख तथा सविधान सभाका अध्यक्ष | – सदस्य |
| ● | श्री उपेन्द्र यादव, पूर्व उपप्रधानमन्त्री, नेपाल सरकार | – सदस्य |
| ● | श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश नं. २ | – सदस्य |
| ● | श्री सरोज कुमार यादव, सभामुख, प्रदेश सभा, प्रदेश नं. २ | – सदस्य |
| ● | श्री राधेश्याम अधिकारी, सदस्य, राष्ट्रिय सभा | – सदस्य |
| ● | श्री अनिल कुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | – सदस्य |
| ● | श्री सपना प्रधान मल्ल, न्यायाधीश, सर्वोच्च अदालत | – सदस्य |
| ● | श्री प्रकाशमान सिंह राउत, न्यायाधीश, सर्वोच्च अदालत | – सदस्य |
| ● | श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधि सभा | – सदस्य |
| ● | श्री पुष्पा भुसाल, सदस्य, प्रतिनिधि सभा | – सदस्य |
| ● | श्री दिपेन्द्र झा, मुख्यन्यायाधिवक्ता, प्रदेश नं. २ | – सदस्य |
| ● | श्री उमाशंकर प्रसाद, विशेषज्ञ | – सदस्य |
| ● | श्री कृष्णमान प्रधान, कार्यकारी निर्देशक, नेपाल कानून समाज | – सदस्य सचिव |

### मुख्य उपलब्धिहरू

सल्लाहकार समितिबाट प्राप्त सल्लाह, सुझावका कारण कार्यक्रममा उच्चस्तरको सहभागिता र अमूल्य सुझावहरु प्राप्त भएका छन् भने सम्बन्धित निकायहरुबाट त्यही स्तरको प्रतिबद्धता समेत प्राप्त भएका छन्। परियोजनाका गतिविधिहरु गर्न र यस प्रकारको कोभिड महामारीमा समेत कार्यक्रम सञ्चालन गर्नको लागि समयानुकूल निर्णय गरी परिवर्तन गर्न आवश्यक थियो, सो को लागि सल्लाहकार समितिबाट महत्वपूर्ण भूमिका निर्वाह भएको छ। कार्यक्रमबाट निकालिएको निष्कर्ष र सुझावहरु प्रदेश नं. २ को सरकार, प्रदेश सभा र न्यायालयले स्वीकार गर्दै आगामी दिनमा सोही बमोजिम कार्य गर्ने प्रतिबद्धता व्यक्त भएका छन्।

## ७.२. कार्यक्रमको तयारी बैठकहरू

नेपाल कानून समाज र स्वीस राजदूतावासबाट कार्यक्रम भन्दा अगाडि, कार्यक्रमको अवधिभर र कार्यक्रम पश्चात समेत कार्यक्रमको उच्चतम उपलब्धि हाँसिल गर्नको लागि प्रदेश नं. २ का कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासँग श्रृखलाबद्ध बैठकहरु सञ्चालन गरिएका थिए।

### उद्देश्य

लक्षित समूहको आवश्यकता पहिचान गर्नु, प्राप्त उपलब्धिहरुको समीक्षा, संवैधानिक जिम्मेवारीको समीक्षा गर्दै वर्तमान अवस्थामा गर्न सकिने कार्यक्रमहरुको पहिचान गर्नु।

### कार्यक्रम

प्रारम्भमा कार्यक्रमको बारेमा अवधारणापत्र र विषयवस्तुको पहिचान लगायतका विषयमा सरोकारवालाहरुको सुझाव लिने र कार्यान्वयनका लागि विस्तृत छलफलको लागि आयोजना गरिएको कार्यशाला समेत श्रृंखलाबद्ध बैठकहरु सञ्चालन गरिएका थिए। त्यसै गरी मुख्यमन्त्री, सभामुख, प्रदेश नं. २ मा राजनीतिक दलका नेताहरु तथा उच्चपदस्थ न्यायाधीशहरुसँग वहाँहरुको नीतिगत विषयमा रहेका यर्थाथ आवश्यकताको पहिचान र योजना तर्जुमाका लागि बैठकहरु सञ्चालन गरिएका थिए। उक्त बैठकहरुले कोरोना कहरका बीचमा समेत सरोकारवालाहरुसँग कार्यक्रमहरु परिमार्जन गरी सञ्चालन गर्न सहज वातावरण निर्माण गरेको थियो।

### उपलब्धीहरू

विषयवस्तुको आवश्यकताको पहिचानको लागि गरिएका बैठकहरुले लक्षित समुदाय अन्तर्गत प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकासँग संयुक्त रुपमा कार्यक्रमको आयोजना गरी एउटा निश्चित लक्ष्यमा पुग्नको लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यस प्रकारका बैठकहरुले छलफल तथा कार्यशालाका लागि आवश्यक विषयहरु पहिचान गर्न र सरोकारवालाहरुलाई सक्रियतापूर्वक छलफलमा भाग लिनको लागि समेत मद्दत गरेका छन्।

## ७.३. लक्षित समूहसँग गरिएको आवश्यकता विषयवस्तुको पहिचान

तयारी बैठकहरुको सल्लाह तथा सुझावका आधारमा लक्षित समूहसँग आवश्यकता पहिचान गरिएको थियो। उक्त बैठक लक्षित समूहको आवश्यकता र विषयवस्तु बमोजिमका कार्यक्रमहरु तय गर्ने उद्देश्यले आयोजना गरिएको थियो।

## उद्देश्य

लक्षित समूहको संलग्नतामा कार्यशालामा छलफल गरिने विषयवस्तु सुनिश्चित गर्नु, कार्यक्रम आवश्यकताका आधारमा र अपनत्व सुनिश्चित हुने कुराको सुनिश्चित गर्नु, कार्यक्रम संयुक्त रुपमा आयोजना गर्नु र कार्यक्रमका लागि श्रोत व्यक्ति तथा सहभागीको छनौट गर्नु यो बैठकको मुख्य उद्देश्य रहेको थियो।

## कार्यक्रम

प्रदेश नं. २ अन्तर्गतका मुख्य सरोकारवाला प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकासँग जनकपुरमा २०७७ असोज २८ गते पूर्व तयारी तीनवटा छुट्टाछुट्टै बैठकहरुको आयोजना गरेका थिए। बैठकले प्रदेश सरकारसँग सुशासन, संघीय संरचनाबाट भएको योगदान, चुनौती तथा अवसर र कार्यक्रमको सहजीकरणका लागि श्रोत व्यक्तिहरुको पहिचान सम्बन्धमा छलफल गरेको थियो। उक्त बैठकमा प्रदेश सभासँग समेत कानून निर्माणमा भएको योगदान, चुनौती र अवसर लगायत कार्यक्रम सहजीकरणका लागि श्रोत व्यक्तिहरुको पहिचान सम्बन्धमा छलफल गरेको थियो। त्यसैगरी न्याय निरुपणका लागि प्रदेश तथा जिल्ला तहका न्यायालयका अवसर तथा चुनौतीहरु लगायत भावि कार्यक्रमका लागि श्रोत व्यक्तिहरुको पहिचान सम्बन्धमा पनि छलफल गरिएको थियो।

पहिलो बैठक प्रदेश नं. २ को सरकारसँगको छलफलमा असल शासन सुधारका उपायहरु, सेवा प्रवाह र जनताको अपेक्षा सम्बोधनका लागि विगत ३ वर्षमा प्रदेश नं. २ को सरकारले गरेका कामहरुको समीक्षा गरिएको थियो। बैठक मुख्यमन्त्री कार्यालय र नेपाल कानून समाजको संयुक्त आयोजनामा सञ्चालन गरिएको थियो। कार्यक्रममा मुख्यमन्त्री, मन्त्रीहरु, प्रमुख सचिव, सम्पूर्ण मन्त्रालयका सचिवालयका सचिवहरु सहभागी हुनुहुन्थ्यो। उक्त कार्यक्रममा २५ जनाको सहभागिता थियो।



मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा र वरिष्ठ अधिवक्ता संविधान सभाका सदस्य खिमलाल देखकोटाले प्रदेश सरकारले विगत ३ वर्षमा गरेको उपलब्धि, भोगेको चुनौती तथा प्राप्त अवसरहरुका सम्बन्धमा चर्चा गर्नु भएको थियो। वहाँहरुले विकासको क्षेत्रमा खासगरी शिक्षा, कृषि, प्रशासन, अमन चयन र कानून निर्माणको पक्षमा भएका प्रगतीको समेत समीक्षा गर्नु भएको थियो। संक्षिप्तमा वहाँहरुको कार्यपत्रले कार्यपालिका, व्यवस्थापिका र न्यायालयका सिमाहरु, चुनौती र अवसर हरुका बारेमा प्रकाश पार्नु भएको थियो। प्राध्यापक श्री उमाशंकर प्रसाद, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ र पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले आफ्ना सल्लाह सुझाव र पृष्ठपोषण गर्नु भएको थियो।

दोस्रो बैठक प्रदेश सभा सचिवालयसँग बसेको थियो। विगत ३ वर्षमा प्रदेश सभाबाट कानून निर्माणका सम्बन्धमा भएका प्रगती, अवसर र चुनौतीहरुका सम्बन्धमा प्रदेश सभासँग बैठक सञ्चालन गरिएको थियो। कार्यक्रम सभामुख, उपसभामुख, संसदीय दलका नेताहरु, विभिन्न समितिका सभापतिहरु, मुख्य सचेतक, सचेतक र सदस्यहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो। बैठक नेपाल कानून समाज र प्रदेश सभा




सचिवालयको संयुक्त आयोजनामा सञ्चालन गरिएको थियो । उक्त बैठकको सभापतित्व सभामुख श्री सरोज यादवले गर्नु भएको थियो भने बैठकमा २३ जना सहभागीले भाग लिनु भएको थियो।

प्रदेश नं. २ का मुख्यमन्त्री श्री लालबाबु राउत बैठकमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो । पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव र सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ बैठकमा विशेष अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा प्रदेश सभा र विभिन्न समिति तथा उपसमितिहरुले विगत ३ वर्षमा हाँसिल गरेका उपलब्धिहरु, प्रदेश सभाले भोगेका मुख्य चुनौती र प्राप्त उपलब्धीका सम्बन्धमा चर्चा गर्नु भएको थियो । वहाँहरुले प्रदेशस्तरमा संघीयता कार्यान्वयनमा देखा परेका आन्तरिक तथा बाह्य चुनौतीका सम्बन्धमा समेत समीक्षा गर्नु भएको थियो।

अन्तमा जनकपुर उच्च अदालत तथा नेपाल कानून समाजको संयुक्त आयोजनामा सहकार्यका क्षेत्रहरु र आगामी कार्यशालाका विषयहरु सम्बन्धमा तेश्रो बैठकको आयोजना गरिएको थियो। उक्त बैठकमा समेत मुख्यमन्त्री श्री लालबाबु राउत, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव र सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठको सहभागिता रहेको थियो । कार्यबाहक मुख्य न्यायाधीश उच्च अदालतका न्यायाधीशहरु र अदालतका अधिकारीहरु समेत बैठकमा २२ जनाको सहभागिता रहेको थियो।

मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा र संविधान सभा सदस्य तथा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले न्याय सेवा प्रवाहमा उच्च अदालत तथा जिल्ला अदालतहरुबाट भएका उपलब्धिहरु, भोगेका चुनौती तथा सम्भावित अवसरहरुका सम्बन्धमा चर्चा गर्नु भएको थियो। वहाँहरुले यस प्रदेशका सेवाग्राहीहरुका आवश्यकता र चाहनाहरु




फरक भएकाले न्यापालिकाले पनि उक्त विशेष आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी जनभावना अनुकूल न्याय सेवा प्रदान गर्नुपर्ने आवश्यकता रहेको तर्क पेश गर्नु भएको थियो । उच्च अदालतका न्यायाधीश तथा रजिष्ट्रारहरुले उच्च अदालतबाट न्यायिक सेवा प्रवाहमा भएको प्रगती, मुद्दाका प्रकृतीका आधारमा देखा परेका चुनौतीहरु र अदालतले मुद्दा फर्स्यौट सम्बन्धमा भएका प्रगती र अदालतबाट भएका फैसलाको कार्यान्वयनको अवस्थाका सम्बन्धमा विवरण पेश गर्नु भएको थियो । वहाँहरुले यी विषयहरुमा नेपाल कानून समाजबाट अध्ययन अनुसन्धान गरी सहयोग गर्न सकेमा अझ प्रभावकारी हुने समेत उपेक्षा राख्नु भएको थियो ।



मुख्यमन्त्री श्री लालबाबु राउत, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव र पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले समेत आफ्ना धारणाहरु बैठकमा व्यक्त गर्दै अदालतले सहज र मितव्ययीतालाई सुनिश्चित हुने किसिमले काम गर्नुपर्छ भन्नुभयो ।

## ७.४. संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका विषयक कार्यशाला

विगतमा भएका श्रृखलाबद्ध बैठकहरु, आवश्यक पहिचान सर्वेक्षण र अध्ययन भ्रमणका आधारमा सरोकारवालाहरुसँग श्रृखलाबद्ध कार्यशालाको आयोजना गरिएको थियो । नेपालको संविधानले प्रदेश सभालाई कानून निर्माणको जिम्मेवारी समेत दिएको छ । संविधानले दिएको उक्त दायित्व अन्तर्गत प्रदेश सभाले कानून निर्माण सम्बन्धमा गरेका अभ्यासहरु, समिति प्रणाली र त्यसको अभ्यास, सहभागितामूलक प्रकृया, उपलब्ध क्षमता, साधन श्रोत र जनशक्तिको उपलब्धता, कानून कार्यान्वयनको अवस्था, संघ, प्रदेश र स्थानीय तहवीच भएको समन्वय र सहकार्यको अवस्था, प्रदेश सभाले बहन गरेका चुनौती लगायतका विषयमा समीक्षा गर्नु आवश्यक भईसकेको छ। माथि उल्लेखित विषयहरुको अवस्थाको समीक्षाको लागि प्रदेश सभा र नेपाल कानून समाजले संयुक्त रुपमा कार्यक्रमको आयोजना गरेको थियो । संसदीय अभ्यास, लोकतान्त्रिक तथा समावेशी कानून निर्माण प्रकृया सम्बन्धमा आयोजना गरिएको उक्त कार्यशालामा सभामुख, उपसभामुख, विभिन्न समितिका सभापतिहरु र सभाका सदस्यहरुले भाग लिनु भएको थियो भने उक्त कार्यक्रम नेपाल कानून समाज र प्रदेश सभा सचिवालयले २०७७ माघ ८ गते होटल पावन मिथिला बर्दिवासमा आयोजना गरेको थियो ।

### कार्यक्रमको संक्षिप्त विवरण

एक दिवसीय कार्यक्रमको आयोजना गरिएकोमा उक्त कार्यक्रमको अध्यक्षता प्रदेश नं. २, प्रदेश सभाका सभामुख श्री सरोज कुमार यादवले गर्नु भएको थियो । कार्यक्रममा नेपाल कानून समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले सहभागी लगायत सभामुख, उपसभामुख, समितिका सभापतिहरु, मुख्य सचेतक, सचेतक, सभाका सदस्यहरु, विपक्षी दलको नेता, मुख्यमन्त्री लगायतका अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव र सभामुख श्री सरोज कुमार यादवले कार्यक्रमका मुख्य वक्ताको रुपमा कार्यक्रमले कानून तर्जुमा सम्बन्धमा आवश्यक क्षमता अभिवृद्धिमा योगदान पुऱ्याएकोमा खुशी व्यक्त गर्नु भयो । त्यसैगरी विपक्षी दलका नेता तथा नेपाली कांग्रेस संसदीय दलका नेताहरु श्री सत्रुघन महतो र श्री राम सरोज

यादवले कानून निर्माणमा प्रदेश सभालाई उपयुक्त विधि र पद्धती अवलम्बन गर्नको लागि कार्यक्रम अत्यन्तै महत्वपूर्ण भएको धारणा व्यक्त गर्नु भयो। यस कार्यक्रमले संघीयताको मर्म अनुसार प्रदेश सरकारले कानून निर्माण गर्ने कुरामा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो। कार्यशालामा ५ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए। पहिलो कार्यपत्र कानून निर्माण प्रकृयामा प्रदेश सभाको भूमिका र योगदानः सरकारसँगको समन्वय सम्बन्धमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ र प्रदेश सरकारका मुख्यन्याधिवक्ता श्री दिपेन्द्र झा



ले संयुक्त रुपमा प्रस्तुत गर्नु भएको थियो। संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय चुनौति र अवसर सम्बन्धमा वरिष्ठ अधिवक्ता तथा संविधान सभा सदस्य श्री खिमलाल देवकोटाले दोश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। प्रदेश र स्थानीय तहवीचको अन्तरसम्बन्ध तथा समन्वय सम्बन्धमा अधिवक्ता श्री मोहनलाल आचार्यले तेश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी लोकतन्त्र र संसदीय अभ्यासः फौजदारी कानून तर्जुमामा प्रदेश सभाको भूमिका विषयमा चौथो कार्यपत्र सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ र प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झाले संयुक्तरुपमा प्रस्तुत गर्नु भएको थियो भने पाँचौ कार्यपत्रको रुपमा कानून निर्माणमा प्रदेश सभाका विभिन्न समितिका सभापति तथा सदस्यहरुको भूमिका सम्बन्धमा प्रतिनिधि सभाका सदस्य श्री लक्ष्मणलाल कर्ण र राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिका सभापति परशुराम मेघी गुरुङ्गले संयुक्तरुपमा प्रस्तुत गर्नु भएको थियो। पहिलो र तेश्रो सत्र श्री उपेन्द्र यादवले, दोश्रो सत्र सभामुख श्री सरोज यादवले र चौथो सत्रको सभापतित्व प्रदेश सभाका महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सभापति श्री जयनुल राइनले गर्नु भएको थियो।

पहिलो कार्यपत्रमा श्री दिपेन्द्र झाले प्रदेश सभाले कानून तर्जुमा गर्दा सैद्धान्तिक र व्यावहारिक दुबै पक्षमा ध्यान दिनुपर्ने औंल्याउनु भएको थियो। वहाँले प्रदेश सभाले कतिपय कानूनहरु तर्जुमा गर्दा खासगरी प्रहरी ऐनमा सभा र सरकारवीचको समन्वयमा कानून पारित गरी उदाहरणीय रुपमा नमुना प्रस्तुत गरेको दृष्टान्त समेत प्रस्तुत गर्नु भयो। वहाँले उक्त ऐन तयार पार्ने र पारित गर्ने सम्बन्धमा संघीय ऐनले कतिपय व्यवस्थाहरु मार्फत प्रदेशका अधिकारलाई खुम्च्याउने कार्य गरेका कारण केही चुनौती तथा कठिनाई रहेको समेत धारणा व्यक्त गर्नु भयो। श्री झाले कानून तर्जुमा पश्चात पनि थुप्रै चुनौती देखा परेका कारण बनेका कानूनहरुको समेत समीक्षा गर्नुपर्ने बताउनु भयो। वहाँको कार्यपत्र प्रस्तुती पश्चात सहभागीहरुले छलफलमा भाग लिनु भएको थियो।

कार्यक्रममा मुख्यमन्त्री श्री लालबाबु राउतले यस कार्यक्रमले आगामी दिनमा प्रदेश सभा, विभिन्न समितिहरु, सभाका सदस्य तथा सरकारलाई आफ्ना कामहरुमा प्रशस्त सुधार गर्ने अवसर प्रदान गरेको धारणा व्यक्त गर्नु भयो। वहाँले कानून निर्माणमा देखा परेका कमी कमजोरीहरु, समन्वयसँग सम्बन्धित विषयहरु तथा कानून निर्माणमा देखा परेका चुनौतिहरुका सम्बन्धमा आगामी दिनमा प्रशस्त छलफल हुने समेत विश्वास व्यक्त गर्नु भयो। वहाँले सहभागीहरुको तर्फबाट संवैधानिक मर्म र भावना तथा कर्मचारी सञ्जालबाट सबै अधिकार केन्दमा राख्नु पर्ने वा केन्द्रको हित बमोजिम काम गर्ने अभ्यास रहेको सम्बन्धमा समेत व्यापक चर्चा र छलफल गर्नुपर्ने आवश्यकता औल्याउनु भयो। श्री मनिष सुमन, सभापति, आर्थिक मामिला तथा योजना समिति, श्री अशोक कुमार यादव, सभापति, प्रदेश मामिला समिति, श्री शेख अब्दुल कलाम, सभापति, विकास समिति, श्री लगनलाल चौधरी,

सभापति, सार्वजनिक लेखा समिति, श्री वीरेन्द्रप्रसाद सिंह, सभापति, कृषि तथा भूमि व्यवस्थापन समिति, श्री लक्ष्मणलाल कर्ण, सदस्य प्रतिनिधि सभा र श्री परशुराम मेघी गुरुङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा लगायतका अन्य सहभागीहरुले उक्त विषयमा आफ्ना धारणाहरु व्यक्त गर्नु भएको थियो। अन्तमा सत्रको सभापतित्व गर्नु भएका माननीय पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले कानून बनाएर मात्र नहुने, कानूनको प्रभावकारी कार्यान्वयन नै मूल मर्म भएको विचार सहित सत्रको समापन गर्नु भएको थियो।

कार्यक्रमको दोश्रो सत्रमा वरिष्ठ अधिवक्ता तथा संविधान सभाका सदस्य श्री खिमलाल देवकोटाले संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय र अन्तर सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। वहाँले संघ, प्रदेश र स्थानीय तहवीचको अन्तरसम्बन्ध तथा समन्वय सम्बन्धि ऐन संघीय संसदबाट २०७७ श्रावण १३ गते पारित भईसकेको र उक्त ऐनलाई यसको महत्वका आधारमा दोश्रो संविधानको रुपमा मान्ने गरिएको धारणा व्यक्त गर्नु भयो। वहाँका अनुसार हालको मुख्य चुनौती नै एकात्मक मानसिकता रहेको विचार व्यक्त गर्नु भयो। कार्यपत्र प्रस्तुती पश्चात खुला छलफल सञ्चालन गरिएको थियो। खुला छलफलमा संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध र समन्वय सहकार्य र सहअस्तित्वका आधारमा हुनुपर्ने धारणा राख्नु भएको थियो। उक्त धारणा राख्नेहरुमा प्रदेश सभाका सदस्यहरुमा श्री शिवचन्द्र चौधरी, श्री बेची लिङ्गेल, डा. रिना यादव र श्री सुनिता कुमारी शाह हुनुहुन्थ्यो भने नेपाली कांग्रेसका मुख्य सचेतक श्री उपेन्द्र प्रसाद कुशवाह, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग र नेपाल सरकारका पूर्व उप प्रधानमन्त्री श्री उपेन्द्र यादव हुनु हुन्थ्यो। अन्तमा प्रदेश सभाका सभामुख श्री सरोज कुमार यादवले यस प्रकारको कार्यक्रमले प्रदेश सभाको क्षमता अभिवृद्धि गरेको धारणा सहित सत्रको समापन गर्नु भएको थियो।

तेश्रो सत्रमा श्री दिपेन्द्र झाले कानूनको बारेमा बुझाईमा समस्या रहेको, फौजदारी कानूनको क्षेत्राधिकारका सम्बन्धमा गलत बुझाई रहेको, प्रदेशको क्षेत्राधिकारभित्र रहेका विषयहरुमा समेत अनावश्यक दायित्वहरु थोपरिएको धारणा राख्दै प्रदेशले कानून तर्जुमा गर्दा प्रशासकीय वा अन्य प्रकारका दण्ड र सजाय गर्न सक्ने अधिकार दिइनु पर्ने धारणा व्यक्त गर्नु भयो। वहाँले जिल्ला सरकारी वकिलको कार्यालयलाई प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय भन्दा बाहिर राखिएकोमा अनुपयुक्त भएको र प्रदेशका एकल अधिकारका विषयमा समेत हस्तक्षेप गर्ने प्रयास गरिएको जस्ता धारणाहरु आफ्नो कार्यपत्र मार्फत राख्नु भएको थियो। कार्यपत्रको प्रस्तुती पश्चात खुला छलफल रखिएकोमा पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, प्रदेश सभाका मुख्य सचेतक श्री परमेश्वर शाह, प्रदेश सभा सदस्यहरु, श्री राम आशिष यादव, श्री रानी शर्मा तिवारी, श्री शिवचन्द्र चौधरी श्री चमेली दास र प्रतिनिधि सभा सदस्य श्री लक्ष्मणलाल कर्णले आफ्ना धारणाहरु राख्नु भएको थियो। श्री कल्याण श्रेष्ठले संघीयताका सम्बन्धमा अधिकार विभाजनमा नै समस्या रहेका कारण चुनौती देखा परेको, अधिकारको सूची सम्बन्धमा आफ्नो अनुकूल व्याख्या गर्ने प्रचलन रहेकोमा गम्भिर समस्या रहेको धारणा व्यक्त गर्नु भएको थियो। अन्तमा सत्रको सभापतित्व गर्नु भएका नेपाल सरकारका उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले संघीयता तलबाट माथि अभ्यास गर्ने प्रणाली भए पनि नेपालमा यसको अभ्यास माथिबाट तलतर्फ गर्ने भएका कारण समस्या रहेको धारणा सहित सत्रको समापन गर्नु भएको थियो।

त्यसैगरी कार्यक्रमको चौथो सत्रमा संसारका विभिन्न मुलुकमा भएका एकसदनात्मक, द्विसदनात्मक, संसदीय तथा राष्ट्रपतीय प्रणालीका सम्बन्धमा भएका विभिन्न संसदीय अभ्यासका सम्बन्धमा राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्गले आफ्नो प्रस्तुती राख्नु भएको थियो। वहाँले सबै प्रकारका संसदीय अभ्यासहरुमा समिति प्रणालीको अभ्यास हुने गरेको धारणा राख्दै नेपालमा विषयगत समितिहरु, विशेष समितिहरु र संयुक्त समिति गरी ३ प्रकारका समितिको अभ्यास रहेको जानकारी दिनु भयो। त्यसैगरी वहाँले

समिति प्रणालीको महत्वका सम्बन्धमा समेत चर्चा गर्नु भएको थियो। कार्यपत्र प्रस्तुती पश्चात सहभागीहरुबाट धारणा लिइएको थियो। धारणा प्रस्तुत गर्नेहरुमा विपक्षी दलका नेता श्री सत्रुघन महत्तो, नेपाली कांग्रेसका नेता श्री राम सरोज यादव, कृषि तथा भूमि व्यवस्थापन समितिका सभापति श्री वीरेन्द्र प्रसाद यादव, आर्थिक मामिला तथा योजना समितिका सभापति श्री मनिष कुमार सुमन, प्रदेश मामिला समितिका सभापति श्री अशोक कुमार यादव, विकास समितिका सभापति श्री शेख अबुल कलाम, सार्वजनिक लेखा समितिका सदस्य श्री लगन लाल चौधरी, प्रतिनिधि सभा सदस्य श्री लक्ष्मणलाल कर्ण र नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव हुनुहुन्थ्यो। अन्तमा महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सभापति श्री जैनुल राइनले नेपालको संविधाननै प्रभावकारी कार्यान्वयको अभावमा धरापमा रहेको धारणा राख्दै सत्रको समापन गर्नु भएको थियो। (कार्यक्रमको विस्तृत विवरण अनुसूची ८.१ मा हेर्नुहोस्)

## ७.५. संघीय स्वरूपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका सम्बन्धी कार्यशाला

नेपाल कानून समाज र प्रदेश नं. २ को सरकारको संयुक्त आयोजनामा महोत्तरी जिल्लाको बर्दिवासस्थित होटल पावन मिथिलामा २०७७ माघ ९ गते एकदिवसीय कार्यशाला आयोजना गरिएको थियो। उक्त कार्यशालामा नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, संविधान सभा सदस्य श्री खिमलाल देवकोटा, मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश सरकारका मन्त्रीहरु, प्रमुख सचिव, सचिवहरु तथा अन्य कर्मचारीहरु, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान तथा अन्य कर्मचारीहरु र नागरिक सचेतना केन्द्र जनकपूरका कर्मचारीहरुको उपस्थिति थियो। कार्यशालाको सभापतित्व मुख्यमन्त्री श्री लालबाबु राउतले गर्नु भएको थियो भने कार्यक्रम उद्घाटन सत्र र कार्यपत्र प्रस्तुती तथा छलफल गरी दुई चरणमा विभाजन गरिएको थियो।

उद्घाटन सत्रमा प्रदेश सरकारका प्रमुख सचिव श्री गोकर्णमणी दुवाडीले सहभागीहरुलाई स्वागत गर्दै मुलुक एकात्मक बाट संघीय प्रणालीमा प्रवेश गरेसँगै सेवा प्रवाहमा निकै फेरबदलहरु भएको धारणा व्यक्त गर्नु भयो। वहाँले सविधानको अनुसूचीमा भएका अधिकारका आधारमा गरिएका सेवा प्रवाहको प्रकृतीको चर्चा गर्दै प्रदेश सरकार संविधानले तय गरेको सिमाभित्र रहेर आफ्ना कार्यहरु अगाडि बढाएको जानकारी दिनु भयो। प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयका मन्त्री श्री जितेन्द्र सोनलले कार्यशालाका लागि छनौट गरिएका विषयवस्तुहरु अत्यन्तै महत्वपूर्ण रहेको धारणा सहित प्रदेश सरकार आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पादन गर्न सक्षम हुने विश्वास समेत व्यक्त गर्नु भयो। प्रदेश सरकारका राज्यमन्त्री श्री डिम्पल कुमारी झाले विगतका ३ वर्ष एकात्मक प्रणालीबाट





संघीय प्रणालीमा रुपान्तरणको समय रहेकोले यो अवधि अभ्यास गर्दै र सिक्दै जाने अवधि भएको धारणा व्यक्त गर्नु भयो। नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले यस किसिमको कार्यक्रमको आवश्यकता सम्बन्धी अवधारणाको सोच आफु कानूनमन्त्री हुँदा भएको र प्रदेश सरकारले कानून कार्यान्वयनको सम्बन्धमा कुनै कसर बाँकि नराख्न अनुरोध गर्नु भयो। प्रदेश सरकारका मुख्यमन्त्री श्री लालबाबु राउतले आफ्नो सरकारले प्रदेश सञ्चालनको लागि र संघीय सरकारले काम गर्न कठिन बनाएका विषयहरु सम्बोधन गर्न आवश्यक कानूनहरु तर्जुमा गरेको जानकारी दिंदै कानूनको शासनलाई संस्थागत गर्न आवश्यक कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो। वहाँले संघीय सरकार बलियो हुनु राम्रो भए पनि प्रदेशलाई नजरअन्दाज गर्ने मानसिकता बोक्नु उपयुक्त नभएको धारणा समेत व्यक्त गर्नु भयो।

कार्यपत्र प्रस्तुती तथा छलफल सत्रमा ६ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए। संघीय संरचनामा कानून निर्माण सम्बन्धमा प्रदेश सरकारको भूमिका, योगदान तथा चुनौतीहरु सम्बन्धमा संविधान सभाका सदस्य तथा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले पहिलो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त सत्रमा प्रदेश सरकारले कानून निर्माणमा उपलब्धी र चूनौतिको बारेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका उप–सचिव श्री अशोक कुमार कुसहवाले छलफल सत्रमा प्रस्तुत गर्नुभयो। उक्त सत्रको अध्यक्षता मुख्यमन्त्री श्री लालबाबु राउतले गर्नु भएको थियो। त्यसैगरी दोश्रो कार्यपत्र फौजदारी कानून तर्जुमामा प्रदेश सरकारको भूमिका, लोकतन्त्र र संसदीय अभ्यासका सम्बन्धमा अधिवक्ता श्री मोहनलाल आचार्य र प्रतिनिधि सभा सदस्य श्री लक्ष्मणलाल कर्णले सयुक्त रुपमा प्रस्तुत गर्नु भएको थियो भने उक्त सत्रको अध्यक्षता पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले गर्नु भएको थियो। संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध र समन्वयमा देखा परेका चुनौती तथा अवसरहरु सम्बन्धमा तेश्रो कार्यपत्रको रुपमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्गले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त सत्रको सभापतित्व मुख्यमन्त्री श्री लालबाबु राउतले गर्नु भएको थियो। उक्त सत्रमा अधिवक्ता श्री मोहनलाल आचार्यले प्रदेश तथा स्थानीय तहवीचको अन्तर सम्बन्ध तथा समन्वयमा रहेका चुनौती तथा सम्भावनाहरु सम्बन्धमा चौथो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। चौथो सत्रमा श्री बालानन्द पौडेलले वित्तीय संघीयतामा प्रदेश सरकारको भूमिका, चुनौती तथा सम्भावनाहरु सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त सत्रको अध्यक्षता आन्तरिक मामिला तथा कानून मन्त्री श्री विजय कुमार यादवले गर्नु भएको थियो। उक्त सत्रमा प्रदेश सरकारको बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा प्राध्यापक श्री उमाशंकर प्रसादले छैंठौ कार्यपत्रको रुपमा प्रस्तुत गर्नु भएको थियो।

पहिलो सत्रमा श्री खिमलाल देवकाटाले संघीय संरचनाको अर्थनै राज्यका विभिन्न तहहरु बीच संवैधानिक रुपमा गरिने शक्तिको बाँडफाँड भएको जानकारी दिनु भयो। वहाँको कार्यपत्रमा प्रदेशको अधिकारको सूची र संघ, प्रदेश तथा स्थानीय तहको समन्वय प्रमुखरुपमा उठान गरिएको थियो। वहाँले साझा सूचीका विषयमा समेत कानून तर्जुमा गर्दा अव संघीय कानून पर्खनु नपर्ने, यदि पर्याप्त समन्वय र सूचना आदान प्रदान हुन सकेमा संघीय कानूनसँग प्रदेशको कानून बाझिने कुरामा डराउनु नपर्ने, संघ र प्रदेशले समेत स्थानीयसँग प्रभावकारी समन्वय स्थापित गर्नुपर्ने लगायतका धारणा व्यक्त गर्नु भयो। प्रस्तुतीका क्रममा वहाँले नीतिगत समस्याहरु, एकात्मक मानसिकता, क्षमता तथा साधन श्रोतको अभाव मुख्य चुनौती रहेको धारणा समेत व्यक्त गर्नु भयो। कार्यपत्रको प्रस्तुती पश्चात सहभागीहरुलाई छलफल कार्यक्रममा भाग लिन अनुरोध गरिएकोमा आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री रामनरेश राय, भूमि व्यवस्था तथा सहकारी मन्त्री श्री शैलेन्द्रप्रसाद साह, सामाजिक विकास सचिव श्री कृष्णप्रसाद कायरी, आर्थिक मामिला तथा योजना सचिव श्री काशीराज दाहाल, भौतिक पूर्वाधार विकास सचिव श्री रामआधार साह, भूमि व्यवस्था, कृषि

तथा सहकारी सचिव श्री सम्झना काफ्ले, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग लगायतले आफ्ना धारणाहरु राख्नु भएको थियो। सहभागीहरुले मूलतः संघीय सरकारसँगका समन्वय र प्रदेश कर्मचारीतन्त्रका सम्बन्धमा चुनौती रहेको धारणा राख्नु भएको थियो। अन्तमा संघीय सरकारको सञ्चालननै एकात्मक मानसिकताबाट सञ्चालन भएकोले मुख्य चुनौती रहेको धारणा व्यक्त गर्दै सत्रको अध्यक्षता गर्नु भएका मुख्यमन्त्री राउतले सत्रको समापन समेत गर्नु भयो।

दोश्रो सत्रमा श्री मोहन आचार्य र श्री लक्ष्मणलाल कर्णले कानूनको शासन, लोकतन्त्र र संघीय संरचना, नेपालमा तीन तहको संघीय संरचनाको अवधारण, कानूनको ढाँचा, तीन तहवीचको समन्वय, अन्तरसम्बन्ध, सहकार्य र सहअस्तित्वको सिद्धान्त तथा फौजदारी कानून तर्जुमा र कार्यान्वयनमा रहेका चुनौती सम्बन्धमा कार्यपत्र प्रस्तुती गर्नु भएको थियो। उक्त कार्यपत्रको प्रस्तुती पश्चातको छलफलमा भौतिक पूर्वाधार विकास मन्त्री श्री जितेन्द्र सोनाल, आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादव, आन्तरिक मामिला तथा कानून राज्यमन्त्री श्री सरोज कुमार सिंह, उद्योग, पर्यटन, वन तथा वातावरण सचिव डा. रामचन्द्र कडेल, सोही मन्त्रालयका राज्यमन्त्री श्री सुरेश कुमार मण्डल, प्रमुख सचिव श्री गोकर्णमणी दुवाडी लगायतका सहभागीहरुले आ–आफ्ना धारणा व्यक्त गर्नु भएको थियो। वहाँहरुले अन्य विषयका अलावा प्रदेश कर्मचारीतन्त्रको उचित व्यवस्थापन र स्थायित्वमा जोड दिनुपर्ने धारणा व्यक्त गर्दै प्रदेश सरकारको शान्ति सुरक्षा कायम गर्ने र कानून कार्यान्वयन गर्ने मामिलामा प्रदेश सरकार चुकेको समेत स्वीकार गर्नु भयो।



तेश्रो सत्रमा श्री परशुराम मेघी गुरुङ्गले तीन तहको सरकारवीचको समन्वयको कार्यविधि र पद्धतीको सम्बन्धमा विश्लेषण गर्नु भयो। त्यसैगरी अधिवक्ता मोहनलाल आचार्यले संविधानको धारा ५७, ५८ तथा भाग २०, धारा २३५(२) र (३) का आधारमा प्रदेश र स्थानीय तहवीचको अन्तर सम्बन्धको चर्चा गर्नु भयो। वहाँले आफ्नो प्रस्तुतीमा संवैधानिक प्रावधानहरु, प्रदेश सभाको लागि तयार पारिएको नमुना विधेयकको परिभाषा, प्रदेश र स्थानीय तहवीचको समन्वयका विषयहरु, समन्यका कार्यविधि, प्रदेश सभाका विभिन्न समितिहरुको भूमिका, काम कर्तव्य र अधिकार, प्रतिवेदन प्रणाली, विवाद समाधान, विशेष समिति सम्बन्धी व्यवस्था र विविध शीर्षकमा विस्तृत रुपमा चर्चा गर्नु भएको थियो। उक्त कार्यपत्रको प्रस्तुती पश्चात आव्हान गरिएको छलफलमा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री श्री योगेन्द्र राय यादव, प्रमुख सचिव श्री गोकर्णमणी दुवाडी र प्रतिनिधि सभाका सदस्य श्री लक्ष्मणलाल कर्ण लगायतका सहभागीहरुले आफ्ना धारणाहरु व्यक्त गर्नु भएको थियो। वहाँहरुले कार्यपत्र प्रस्तुतीमा औंल्याइएका चुनौती तथा समस्याहरुको सम्बोधनको लागि गम्भिररुपमा काम गर्नुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नु भएको थियो। अन्तमा प्रदेश सरकारका मन्त्रीहरु नियमित रुपमा सभामा भाग लिनुपर्ने र समितिका निर्देशनहरु इमान्दारीताका साथ कार्यान्वय गर्नुपर्ने धारणा राख्दै सत्रको अध्यक्षता गर्नु भएका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले सत्रको समापन गर्नु भयो।

त्यसैगरी कार्यक्रमको चौथो सत्रमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेलले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै संघीय संरचना, विभिन्न तहमा भएका अधिकारहरुमा देखा परेका दोहोरोपन सम्बन्धमा

चर्चा गर्दै वहाँले उक्त दोहोरोपनलाई स्पष्ट पार्न सकिएमा काम गर्न सहज हुने धारणा व्यक्त गर्नु भएको थियो । उक्त सत्रमा प्राध्यापक उमाशंकर प्रसादले प्रदेश सरकारको बजेट तथा योजना तर्जुमा सम्बन्धमा आफ्नो प्रस्तुती राख्नु भएको थियो । कार्यपत्रहरुको प्रस्तुती पश्चात् नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले प्रदेशहरु साझेदार भन्दा पनि केवल एउटा तहको रुपमा संघले लिने गरेकोमा मुख्य समस्या रहेको धारणा राख्दै संघीय प्रणाली प्रदेशहरुको एउटा साझा थलो भएको, वित्तीय संघीयता संघीय प्रणालीको जीवन भएकोमा त्यस प्रकारको व्यवस्था हुन नसकेकोमा असन्तुष्टि व्यक्त गर्दै यस प्रकारका कमी कमजोरीहरुलाई हटाउँदै समन्याय तथा समतापूर्वको न्यायिक व्यवस्थाका लागि संविधान संशोधनको आवश्यकता रहेको धारणा व्यक्त गर्नु भयो । कार्यपत्रको प्रस्तुती र पूर्व उपप्रधानमन्त्रीको धारणा पश्चात खुला छलफलको लागि आमन्त्रण गरिएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री काशिराज दाहाल र प्रदेश सरकारका मुख्यमन्त्री श्री लालबाबु राउतले आफ्ना धारणा तथा सुझावहरु राख्नु भएको थियो । अन्तमा कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादवले नेपालले अवलम्बन गरेको संघीय प्रणाली विश्वमानै एउटा फरक प्रकारको रहेको र संविधानको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अभ्यास र सिकाई आवश्यक रहेको धारणा राख्दै सत्रको समापन गर्नु भएको थियो। (कार्यक्रमको विस्तृत विवरण अनुसूची ८.२ मा हेर्नुहोस)

## ७.६. न्यायपालिकाको सेवा प्रवाहमाः प्रदेश तथा स्थानीय सरकारको भूमिका र अपेक्षा

तेस्रो कार्यक्रम न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश र स्थानीय सरकारको अपेक्षा र भूमिका विषयमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा उच्च अदालत जनकपुर, वीरगञ्ज र राजविराजका न्यायाधीशहरु र जिल्ला अदालत, धनुषा, महोत्तरी, सर्लाही, सिरहा, बारा, पर्सा, महोत्तरी तथा सप्तरीका जिल्ला न्यायाधीशहरुसँग कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम महोत्तरीस्थित होटल पावन मिथिलामा २०७७ चैत्र ७ गते सञ्चालन गरिएको थियो भने कार्यशाला उच्च अदालत जनकपुर, मुख्यन्यायाधिवक्ताको कार्यालय तथा नेपाल कानून समाजको संयुक्त आयोजनामा गरिएको थियो ।

कार्यशालाको मुख्य उद्देश्य उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा रजिष्ट्रारहरुलाई एकै थलोमा जम्मा गरी प्रदेशस्तरको न्याय सेवा प्रवाहमा रहेका चुनौती र योगदान सम्बन्धमा छलफल गर्नु, प्रदेश सभा र स्थानीय तहबाट तर्जुमा भएका कानूनको प्रभावकारी कार्यान्वयन तथा न्याय सेवा प्रवाहमा प्रभावकारिता ल्याउन मद्दत गर्नु, संघीयता कार्यान्वयमा न्यायपालिकाको भूमिका सम्बन्धमा सम्वाद सञ्चालन गरी न्यायपालिकाप्रतिको नागरिकका विश्वसनीयता अभिवृद्धि गर्नु, स्थानीय तहको न्याय सम्बन्धी अवधारणाको पुनरावलोकन गर्नु, भविष्यमा स्थानीय सरकारको न्यायिक समितिको थप प्रभावकारीका लागि न्यायिक समितिको संरचना र भूमिका सम्बन्धमा रणनीति तयार पार्नु, प्रदेश नं. २ का नागरिकको न्यायमा पहुँचको समीक्षा गर्दै भावि रणनीति तयार पार्नु रहेको थियो।



उक्त उद्देश्यको परिपूर्तिका लागि आयोजना गरिएको कार्यक्रमको अध्यक्षता जनकपुर उच्च अदालतका मुख्य न्यायाधीश श्री प्रकाश चन्द्र गजुरेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले न्यायाधीश,

मुख्यमन्त्री, अदालतका अधिकारीहरु, मुख्य न्यायाधिवक्ता लगायतका सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । प्रदेश नं.२ का मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झाले कार्यक्रम प्रदेश सरकार, सभा र न्यायपालिकासँगको लगातारको परामर्शका आधारमा वहाँहरुको मागका आधारमा तयार पारिएको जानकारी गराउनु भयो । उच्च अदालत वीरगञ्जका मुख्य न्यायाधीश श्री सारङ्गा सुवेदीले यस प्रकारको कार्यक्रममा पहिलो पटक सहभागी हुने अवसर पाएकोमा खुशी व्यक्त गर्नु भयो । वहाँले वीरगञ्ज उच्च अदालतका अनुभवका आधारमा अन्य क्षेत्रमा भएको न्यापालिकाको चुनौतीको तुलनामा यस प्रदेशमा रहेका समस्याहरु केही फरक रहेको धारणा व्यक्त गर्नु भयो । वहाँका अनुसार सर्वसाधारणको न्यायमा पहुँच र उनिहरुको ढोकासम्म न्याय पुग्ने कुरामा यस प्रदेशमा निकै कठिनाई रहेको धारणा समेत व्यक्त गर्नु भयो । राजविराज उच्च अदालतका मुख्य न्यायाधीश श्री डिल्लीराज आचार्यले न्यायपालिकाको विषयमा छलफल गर्ने चाहना राखी कार्यक्रममा उपस्थित भएकोमा मुख्यमन्त्री श्री लालबाबु राउतलाई धन्यवाद दिनु भयो । प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री श्री ज्ञानेन्द्र कुमार यादवले उच्चस्तरका न्यायाधीशहरुको कार्यक्रममा भएको उपस्थितिले आगामी दिनमा सहकार्य तथा थप बुझाईका लागि सहज हुने धारणा व्यक्त गर्नु भयो ।

त्यसैगरी कार्यक्रममा मुख्यमन्त्री राउतले आफु यस अगावै २ वटा कार्यक्रमबाट देखिएको सकारात्मक परिवर्तनबाट प्रभावित भएको खासगरी विधेयक तर्जूमा तथा जन परामर्शमा भएको प्रगतीबाट यस कार्यक्रमले समेत प्रभावकारी परिणाम ल्याउनेमा विश्वास व्यक्त गर्नु भयो । वहाँले सर्वोच्च अदालतका न्यायाधीश तथा संवैधानिक बेन्चका सदस्य समेत रहनु भएका व्यक्तित्वको उपस्थितिमा हुने कार्यक्रममा आफु समेत साक्षी हुन पाएकोमा खुशी व्यक्त गर्नु भयो । वहाँले प्रदेश नं.२ बाट दायर भएका संघीयता कार्यान्वयन सम्बन्धी दर्जनौं मुद्दामा समेत दृष्टिगत गराउन सहयोग पुग्ने आशा व्यक्त गर्नु भयो । वहाँले मुद्दा निर्णय गर्नमा हुने ढिलाईका कारण सर्वसाधारणलाई पुगेको चोट पुगेकोमा आगामी दिनमा द्रुतता हुने विश्वास समेत विश्वास व्यक्त गर्नु भयो ।



पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले प्रदेश नं. २ का समस्याहरुको सम्बोधनका लागि राज्यका तीनवटा अङ्गहरुवीचको समन्वय, सहयोग र सहकार्यका आधारमा सम्बोधन गर्न सकिन्छ भन्ने बुझाईका आधारमा यस कार्यक्रमको आयोजना गरिएको जानकारी दिनु भयो । वहाँले प्रदेश नं. २ भौगोलिक, विकास तथा राजनीतिक रुपमा समेत अन्य प्रदेश भन्दा भिन्न रहेको धारणा राख्दै वहाँले न्यायाधीशहरुलाई प्रदेशले बनाएको कानूनको मर्म र भावनाका आधारमा न्याय निरुपण गर्न अनुरोध गर्नु भयो । स्वीस राजदूतावासका राजनीतिक सल्लाहकार श्री प्रतिज्ञा सिम्खडा बास्कोटाले मुलुकको संघीयता कार्यान्वयनको लागि प्रदेश नं. २ अत्यन्तै महत्वपूर्ण भएको र स्वीस सरकारले नेपालको संविधान कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता रहेको विचार व्यक्त गर्नु भयो । त्यसैगरी वहाँले स्वीटजरल्याण्डको अनुभव आदान प्रदान गर्नु भन्दा सन्दर्भको रुपमा त्यहाँका अनुभवहरु नेपालको सन्दर्भमा उपयोगी हुन सक्ने धारणा समेत व्यक्त गर्नु भयो । उच्च अदालत जनकपूरका मुख्य न्यायाधीश श्री प्रकाश चन्द्र गजुरेलले मुख्यमन्त्री तथा न्यायाधीशहरुले राख्नु भएको सराकात्मक विचारको प्रशंसा गर्नु भयो । वहाँले यस कार्यक्रममा प्राप्त सल्लाह, सुझावहरुले आगामी दिनमा प्रदेश सरकार, सभा र न्यायवीचको सहकार्य र समन्वय प्रभावकारी हुने विश्वास व्यक्त गर्नु भयो । साथै वहाँले प्रदेशको न्याय सम्पादनमा रहेका चुनौती र सम्भावनाका

सम्बन्धमा अन्य न्यायाधीशहरुले राख्नु भएको धारणा प्रति समर्थन समेत गर्नु भयो। उद्घाटन कार्यक्रम पश्चात कार्यपत्र प्रस्तुती तथा छलफल गरिएको थियो। उक्त कार्यक्रममा जम्मा ४ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए।




पहिलो कार्यपत्र प्रदेशमा कानून तर्जुमाको अवस्था र कार्यान्वयनमा न्यायपालिकाको भूमिका सम्बन्धमा मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा र प्रतिनिधि सभा सदस्य श्री लक्ष्मणलाल कर्णले प्रस्तुत गर्नु भएको थियो भने सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले उक्त कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो। प्रस्तुतकर्ताहरुले आफ्नो प्रस्तुतीमा प्रदेश नं. २ को सभाले तर्जुमा गरेका कानूनको संख्या, मुख्य विषयवस्तुहरु, कानूनमा भएका अन्तरवस्तुहरु तथा कार्यान्वयनका चुनौतीहरु लगायतका विषयमा चर्चा गर्नु भएको थियो। वहाँहरुले प्रदेशका कानून कार्यान्वयन गर्ने सम्बन्धमा न्यायपालिकाको भूमिका सम्बन्धमा समेत चर्चा गर्दै अदालतमा प्रदेशको तर्फबाट दायर गरिएका मुद्दाहरु समेतको विवरण पेश गर्नु भएको थियो। प्रस्तुतीमा बन व्यवस्थापन, प्रहरी, संघ र प्रदेशवीचको समन्वय, भौतिक पूर्वाधार विकास, कोभिड व्यवस्थापन लगायत ५० वटा जति मुद्दाहरु अदालतमा दायर गरिएको जानकारी समेत दिनु भयो। वहाँहरुले सेवा प्रवाह र भौतिक पूर्वाधार विकास लगायतका विषयमा न्यायालयसँग गरिएको समन्वय र सहकार्य सम्बन्धमा समेत प्रयास भएको जानकारी दिंदै प्रदेश सरकार र न्यायपालिकावीचको सम्बन्धमा प्रदेशबाट सर्वोच्च अदालतको संवैधानिक बेन्चमा प्रदेशको क्षेत्राधिकारमाथि संघबाट भएको हस्तक्षेपका सम्बन्धमा दायर भएका मुद्दामा सुनुवाईमा ढिलाई हुने गरेको, उच्च अदालतका न्यायाधिशहरुको नियुक्तिमा प्रदेशसँग परामर्श नहुने गरेको, प्रदेशस्थित उच्च तथा जिल्ला अदालतहरुमा कर्मचारीको अपर्याप्तताका कारण न्याय निरुपणमा ढिलाई हुने गरेको, प्रदेशको अपनत्वको लागि समेत प्रदेशस्तरीय न्याय परिषदको विस्तार गर्न आवश्यक रहेको लगायतका विभिन्न चुनौतीहरु समेत रहेको जानकारी दिनु भयो।

कार्यपत्रको प्रस्तुती पश्चात श्री रमेश रिजाल, श्री दिपेन्द्र अधिकारी, श्री ब्रजेश प्याकेरेल, श्री शान्ता सेढाई, श्री हरि वगाले, श्री द्वारिकामान जोशी, श्री सारङ्गा सुवेदी र श्री प्रभा बस्नेत लगायतका माननीय न्यायाधीशहरुले आफ्ना धारणाहरु राख्नु भएको थियो। वहाँहरुले न्यायाधीशहरुले न्याय निरुपण गर्दा प्रदेश र स्थानीय तहले बनाएका कानूनहरुको बारेमा जानकारीनै नहुने गरेको, त्यसप्रकारका कानूनहरुको तथ्याङ्क राख्न आवश्यक रहेको, केही कानूनी प्रावधान र सामाजिक संस्कार तथा अभ्यासमा भिन्नता रहेको, उदाहरणका लागि विवाहको लागि कानूनी उमेर २० वर्ष भए पनि त्यस भन्दा निकै अगाडि विवाह हुने गरेकाले प्रदेश नं. २ को यथार्थतामा भिन्नता रहेका, जसका कारण विवाह दर्ता, जन्म दर्ता लगायतका विभिन्न जटिलताहरु देखा परेको जस्ता चुनौतीहरु राख्दै प्रदेश स्तरमा न्यायिक तालिम केन्द्र राख्नु आवश्यक रहेको जसले गर्दा यस प्रदेशमा आउने न्यायाधीशहरुलाई सामाजिक सांस्कृतिक परिवेशका सम्बन्धमा तालिम दिन सकियोस भन्ने सुझावहरु समेत दिनु भयो। अध्यक्षताको हैसियतले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले प्रदेश सरकार, सभा र न्यायपालिकावीच हार्दिकतापूर्वकको समन्वय आवश्यक रहेको र त्यसका लागि सबै पक्षको नेतृत्वले पहल गर्नुपर्ने आवश्यकता रहेको औंल्याउदै मुख्यमन्त्रीलाई सहभागीले उठाउनु भएका केही महत्वपूर्ण विषयमा जवाफ दिन आग्रह समेत गर्नु भयो भने प्रदेशस्तरको न्यायिक तालिम केन्द्रको मागलाई समर्थन समेत गर्नु भयो।

कार्यक्रमको दोश्रो सत्रमा संघीयता कार्यान्वयनमा न्यायपालिकाको भूमिका तथा जनविश्वासका लागि देखा परेका चुनौतीहरु सम्बन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाश मान सिंह राउतले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त सत्रको अध्यक्षता पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा वहाँले असल शासन र न्यायपालिका, कानूनको शासन, समन्वय र पारदर्शीताका सूचकहरु, न्यायिक जवाफदेहिता र जनविश्वास लगायतका विषयमा विस्तृत चर्चा गर्नु भएको थियो । वहाँले राज्य अन्य निकायका कृयाकलापका सम्बन्धमा प्रश्न गर्दा न्यायपालिका अपवाद हुन नसक्ने, न्यायालयमा समेत श्रोत र साधनको अभाव, राजनीतिक संलग्नता र मुद्दामा त्यसको प्रभाव सम्बन्धी आरोपहरु, न्यायाधीश नियुक्तिमा पारदर्शीताको अभाव, योग्यताको परख राम्रोसँग नगर्ने गरिएको, उत्कृष्टतालाई प्राथमिकता दिने नगरिएको, तलबाटै काम गर्दै आएका व्यक्तिलाई भन्दा राजनीतिक पहुँचका आधारमा न्याय परिषदमा नियुक्त गर्ने परम्परा रहेको, संवैधानिक परिषदको सिफारिस समेत विवादमुक्त हुन नसकेको र संसदमा हुर्मत लिने गरिएको, संसदीय सुनुवाई समेत केवल औपचारिकता र पुर्वाग्रहपूर्ण हुने गरेको, न्यायाधीश तथा कानून व्यवसायीहरुको कार्यक्षमताको मापन वैज्ञानिक रुपमा हुन नसकेको, पेशागत आचार, न्यायिक बेइमानी र भ्रष्ट्राचार जस्ता विषयलाई गम्भिरताका साथ लिन नसकिएको जस्ता गम्भिर चुनौतिहरु रहेको औंल्याउनु भएको थियो ।

कार्यपत्रको प्रस्तुती पश्चात श्री डिल्लीराज आचार्य, श्री ठगेन्द्र कट्टेल, श्री दुर्गा प्रसाद ढुङ्गेल र श्री रमेश ढकाल लगायतका न्यायाधीशहरुले आफ्ना धारणाहरु राख्नु भएको थियो । वहाँहरुले प्रदेशस्तरमा न्याय सेवा आयोग गठन गर्न सकेमा उपलब्धिमूलक हुने, न्याय क्षेत्र समन्वय समितिलाई बलियो बनाउनु पर्ने, उच्च तथा जिल्ला अदालत र स्थानीय न्यायिक समितिले गरेका निर्णयहरु उपर वार्षिकरुपमा पुनरावलोकन गर्दा प्रभावकारी हुने लगायतका धारणाहरु राख्नु भएको थियो । पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले एकपटक न्यायाधीशको रुपमा नियुक्त भएपछि सबै प्रकारका राजनीतिक संलग्नताबाट बाहिर हुनु पर्ने, नियुक्ति प्रकृयामा समावेशीकरण र पारदर्शीता कायम गर्ने गरी सुधार गर्नुपर्ने जस्ता सुझावहरु दिनु भयो । कार्यक्रमको अध्यक्षताको हैसियतले पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले न्यायाधिशहरु र प्रदेश सरकार तथा सभावीच गहिरोसँग न्याय सेवा प्रवाह, यसको प्रकृती सम्बन्धमा भएका सम्भावना र चुनौतीहरु सम्बन्धमा गरिएको छलफलबाट आफु अत्यन्तै खुशी भएको धारणा व्यक्त गर्नु भयो । वहाँले पद्धतीको निर्माण र जनचाहना बमोजिमको न्याय प्रदान गर्नको लागि धैर्यताको आवश्यकता रहेको र कार्यक्रममा उठेका विषयहरुलाई सम्बोधन गर्नको लागि मुख्यमन्त्री तथा मुख्यन्यायाधीशले अग्रसरता लिन आग्रह समेत गर्नु भयो ।

तेश्रो कार्यपत्रको रुपमा स्थानीय न्यायको अवधारणा, न्यायिक समितिको कार्यदक्षता र चुनौतीहरु सम्बन्धमा माननीय जिल्ला न्यायाधीशहरु श्री ब्रजेश प्याकुरेल र डा. रमेशप्रसाद रिजालले संयुक्त रुपमा प्रस्तुती गर्नु भएको थियो भने सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । प्रस्तोता द्वयले स्थानीय न्यायको अवधारणा र स्थानीय न्यायिक निकायको अवस्था, न्यायपालिकाको ५ वर्षे रणनीतिक योजना, न्यायपालिकाको संरचना र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको न्यायिक समितिको संरचनागत व्यवस्था, उक्त ऐनमा



भएको दफा ४७ (१) र (२) बमोजिम न्यायिक समितिले हेर्ने विवादको प्रकृति, न्यायिक समितिले बहन गरेका समस्या तथा चुनौतीहरु र न्यायिक समितिको काम कारवाहीको अनुगमनका क्रममा अदालतबाट तयार पारिएको प्रतिवेदनको निष्कर्ष समेत प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रको प्रस्तुती पश्चात श्री दुर्गा प्रसाद ढुङ्गेल, श्री रमेश पोखेल, श्री वासुदेव आचार्य, श्री डिल्लीराज आचार्य, श्री शेखर पौडेल, श्री धर्मराज पौडेल र श्री दिपेन्द्र झा लगायतका सहभागीहरुले आफ्ना धारणाहरु राख्नु भएको थियो। वहाँहरुले न्यायिक समितिको अनुगमनका क्रममा देखेका विषयहरु मूलतः विवाद निरुपणमा उचित कानूनी प्रकृयाको पालना नगरिएको, आफ्नो क्षेत्राधिकार भन्दा बाहिरका मुद्दाहरु समेत हेर्ने गरेको, मुद्दा व्यवस्थापनमा प्रमुख वा वडाअध्यक्ष बाट हस्तक्षेप हुने गरेको, विवाद निरुपण गर्न र कार्यान्वयन गर्नका लागि भएका चुनौतीहरु र प्रस्तावित स्थानीय अदालत र न्यायिक समितिको अवधारणाका सम्बन्धमा स्पष्ट बुझाई नभएको जस्ता समस्याहरु सम्बन्धमा चर्चा गर्नु भएको थियो। कार्यक्रमको अध्यक्षताको हैसियतले पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले छलफलमा थुप्रै राम्र विषयहरु उठान भएकाले जनताको घरदैलोमा न्याय पुऱ्याउन तथा कानूनको उचित प्रकृयाको अवलम्बनको लागि मुख्य न्यायाधीश र मुख्यमन्त्री दुबैले उक्त विषयहरुमा गम्भिर रुपमा ध्यान दिनु पर्ने धारणा व्यक्त गर्नु भयो।

त्यसैगरी चौथो सत्रको रुपमा न्यायमा पहुँचका चुनौती तथा अवसरहरु सम्बन्धमा पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ र संविधान सभाका सदस्य श्री खिमलाल देवकोटाले संयुक्तरुपमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रदेश सरकारका मुख्यमन्त्री श्री लालबाबु राउतले अध्यक्षता गर्नु भएको थियो। वहाँहरुले न्याय मानव जातिको लागि अत्यन्तै महत्वपूर्ण व्यक्तिको जीवनमा व्यक्तिगत र सामुहिकरुपमा प्रभाव पार्ने पक्ष रहेको, न्यायको उद्देश्यनै सबैको समान पहुँच सुनिश्चित गर्नु रहेको, न्यायमा पहुँचको मूल तत्व भनेको संविधानले व्यवस्था गरेको न्यायको पक्षलाई आत्मसात गर्दै त्यसको लागि आवश्यक संस्थागत व्यवस्था गर्नुपर्ने, कमजोर तथा जोखिममा रहेका समुदायको न्यायमा पहुँच सुनिश्चित गर्नको लागि चेतनामूलक कार्यक्रमहरुका साथै पद्धतीगत सुधारको आवश्यकता रहेको धारणा व्यक्त गर्दै न्यायमा पहुँच सुनिश्चित गर्नको लागि बाधक वा चुनौतीहरुको रुपमा गरीबी, अशिक्षा, वन्चितीकरण, आर्थिक स्तरीकरण र सामाजिक रुपमा गरिने दुर्व्यवहार नै मूल कारण रहेको समेत वहाँहरुले औल्याउनु भयो। त्यसको लागि वहाँहरुले औपचारिक तथ्याङ्क राख्ने प्रणालीको विकास र अदालती माध्यमबाट चेतनामूलक कार्यक्रमको आवश्यकता रहेको र उनिहरुलाई आवश्यक सहयोगको व्यवस्था समेत गर्नुपर्ने, निष्पक्ष सुनुवाई र पीडितको अधिकार समेत मौलिक हकको विषय रहेको तथा न्यायपालिकाको रणनीतिक योजनाले समेत अदालत व्यवस्थापन र कानून सुधारमा ध्यान दिनेतर्फ संकेत गरेका कारण राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत न्यायाधीश र अदालतका अधिकारीहरुको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको, कानूनी सहायता सम्बन्धी स्पष्ट कानून र त्यसको कार्यान्वयन आवश्यक रहेको जस्ता सुझावहरु समेत दिनु भयो।

कार्यपत्र प्रस्तुती पश्चातको छलफलमा श्री दिपेन्द्र अधिकारी, श्री डिल्लीराज आचार्य, श्री किरण कुमारी गुप्ता, श्री रमेश रिजाल, श्री कुमार मास्के, श्री दिपेन्द्र झा, डा. रवि शर्मा अर्याल, श्री उपेन्द्र यादव, र श्री वासुदेव आचार्य लगायतले आफ्ना धारणाहरु राख्नु भएको थियो। वहाँहरुले प्रदेश नं. २ मा कमजोर तथा जोखिममा रहेका नागरिकको न्यायमा पहुँच नभएको, अधिकांश मुद्दाहरु अरु व्यक्तिले उचालेका भरमा ल्याउने गरेको, अदालत महंगो हुँदै गएका कारण कमजोर व्यक्तिहरु अदालतमा नआउने गरेको, कानूनी सहायता नाम मात्रको रहेको, अदालतका कर्मचारीहरुको व्यवहार सेवाग्राहीप्रति उचित नरहेको जस्ता समस्याहरु राख्दै बृहतरुपमा जनचेतनामूलक कार्यक्रमको सञ्चालन गर्ने र मध्यस्थकर्ता वडातहसम्म बिस्तार गर्नुपर्ने सुझावहरु समेत दिनु भयो। अन्तमा कार्यक्रमको अध्यक्षता गर्नु भएका मुख्यमन्त्री श्री लालबाबु राउतले आफुले यस सम्बन्धमा सञ्चालन गरिएका तीनवटै कार्यक्रममा पूर्णरुपमा सहभागिता जनाएको, यस अगावै प्रदेश सभा र सरकारसँग भएका कार्यक्रमहरु

समेत अत्यन्तै प्रभावकारी भएको र यस कार्यक्रमको समेत उत्तिकै प्रभाव हुनेमा आफु विश्वस्त भएको धारणा व्यक्त गर्नु भयो। वहाँले यस कार्यक्रमबाट न्यायाधीशहरु प्रदेशले निर्माण गरेका कानूनहरुको विवरण र उद्देश्य समेतमा स्पष्ट भएको विश्वास व्यक्त गर्दै प्रदेशले हालसम्म निर्माण गरेका ३९ वटा कानूनहरु उच्च तथा जिल्ला अदालतमा उपलब्ध गराउने वचनबद्धता सहित प्रदेश सरकारले कार्यक्रममा उठेका सबै विषयहरु सम्बोधनका लागि आवश्यक कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। (कार्यक्रमको विस्तृत विवरण अनुसूची ८.३ मा हेर्नुहोस)

## ७.७. सम्पन्न गरिएका कार्यक्रमहरूको समीक्षा बैठकहरू

नेपाल कानून समाजले प्रदेश नं. २ मा आयोजना गरेको कार्यक्रमहरुको समीक्षा गरी यसको प्रभाव र भावी रणनीति तय गर्ने उद्देश्यले विभिन्न समीक्षा वैठकहरुको आयोजना गऱ्यो। प्रारम्भमा गरिएका तयारी बैठक र आवश्यकता पहिचानका लागि गरिएका कार्यक्रमहरुको महत्व जस्तै सरोकारवालाहरु सँग गरिएका समीक्षा बैठकहरुले कार्यक्रममा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेलेका छन्। २०७७ माघ ३० गते र फागुन १६ गते समीक्षा बैठकहरु सञ्चालन गरिएका थिए। त्यसैगरी नेपाल कानून समाज र स्वीस राजदूतावासले सम्पूर्ण परियोजनाको समीक्षा, सिकाईको पहिचान र भावि कार्यक्रमको योजना तर्जुमाका लागि २०७८ वैशाख १० गते अन्तिम तथा कार्यक्रम समापन बैठकको आयोजना गरेको थियो।

### उद्देश्य

प्रदेश सरकार, सभा तथा न्यापालिकाको अनुरोध र मागका आधारमा सञ्चालन गरिएका कार्यशालाहरुको समीक्षा गर्नु, कार्यक्रमको प्रभावकारीको सम्बन्धमा सम्वाद गर्नु, कार्यक्रमको उपलब्धिका बारेमा छलफल गर्नु र भविष्यको प्रभावकारी कार्यक्रमको तय गर्ने।

### कार्यक्रम

करिव १ वर्ष अगाडि नेपाल कानून समाज र स्वीस राजदूतावासले प्रदेश नं. २ को सरकार, सभा र न्यायपालिकासँग कार्यक्रम गर्ने गरी साझेदारी गरेकामा त्यसको समीक्षा आवश्यक ठानी पहिलो समीक्षा बैठक २०७७ माघ ३० गते आयोजना गरिएको थियो। उक्त बैठकमा मुख्यमन्त्री, पूर्व उपप्रधानमन्त्री, पूर्व प्रधानन्यायाधीश, प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता, नेपाल कानून समाजका कार्यकारी निर्देशक र दूतावासका प्रतिनिधिहरु सहितको सल्लाहकार समितिका सदस्यहरुको उपस्थिति थियो। बैठकका एजेण्डाहरुमा सम्पन्न गरिएका कार्यक्रमहरुको समीक्षा, हाल बाँकि रकेका कार्यक्रमहरुको योजना तर्जुमा र भावि कार्यक्रमको लागि विषयवस्तुको पहिचान लगायतका थिए। उक्त बैठकमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश सभाका सभामुख श्री सरोज यादव, नेपाल कानून समाजका अध्यक्ष, श्री तीर्थमान शाक्य, प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा, नेपाल कानून समाजका कार्यकारी सदस्य श्री खिमलाल देवकोटा, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान र वरिष्ठ प्रशासन तथा कार्यक्रम अधिकृत श्री गणेशमान प्रधान उपस्थित रहेको थियो।

बैठकको अध्यक्षता नेपाल कानून समाजका अध्यक्ष तीर्थमान शाक्यले गर्नु भएको थियो। नेपाल कानून समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले सम्पन्न भएका कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भयो। वहाँले विगत १ वर्षमा काठमाण्डौ तथा जनकपुरमा श्रृङ्खलाबद्ध बैठकहरु आयोजना गरिएको जानकारी दिनु भएको थियो। सरोकारवालाहरुसँगको योजना तर्जुमाका आधारमा परियोजनाले अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको

भए पनि कोभिडको प्रभावका कारण कार्यक्रम ढिला हुन गएको समेत जानकारी दिनु भयो । बैठकमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश सभाका सभामुख श्री सरोज यादव, नेपाल कानून समाजका अध्यक्ष, श्री तीर्थमान शाक्य, प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा, नेपाल कानून समाजका कार्यकारी सदस्य श्री खिमलाल देवकोटाले आफ्ना धारणा राख्नु भएको थियो भने अध्यक्ष श्री तीर्थमान शाक्यले बैठकको समापन गर्नु भएको थियो ।

बैठकले एउटा मात्र कार्यक्रम पर्याप्त नभएका कारण नियमित अभिमुखीकरण आवश्यक रहेको लगायतका निष्कर्ष र सुझावहरु दिएको छ । बैठकले प्रदेश सरकार र प्रदेश सभासँग भएका कार्यशालाहरु उदाहरणीय भएको निष्कर्ष समेत निकालेको थियो । अतः प्रत्येक ३/३ महिनामा क्षमता विकास, असल शासन, कानून निर्माण र समन्वय जस्ता विषयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने, असल शासनको प्रवर्द्धन, जवाफदेहीता, पारदर्शीता, र सेवा प्रवाह सम्बन्धमा न्यायिक समितिलाई न्यायिक तालिम र कानून निामर्ण सम्बन्धी तालिम स्थानीय तहका पदाधिकारीहरुलाई सञ्चालन गर्नुपर्ने समेत सिफारिस गरेको छ। संविधान बमोजिम संघीयतालाई संस्थागत गर्नको लागि आवश्यक अनुसन्धान र नियमित सम्वाद समेत आवश्यक रहेको बैठकले पहिचान गरेको छ।

दोश्रो समीक्षा बैठक २०७७ फागुन १६ गते आयोजना गरिएको थियो । उक्त बैठकको उद्देश्य न्यायपालिकाका अधिकारीहरुलाई अभिमुखीकरण गर्ने र त्यसको लागि आवश्यक योजना तर्जुमा र तयारी गर्नु थियो। उक्त बैठकमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश श्री प्रकाशमान सिंह राउत, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्य, प्रदेश नं. २ का मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा, नेपाल कानून समाजका कार्यकारी सदस्य श्री खिमलाल देवकोटा, कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान र वरिष्ठ प्रशासन तथा कार्यक्रम अधिकृत गणेशमान प्रधानको सहभागिता रहेको थियो ।

बैठकको अध्यक्षता नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्यले गर्नु भएको थियो । उक्त बैठकमा नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले अघिल्लो वर्ष सम्पन्न गरिएका कार्यक्रमहरुको बारेमा जानकारी गराउँदै कोभिड कहरका कारण योजना गरिए भन्दा निकै ढिला मात्र कार्यक्रमहरु सञ्चालन गर्न सकिएको जानकारी दिनु भयो भने प्रदेशस्तरमा सञ्चालन गरिएका २ वटा कार्यशालाको बारेमा जानकारी दिनु भयो । वहाँले तेश्रो कार्यक्रमको रुपमा प्रदेश नं. २ मा न्यायालयका अधिकारीहरुलाई अभिमुखीकरण गर्न बाँकि रहेको, उक्त कार्यक्रम नयाँ संविधान जारी भएपछिको पहिलो यस प्रकारको कार्यक्रम हुने, प्रदेश नं. २ भौगोलिक, राजनीतिक र जन समुदायको आधारमा अन्य प्रदेश भन्दा फरक रहेको र उक्त प्रदेशमा फरक खालका समस्या तथा चुनौतीहरु रहेको धारणा व्यक्त गर्नु भयो। वहाँले फरक प्रकृतिका मुद्दा र अपराध, मानव संशाधनको अवस्था, असल शासनको वर्तमान परिवेशका कारण प्रदेश नं. २ ले विशेष प्रकारका चुनौतीहरु झेल्दै आएकोमा उक्त चुनौतीहरुलाई चिर्ने गरी हाल कायम रहेको संघीय प्रणालीमा एकात्मक प्रकृतिको न्यायपालिकाबाट कसरी काम गर्न सकिन्छ, चुनौती र सम्भावनाहरु के के छन जस्ता विषयमा अभिमुखीकरण सञ्चालन गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको जानकारी दिनु भयो। बैठकमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश श्री प्रकाशमान सिंह राउत, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, प्रदेश नं. २ का मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा लगायतले आफ्ना धारणाहरु राख्नु भएको थियो भने आफ्ना विचारहरु सहित नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्यले बैठकको समापन गर्नु भएको थियो।

बैठकले आगामी २०७७ चैत्र ७ गते अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रममा ३ वटा मुख्य सत्रहरु – पहिलो सत्र न्यायमा पहुँच, दोश्रो सत्र प्रदेश सरकार, सभा र न्यायालय बीच समन्वय तथा सञ्जालको व्यवस्था गर्ने र तेश्रो सत्र न्यायिक जवाफदेहीता तथा आम नागरिकको जनविश्वास सम्बन्धमा सञ्चालन गर्ने लगायतका निर्णहरु बैठकले गरेको थियो। कार्यक्रमको बिस्तृत खाका र श्रोत व्यक्तिहरुको पहिचान नेपाल कानून समाजले गर्ने समेतको निर्णय बैठकबाट भएको थियो।

## अन्तिम समीक्षा बैठक

सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएपछि २०७८ वैशाख १० गते नेपाल कानून समाज र स्वीस राजदूतावासको तर्फबाट अन्तिम परामर्श तथा समीक्षा बैठक मुख्य सरोकारवालाहरु समेतको उपस्थितिमा सञ्चालन गरिएको थियो। उक्त बैठक अगावै नेपाल कानून समाजले कार्यक्रमका प्रतिवेदनहरु स्वीस राजदूतावासलाई पेश गरि सकेको थियो। अन्तिम बैठकमा समेत दूतावासका राजदूत एलिजावेथ भोन च्याप्लर, प्रदेश नं. २ का मुख्यमन्त्री लगायत अन्य वरिष्ठ व्यक्तित्वहरुको उपस्थिति थियो। उक्त बैठकमा कार्यक्रमका मुख्य उपलब्धिहरु र भावि सम्भावनाहरुमा छलफल गरिएको थियो।

परियोजनाले प्रदेश नं. २ को सरकार, सभा र न्यापालिकासँग सम्पन्न गर्ने गरी तय भएका क्षमतामूलक कार्यशालाहरु सम्पन्न भईसकेको परिप्रेक्ष्यमा बैठकले प्रदेश नं. २ मा संविधान कार्यान्वयनको प्रभावकारी, प्रदेशको रचनामा रहेका छिद्रहरु तथा तीनवटै अङ्गलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक आगामी मार्गचित्रका सम्बन्धमा परिक्षण गरेको थियो। कार्यक्रमका मुख्य उपलब्धिहरुमा प्रदेश सरकार तथा मुख्य राजनीतिक दलहरुको अपनत्व ग्रहण, प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने सबै दलहरुको संलग्नता र कानून निर्माणमा रहेका समन्वय र सहकार्य सम्बन्धी छिद्रहरुको सम्बोधनका लागि निरन्तर सम्वादको आवश्यकता महशुश गरिएको लगायतका रहेका छन्।

अन्तिम समीक्षा बैठकमा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, मुख्यमन्त्री श्री लालबाबु राउत, नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्य, प्रतिनिधि सभाका सदस्य श्री लक्ष्मणलाल कर्ण तथा श्री पुष्पा भुसाल, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा, नेपाल कानून समाजका कार्यकारी सदस्य श्री खिमलाल देवकोटा, अधिवक्ता तथा विशेषज्ञ श्री मोहनलाल आचार्य, स्वीस राजदूत श्री एलिजावेथ भोन च्यापलर तथा राजनीतिक सल्लाहकार श्री प्रतिज्ञा सिंखडा बास्कोटा, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान र वरिष्ठ प्रशासन तथा कार्यक्रम अधिकृत श्री गणेशमान प्रधान लगायतको सहभागिता रहेको थियो।

उक्त अन्तिम परामर्श/समीक्षा बैठकमा सहभागीहरुबाट निम्न बमोजिमको उपलब्धि हाँसिल भएको विचारहरु व्यक्त भएका थिए:

- कार्यशालाले प्रदेश सभाका सभामुख, विभिन्न समितिका सभापतिहरु र सदस्यहरुको लागि समितिका बैठकको आवश्यक संख्या पुऱ्याउने तौर तरिका, समितिमा विधेयक प्रस्तुत र छलफल गर्ने प्रकृया, समिति र सभामा सम्बन्धित मन्त्रीहरुको अनिवार्य उपस्थिति र विधेयक पारित गर्ने विधि र प्रकृयाका सम्बन्धमा भएको विस्तृत छलफलबाट कानून तर्जुमाका लागि सहज वातावरणको निर्माण भएको,
- सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सभाको बैठकमा सहभागितामा अभिवृद्धि भएको र विधेयकमा हुने दफावार छलफमा उपस्थिति र गहनतामा वृद्धि भएको,

- प्रदेश मुख्यमन्त्रीले विधेयकको उत्पत्ति र सम्बन्धित मन्त्रीसँगको समन्वय र सहकार्यमा अभिवृद्धि भएको भन्ने जानकारी गराउनु भएको,
- मन्त्रालय र कर्मचारीवीच समन्वय र सहकार्यको संस्कारको विकास भएको,
- उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरु र अधिकारीहरुले सर्वोच्च अदालतका न्यायाधीशको अगाडि आफ्ना समस्या र चुनौतीहरु सम्बन्धमा सम्वाद गर्ने अवसर प्राप्त गरेको,
- न्यायालयको न्याय सम्पादन कार्यमा थप स्पष्टता भएको,

## कार्यक्रम सम्बन्धमा रहेका केही धारणा तथा समीक्षात्मक टिप्पणी

**१. संघीयताको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश नं. २ बाट प्राप्त नियमित समीक्षा, कार्यक्रमप्रतिको अपनत्व र प्रतिबद्धताः**

कार्यक्रममा उच्चस्तरको सहभागिता (पूर्व उपप्रधानमन्त्री तथा जनता समाजवादी पाटीका नेता श्री उपेन्द्र यादव, मुख्यमन्त्री श्री लालबाबु राउत र पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ) ले सम्पूर्ण सहभागीहरुको ध्यान केन्द्रित गरी छलफलमा भाग लिनको लागि वातावरण तयार पारेको थियो। प्रदेश नं. २ का सरोकारवालाहरुको मागका आधारमा तयार पारिएको कार्यक्रमले संघीयता कार्यान्वयनको लागि यस प्रदेशको पुनः प्रतिबद्धता र निष्ठाको पुनर्पुष्टि भएको, जसका कारण खुला र सौहाद्रपूर्ण छलफल सहित प्रदेश सरकारको तीन वर्षको अवधिमा देखा परेका समस्या तथा चुनौतीहरुको सम्बन्धमा ईमान्दारिताकासाथ आफ्ना कुराहरु राख्ने अवसर प्राप्त भएको थियो । कार्यशालाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकावीच रहेको छिद्रहरु कम गर्दै कानून तर्जुमा, कार्यान्वयन र सामाजिक सौहाद्रताका सम्बन्धमा आवश्यक पर्ने समन्वय तथा सहकार्यका लागि बुझाईमा थप स्पष्टता ल्याएको छ। कार्यक्रममा जनता समाजवादी पाटी र त्यसका नेता श्री उपेन्द्र यादवको उपस्थिति र सक्रियताका कारण एउटै पक्ष हावि भएको भन्ने जस्ता केही टिप्पणीहरु समेत उठेकोमा उक्त कार्यक्रममा अर्का नेता लक्ष्मणलाल कर्ण समेतको प्रभावकारी उपस्थितिले उक्त टिप्पणी सहि नभएको पुष्टि गरेको थियो । यद्यपि परियोजनाले आगामी दिनमा सबै क्षेत्रको सर्व स्वीकार्यतालाई ध्यान दिनु आवश्यक भने देखिन्छ।

**२. बलियो राजनीतिक विकेन्द्रिकरण तथा साझेदारको ज्ञानः**

कार्यक्रम कार्यान्वयन गर्ने नेपाल कानून समाज एउटा सम्मानित र राजनीतिक नेतृत्व लगायत सबै क्षेत्रमा सर्वस्वीकार्य तथा विश्वासयोग्य संस्थाको रुपमा लिइएको र उक्त संस्थाको कानून मसौदा र राजनीतिक प्रकृया सम्बन्धमा क्षमतामूलक कार्यक्रम सम्बन्धमा भएको ज्ञान र सीपका आधारमा कार्यक्रमहरु सञ्चालन गरिएका थिए। साझेदार संस्थाको भूमिका केवल सहजीकरण गर्नेमा सिमिति रहेको थियो, खासगरी सबै भन्दा बढी अवसर प्रदेश नं. २ का सरोकारवालाहरुलाई कार्यक्रम तर्जुमादेखि कार्यान्वयन सम्म दिइएको थियो। साझेदार संस्थाको प्राविधिक क्षमता मुख्य राजनीतिक दलका नेताहरु र सहकार्य गर्ने निकायहरुबाट पुनर्पुष्टि समेत भएको छ।

- प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिका बीचमा क्षमता अभिवृद्धि, प्रभावकारी समन्वय र सहकार्यताका लागि नियमितरुपमा यस प्रकारका कार्यक्रमहरुको आवश्यकता रहेको महशुश गरिएको,
- निरन्तरको सम्वाद तथा क्षमतामूलक कार्यक्रमहरु मार्फत स्थानीय न्यायिक समितिका पदाधिकारीहरुको प्रभावकारी सेवा प्रवाह, कानून तर्जुमा र जिम्मेवारीको प्रभावकारीका निम्ति आवश्यक सहयोग गर्नुपर्ने कुरामा ऐक्यबद्धता कायम भएको,
- संघीयता र न्यायमा पहुँचका सम्बन्धमा नियमितरुपमा सम्वाद कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता महशुश गरिएको।

## विश्लेषण

- प्रदेश नं. २ प्रतिको जनताको बुझाई र संघीयताको फाइदाः

  यस सम्बन्धमा २०७४ मा प्रदेशको स्थापना भएदेखि प्रदेश सरकारले नागरिकलाई सेवा प्रवाहमा कत्तिको सहज र प्रभावकारी भएको छ भन्ने प्रश्न नै हालको एउटा महत्वपूर्ण प्रश्न हो। यस सम्बन्धमा प्रदेशको राजधानी तोक्ने र नाम राख्ने सम्बन्धमा ढिला हुने र महत्वपूर्ण विधेयक अगाडि बढाउने सम्बन्धमा समेत ढिला हुने गरेको जस्ता विषयहरु प्राप्त अवसरहरुमा चुक्नु हो। संघीय प्रणालीको वकालत गर्ने प्रदेशको रुपमा पहिचान प्राप्त भए पनि संघीयताबाट यथार्थमा फाईदा लिने खासगरी कमजोर वर्गको हितमा प्रयोग हुने विषयहरु परिपूर्ती गर्न अझ पनि बाँकि रहेको छ। प्रदेश नं. २ अन्तर्गतको स्थानीय सरकारहरुको बजेटको प्रक्रिया ढिला हुने गरेको र भ्रष्टाचार बढ्दै गएको जस्ता चर्चाहरु आउने गरेका छन्। यस सम्बन्धमा ठाडो (सरकारका तीनवटा अङ्गहरुवीच) र तेर्सो (स्थानीय तहका सबै क्षेत्रहरुमा) रुपमा प्रभावकारी समन्वय आवश्यक रहेको देखिन्छ। प्रदेश नं. २ मानव विकास सुचकांकमा समेत निकै तल रहेका कारण प्रशस्त आर्थिक, सामाजिक चुनौतीहरु रहेका कारण पनि प्रदेश नं. २ ले सबै स्थानीयतहसँग प्रभावकारी समन्वय र सहकार्य वृद्धि गरी उनिहरुको भूमिकालाई प्रभावकारी बनाउनु आवश्यक छ। प्रदेश र स्थानीय तहवीच प्रभावकारी समन्वय हुन नसकेमा संघले त्यसै विषयलाई आधार मानी कमी कमजोरीहरुमा टेक्दै सेवा प्रवाहमा समेत प्रभावकारी भूमिका खेल्न नसकेको नाउँमा पुनः केन्द्रिकरण गर्ने अवसर प्राप्त गर्दछ।

अनुसूची ८.१

प्रदेश सभा सचिवालय र नेपाल कानून समाजद्वारा आयोजित

# संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका

बर्दिवास, प्रदेश नं. २ ● २०७७ माघ ८

**कार्यक्रम प्रतिवेदन**

## १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम संसदीय अभ्यास, लोकतन्त्र र कानून निर्माणका विषयहरु संघीय अवधारणाका आधारमा अगाडि बढेका छन् । संसदीय अभ्यासका सन्दर्भमा संविधानको व्याख्याको प्रश्न, संविधानमा भएका स्पष्ट व्यवस्थामाथि संसदीय अभ्यास हावि हुन सक्ने वा नसक्ने? कार्यकारी प्रमुखको अधिकारका सिमा के के हुन् जस्ता विषयहरुमा छलफल हुने वातावरण श्रृजना भएको यस परिस्थितिमा प्रदेश नं. २ अन्तर्गत प्रदेश सभा सचिवालय र मुख्यमन्त्रीको कार्यालय तथा नेपाल कानून समाजद्वारा संयुक्त रुपमा कार्यक्रमको बर्दिवासको होटल पावन मिथिलामा २०७७ साल माघ ८ र ९ गते आयोजना गरिएको थियो ।

नेपालको संविधानमा व्यवस्था गरिएको संघीय प्रणाली र उक्त प्रणाली अन्तर्गत प्रदेश तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अभ्यासहरु, उक्त निकायहरुको आपसी सम्बन्ध र समन्वय लगायतका विषय जटिल बन्दै गएका छन्। संघीय प्रणालीको वकालत गर्ने प्रमुख समुदाय र दलको नेतृव रहेको प्रदेश नं. २ मा भएका अभ्यासहरु अन्य प्रदेशहरुको निम्ति समेत एउटा महत्वपूर्ण श्रोतको रुपमा रहेको हुन्छ । संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय, सहकार्यता र सहअस्तित्वका विषयहरु, त्यसमा पनि कार्यपालिका र व्यवस्थापिकाको ठाडो र तेर्सो सम्बन्धमा, संघीय संविधान कार्यान्वयनमा देखा परेको प्रभावकारी लगायतका विषयहरुमाथि गहन र विस्तृत छलफल गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रकारको छलफलले संविधान कार्यान्वयनमा गम्भिर समीक्षा गर्न मद्दत गर्दछ।

संविधानको धारा ५६, ५७, भाग २० र अनुसूची, ६, ७ र ९ बमोजिम प्रदेशस्तरको सरकारको प्रभावकारी, प्रदेश सरकारले बहन गरेका चुनौतीहरु, प्रदेश सरकार र संघ तथा स्थानीय तहको सम्बन्ध र समन्वय जस्ता विषयहरु मसिनो गरी केलाउनु पर्ने अवस्था आएको छ । त्यसैगरी प्रदेश सरकार र सभाको सम्बन्ध, सरकारको न्यायालयसँगको सम्बन्ध तथा सहकार्य लगायतका विषयहरु समेत संविधानको मर्म र भावना अनुकूल भए नभएको र प्रदेश सरकारको जवाफदेहीतामा रहेका सम्भावना र चुनौतीहरुका विषयमा समीक्षा गर्ने समय आएको छ।

प्रदेश सभाले कानून बनाउने जिम्मेवारी संविधानले सुम्पिएकोमा कानून निर्माणको अवस्था, कानून तर्जुमा गर्दा नागरिक सहभागिता भए वा नभएको, कानून निर्माणका लागि भएको प्राविधिक क्षमता, कर्मचारीहरुको अवस्था, बनेका कानूनहरुको कार्यान्वयनको अवस्था, विभिन्न समितिहरुमा भएका अभ्यासहरु, कानून निर्माण गर्दा संविधान वा अन्य कानूनमा भएका कमजोरीका कारण देखा परेका समस्याहरु, संघको हस्तक्षेप वा समन्वय तथा सहकार्यता लगायतका विषयमा प्रदेश सभाको कार्यको समीक्षा समेत यतिवेला महत्वपूर्ण विषय भएर आएको छ।

स्वीस राजदूतावासको सहयोगमा नेपाल कानून समाज र प्रदेश सभा सचिवालयको संयुक्त आयोजनामा २०७७ माघ ८ गते सञ्चालन भएको उक्त कार्यक्रममा पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, संविधान सभा सदस्य श्री खिमलाल देवकोटा, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु, समितिका सभापति, सदस्यहरु, प्रदेश सभा सचिवालयका सचिव तथा अन्य कर्मचारीहरु, नेपाल कानून समाजका कार्यकारी निर्देशक लगायत अन्य कर्मचारीहरु, नागरिक संवाद केन्द्र जनकपूरका प्रमुख तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## २. कार्यक्रमको उद्देश्य

- प्रदेश सरकारले सञ्चालन गरेका नीति तथा कार्यक्रमहरु, संघीय संरचनामा प्रदेश सरकारको कानून निर्माणमा योगदान र चुनौति, लोकतन्त्र, संघीय स्वरुप र फौजदारी कानून निर्माणमा प्रदेश सभाको भूमिका लगायतका विषयमा छलफल गरी आगामी दिनका लागि सहज वातावरण तयार पार्न सहयोग गर्नु,
- लोकतन्त्र, संसदीय अभ्यास र फौजदारी कानून निर्माणमा प्रदेश सभाको भूमिकालाई प्रभावकारिता बढाउने सहयोग गर्ने,
- प्रदेश सभालाई लोकतान्त्रिक ढंगबाट अगाडि बढाउन समितिहरु र सदस्यहरुको भूमिकामा सुधार ल्याउन सहयोग गर्ने,
- संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसरका विषयमा सरोकारवालाहरु बीच छलफल गरी विषय विज्ञहरुबाट मार्गदर्शन प्राप्त गर्नु,
- प्रदेश र स्थानीयतह बीच समन्वय र विवाद समाधानका चुनौति र अवसरका विषयमा व्यापक छलफल गरी आगामी दिनका लागि एउटा आधार श्रृजना गर्नु,
- प्रदेश सभा र प्रदेश सरकार बीच कानून निर्माणमा सहकार्य बढाउने ।

## ३. कार्यक्रमका लक्षित समूह

सभामुख, उप–सभामुख, समितिहरुका सभापतिहरु, प्रमुख सचेतक, सचेतक, संसदीय दलका नेताहरु, प्रदेश सभाका सदस्यहरु, प्रदेश सभा सचिवालयका कर्मचारीहरु

## ४. कार्यक्रमका उपलब्धिहरू

- कार्यक्रममा सबैजसो प्रदेश सभाका समितिका सभापतीहरु, सदस्यहरु, सचिवालयका सचिव लगायतका कर्मचारीहरु गरी जम्मा ६५ जनाको पूर्ण समय सक्रिय सहभागिता रहेको,
- नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्ग, प्रदेशका मुख्यमन्त्री र सभामुख लगायतको उपस्थितिले कार्यक्रम प्रभावकारी भएको,
- प्रदेश सभाका सचिवालयका महत्वपूर्ण कर्मचारीहरुको उपस्थितले प्रस्तुत भएका ५ वटा विषयमा गहन छलफल भई आगामी दिनका लागि प्रमुख विषयहरुमा महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएको,

- प्रदेश सभाको तर्फबाट समेत संघीय संसद तथा सरकारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएको,
- प्रदेश सरकार र प्रदेश सभाबीच प्रभावकारी समन्वय गर्ने प्रतिबद्धता प्राप्त भएको,
- संघ, प्रदेश र स्थानीय तहको कानून निर्माण र सेवा प्रवाहमा समन्वय र सहकार्य हुने प्रतिबद्धताका कारण आगामी कानून निर्माण र सेवा प्रवाह प्रभावकारी हुने विश्वास प्राप्त भएको,
- कानून निर्माण, संसद, समिति प्रणाली, संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय, अनुगमन र कार्यान्वयन जस्तो महत्वपूर्ण विषयमा प्राप्त भएका सुझावहरुले आगामी दिनमा बन्ने कानूनहरु सम्वृद्ध हुने कुरामा विश्वस्त हुन सकिने वातावरण तयार भएको,
- हालसम्म प्रदेश सभाले गरेका अभ्यासहरुका आधारमा विगतमा भए गरेका कमी कमजोरीहरु आगामी दिनमा सच्याउने अवसर प्राप्त भएको,
- विषयहरुमा विज्ञहरुले प्रस्तुत गरेका कार्यपत्रहरुबाट महत्वपूर्ण श्रोत सामग्रीहरु तयार भएको आदि।

## ५. कार्यक्रम सञ्चालनमा देखा परेका मुख्य चुनौतीहरू

- कोभिड–१९ को प्रभावका कारण करिव एक वर्ष अगाडि कार्यक्रम गर्ने तय भएकोमा लामो समयसम्म कार्यान्वयन गर्न नसकिएको,
- प्रदेश सभा र मन्त्रालयहरु जनकपुरमा अवस्थित भए पनि समयको चाप, महत्वपूर्ण नेताहरु तथा सचिवहरुको सक्रिय र पूर्ण समय उपस्थितिका लागि बर्दिवासमा कार्यक्रम राख्नु परेकाले यातायातको व्यवस्थापनमा समस्या रहेको,
- समय व्यवस्थापनका दृष्टिले समेत प्रदेश सरकार र सभाका सम्पूर्ण व्यक्तित्वहरु, विषय विज्ञ, पूर्व उपप्रधानमन्त्री लगायतका व्यक्तिहरुको समय व्यवस्थापनका कारण समेत कार्यक्रम समयमा सम्पन्न गर्न कठिनाई भएको,
- ६ वटा विषयहरुमा एकैदिन सम्पूर्ण प्रस्तुती र उच्चस्तरका व्यक्तित्वहरुका वीच छलफल समेत गर्नुपर्ने भएकाले समय व्यवस्थापनको ठुलो चाप रहेको,
- कार्यक्रममा उच्चस्तरका सम्पूर्ण व्यक्तित्वहरुको पूर्ण समय खर्चिनु पर्ने कार्यक्रमहरु भएका कारण वहाँहरुको कार्यालय व्यवस्थापनमा समेत कठिनाई रहेको,
- प्रदेश सभामा धेरै सदस्यहरु भएको तर कार्यक्रममा ५०–६० जना मात्र समावेश गर्नसक्ने वातावरण भएको हुँदा अन्य सदस्यहरुको सहभागी गराउन नसकिएको।

## ६. कार्यक्रमले सिकाएको मुख्य पाठ

- उच्चस्तरको नेतृत्व, मुख्यमन्त्री कार्यालय, संसद सचिवालय र नेपाल कानून समाजको संयुक्त आयोजनाका कारण मात्र यो स्तरको पूर्ण सहभागिता र छलफल सम्भव हुने रहेछ,
- उच्चस्तरका सहजकर्ता र जिम्मेवार निकायका व्यक्तित्वहरुको उपस्थितिले कार्यक्रममा केन्द्रित गर्न तथा विषयवस्तु बुझाउन सहज हुने रहेछ,
- विषयवस्तुको सहि समयमा आवश्यक विषयमा हुन सकेमा मात्र कार्यक्रम प्रभावकारी हुन्छ। आवश्यकताका आधारमा तय गरिने कार्यक्रमहरु प्रभावकारी हुने रहेछ,

- आफ्ना भनाईहरुको प्रभावकारी सुनुवाई हुन्छ भन्ने कुराको सुनिश्चितताले सहभागिता अर्थपूर्ण र प्रभावकारी हुने रहेछ,
- यो स्तरको कार्यक्रम सम्पन्न गर्न लामो र प्रभावकारी योजना, सहि सहजकर्ता तथा विषयवस्तुको छनौट आवश्यक हुन्छ,
- प्रदेश सरकार, प्रदेश सभाका प्रमुख व्यक्तिहरुसँग छलफल गरी विषयहरुको पहिचान, स्रोत व्यक्तिको पहिचान र सहभागीको पहिचान गरी प्रदेश सभा र प्रदेश सरकारसँग संयुक्त रुपमा कार्यक्रम गरेको हुँदा प्रभावकारी भएको ।

# ७. कार्यक्रमको संक्षिप्त विवरण

## संसदीय अभ्यास, लोकतन्त्र र समावेशी कानून निर्माणमा प्रदेश सभाको भूमिका विषयक कार्यशाला

### क. उद्घाटन सत्र

प्रदेश सभा सचिवालय र नेपाल कानून समाजद्वारा आयोजित एक दिवसीय कार्यशाला गोष्ठीको अध्यक्षता माननीय सभामुख श्री सरोज कुमार यादवले गर्नुभयो । नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले कार्यक्रममा सहभागी भएका सभामुख, समितिहरुका सभापति, प्रमुख सचेतकहरु, प्रदेश सभाका सदस्यहरु, विपक्षी दलका नेता, मुख्यमन्त्री र विशिष्ट व्यक्तिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

नेपाल कानून समाजले संविधान बमोजिम संघ, प्रदेश र स्थानीय सरकारले बनाउनुपर्ने कानूनहरु निर्माण गर्न प्राविधिक र बौद्धिक सहयोग गर्दै आएको छ । यस कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यले स्वीस सरकारको सहयोगमा प्रदेश २ का सरकार, प्रदेश सभा र न्यायपालिकाका पदाधिकारी र जनशक्तिलाई बौद्धिक र प्राविधिक ज्ञान दिई क्षमता अभिवृद्धि गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमले कानून निर्माणमा प्रदेश सरकार र प्रदेश सभा सदस्यहरुको समन्वय बढ्ने, संघ, प्रदेश र स्थानीय सरकारले बनाउनुपर्ने कानूनमा प्रभावकारिता आउने, फौजदारी सम्बन्धी कानून निर्माणमा प्रष्टता आउने, प्रदेश सभाको नियमित काममा समितिको र सदस्यको भूमिकामा सुधार हुने अपेक्षा गरिएको विचार राख्नुभयो । यो कार्यक्रम एक वर्ष लगाइ तयारी गरेको र यहाँहरुको आवश्यकता अनुसार विषयवस्तु र स्रोत व्यक्तिको चयन भएको हुँदा यसबाट पूर्ण समय सहभागी भई लाभ लिन पनि सहभागीहरुलाई अनुरोध गर्नु भयो ।

### ख. कार्यक्रममा अतिथिहरूको मन्तव्य

उदघाटन सत्रमा अतिथीहरुले आ–आफ्ना धारणाहरु राख्नु भएको थियोः–

#### श्री शत्रुधन महत्तो, विपक्षी दलको नेता, प्रदेश नं. २

प्रदेश सभा सचिवालय र नेपाल कानून समाजले मुलुकमा देखा परेको संकटको समयमा सञ्चालन गरेको कार्यक्रम आफैमा निकै महत्वपूर्ण रहेको विचार व्यक्त गर्नु भयो । वहाँले संघीय संविधान लागु भएपछि पहिलो अनुभव र अभ्यास गर्दै गर्दा परिस्थितिमा आएको गम्भिरताका बीच यस प्रकारको छलफल हुनु आवश्यक रहेको, विगतमा संविधान सभाको छलफलमा सरकारको स्थितरताका सम्बन्धमा महत्वपूर्ण छलफलको विषय रहेकोमा अधिकांश

राजनीतिक दलहरुले राजनीतिक स्थिरता चाहेको धारणा व्यक्त गर्नु भयो । प्रदेश सभाले हालसम्म ४२ वटा कानून निर्माण गरिसकेको र अन्य कानून बनाउने क्रममा रहेको जानकारी दिनुभयो । तर सरकारले विधेयकहरु बनाउँदा विधि र प्रक्रिया पुऱ्याउनुपर्ने र सबै सरोकारवालाहरुको सुझाव लिएर बनाउने गरेमा सबै दल र निकायको पनि प्रतिनिधित्व हुने विचार राख्नुभयो । आफुहरुले विगतमा धेरै समस्याहरु भोग्नु परेको, खासगरी संघ, प्रदेश र स्थानीय तहको वीचको समन्वयमा, कानून निर्माणमा वा अन्य सबै विषयमा समस्या रहेको समेत विचारहरु व्यक्त गर्नु भयो ।

## श्री राम सरोज यादव, दलको नेता, नेपाली काँग्रेस

श्री यादवले प्रदेश सरकारको हैसियतले आफुहरुले ३ वर्षसम्म प्रदेशमा अभ्यास गरी सकेको र मुलरुपमा समन्वयका आधारमा नै अगाडि बढेको कुराको जानकारी दिंदै प्रदेशमा अनुभवी व्यक्तिहरु पनि भएको भए पनि संघीय व्यवस्थाको चुरो प्रदेशमा भएकोले जिवित राख्नको लागि संघर्ष गर्नुपर्ने अवस्था रहेको स्वीकार गर्दै प्रधानमन्त्रीले यस परिस्थितिमा संसद भङ्ग गर्ने कार्य गैर संवैधानिक भएकोमा प्रदेशहरु समेत भङ्ग गर्ने कुरा समेत सुनिएका कारण परिस्थिति जटिल हुँदै गएको विचार व्यक्त गर्नु भयो । वहाँले आफुहरु सतर्क रहेको, प्रतिपक्षको हैसियतले राम्रा काममा सरकारलाई साथ दिने र गलत काममा प्रतिवाद गर्ने धारणा व्यक्त गर्नु भयो ।

वहाँले संघीय प्रणाली कमजोर बनाइएको गृहमन्त्रीसँग आफ्नो प्रहरी समेत नभएकोमा शान्ति सुरक्षा कायम गर्न नसकिने, निजामती सेवाको विषय समेत टुङ्गो नलागेको, विषयगत समितिमा कोरम नपुग्ने गरेको, विधेयकहरु अगाडि बढ्न नसकेका जस्ता सरोकारहरुमा प्रश्न गर्दै कार्यान्वयन विना कानून लेखेर मात्र नहुँने, स्थानीय तहको सम्बन्धमा दलभित्रै समेत तित्तता रहेको, त्यसै कारणले यसप्रकारका राजनीतिक घटनाहरु घट्ने गरेको भन्दै वहाँले जहाँ सहनशीलता हुँदैन, प्रजातन्त्र पनि टिक्न नसक्ने विचार व्यक्त गर्नु भयो । प्रधानमन्त्रीले गरेको संसद विघटन गर्ने नसक्ने काम कसरी भयो ? कुनै धारामा व्यवस्था नै छैन । ३० दिनभित्र बहुमत हाँसिल गर्न सकेन भने मात्र हुन्छ भन्ने धारणा राख्दै संघीय संसदमा जे जस्तो भए पनि प्रदेशतर्फ त्यसप्रकारको अभ्यास नआओस भन्ने कामना रहेको धारणा व्यक्त गर्नु भयो ।

वहाँले स्थानीय निकायको सभा सञ्चालन सम्बन्धी कानून बनाइएको भए पनि हाल व्यवहारमा अर्को दलको भयो भने रोक्ने कामहरु भएका कारण समस्या रहेको, स्थानीय तहमा विपक्षी दल नहुँने भएकाले समेत निकै कठिनाईहरु रहेकाले उक्त कठिनाईहरुको कसरी सम्बोधन गर्ने भन्ने एउटा मुख्य चुनौती रहेको जानकारी गराउनु भयो । वहाँले प्रदेशले राम्रो नीति र कार्यक्रम ल्याएको भए पनि बजेट आउदा एउटै विषयमा सबै मन्त्रालयको कार्यक्रमहरु राखिएको, एउटा मन्त्रालयको जति बजेट खासगरी मुख्यमन्त्रीको नाउँमा ढलान, मन्दिर, मस्जिद लगायतका विषयमा रहेकोमा आपत्ती समेत जनाउँदै आगामी दिनमा सुधारको अपेक्षा रहेको धारणा समेत खुलेर व्यक्त गर्नु भयो । मुख्यमन्त्री र मन्त्रीहरुले सबै दल र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विधेयकहरु बनाउने, बजेट बनाउने र कार्यान्वयन गरेमा विवादहरु न्युनिकरण हुने सुझाव दिनुभयो । वहाँले अन्य प्रदेश भन्दा बढी छलफल भएको र आवधिकरुपमा प्रश्न गर्ने र मुख्यमन्त्रीबाट जवाफ लिने अभ्यास भएको कुरामा सन्तुष्टि व्यक्त गर्दै प्रदेश नं. २ का क्रियाकलापहरु अन्य प्रदेशहरुका लागि समेत मार्ग दर्शन हुन सक्ने विचार व्यक्त गर्नु भयो ।

## श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादवले कार्यक्रम आयोजना गर्न सहयोग गर्ने नेपाल कानून समाज र स्वीस सरकारले प्रदेश नं. २ लाई सरकार, प्रदेश सभा र न्यायपालिकाका विषयमा कार्यक्रम गरी सहयोग गरेकोमा धन्यवाद

दिनुभयो। कार्यक्रममा विचार राख्ने क्रममा वहाँले सहभागी प्रदेश सभाका सदस्यहरुलाई निर्देशनको शैलीमा केही सल्लाह तथा सुझावहरु राख्नु भयो ।वहाँका अनुसार जवसम्म कानूनको ज्ञान हुँदैन, ज्ञान छैन भनेर क्षमा पाइदैन। अन्य प्रदेशका तुलनामा यस प्रदेशमा बढी अभ्यास आवश्यक छ। कानून निर्माणका विधि, प्रक्रिया, क्षेत्राधिकार लगायतका विषयमा गहन अध्ययन आवश्यक हुन्छ। संसारका सबै संघीय प्रणालीमा स्थानीय तह प्रदेशको अधीनमा हुन्छन् तर नेपालमा त्यसो नगरिएको, जसका कारण उद्देश्य नै गलत थियो भन्ने आवाज उठाउँदा आगामी दिनमा सहज हुँदै जाने आश्वासनहरु प्राप्त भएको जानकारी दिंदै यस प्रदेशका कानून निर्मातालाई क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रमको तर्जुमा गरिएको जानकारी दिनु भयो। प्रदेशलाई कानूनी रुपले प्रभावकारी बनाएमा संघीयतालाई जोगाउन ठुलो मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो।

वहाँले भारत र दक्षिण अफ्रिकाको संविधान सभाको अभ्यासको उदाहरण दिंदै नामको सन्दर्भमा भारत राख्ने कि India राख्ने भन्नेमा मतदान हुँदा इन्डिया पारित भएको भए पनि चतुर नेताहरुले हिन्दीमा भारत भन्ने राखिएको, दक्षिण अफ्रिकामा आधारभूत सिद्धान्त पहिलेनै तय गरिएको उदाहरण सहित कुनैपनि संविधान पूर्ण नहुँने, समयले परिवर्तन गर्ने बुझाईका आधारमा आफुहरु अगाडि बढेको जानकारी सहित यस प्रदेशले नै संघीयताको अभ्यास गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। तर वहाँले यस प्रदेशको अभ्यासका कारण संघीयता समाप्त हुनसक्ने शंका समेत व्यक्त गर्दै सहभागीहरुलाई सर्तक बनाउने प्रयास गर्नु भयो। वहाँले विषयवस्तुको ज्ञान नभएर हो वा अन्य कारणले कपि पेष्ट गर्ने अभ्यासको अन्त्य हुनु पर्ने, आज बनाएका कानून भोली संशोधन गर्नुपर्ने अवस्था आउन नहुने, विधेयकको अध्ययन नगर्ने बानी हटाउनु पर्ने, आवश्यक तयारी नपुगेको र त्यसको लागि क्षमता अभिवृद्धी आवश्यक रहेको सुझावहरु दिनु भयो। प्रदेश सभाका समितिहरु, सदस्यहरु र सरकारका निकाय बीच राम्रो सम्बन्ध हुनसके प्रदेश नं. २ अन्य प्रदेशको लागि नमूना बन्न सक्ने विचार श्री यादवले राख्नुभयो। उक्त सिलसिलामा वहाँले विषय विज्ञहरुबाट महत्वपूर्ण जानकारी हाँसिल हुनेछ भन्ने अपेक्षा राख्दै, सहयोगको लागि प्रजातन्त्र र संघीयताको ज्वलन्त नमुना भएको मुलुक स्वीटजरल्याण्डको सहयोगको लागि धन्यवाद तथा प्रशंशा समेत गर्नु भयो।

### ■ श्री सरोज कुमार यादव, सभामुख, प्रदेश सभा २

सभामुख श्री यादवले कार्यक्रमबाट प्राप्त हुने सुझाव अनुकरणीय हुने कुरामा विश्वस्त हुँदै हालसम्म प्रदेश सभाबाट ४२ वटा विधेयकहरु पारित भएको जानकारी दिनु भयो। कार्यक्रममा प्रस्तावित कार्यक्रमहरु ज्यादै उपयोगी र सदस्यहरु र कर्मचारीहरुलाई पूर्ण समय बसी कार्यक्रमबाट लाभ लिन निर्देशन दिनुभयो। वहाँले आगामी दिनमा प्रदेश सभाबाट पारित हुने कानूनहरु गुणात्मक हुने कुराको विश्वास समेत दिलाउनु भयो।

## कार्यपत्र प्रस्तुती तथा छलफल

प्रदेश सभासँग सञ्चालन गरिएको उक्त कार्यक्रममा ५ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए। पहिलो कार्यपत्रको रुपमा कानून निर्माणमा प्रदेश सभाको योगदान र प्रदेश सरकारसँग समन्वयका सम्बन्धमा श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश र श्री दिपेन्द्र झा, मुख्य न्यायाधिवक्ता, प्रदेश नं. २ सरकार, दोश्रो कार्यपत्रको रुपमा संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौति र अवसर सम्बन्धमा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटा प्रदेश र स्थानीय तहवीच समन्वय र विवाद समाधानः चुनौती र अवसर, अधिवक्ता मोहन आचार्य तेस्रो कार्यपत्र लोकतन्त्र, संसदीय अभ्यास र फौजदारी कानून निर्माणमा प्रदेश सभाको भूमिका सम्बन्धी विषयमा श्री कल्याण श्रेष्ठ र श्री दिपेन्द्र झा तथा चौथो कार्यपत्र कानून निर्माणमा समितिका सभापति तथा

सदस्यहरुको भूमिकाः अवसर र चुनौतीका विषयमा विधायन व्यवस्थापन समितिका सभापति श्री पर्शुराम मेघी गुरुङ र वरिष्ठ अधिवक्ता श्री लक्ष्मणलाल कर्णले कार्यपत्रहरु प्रस्तुत गरिएका थिए। प्रत्येक छलफल सत्रका लागि औपचारिक रुपमा सभापतित्व गर्ने व्यक्तित्वहरु चयन गरिएका थिए। पहिलो र तेस्रो सत्रको सभापतित्व श्री उपेन्द्र यादव, पूर्व उपप्रधानमन्त्रीले गर्नु भएको थियो भने दोस्रोमा श्री सरोज कुमार यादव, सभामुख, चौथो सत्रको श्री जयनुल राईन, सभापति, महिला बालबालिका तथा सामाजिक न्याय समिति, प्रदेश नं. २ ले अध्यक्षता गर्नु भएको थियो।

| | |
|---|---|
| पहिलो सत्र | **कानून निर्माणमा प्रदेश सभाको योगदान र प्रदेश सरकारसँग समन्वय** |
| अध्यक्षता | **श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री** |
| कार्यपत्र प्रस्तुत | **श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश** |

श्री उपेन्द्र यादवले अध्यक्षता गर्नु भएको पहिलो सत्रको कार्यक्रममा श्री कल्याण श्रेष्ठ र श्री दिपेन्द्र झाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। श्री कल्याण श्रेष्ठले प्रस्तुत गर्नु भएको पहिलो कार्यपत्रमा २४० वर्ष भन्दा पुराना केन्द्रिकृत प्रणालीले बनाएका कानूनहरु हालसम्म प्रचलनमा रहेको, अभ्यासका क्रममा भएका कमी कमजोरीहरुप्रति हीनताबोध हुन आवश्यक छैन तर प्रयास गर्नु पर्दछ। संघीय प्रणालीलाई परिपक्व बनाउन आवश्यक छ। संघीयतालाई जिम्मेवारीपूर्वक अभ्यास गर्न सकेनौं भने गम्भिर संकट आई लाग्दछ। प्रदेश २ का अभ्यासले बाँकी प्रदेशहरुलाई स्तर निर्धारण गर्दछ। त्यसैले बढी आशा छ भन्ने विचारहरु व्यक्त गर्नु भएको थियो।

श्री श्रेष्ठले विधि निर्माणका सम्बन्धमा नक्कल गर्ने ठीक होइन। प्रदेश नं. २ र १ एउटै होइन, नेपाल र भारत एउटै होइन। संविधानमानै समस्या देखिएकोमा ऐनमा समस्या हुने स्वाभाविक हो। प्रदेश नं. २ नमुना हुन आवश्यक छ। हाम्रो विधि निर्माण प्रक्रिया पारदर्शी छैन भने सहभागितामूलक पनि छैन। संयमका साथ गर्नु पर्दछ, त्यसैमा कानून निर्माणको जग आधारित हुन्छ। सुरुमा अवधारणाको प्रस्तावको आवश्यकता हुन्छ। सुविचारित रुपमा नीति निर्माण हुन्छ (सुरुमा ग्रिन पेपर र त्यस पछि ह्वाइट पेपर) तर उल्टो अभ्यास हुने गरेको छ। प्रजातन्त्र बलियो बनाउन पद्धतीमा समावेशी र पारदर्शी हुन आवश्यक छ। प्रदेश सरकार र प्रदेश सभाका सदस्यहरुले राजनीतिक दलभन्दा माथि उठी नागरिकको हितमा कानून बनाउनुपर्ने विषयमा जोड दिनुभयो। अहिले प्रदेश सभा संघीयताको पहिलो समूह भएको हुँदा यो इतिहाँस लेख्ने अवसरको रुपमा लिनु पर्दछ। पहिलो र अन्तिम तथा महत्वपूर्ण श्रोत विधायिका हो। विधायिकको काम कानून बनाउने हो। यस प्रकारको शिक्षा आवश्यक छ। संघ र प्रदेश दुबैले गर्न सक्दछ। ४२ वटा कानूनहरु यस अवधिमा पारित हुनु सामान्य होइन भन्ने विचार राख्दै सबै कुरामा सबैको विज्ञता नहुने भएकाले विज्ञ व्यक्तिहरुलाई आव्हान गर्न सकिने, विधि निर्माणमा जनसहभागिता नभएकोमा समाज र देशको विज्ञता सांसदहरुको मात्र होइन, हामीले विधायकको कानून होइन, जनताको कानून बनाउन खोजेको हो भन्ने कुरामा विधायिकाको ध्यान जान जरुरी भएको औंल्याउनु भयो। ऐन कानून बनाउदा नितान्त आफ्नो मात्र स्वार्थ लाद्न नसकिने, कतिपय सिमाहरु हुन्छन्, त्यसतर्फ ध्यान दिनु आवश्यक रहेको, प्रत्यायोजित अधिकारमा

ध्यान दिनु पर्ने, नीजि विधेयकमा समेत सहयोग आवश्यक रहेको प्राविधिक चरणमा आत्मा जगाउने र निगरानी तथा प्रशोधन गर्ने काम समितिहरुमा गरिने जस्तो महत्वपूर्ण विचारहरु व्यक्त गर्नु भएको थियो ।

त्यसै गरी श्री श्रेष्ठले हाम्रो संसदको मुख्य ध्यान जनताका अधिकारमा हुनुपर्ने, संविधानमा ३१ वटा हकहरु राखिएका छन् तर ऐनमा राखेर अधिकार पूर्ण हुँदैन । प्रदेशले समेत मौलिक हक कार्यान्वयन सम्बन्धी कानून बनाउने तर्फ ध्यान दिनु आवश्यक रहेको, विविधताको सम्बोधन समेत संविधानको सौन्दर्य भएको र समावेशीकरण सम्बोधन गर्ने औजार भएकोले ऐन कानूनहरु प्राविधिक, दार्शनिक दुबै अवस्थामा भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

## श्री दिपेन्द्र झा, मुख्यन्यायाधिवक्ता, प्रदेश नं. २

मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झाले प्रदेश सभाले कानून निर्माण गर्दा सिद्धान्त र व्यवहार दुबैलाई सँगसँगै अगाडि बढाउनुपर्ने विचार राख्दै विभिन्न देशको उदाहरण प्रस्तुत गर्ने क्रममा बेलायतको अनुभव राख्नुभयो । उक्त विषयमा २० अप्रिल १६५३ मा बेलायतको ओलिभर क्रमवेललाई संसदले हटाउन चाहन्थ्यो । उनले आफ्नो मन्तव्यमा कुर्चीनै भाँचिदिन्छु भनि संसद विघटन गरे, घट्नाका कारण त्यहाँको संसद र शोषकका बीच लामो र कठिन संघर्ष गर्नु परेको दृष्टान्त प्रस्तुत गर्दै वहाँले आफ्ना कामका २ वटा पक्ष रहेको, उक्त पक्षहरुमा केही समस्या र केही प्राविधिक कारणले समेत कठिनाई रहेको स्वीकार गर्दै निजामती र दलित सशक्तिकरण ऐन अन्य प्रदेशको लागि अनुकरणीय हुन सक्ने धारणा व्यक्त गर्नु भयो ।

श्री झाले प्रदेश नं. २ नमुना भएको, संसद र सरकार एक आपसमा सहकार्य गर्दै काम गर्ने गरेको (उदाहरणका लागि प्रहरी ऐन एकमतले पास भएको), क्षेत्राधिकारसँग सम्बन्धित विषयहरुमा केही कठिनाई रहे पनि, संघीय ऐनहरुले अन्य केही विषयहरु खोसेका कारण समस्या रहेको, प्रदेशले जग्गा दिन समेत नसक्ने व्यवस्थाहरु संघीय ऐनहरुमा गर्न थालिएको, गुठी सम्बन्धी मापदण्ड संघीय सरकारले तोक्ने व्यवस्था रहेको तर प्रदेश नं. २ खासगरी जनकपुरमा गुठीकै जग्गाहरु बढी रहेको जस्ता विचारहरु व्यक्त गर्दै, मुलुकमा केवल ३, ४ जना मात्र रहेको, कानून व्यवसायीले कानून मसौदा गर्न नसक्ने भए पनि केही ज्ञान भएका कर्मचारीहरु समेत ट्रायलका रुपमा आउँने गरेको, कर्मचारीको छिटो छिटो सरुवा हुने गरेकोले फरक फरक व्यक्तिको बुझाई पनि फरक हुन गरेकोले चुनौतीहरु रहेको जस्ता विचारहरु व्यक्त गर्नु भयो । वहाँले कार्यविधिबाट सबै काम गर्ने अभ्यासलाई निरुत्साहित गर्नु आवश्यक रहेको, समितिलाई अझ सक्रिय र जवाफदेही बनाउनु आवश्यक रहेको विचारहरु व्यक्त गर्नु भएको थियो ।

वहाँले भएका कानूनको कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालय नै सक्रिय हुन नसक्दा समस्या आएको, ऐनको परिक्षण र समीक्षा (post legislative scrutiny) गर्ने पद्धतीको विकास नभएका कारण सुरुमा पद्धती विकास गर्नु आवश्यक रहेकोमा पूर्व कर्मचारीहरुको प्रयोग गर्न सकिने धारणा समेत व्यक्त गर्नु भएको थियो । वहाँले प्रदेशले बनाउने कानूनहरुमा दण्ड जरिवाना राख्न नहुने गरी संघबाट बनेका कानून र परिपत्रहरु गलत भएको भन्दै दण्ड सजाय नभएका कानून बन्न नसक्ने भए पनि सचिवले सही गर्न नमान्ने गरेको, संसदीय पद्धतीमा नियन्त्रण मान्य हुँदैन तर संघले नियन्त्रण गर्न खोजेको, त्यसका लागि प्रदेशमा एकता आवश्यक रहेको, वन सम्बन्धमा विवाद भए तर हामीले जोडले हल्ला गर्न सकेनौं । प्रादेशिक महत्वका योजनाहरुको कानून बनाएर जानु पर्नेमा त्यसो गर्न नसकिएको जस्ता चुनौतीहरु औंल्याउँदै प्रदेश सभामा उठेका कतिपय विषयहरुका सम्बन्धमा कानून बनाएर गर्न सम्बोधन गर्न सकिने विचारहरु व्यक्त गर्नु भएको थियो ।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुती पश्चात् सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्ना प्रतिक्रियाहरु व्यक्त भएको थियोः

### श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश नं. २

मुख्यमन्त्रीले यस कार्यक्रमबाट समितिका सभापति, सदस्य र मन्त्रीहरुलाई हाम्रा आफ्ना कामगर्ने तरिका, शैली आदिमा सुधार हुने कुरामा आशावादी रहेको अपेक्षा गर्दै हालसम्म सत्ता वा प्रतिपक्षका माननीय सदस्यहरुको सकारात्मक सहयोगको लागि धन्यवाद समेत दिनु भयो। वहाँले कानून कसरी निर्माण गरिन्छ, भोगेका समस्याहरुका सम्बन्धमा के कस्तो समन्वय आवश्यक छ? काम गर्दै जाँदा भएका कमी कमजोरीहरु, ऐनहरु निर्माण गर्दा अन्तिम चरणमा दबाब आएका विषयहरु कानून निर्माण गर्दा छलफल नभएका होइनन् अझ बढी छलफलको आवश्यकता रहेको विषय, संविधानको अनुसूची हेर्दा कर्मचारीतन्त्रले रोक्ने प्रवृति, निजहरुबाट आफुलाई केन्द्र विन्दुमा राखेर गर्ने गरेका अभ्यासका कारण प्रदेशले भोग्नु परेका चुनौतीहरुका बारेमा गहन र व्यापक छलफल हुने कुरामा आफु विश्वस्त रहेको धारणा व्यक्त गर्नु भयो। वहाँले कानून निर्माणमा कमा र पूर्णविरामले समेत ठुलो अर्थ राख्ने भए तापनि गलत प्रवृत्ति देखा परेको, प्रहरी ऐन निर्माणका क्रममा, जुन प्रदेशको एकल अधिकारको सूचीमा स्पष्ट व्यवस्था रहेको विषयमा समेत कर्मचारीबाट अवरोध भएको स्मरण गर्दै, पछिल्लो चरणमा झन् असहयोग भएको अनुभव व्यक्त गर्नु भयो। उक्त ऐन निर्माण गर्दा संघले रोकेको कुरा जानकारीमा आउनु दुखद भएको र जसको प्रतिनिधिको रुपमा मुख्य सचिवले रोक्ने काम गरेको, संविधानले समेत नचिन्ने प्रमुख जिल्ला अधिकारीलाई शक्तिशाली बनाउन खोजिएको, तयार भएको विधेयक समेत अन्तिम समयमा सचिवले थपघट गर्ने गरेका समेत प्रमाणहरु फेला परेको, कर्मचारीबाट प्रदेश सरकारलाई जति दुख दिन सक्यो त्यति छिटो बढुवा पाउने जस्तो व्यवहार प्रदर्शन भएको अनुभव सुनाउँदै वहाँले आफुहरुले बनाएका विधेयक अनुकरणीय भएको, महिलालाई ५० प्रतिशत आरक्षण दिइएको, खस आर्यलाई ४.९० प्रतिशत आरक्षण दिइएको, १८ प्रतिशत भन्दा बढी दलित भएको प्रदेशमा अलग्गै कानून तर्जुमा गरी सबै जात जातिलाई मूल धारमा ल्याउने प्रयास गरेको जानकारी समेत दिनु भयो।

प्रदेशको मुख्य चुनौती कुशासन र भ्रष्टाचार हो भन्ने कुरामा विश्वस्त हुँदै कारण सदनभित्र लोकपाल विधेयक ल्याइएको, जसको उद्देश्य सुशासन कायम गर्ने रहेको र संविधानले दिशा निर्देश गरेको कुरामा विश्वस्त हुदै आफुहरु कार्यान्वयनमा रहेका कठिनाईहरु चिर्दै अगाडि बढ्ने कुरामा पूर्णरुपमा प्रतिबद्ध रहेको जानकारी दिनु भयो।

अन्तमा मुख्यमन्त्री राउतले प्रदेशमा आएको विधेयकमा सम्पूर्ण सदस्यहरुले समितिहरुमा छलफल गर्ने र सरकारले विधेयकमा प्रष्ट पार्नुपर्ने भएमा सरकारको तर्फबाट मन्त्रीहरु आउने जानकारी गराउनु भयो। सभाका समितिहरु र सदस्यहरु तथा सरकारका मन्त्रीहरु र सचिवहरुमा समन्वय र सहकार्य भएमा विधेयकको स्तर बढ्ने र जनमुखी कानून बन्ने विचार व्यक्त गर्नुभयो।

### श्री मनिश सुमन, सभापति, आर्थिक मामिला तथा योजना समिति

श्री सुमनले प्रदेश सभा सदस्य भएपछि आफुलाई न्यास्रो अनुभव भएको, चार महिनादेखि काम नभएको, सांसद बनाउने र कानून बनाउन भनेपनि आफुहरुसँग कानूनी ज्ञान नभएको, सदस्यहरुको अध्ययन गर्ने बानि समेत नभएको, विधेयकको अर्थ पनि नबुझिने गरेको, मतदाता पनि दक्ष र सचेत नभएको, जनताले कस्तो कानून बन्यो भन्ने कुरामा चासो राख्ने भन्दा पुल, बाटो र खानेपानी सम्बन्धमा सोध्ने प्रचलन रहेकोले दवाव समेत त्यसतर्फ पर्ने गरेको कुराको जानकारी दिनु भयो। वहाँले कानूनहरु हतारमा बन्ने गरेका कारण ४२ वटा कानून त बने तर अत्यन्तै

न्यूनरुपमा कार्यान्वयन भएको दृष्टान्त दिँदै आफुहरुले कतै प्रान्तीय व्यवस्थालाई नकारात्मक बनाउँदै त छैनौं भन्ने कुरामा सतर्क र सजग हुनुपर्ने सुझाव दिनु भयो।

## श्री अशोक कुमार यादव, सभापति, प्रदेश मामिला समिति

श्री यादवले आफुहरु हाल नयाँ अभ्यासमा रहेको, समितिमा आउनु पर्ने विधेयक सोझै सभामा जाने गरेका कारण हुँदा पर्याप्त छलफल हुन नपाएको, संस्था दर्ता विधेयक समितिमा आएकोमा छलफल गरेर पास गरिसकेको जानकारी दिंदै कानून कार्यान्वयनका लागि सरकारले ध्यान दिन आवश्यक रहेको विचार व्यक्त गर्नु भयो। साथै, समितिको कार्यक्षेत्रमा रहेको सबै विधेयक समितिमा छलफल गराई पारित गर्ने गरेमा संसदीय अभ्यास परिपक्व हुँदै जाने विचार राख्नुभयो।

## श्री शेष अबुल कलाम, सभापति, विकास समिति, प्रदेश सभा

सभापति श्री कलामले आफुहरुमा केही कमी कमजोरी भएको कुरा स्वीकार गर्दै आगामी दिनमा सुधार गरेर लैजाने कुरामा प्रतिबद्धता व्यक्त गर्नु भयो। वहाँले आफुहरुले चाहेर पनि ऐन कानून कार्यान्वयन गर्न समस्या रहेको, मतदाताहरुले केवल विकासका कुरा मात्र गर्ने गरेको, दलित ऐन पारित गरेपनि उक्त ऐनका बारेमा जनतामा जानकारी दिन नसकिएको विचार व्यक्त गर्दै प्रदेश सरकारले गरेको राम्रो कामको समेत नागरिकलाई जानकारी दिनुपर्ने आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

## श्री लगनलाल चौधरी, सभापति, सार्वजनिक लेखा समिति

सभापति श्री चौधरीले यो कार्यशाला ज्यादै राम्रो भएको यसमा राम्रा र कमी कमजोरी विषयमा खुला छलफल गर्न पाएको विचार राख्नु भयो। यसैक्रममा सार्वजनिक लेखा समितिमा विधेयक दर्ता हुँदैन। सरकारको बजेट के कसरी खर्च भएको छ, महालेखा परिक्षकले औल्याएका विषयमा छलफल हुन्छ। हामीले अध्ययन गरेर सुझावहरु दिएका छौं। कानून निर्माणमा प्रदेश सभाको भूमिका सम्बन्धमा जानकारी र अनुभवको आदान प्रदानका सम्बन्धमा भएका कार्यक्रम महत्वपूर्ण छ। जानकारी र फितलो कार्यान्वयनमा ध्यान दिन आवश्यक छ। सरकारले बजेट आउनुपूर्व समितिमा छलफल गराएमा संसदीय अभ्यास पूर्ण हुने छ। तब मात्र बजेटले कानूनी मान्यता पाउने विचार राख्नुभयो।

## श्री वीरेन्द्र प्रसाद सिंह, सभापति, कृषि तथा भूमि व्यवस्थापन समिति

सभापति श्री सिंहले संघीयताको अभ्यास आफ्नो लागि नौलो भएका कारण केही कठिनाई भएको भए पनि यस अवधिमा आफ्नो समितिमा एउटा विधेयक आएकोमा हाल छलफलमा रहेको, छलफलको क्रममा विषयगत विज्ञहरु उपलब्ध नभएको, पारित भएका विधेयक पूर्ण हुन नसके पनि जाने बुझेका विषयहरुमा विवेकले भ्याएसम्म गहन छलफल गर्ने गरेको, हालसम्म पनि सिक्ने क्रम जारी रहेको जानकारी दिंदै यस प्रकारका कार्यक्रमहरुले ज्ञान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा व्यक्त गर्नु भयो।

## श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधि सभा

श्री कर्णले संविधान निर्माणको समयमा प्राप्त अनुभवहरु सुनाउँदै संविधान बन्दा धारा धारामा छलफल गर्दै पारित गर्नुपर्नेमा पुरै कितावमा हो वा होइन भन्ने गरी पारित गरिएको, जुन गलत भएको धाराणा व्यक्त गर्दै कानूनको विषय

केवल कानूनविद्ले मात्र जान्ने नभई जनप्रतिनिधिले जनताका पिरमर्का बुझेका कारण उनिहरु समेत स्पष्ट हुन जरुरी रहेको धारणा व्यक्त गर्नु भयो। वहाँले कानून निरस विषय भएका कारण सबैले अध्ययन गर्न रुचि नराख्ने गरेको विचार व्यक्त गर्दै जापानमा रहेको कानून निर्माणको अभ्यासका बारेमा जानकारी समेत दिनु भयो। वहाँका अनुसार कानून निर्माणको सबैभन्दा राम्रो अभ्यास रहेको जापानमा अन्य मन्त्रालयले कानून निर्माणको आवश्यकता सहितको अवधारणा कानून मन्त्रालयमा पठाउने, कानून मन्त्रालयमा १५ जनाको समिति हुने गरेको र जिरो मसौदा बनाएपनि उक्त समितिले सम्बन्धित सरोकारवालासँग छलफल गर्ने गरेको, जनताको राय बुझ्नको लागि छाप्ने गरेको जानकारी दिनु भयो। वहाँले नेपालको संघीय अभ्यासमा पनि त्यस्तै हुने गरेका कारण सचिवको हस्ताक्षर आवश्यक नरहेको जानकारी समेत दिनु भयो। विधेयकमा सम्बन्धित मन्त्रीले हस्ताक्षर गरे पुग्ने र सो को लागि नयाँ अभ्यासको थालनी गर्नु आवश्यक रहेको अवधारणा व्यक्त गर्नु भयो। नीजि विधेयकका सम्बन्धमा समेत कठिनाई रहेका कारण क्षमता विस्तारका लागि कर्मचारीको भूमिका महत्वपूर्ण हुने भएकोले या त प्रत्येक संसदलाई परिपक्व सचिवालय या बलियो मन्त्रालयमा आवश्यक हुन्छ। तर नेपालको अभ्यास तत् अनुकूल नभएकोमा असन्तुष्टि समेत व्यक्त गर्नु भयो।

वहाँले यही प्रदेशबाट सुरुवात गर्न सुझाव दिंदै त्यसको लागि प्रदेशस्तरमा समेत कानून आयोग वा कानून निर्माण समिति बनाउन अनुरोध समेत गर्नु भयो। वहाँले जनताको आफ्नै सोंच रहेको, मतदातालाई बुझाउन आवश्यक रहेको तर गलत अभ्यासको अन्त्य गर्नुपर्ने सुझाव दिनु भयो। वहाँले संघमा पर्याप्त अभ्यास नभए पनि प्रदेशस्तरमा नीजि विधेयक आउनु आवश्यक रहेको धारणा व्यक्त गर्दै एकै ठाउँमा मसौदा टोली राखेर काम गर्न सकेमा राम्रो हुने, कानून मन्त्रालय वा सचिवालयले आयोग वा समितिको जिम्मा लिन सक्ने र त्यसो गर्न सकिएमा एउटा नमुना हुने धारणा व्यक्त गर्नु भयो। कानूनमा लेखिएका कुराहरु व्यावहारिक भएनन् भने लागु नहुने विचार व्यक्त गर्दै वहाँले अपराध संहितामा भिख माग्न नपाइने व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन नभएको उदाहरण दिनु भयो। कानून आयोग वा समिति निर्माण गर्ने सम्बन्धमा प्रदेश नं. ५ ले आयोगको अभ्यास गरिसकेको र समिति निर्माण गर्न नेपाल कानून समाजको सहयोग समेत लिन सकिने धारणा व्यक्त गर्नु भयो।

### श्री परशुराम मेघी गुरुङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

सभापति श्री गुरुङ्गले प्रदेश नं. २ लाई ऋषिभूमिको रुपमा सम्मान गर्ने गरेको र यस भूमिका त्यसै बमोजिमको छलफल भइरहेकोमा खुशी व्यक्त गर्दै यो कार्यक्रमको उद्देश्य अनुभव आदान प्रदान गरी आपसमा सिक्ने रहेको जानकारी दिनु भयो। वहाँले प्रत्येक नेताको भाषण कानूनमा अनुवाद हुनु पर्ने, सुन्नमा मात्र मजा भएर नहुँने, हाल कानून निर्माणको क्रममा आफुहरु धेरै पछि छौं कि भन्ने विचार व्यक्त भएकोमा उक्त विचार सत्य नभएको भन्दै वहाँले बेलायतको कानून निर्माण प्रक्रिया भन्दा नेपालको अभ्यास उत्तम भएको धारणा समेत व्यक्त गर्नु भयो। वहाँका अनुसार बेलायतमा स्थायी समिति हुँदैन, विधेयक अनुसार अस्थायी समिति हुन्छ र समिति खारेज हुन्छ। हाम्रोमा स्थायी प्रकृतिका समितिहरु छन्। कानून निर्माण कार्यविधिमा ३, ४ वटा सरोकारवाला छन, सरकार, संसद, सरोकारवाला आदि। यी सबैसँग सहकार्य गरेर कानून निर्माण गर्न सकियो भने उपयुक्त हुने सुझावहरु दिनु भयो।

वहाँले पद्धती अनुसार सुरुमा नीति बनाउने, नीतिमा आधारित भएर अवधारणा तयार पार्ने, उद्देश्य तय गर्ने, हरेक कानून सरकारको औजार भएकोले त्यसपछि कानूनको मसौदा गर्ने, कानून मन्त्रालयको सहमति, मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति लिने, सबै विधेयक विधायन व्यवस्थापन समितिमा आउने, मन्त्रीसँग छलफल हुने र मन्त्रीलाईनै बोल्न लगाइने गरेको अभ्यासका बारेमा जानकारी दिंदै सत्ता पक्षले ल्याएको विधेयकमा सांसदले संशोधन प्रस्ताव ल्याउन पाउने विचार राख्नुभयो। वहाँले विधेयकको उद्देश्यनै फरक पर्ने गरी संशोधन प्रस्ताव भने ल्याउन

नहुने भन्दै संघीयता कार्यान्वयनमा १२ वर्ष अगाडि ८७ वर्षीय इथियोपियाका राष्ट्रपतिले संघीयताका सम्बन्धमा छलफल गर्नुनै उपयुक्त हुन्छ भन्नु भएको कुराको स्मरण समेत गर्नु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री

छलफल सत्रको अन्त्यमा पूर्व उप–प्रधानमन्त्री श्री यादवले विधायक कानून निमार्ता हो, तर निर्वाचनमा गरिएका प्रतिबद्धतानै गलत भएका कारण जनताले त्यहीरुपमा बुझेकाले समस्या भएको जानकारी दिँदै प्रदेश सभा सदस्य वा सांसदको काम विकास निर्माण गर्ने नभई सरकारको भएको कुरामा स्पष्ट हुन आग्रह गर्नु भयो। वहाँले केही ढाँटेर प्रतिबद्धता जाहेर गर्ने गरेका कारण, वेष्ट मिनिष्टर मोडेलमा हुने ओभरल्यापिङ्गका कारण समेत समस्या हुने गरेको स्पष्ट पार्दै कानून निर्माणमा पहिलो स्टेपमा कन्सल्टेशन, दोश्रोमा अध्ययन गर्ने र छलफलमा भाग लिनु पर्ने सुझाव दिनु भयो। वहाँले संघीय संसदमा समेत पिजलन होल्ड भरिएका हुन्छन्। कानून बन्दा बौद्धिक बहस हुने हो, कानूनले रोकेको छैन। कानूनको कार्यान्वयनका सम्बन्धमा चुनौती छन्, यो महत्वपूर्ण विषय हो। उपलब्धि त कार्यान्वयनबाट हुने हो, कानून आफै कार्यान्वयन हुँदैन। प्रदेश नं. २ को पीडा विज्ञताको हो, तर विज्ञहरु अन्यबाट पनि लिन सकिन्छ भन्ने सुझावहरुका साथै केन्द्र र प्रदेश असन्तुलित भएको र तानातानीमा सन्तुलन भएन भने संघीयतामा समस्या आउने धारणा व्यक्त गर्नु भयो। हालको सरकार र व्यवस्थाले सन्तुलनमा नराखेको, प्रदेश २ बाट धेरै विषयमा सर्वोच्चमा मुद्दा दायर गर्नु परेको, प्रदेशका आफ्नो कर्मचारी नहुनु मुख्य चुनौती भए पनि आफैले महत्वपूर्ण भूमिका खेल्न आवश्यक रहेको सल्लाह दिनु भयो।

प्रदेश सभाका सभामुख श्री सरोज कुमार यादवले अध्यक्षता गर्नु भएको दोश्रो सत्रमा दुईवटा कार्यपत्र प्रस्तुत भएको थियो। संविधान सभा सदस्य श्री खिमलाल देवकोटा र अधिवक्ता श्री मोहन आचार्यले आ–आफ्नो प्रस्तुती राख्नु भएको थियो।

| | |
|---|---|
| दोश्रो सत्र | **संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसरहरू** |
| अध्यक्षता | **श्री सरोज कुमार यादव, सभामुख, प्रदेश सभा** |

## कार्यपत्र प्रस्तुती

### श्री खिमलाल देवकोटा, वरिष्ठ अधिवक्ता तथा संविधान सभा सदस्य

वरिष्ठ अधिवक्ता देवकोटाले संघ प्रदेश र स्थानीय तहको समन्वय, अन्तर सम्बन्ध र विवाद समाधान सम्बन्धमा तेश्रो उत्पादनको रुपमा संघीय संसदबाट पारित भएको जानकारी दिँदै उक्त ऐनलाई दोश्रो संविधानको रुपमा मानिएको धारणा व्यक्त गर्नु भयो। तर उक्त ऐन संविधान जारी भएको ५ वर्ष पछि मात्र आएकोले ढिला भएको, ४७ बुँदे असहमतीलाई सम्बोधन गर्ने प्रतिबद्धता सहित जारी भएको संविधान भए पनि राज्य शक्तिको प्रयोग ३ वटै तहले गर्ने व्यवस्था गरिएकोमा सम्बोधन गर्न ढिला भएको जानकारी दिनु भयो। वहाँले संविधानको धारा २३२ मा

समन्वय, सहकारीता र सहअस्तित्वको सिद्धान्तका आधारमा हुने व्यस्था गरिएकोमा उक्त व्यवस्थालाई टेकेर ऐन बनेको जानकारी दिनु भयो।

प्रस्तुतीका क्रममा वहाँले ऐनले अन्तर सम्बन्धमा आधारहरु तय गरेको, सीमा तोकेको, कानून र नीति बनाउने विषयमा ध्यान दिनुपर्ने विषयहरुमा विचार गरेको, एकल र साझा अधिकारका विषयहरु र प्रदेशका विषयहरु समेत समेटिएको जानकारी दिनु भयो। त्यसैगरी ऐनमा विषयगत समितिको स्पष्ट व्यवस्था गरिएको, जवाफदेहीताको सुनिश्चित गरेको र मुख्य चुनौती एकात्मक मानसिकता रहेको धारणा व्यक्त गर्नु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्ना प्रतिक्रियाहरु राख्नु भएको थियोः–

### श्री शिवचन्द चौधरी, सदस्य, प्रदेश सभा

प्रदेश सभा सदस्य चौधरीले नीति पहिला तयार गर्नुपर्ने जानकारी दिँदै संसारमा भएका सबै राम्रा विषय सम्बोधन नीतिमा भए पनि कार्यान्वयन नभएकोमा असन्तुष्टि व्यक्त गर्नु भयो। जारी भएका नीतिहरु मन्त्रीलाई समेत जानकारी नभएकोले कार्यान्वयनमा समस्या हुने विचार व्यक्त गर्नु भयो।

### श्री वेची लिङ्गेल, सदस्य, प्रदेश सभा

श्री लिङ्गेलले संघको कानूनसँग बाझिएको कानून खारेज हुने व्यवस्था भएकोले आफुहरुले संघको कानून हेरेर बनाएको जानकारी दिँदै प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने विचार व्यक्त गर्नु भयो। लागु नभएमा कानून बनाएर अर्थ नहुने धारणा राख्नु भयो। वहाँले संघीयता पहिचानको आधारमा बनेको र नीति निर्माण गर्दा विचार विमर्श गरेर मात्र गर्न सुझाव दिनु भयो। वहाँले कानून राम्रो बनेको तर लागु नभएको र देशको मुखियाले समेत कानून नमानेकोमा चिन्ता व्यक्त गर्नु भयो।

### डा. रिना यादव, सदस्य, प्रदेश सभा

डा. रिनाले कानून कसरी बन्दछ भन्ने थाहा भएको र आफुहरुले सोही बमोजिम गरेको जानकारी दिँदै जनताका मागहरु भने सम्बोधन गर्न नसकेको स्वीकार गर्नुभयो। वहाँले कानून बन्नु भन्दा अगाडि जनताका साना साना विषय सम्बोधन गर्नु आवश्यक रहेको विचार व्यक्त गर्दै। यसप्रकारका छलफल कार्यक्रमहरु ढिला भएकोमा असन्तुष्टी समेत व्यक्त गर्नु भयो।

### श्री उपेन्द्र प्रसाद कुशवाह, प्रमुख सचेतक, नेपाली काँग्रेस

श्री कुशवाहले स्थानीय तह र प्रदेश सभाको विचमा हालसम्म कानून नबन्नुमा विडम्बना भएको, हाल स्थानीय सरकार सञ्चालन ऐनमा रहेको समन्वय सम्बन्धी संरचना केही विषयमा पुनरलेखन गर्नुपर्ने बताउनु भयो। पालिकाहरुमा प्रदेश सभाको सदस्यहरुको पनि भूमिका राखिनुपर्ने र संघ, प्रदेश र स्थानीयमा समन्वय बढाउन प्रदेश सरकारले भूमिका खेल्नुपर्ने विचार राख्नुभयो।

## श्री सुरिता कुमारी शाह, सदस्य, प्रदेश सभा

श्री शाहले संघीयतालाई सुरुमा मान्यता नदिइएका कारण अपूर्ण रहेको र प्रभावकारी कार्यान्वयन समेत हुन नसकेको धाराणा व्यक्त गर्दै संघले बनाएका कानूनका कारण समस्या श्रृजना भएको प्रदेशस्तरमा कानून आयोग वा समिति बनाउने धारणा अत्यन्तै सकारात्मक रहेको, सचिव भन्दा मन्त्रीलाई बढी जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो। वहाँले भौतिक विकास प्रदेश सभाको विषय नहुँदा नहुँदै पनि प्रदेश कमजोर भएका कारण नागरिकको अपेक्षा रहेको र स्थानीय सरकारले बनाउने कानूनको स्तरवृद्धि गर्न प्रदेश सरकारले समन्वय गर्नुपर्ने विचार राख्नुभयो।

## श्री परशुराम मेघी गुरूङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, प्रदेश सभा

श्री गुरुङले प्रदेश सभाका सदस्यहरुसँगको छलफलले ऐनमा अरु थप छलफल मागेको धारणा व्यक्त गर्दै, यो ऐन प्रधानमन्त्री कार्यालयबाट मसौदा भई सुरुवात भएकोमा ऐनको रुप र आकार निकै परिवर्तन भएको, विधेयकमा पटक पटक छलफल भएकोमा केही नीतिगत, केही व्यावहारिक पक्षलाई कसरी व्यवस्थापन गर्ने भन्ने आधारमा ऐनलाई सम्वृद्ध गर्ने सहमती भएको जानकारी दिनु भयो। १ किलोमिटरमा ३ वटा सरकारका बजेटहरु आएका विषयहरु उठेकोमा कसले कस्तो र कसरी गर्ने भन्ने theory of subsidiarity को सिद्धान्तका आधारमा नजिकको सरकारबाट हेर्ने विषय सम्बोधन गर्न खोजिएको, एउटा विषय १३ महिनासम्म अड्किएकोमा अव प्रदेश तथा स्थानीय तहले संघलाई एकल सूचीमा रहेका विषय कार्यान्वयन गर्ने सम्बन्धमा पखर्न आवश्यक नरहेको, दण्डको सम्बन्धमा प्रशासनिक दण्ड जरिवाना गर्न सक्ने र संघको व्यवस्था प्रदेशले पनि प्रयोग गर्न पाउने गरिएको जानकारी दिनु भयो। वहाँले विधेयकमा प्रशस्त मात्रामा मन्त्रालयगत छलफलहरु भएकोले ऐनलाई कार्यान्वयन गरेर मात्र अगाडि बढ्दा सहज हुने अपेक्षा गरिएको जानकारी गराउनु भएको थियो।

## श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

श्री यादवले तीनतहको संरचना बनाइएकोमा नेपाली संघीयताको परिभाषा नै विचित्रको रहेको जस अन्तर्गत परिभाषामा स्थानीय तहलाई समेत समेटिएकोमा असन्तुष्टि व्यक्त गर्नु भयो। वहाँले संघीयता सामान्तया दुई तहको हुने भए पनि नेपालको हकमा स्थानीय तहलाई बलियो बनाई प्रदेश कमजोर बनाइएको धारणा व्यक्त गर्नु भयो। वहाँले संघले बनाएको कानून प्रदेशसम्म जाने र प्रदेशले बनाएको कानून सोझै तलसम्म जाने हुनु पर्नेमा अन्यथा भएको, संघ र प्रदेशको साझा सूची अन्त्यन्तै साँघुरो हुनुपर्नेमा फराकिलो भएका कारण भोलीका दिन द्वन्द्वमा जाने सम्भावना रहेको, कतिपय महत्वपूर्ण कानूनहरु संघले तत्काल बनाउन आवश्यक रहेको, एकल सूचीमा रहेका विषयमा प्रत्येक इकाईलाई पूर्ण अधिकार हुनुपर्ने, एउटा प्रदेशमा भएको कानून अर्कोमा फरक हुन सक्ने भएका कारण नमुना कानूनको अभ्यास गलत रहेको समेतका धारणा व्यक्त गर्नु भयो। वहाँले स्थानीय तहमा अझ जटिल अवस्था रहेको, जसमा उपमेयरले आफै विवाद निरुपण गर्नुपर्ने व्यवस्था राखिएको, यस प्रकारका विषयमा बहस र छलफल गर्दै माथिबाट हटाउदै जानु आवश्यक रहेको र त्यसका लागि संविधान संशोधन गररेर मात्र अगाडि बढाउन सकिने धारणा समेत व्यक्त गर्नु भयो। त्यसैगरी वहाँले संविधानको धारा ८२ बमोजिम व्यवस्था भएको नेपाल सरकारको कार्य सञ्चालन कसरी कार्यान्वयन गर्ने ? वृद्ध भत्ता स्थानीय तहले बाँड्ने अधिकार दिइएको छ, जुन गलत रहेको धारणा व्यक्त गर्नु भयो।

## कार्यपत्र प्रस्तुतीः प्रदेश र स्थानीय तह बीच समन्वय र विवाद समाधान चुनौति र अवसर

### कार्यपत्र प्रस्तुतकर्ता श्री मोहनलाल आचार्य, अधिवक्ता

नेपाल कानून समाजका वरिष्ठ कानून विशेषज्ञ श्री मोहनलाल आचार्यले नेपालको संविधानको धारा ५७, ५८ तथा भाग २० अन्तर्गत धारा २३५ (२) र (३) का आधारमा प्रदेश र स्थानीय तहवीच अन्तर सम्बन्ध र विवाद समाधानका सम्बन्धमा प्रदेश सरकार तथा सभाका लागि लामो बहस र छलफलका आधारमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त पहलमा सातवटै प्रदेशमा भएका छलफलका आधारमा तयार पारिएको नमुना विधेयकका विशेषताहरु, यसको महत्व, संविधानको मक्सद र विधेयकमा रहेका मुख्य मुख्य प्रावधानहरु सहित छलफल गर्नु पर्ने विषयहरु समेत स्पष्टरुपमा राख्नु भएको थियो।

प्रस्तुतीका क्रममा वहाँले मूलतः प्रदेश र स्थानीय तह बीच समन्वय र विवाद समाधान चुनौति र अवसरका सम्बन्धमा रहेका संवैधानिक व्यवस्था, विधेयकको प्रस्तावना, परिभाषा, प्रदेश तथा स्थानीय तहवीचका समन्वयका विषयहरु, समन्वय सम्बन्धी कार्यविधि, प्रदेश विषयगत समिति सम्बन्धी व्यवस्था र काम कर्तव्य र अधिकार, प्रतिवेदन सम्बन्धी व्यवस्था, विवाद समाधान, विशेष समिति तथा विशेषज्ञ सम्बन्धी व्यवस्था, विवाद समाधान गर्ने अवधि, विविध र अन्त्यमा विधेयकलाई अन्तिम रुप दिंदा ध्यान दिनुपर्ने विषयहरुका बारेमा विस्तृत रुपमा चर्चा गर्नु भएको थियो।

### श्री परशुराम मेघी गुरूङ्, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

सभापतिले यो दस्तावेज तयार गर्नुको उद्देश्य संघीयताको कार्यान्वयन गर्नु रहेको, संविधानको कार्यान्वयन भनेकोनै संघीयताको कार्यान्वयन पनि भएकोले संविधानको धारा २३५ (२) र (३) मा प्रदेश सभालाई कानून बनाउने जिम्मेवारी दिएकोमा उक्त जिम्मेवारी पूरा गर्नको लागि विधेयक ल्याइएको विषयमा चर्चा गर्नु भएको थियो। थप स्पष्ट पार्दै वहाँले विधेयक सहयोगी दस्तावेज मात्र भएको, जसले समन्वयका क्षेत्रहरुको नमुना उल्लेख गरेको, विषयगत समितिको परिकल्पना गरेको र छलफलमा अन्य कुन कुन विषय हुन सक्दछन भन्ने सम्बन्धमा समेत प्रशस्त ठाउँहरु दिएको समेत जानकारी दिनु भयो। वहाँले विधेयकमा राजनीतिक विवादको पहिचान र हल गर्ने विषय राखिएको, विशेष समिति स्थायी बनाउने कि भन्ने थियो तर विवाद आइरहन्छ भन्ने पार्नु हुँदैन भनेर अस्थायी बनाइएको र सातवटै प्रदेशमा एउटै फ्रेमवर्कमा कानून बनोस भन्ने चाहना रहेको समेत धारणा व्यक्त गर्नु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री सरोज कुमार यादव, सभामुख, प्रदेश सभा, प्रदेश नं. २

दोस्रो सत्रको अध्यक्षता गर्नु भएका प्रदेश सभाका सभामुखले केन्द्रमा टाउको, स्थानीय तह खुट्टाको रुपमा र आफुहरु अर्थात प्रदेश तह विचको भागको रुपमा रहेको कुरा स्वीकार गर्दै प्रदेश सभाले कानून पारित गर्ने क्रममा विषयगत समितिमा पठाएर छलफल गरी पारित गर्ने अभ्यास गरेको धारणा व्यक्त गर्नु भयो। वहाँले यस प्रकारका छलफलले प्रदेश सभा समृद्ध हुँदै जाने कुरामा शंका नरहेको धारणा व्यक्त गर्दै कार्यक्रम आयोजनाका लागि प्रदेश सभा सचिवालय र नेपाल कानून समाजलाई धन्यवाद दिनु भयो।

| तेश्रो सत्र | लोकतन्त्र, संसदीय अभ्यास र फौजदारी कानून निर्माणमा प्रदेश सभाको भूमिका |
|---|---|
| अध्यक्षता | श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार |

## कार्यपत्र प्रस्तुती

### श्री दिपेन्द्र झा, मुख्य न्यायधिवक्ता, प्रदेश सरकार, प्रदेश नं. २

श्री झाले समन्वय सम्बन्धी ऐनको दफा ६ ले केही कुराहरुमा बन्देजहरु लगाएको बुझाइमा समस्या रहेको, देवानी र फौजदारी विषयमा संघमा भएकोले समस्या हो कि भन्ने देखिएको, फौजदारी कार्यविधि प्रदेश अन्तर्गत रहेकोमा दायित्व विनाको अर्थहीन दायित्व राखिएको, दण्डको परिभाषा प्रशासनिक मात्र होइन, दुबै हुनुपर्नेमा त्यसो नगरिएको, प्रदेशलाई विकास इकाईको रुपमा मात्र लिइएको जस्ता विषयमा असन्तुष्टि राख्दै वहाँले संविधानको परिकल्पना त्यस्तो नभएको दावि गर्नुभयो। वहाँले शान्ति सुरक्षा सम्बन्धी विषय प्रदेशको सूचीको १ नं. मा राखिए पनि मुद्दा संघले मात्र चलाउने व्यवस्थामा तालमेल हुन नसकेको धारणा सहित भारतको पेनल कोडमा अलग अलग गरेर जिम्मेवारी दिइएको दृष्टान्त समेत प्रस्तुत गर्नु भयो। वहाँले आफुहरुले समेत कुन कुन विषय प्रदेशले हेर्ने भनेर छलफल गर्न आवश्यक रहेको र त्यसको लागि पेनल कोडमानै संशोधन गरी सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

त्यसैगरी वहाँले जिल्ला सरकारी वकिल प्रदेशको आन्तरिक मामिला मन्त्रालय भन्दा पनि माथि रहेकोमा दुख व्यक्त गर्दै प्रहरी समायोजन भएर पनि काम नलाग्ने भन्दै एकल सूचीलाई समेत नियन्त्रण गरिएकोमा चिन्ता व्यक्त गर्नु भयो।

## प्रस्तुती तथा टिप्पणी

### श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश, सर्वोच्च अदालत

श्री श्रेष्ठले विषय संघीयताको चुरोमा अडकिएको, संघीयताको बाँडफाँडमा ध्यान पुग्न नसकेको, सूचीहरु अन्तिम गर्ने सम्बन्धमा जुन अध्ययन गर्नुपर्ने थियो त्यो नभएको, आफु केन्द्रित व्याख्या गर्ने प्रचलनको विकास भएको, अदालतमा पनि गएको नदेखिएको, विधायिकी चरणमा पनि नरहेकोमा चिन्ता व्यक्त गर्नु भयो। फौजदारी र देवानी कानून भनिएकोमा देवानी पनि संघको सूचीमा रहेको, युनियन क्राईम र स्टेट क्राईम हुने भए पनि देवानी कानूनको क्षेत्र प्रदेशले समेत हेर्न आवश्यक रहेको विचार व्यक्त गर्दै वहाँले परिणाममा यस प्रकारका व्यवस्थाले संघीयतालाई कार्यान्वयन गर्न नदिने धारणा व्यक्त गर्नु भयो। यस प्रकारका समस्याको समाधानका लागि संघलेनै समन्वय सम्बन्धी कानून बनाएर स्पष्ट पार्नु आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको थियो। वहाँले संविधानमा भएको टेन्डर पोइन्टहरुलाई सम्बोधन गरिएन भने कठिन हुने र त्यसको लागि सविधान संशोधन नहुने दस्तावेज नभएकोले संविधानको पुनरावलोकन गर्नु आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

वहाँका अनुसार गल्तिहरु सबै अपराध हुँदैनन। कानून कार्यान्वयन गर्न राज्यले बल प्रयोग गर्नु पर्दछ। त्यसको लागि निषेध गर्ने व्यवस्था आवश्यक हुन्छ। यदि यस्तो गम्भिर त्रुटि भएको हो भने सच्चाईनु पर्दछ। यस प्रकारका

विषयमा अभ्यास गर्नु आवश्यक रहेको, भोली अदालतमा गयो भने हेर्नेनै छ। यो संवादको चरण हो, खारेज हुँदैमा आत्तिनु पर्दैन। संघको एकल सूची र साझा सूचीहरु निकै लामा छन्। प्रकारान्तरले गल्ति भएका छन् भन्दै अन्त्यमा वहाँले सुधारका लागि सबै तहबाट आवश्यक पहल गर्नु पर्ने सुझावहरु दिनु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्नो प्रतिक्रियाहरु राख्नु भएको थियोः–

### श्री परमेश्वर शाह, प्रमुख सचेतक, प्रदेश सभा

श्री शाहका अनुसार संविधानमानै त्रुटि रहेकोले संविधान संशोधन आवश्यक रहेको भन्दै प्रदेश सभाले बनाउने कानूनमा दण्ड र जरिवाना राख्न नसक्ने हो भने ऐनको अर्थ नहुँने धारणा व्यक्त गर्नु भयो। वहाँले संघले प्रदेश र स्थानीय तहलाई निस्तेज पार्न खोजेको भन्ने तर्कको पुष्टि गर्न बन सम्बन्धी मुद्दाको उदाहरण पेश गर्नु भएको थियो। वहाँका अनुसार संघीयतानै मन नलागी नलागी आएका कारण कार्यान्वयनमा समस्या रहेको धारणा समेत व्यक्त गर्नु भयो।

### श्री राम आशिष यादव, सदस्य, प्रदेश सभा

श्री यादवले कार्यक्रमको प्रसंशा गर्दै जुन हिसावले संविधानको परिकल्पना गरिएको थियो, त्यस अन्तर्गत अनुसूची ६ को एकल अधिकारका विषय, अन्य अनुसूची अन्तर्गत विभिन्न तहको एकल र साझा विषयहरुमाथि समेत हस्तक्षेप भएको धारणा राख्दै वहाँले सबै सूचीहरु हेर्दा संघमा अधिकार केन्द्रिकृत गर्न खोजिएको धारणा व्यक्त गर्नु भयो। वहाँले संघबाट जसरी संविधान र संघीयताको हत्या गर्ने प्रयास भएको छ, त्यसको अन्त्यको लागि संघीयस्तरका सरोकारवालाहरुसँग यस किसिमको कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको जस्ता विचार व्यक्त गर्नु भयो।

### श्री रानी शर्मा तिवारी, सदस्य, प्रदेश सभा

श्री शर्माले हिजो संविधान जारी हुँदा आफुहरु सबै त्यही रहेको, मधेशवादी राजनीतिक दलहरुबाहेक अरुले सहमती जनाएको भए पनि हाल समस्या देखा परेको धारणा राख्दै त्यतिबेला उत्कृष्ट मानिएको संविधानमा समेत त्रुटि त रहेछन भन्ने कुरा हाल आए मात्र मूल धारका राजनीतिक नेतृत्वहरुले महशुश गर्न थालेको विचार व्यक्त गर्नु भयो। प्रदेशले कानून निर्माण गर्दा साझा र एकल सूचीमा केन्द्रीत हुनुपर्ने र कानून बनाउँदा दण्ड सजायको व्यवस्था राख्न नमिल्ने व्यवस्थाले गर्दा कानून कार्यान्वयन हुन नसकेको विचार राख्नुभयो। वहाँले आफुहरु विकास गर्न आएको नभए पनि जनताका आकाक्षा, सरकारको कमजोरी आदिका कारण त्यसतर्फ समेत ध्यान दिन बाध्य भएको विचार व्यक्त गर्नु भयो। वहाँका अनुसार ताला चाँबी नभएको घरमा बस्नु भनेको थुनुवा सरह हो। संविधान लेख्नेलेनै संसद विघटन गरेर बसेका छन्। उपमेयर बुद्धिजीवी चाहिने रहेछ बरु मेयर ठेक्का पट्टा गर्ने भए पनि हुन्छ भन्ने जस्ता महत्वपूर्ण विचारहरु व्यक्त गर्नु भयो।

### श्री शिवचन्द्र चौधरी, सदस्य, प्रदेश सभा

श्री चौधरीले संविधान बन्दा ४, ५ जनाको मात्र हाली मुहाली भएकोमा आफुहरुको भन्ने तागत नभएको स्वीकार गर्दै संविधानमा देखिएका त्रुटिहरुका सम्बन्धमा तत्काल संशोधन गरी प्रदेशले बनाउने कानूनमा दण्ड सजायको व्यवस्था हुन आवश्यक रहेको र त्यसका लागि सकारात्मक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

## श्री चमेलीदेवी दास, सदस्य, प्रदेश सभा

श्री दासका अनुसार संविधाननै अपाङ्ग रहेको, दलित समुदायको अधिकार सुनिश्चित नगरिएको जस्तो कटु आलोचना सहित दलित समुदायको जनसंख्याको आधारमा मेयर उपमेयर हुनुपर्नेमा केवल वडा सदस्यमात्र दिने प्रचलन गलत भएको, कानून बनाउँदा व्यवहारमा लागु गर्न सकिने हुनु पर्ने, बिरुवा रोप्ने र बढाउने प्रदेश सरकार र काट्ने अधिकार संघीय सरकार हुनु अन्यायपूर्ण रहेको, वडाअध्यक्षको जति अधिकार समेत प्रदेश सभा सदस्यको नभएको, प्रदेशलाई बिचमा लट्काएर राखिएकोले प्रदेशले  कानून बनाउँदा विचार गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो।

## श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधि सभा

श्री कर्णले संविधान बनाएको दिनमा कतिपय दलहरुले खुसियाली मनाएको र अन्य कतिपयले ब्ल्याक आउट गरेको स्मरण गर्दै तत्काल संविधान संशोधनको विषय उठान भएकोमा इन्कार गरिएको विषय गम्भिर रहेको धारणा व्यक्त गर्नु भयो। वहाँका अनुसार संविधानको प्रत्येक ठाउँमा सच्चाउनु पर्ने अवस्था रहेको, संविधान पुनरावलोकन गर्नु नराम्रो नभएको, हालसम्म प्रदेशले बनाएका कानून बदर नभएका कारण प्रदेश सभा डराउनु पर्ने आवश्यकता नरहेको धारण व्यक्त गर्दै साझा अधिकार र बन ऐन सम्बन्धमा दण्ड जरिवाना सहितको ऐन बनाएर जानुपर्ने, आवश्यकता अनुसार अदालतमा समेत मुद्दा दायर गर्ने अभ्यास गर्नुपर्ने, देवानी र फौजदारीको झण्झटमा नफसी देवानी विषयमा कार्यविधि बनाउन सकिने सुझावहरु दिनु भयो।

## अध्यक्षबाट मन्तव्य

## श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

पूर्व उपप्रधानमन्त्री यादवले आफु कानून मन्त्री हुँदा संविधान पुनरावलोकनको लागि संविधान र कानून विज्ञ समेत राखेर छलफल गर्न प्रस्ताव लिएर गएको स्मरण गर्दै सुझावको लागि प्रस्ताव जाने वित्तिकै ठुलो हलचल भएको र प्रतिक्रियास्वरुप प्रधानमन्त्रीले लामो प्रवचन दिएको जानकारी दिनु भयो। वहाँका अनुसार संविधान समाप्त होस तर संशोधन नहोस भन्ने मानसिकता प्रधानमन्त्रीको रहेको जानकारी दिंदै संविधान संशोधन वा कानून मसौदाका लागि संविधान विज्ञ राख्नु आवश्यक रहेको र नेतालाई मात्र राख्दा उपयुक्त नहुँने धारणा व्यक्त गर्नु भयो। अधिकारको सूचीको सम्बन्धमा संघीयता भएका मुलुकहरुमा संघसँग सरोकार राख्ने सबै विषयमा प्रदेशलाई दिने प्रचलन रहेको, भारत र अन्य १, २ वटा मुलुकमा मात्र साझा सूची राखिएको, Interstate र Innerstate का विषयमा ध्यान दिनु आवश्यक रहेको, स्थानीय तहलाई अर्धन्यायिक अधिकार दिइएकोमा व्यवस्थित गर्नु आवश्यक रहेको र विस्तारै विवाद झन बढ्न् सम्भावना रहेको धारणा व्यक्त गर्दै संघात्मक न्यायालय भएको भए समस्या धेरै हदसम्म हल हुने धारणा समेत व्यक्त गर्नु भयो। वहाँका अनुसार संघीयता प्रदेशमा निर्भर हुने धारणा व्यक्त गर्दै रुसमा प्रत्येक प्रदेशलाई संविधान बनाउने, झण्डा बनाउने अधिकार भए पनि शासनसत्ता र शक्ति ३ जनामा केन्द्रित भएका कारण पीडा रहेको र त्यसै कारण मौका आउँदा बित्तिकै फुटेको, युगोस्लाभिया, चेकोस्लाभियाको अवस्था पनि त्यस्तै रहेको दृष्टान्त पेश गर्दै त्यस प्रकारको अवस्थामा या त मुलुक फुट्ने या टुट्ने धारणा व्यक्त गर्दै संघीयताको अवधारणानै तलबाट माथि दिने भए पनि त्यसो हुन नसकेकोमा असन्तुष्टि समेत जाहेर गर्नु भयो। साथै, कार्यक्रमको अन्तमा छलफल सत्रका सहभागी सबैलाई धन्यवाद दिनुभयो।

चौथो सत्र

## कानून निर्माणमा समितिको सभापति र सदस्यहरूको भूमिकाः अवसर र चुनौती

अध्यक्षता

## श्री जैनुल राइन, सभापति, महिला बालबालिका तथा सामाजिक न्याय समिति

### कार्यपत्र प्रस्तुती

#### श्री परशुराम मेघी गुरूङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

प्रस्तुतीका क्रममा सभापति श्री गुरुङ्गले विभिन्न शासन प्रणालीमा संसदीय अभ्यास भएका दृष्टान्तहरु पेश गर्दै एक सदन, बहु सदन, संसदीय वा राष्ट्रपतीय सबै प्रणालीमा संसदीय समितिको अभ्यास भएको धारणा व्यक्त गर्नु भयो ।वहाँले अभ्यासका क्रममा विषयगत, विशेष समिति र संयुक्त गरी ३ प्रकारका समितिहरु क्रियाशील रहेको धारणा व्यक्त गर्दै नेपालमा समेत सबै प्रकारका समितिहरुको व्यवस्था रहेको जानकारी दिनु भयो। वहाँका अनुसार संसदमा समितिको महत्वपूर्ण भूमिका हुने जानकारी दिंदै संसदको पूर्ण सभामा ३ मिनट मात्र बोल्न पाइने तर समितिमा खुला छलफल हुने, विज्ञहरुको सुझावहरु लिन सकिने सचिवालयले समेत समितिमा सुझाव दिने, प्रायः सहमतीको आधारमा निर्णय हुने भएका कारण पूर्णसभा देखावटी मात्र  हुने र समिति कार्यशालाको रुपमा विकास भएको धारणा राख्नु भयो।

वहाँका अनुसार पूर्व अमेरिकी राष्ट्रपति Widrow Wilson ले समितिलाई मिनी संसद भनेको स्मरण गर्दै समितिको मुख्य काम २ वटा हुन्छः (१) विधायन, (२) सरकारको नीति तथा कार्यहरुको निगरानी गर्ने। मूल रुपमा विधेयकहरु २ किसिमका हुन्छन्ः मूल विधेयक र संशोधन विधेयक, समितिभित्र प्रारम्भमा सैद्धान्तिक छलफल गर्ने प्रचलन रहेको, त्यसपछि अवधारणागत छलफल, सरोकारवालाहरुसँग परामर्श गर्ने प्रचलन रहेको जानकारी गराउनु भयो। वहाँले त्यसको लागि दफावार छलफल र सामाजिक सञ्जालको प्रयोग गर्न सकिने सुझावहरु समेत दिनु भयो। थप सुझावको रुपमा वहाँले ऐन बनाउने कुरामा सकेसम्म तोकिए बमोजिम जस्ता शव्दावलीहरु कम राख्ने अभ्यास आवश्यक रहेको, नियमावली बनाएर कसूर, पद र दण्ड सजाय तोक्न नपाईने र संसद/सभाले सरकारको विश्वास लिएर अगाडि बढ्नु आवश्यक रहेको तर्क पेश गर्नु भयो। वहाँका अनुसार ऐनको कार्यान्वयनमा संसदको भूमिका सम्बन्धमा नीतिगत निगरानीको एउटा मुख्य काम नै उत्तर विधायिकी चरण भएकोले कार्यान्वयन मूल्याङ्कन तथा घटनामा आधारित छलफल आवश्यक रहेको जानकारी दिनु भयो।

### कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात् सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्ना धारणाहरु राख्नु भएको थियोः–

#### श्री शत्रुधन महतो, विपक्षी दलको नेता

श्री महतोका अनुसार प्रदेश सभामा बैठकमा सदस्यहरु उपस्थित नहुने, कोरम नपुग्ने समस्याहरु रहेकोमा असन्तुष्टि व्यक्त गर्दै यस कार्यक्रमले ढोका खोल्ने काम गरेकोमा खुशी व्यक्त गर्नु भयो। वहाँले समितिका सदस्यहरुले आफ्नो भूमिका आफै खोज्ने गर्नु आवश्यक रहेको, गहन छलफल आवश्यक रहेको धारणा समेत व्यक्त गर्नु भएको थियो। विधेयकमा छलफल हुँदा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य गरिनुपर्ने कुरामा जोड दिनु भयो।

## श्री राम सरोज यादव, दलको नेता, नेपाली काँग्रेस

श्री यादवले समेत प्रदेश मामिला समितिमा १०, १२ पटक सम्म कोरम नपुगेको जानकारी गराउँदै धेरै कुराहरु आफुहरुले नबुझेको तर यस कार्यक्रमबाट धेरै कुरा बुझ्ने अवसर प्राप्त भएकोमा आयोजकलाई धन्यवाद दिंदै आगामी दिनमा यस अघि भए गरेका कमी कमजोरीहरु सच्याउने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो।

## श्री वीरेन्द्र प्रसाद सिंह, सभापति, कृषि तथा भूमि व्यवस्थापन समिति, प्रदेश सभा

सभापति सिंहले समिति र सरकारका बीच प्रभावकारी समन्वय नभएकोमा चिन्ता व्यक्त गर्नु भयो। प्रदेश सरकारको समेत समिति प्रदेश सभाका समितिहरुसँग समन्वय र सहयोग नभएको, जसले गर्दा समितिका सदस्यहरुको मनोवल समेत गिरेको जानकारी गराउँदै सदनमा समेत सरकारसँग लिखित प्रश्न गर्दा ३ वर्षसम्म पनि जवाफ प्राप्त नभएको, निगरानी गर्ने सम्बन्धमा स्थलगत भ्रमणहरु भएको तर सरकारले जानकारी नगराएका कारण कार्यान्वयन नभएको चिन्ता व्यक्त गर्नु भयो।

## श्री मनिष सुमन, सभापति, आर्थिक मामिला तथा योजना समिति

श्री सुमनले सरकारको तर्फबाट संसदनै नभए नहोस् भन्ने जस्तो व्यवहार प्रदर्शन भएको जानकारी दिंदै अर्थ समितिको काम पूर्व बजेटमा निगरानी गर्ने भएकोले बजेट वा विधेयक आउँदा भूमिका आवश्यक हुने भनाई राख्नु भयो। वहाँले २ वर्षमा मन्त्रालयले छलफल गर्ने आवश्यकता नठानेकोमा चित्त दुखाउनु भयो भने पत्राचार गर्दा समेत साविकको रेडबुक फोटोकपी गरेर पठाउने गरेको तर अन्य सहयोग नभएको जानकारी दिनु भयो।

## श्री अशोक कुमार यादव, सभापति, प्रदेश मामिला समिति

सभापति यादवले समितिहरु प्रभावकारी नभएको महशुश भएको, अधिकांश बैठकमा कोरम नपुगेको, अधिकांश दलका नेताहरु भएको वहाँको समितिमा भए पनि समितिमा गम्भिर छलफल नहुने गरेको जानकारी दिनु भयो। वहाँले सरकारले व्यक्त गरेको प्रतिबद्धता मध्ये ५० प्रतिशत मात्र कार्यान्वयन गरेमा धेरै कुरा सहज हुने विश्वास व्यक्त गर्दै कर्मचारीले प्रभावकारी समन्वय नगरेको समेत गुनासो गर्नु भयो।

## श्री शेष अवुल कलाम, सभापति, विकास समिति

श्री कलामले आफुहरुसँग अनुभवको अभाव रहेको, उपस्थितिमा समेत समस्या रहेको विचार व्यक्त गर्दै विद्युत, यातायात सम्बन्धी विधेयकहरु ऐनहरु विकास समितिमा छलफल रहेको समेत जानकारी दिनु भयो। यस्तो किसिमको कार्यक्रम प्रत्यक ३/३ महिनामा गर्नसके समितिहरुको प्रभावकारिता बढ्ने विश्वास राख्नुभयो।

## श्री ललनलाल चौधरी, वरिष्ठ सदस्य, सार्वजनिक लेखा समिति, प्रदेश सभा

श्री चौधरीले समितिको बैठकमा कोरमको समस्या नआएको, ५ जनाको उप समिति गठन भएको र प्रदेश सभाको अभ्यास लामो नभएको कारण हालसम्म प्रदेश सरकारबाट आवश्यक सहयोग भएको भन्दै सरकारको बचाउ गर्नु भएको थियो।

## श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधि सभा

श्री कर्णले संसदमा सचेतकको भूमिका महत्वपूर्ण हुने धारणा राख्दै संसदको २ वटा महत्वपूर्ण काममध्ये एउटा संसदबाट सरकार बन्ने तथा सरकारको नियन्त्रण गर्ने र अर्को विधि निर्माण गर्ने दायित्व भएको जानकारी दिनु भयो। वहाँले संघमा समेत विभिन्न समितिले निर्देशन जारी गरेपनि कार्यान्वयन नभएको एउटै विषयमा ३ वटासम्म निर्देशन जारी गरिएको भए पनि पालना नभएको समेत जानकारी दिंदै समितिको निर्देशन सम्बन्धमा पत्रकारलाई जानकारी गराउन सकिने, उक्त प्रतिवेदनहरु पुनः संसदमा छलफल गर्न सकिने र निर्देशन पालना गर्ने मन्त्रीहरुको कर्तव्य भएको धारणा व्यक्त गर्नु भयो।

वहाँले विधि निर्माण सम्बन्धमा तोकिए बमोजिम लेख्न सरकारलाई सजिलो हुने जानकारी दिंदै निर्देशिकाबाट थुप्रै संस्थाहरु खडा भएका, ऐनलाई आधार समेत नमानिएको, निजामती सेवा ऐन सानो तर नियमावली निकै लामो बनाइएको दृष्टान्तहरु राख्दै प्रत्योजनको अधिकार सकेसम्म कम दिनु पर्ने अधिकांश विषयहरु सकभर ऐनमा राख्नुपर्ने, त्यसो गर्न नसकिए सरकारले दुरुपयोग गर्ने सम्भावना हुने धारणा समेत राख्नु भयो। वहाँले छलफल समितिमा नै हुने, संसदमा केवल सैद्धान्तिक छलफल मात्र हुने भएकाले लामो छलफल नहुँने भएकाले विभिन्न उप समितिहरु बनाएर काम गर्न सकिने सुझावहरु दिनु भयो। वहाँका अनुसार संशोधनको सामान्य अवधारणा भनेको त्यसले अन्य विषय छलफल हुन नदिने भएकाले त्यस्तो अवस्थामा सभामुखले निर्देशन जारी गर्न सक्ने, कानूनको पुनर्निमाणनै हुन सक्ने, त्यस्तो विषयलाई खुला गर्ने अभ्यासको सुरुवात गर्नु पर्ने र संसदमा काम गरिसकेका सचिवहरुलाई करारमा नियुक्त गर्न सकिने समेतका सुझावहरु दिनु भयो।

## श्री परशुराम मेघी गुरूङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

श्री गुरुङ्गले प्रदेश सभाका सभामुखलाई नीतिगत निणर्यका सम्बन्धमा ध्यान दिनु आवश्यक रहेको अनुरोध गर्नु भयो। त्यसको लागि नीतिगत निगरानी निर्देशिका तयार गरेर अगाडि बढ्न सकेमा उपयुक्त हुने र उक्त निर्देशिका अनुसन्धानका आधारमा तयार हुने जानकारी दिंदै बेलायतमा १० वटा समितिको लागि ९१ जना विज्ञहरुले कामगर्ने गरेको सूचना सहित ऐन कार्यान्वयन मापन निर्देशिका संघले समेत तयार गर्दै गरेको जानकारी दिनु भयो।

## श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

पूर्व उपप्रधानमन्त्री श्री यादवले समितिका सभापतिको कुरा सुन्दा समितिमा कोरम नै नपुग्ने गम्भिर विषय भएको, त्यस्तो भयो भने संसदीय प्रणाली नै असफल हुने धारणा राख्नु भयो। वहाँले जनताले पठाएका सदस्यहरु सभा वा समितिमा उपस्थित नहुनु विडम्बनाको रुपमा लिंदै संसदीय समितिले मन्त्रीलाई स्पष्टीकरण सोध्ने र सरकारलाई निर्देशन दिन सक्ने, मन्त्रीले जवाफ दिनु पर्ने, संसदीय प्रणालीमा निर्देशन कार्यान्वयन गर्दिन भन्न नपाउँने भन्दै संसदले निगरानी गरेका थुप्रै घटनाहरु भएको दृष्टान्त सहित समितिको क्रियाशीलताबाट सरकार प्रभावकारी हुने धारणा राख्नु भयो। वहाँले समितिको काम नै नियन्त्रण गर्ने, सहयोग नगरेमा स्पष्टीकरण सोध्ने र नियन्त्रण गर्ने, सचेतकलाई जानकारी गराउने, दलको नेतालाई सोध्ने, मन नलागेकोले उपस्थित नभएको भन्न नपाईने जानकारी दिंदै त्यसको लागि निर्देशिका आवश्यक हुने, कति पटक नआएमा के गर्ने भन्ने जस्ता कुराहरु सम्बोधन गर्नु पर्ने आफ्नो कर्तव्य पूरा गर्नु आवश्यक रहेको विचार व्यक्त गर्नु भयो। वहाँले आफ्नो दायित्व पूरा नगर्ने हो भने अर्कोलाई कसरी जिम्मेवार बनाउने भन्ने प्रश्न समेत गर्नु भयो। शक्ति सन्तुलन र नियन्त्रण यही आधारमा हुने समेतको धारणा राख्दै सरकार त संसद सक्रिय नहुँदा खुशीनै हुने समेत विचार व्यक्त गर्नु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री जयनुल राय, सभापति, महिला बालबालिका तथा सामाजिक न्याय समिति

सभापति रायले समितिले हालसम्म ४ वटा विधेयक पारित गरेको, ११ जना सदस्य र ७४ वटा बैठकहरु सम्पन्न भएका, समितिमा दफावार छलफल गर्ने गरेको,बालबालिका, दलित, स्वास्थ्य सेवाको अधिकार र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी विधेयकहरुमा दफावार छलफल गरी पास गरेको र हाल प्राविधिक शिक्षा र मदरशा शिक्षा बोड विधेयक छलफलमा रहेको समेत जानकारी दिनु भयो । वहाँले प्रदेशको भौगोलिक अवस्था, जन घनत्वको असमान वितरण र कोभिडले पारेको असरका सम्बन्धमा अनुगमन गरेको जानकारी दिंदै प्रदेशमा ७ वटा अस्पताल रहकोमा हाल ९ वटा रहेको, अनुगमन गरी पत्राचार गरेर पठाइएको समेत जानकारी दिंदै नीति तथा कार्यक्रम तय गर्नु अगाडि सरकार र सभा वा समितिवीच प्रभावकारी समन्वय नभएको भए पनि समितिका सदस्यहरुले आफ्नै सक्रियतामा आफ्ना सुझाहरु दिने गरेको जानकारी दिनु भयो ।

वहाँले मुलुकको संविधान चुनौतीपूर्ण अवस्थामा रहेको, कानूनहरु भए पनि कार्यान्वयन फितलो भएको विचार व्यक्त गर्दै कानून लागु हुन समय लाग्ने विचार सहित कार्यक्रममा कार्यपत्र प्रस्तोता र छलफलमा सहभागी सदस्यहरुलाई धन्यवाद दिनुभयो ।

मुख्यमन्त्री कार्यालय र नेपाल कानून समाजद्वारा आयोजित

# संघीय स्वरूपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका

बर्दिवास, प्रदेश नं. २ ● २०७७ माघ ९

**कार्यक्रम प्रतिवेदन**

नेपाल कानून समाजले प्रदेश सरकारसँग सहकार्य गरी २०७७ माघ ९ गते संघीय स्वरुपमा प्रभावकारी सेवा प्रवाहको लागि प्रदेश सरकारको भूमिका विषयक एक दिवसीय अन्तरक्रिया कार्यशालाको आयोजना गऱ्यो। मन्त्री र कर्मचारीहरु गरी करिव ४५ जना सहभागी रहेको उक्त कार्यक्रमको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ।

## १. कार्यक्रमको लक्षित समूह

- मुख्यमन्त्री, मन्त्रीहरु, राज्यमन्त्रीहरु, प्रमुख सचिव, सचिवहरु, उपसचिवहरु

## २. कार्यक्रमका उपलब्धीहरू

- प्रदेश सरकारका मुख्यमन्त्री, सबैजसो मन्त्रालयका मन्त्रीहरु, प्रदेश सरकारका प्रमुख सचिव, मन्त्रालयका सचिवहरु लगायतका कर्मचारी गरी जम्मा ४५ जनाको सक्रिय सहभागिता रहेको,
- नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री श्री उपेन्द्र यादव, सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ, संङ्घीय संसद, सार्वजनिक सुनुवाई समितिका सभापति श्री लक्ष्मणलाल कर्ण, प्रदेशका मुख्यमन्त्री, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेल लगायतको उपस्थितिले कार्यक्रम प्रभावकारी भएको,
- प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिव, सहसचिव, उपसचिव लगायतका महत्वपूर्ण कर्मचारीहरुको उपस्थितमा प्रस्तुत भएका ६ वटा विषयमा गहन छलफल भई आगामी दिनका लागि प्रमुख विषयहरुमा महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएको,
- प्रदेश सरकारको तर्फबाट समेत संघीय संसद तथा सरकारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएको,
- फौजदारी न्याय प्रणालीमा रहेका चुनौतीहरु, वित्तीय संघीयता र प्रदेश २ को अभ्यास, चुनौती र सम्भावनाहरु, संसद, समिति प्रणाली, संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, अनुगमन र कार्यान्वयन जस्तो महत्वपूर्ण विषयमा प्राप्त भएका सुझावहरुले आगामी दिनमा कानून कार्यान्वयनमा प्रभावकारी हुने कुरामा विश्वस्त हुन सकिने वातावरण तयार भएको,
- हालसम्म प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालयले गरेका अभ्यासहरुका आधारमा विगतमा भए गरेका कमी कमजोरीहरु आगामी दिनमा सच्याउने अवसर प्राप्त भएको,
- ६ वटा विषयमा विज्ञहरुले प्रस्तुत गरेका कार्यपत्रहरुबाट महत्वपूर्ण श्रोत सामग्रीहरु तयार भएको,

- संघ, प्रदेश र स्थानीय तहको कानून निर्माण र सेवा प्रवाहमा समन्वय र सहकार्य हुने प्रतिबद्धताका कारण आगामी कानून निर्माण र सेवा प्रवाह प्रभावकारी हुने विश्वास प्राप्त भएको,
- सभा र सम्बन्धित समितिमा विधेयकका सम्बन्धमा हुने छलफल बैठकमा मन्त्री उपस्थित हुनु पर्ने विषयमा स्पष्ट भई प्रतिबद्धता समेत प्राप्त भएको, आदि ।

## उद्घाटन सत्र

प्रदेश सरकार र नेपाल कानून समाजको संयुक्त आयोजनामा प्रदेश नं. २ अन्तर्गत बर्दिवासको होटल पावन मिथिलामा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा सचिवालयका कर्मचारीहरुसँग कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा पूर्व उप–प्रधानमन्त्री श्री उपेन्द्र यादव, पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ, राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिका सभापति, श्री परशुराम मेघी गुरुङ्ग, संविधान सभा सदस्य श्री खिमलाल देवकोटा, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सरकारका प्रमुख सचिव, विभिन्न मन्त्रालयका सचिवहरु तथा अन्य कर्मचारीहरु, नेपाल कानून समाजका कार्यकारी निर्देशक लगायत अन्य कर्मचारीहरु, नागरिक संवाद केन्द्र जनकपूरका प्रमुख तथा अन्य कर्मचारीहरु गरी ४५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता प्रदेश सरकारका मुख्यमन्त्री श्री लालबाबु राउतले गर्नु भएको थियो । कार्यक्रम दुई चरणमा सम्पन्न गरिएको थियो । नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले स्वागत गर्दै कार्यक्रम कोभिडका कारण ढिला भएको, माननीय पूर्व उपप्रधानमन्त्रीकै पहलमा कार्यक्रमको सुरुवात गरिएको, कार्यक्रम सरकार, संसद र न्यायपालिका समेतसँग गर्ने योजना रहेको, काम गर्दा देखिएका चुनौतिहरु, सम्भावना लगायतका विषयमा स्पष्ट कुरा राख्दा उपयुक्त हुने कुरा राख्नु भएको थियो । वहाँले स्वीस राजदूतावासले प्रदेश नं. २ लाई विशेष ध्यानमा राखी संघीयता र सुशासन कार्यक्रमहरु सञ्चालन गर्ने इच्छा राखेको र संघीयताको अपनत्व लिएको यो प्रदेशलाई महत्व दिएको प्रतिनिधि सभा मात्र विघटन नभएको र संविधान नै चुनौति भएको हुँदा यो कार्यक्रमले प्रदेश सरकारलाई काम गर्न सहज हुने अपेक्षा गरिएको जानकारी गराउनु भयो ।

## कार्यक्रममा अतिथिहरूको मन्तव्य

### श्री गोकर्णमणि दुवाडी, प्रमुख सचिव, प्रदेश सरकार

कार्यक्रममा हार्दिक स्वागत गर्दै, नेपाल एकात्मक राज्य प्रणालीबाट संघीय प्रणालीमा प्रवेशको सन्दर्भमा के कसरी सेवा प्रवाह गर्ने, संविधानले दिएको सूचीहरुका आधारमा सेवाहरु के कसरी प्रवाह गर्ने लगायतका विषयमा विस्तृत छलफल हुने जानकारी दिनु भयो । वहाँले संविधानका सीमाभित्र रहेर प्रदेश सरकारले कामहरु गर्दै आएको जानकारी दिँदै साझा सूचीका आधारमा के कसरी अगाडि जाने ? विगतमा भोगेका समस्याहरु सम्बोधन गर्न विवादित र विभाजित नभई कानून निर्माण गर्ने र अनुभव तथा विज्ञता र विशेषज्ञहरुको विज्ञता समेतका आधारमा सहज हुनेनै छ भन्ने आशा गरेको धारणा व्यक्त गर्नु भयो ।

### श्री जितेन्द्र सोनल, मन्त्री, भौतिक पूर्वाधार विकास

मन्त्री श्री सोनलका अनुसार प्रस्तुत भएका विषयहरु अत्यन्तै महत्वपूर्ण रहेको, संघीयता कार्यान्वयन सम्बन्धमा प्रदेशलाई प्रभावकारी योगदान दिने कुरामा आफु आशावादी रहेको, प्रदेश सरकार बनि सके पछाडि आफुहरुनै नेतृत्वकर्ता रहेकोमा हाल नेतृत्वदायी भूमिका समेत निर्वाह गरिरहेको जानकारी दिनु भयो । वहाँले त्यसको महत्वपूर्ण

पाटो ऐन निर्माण भएको, ऐनको मसौदा कसरी गर्ने, के कसरी अगाडि बढ्ने जस्ता चुनौतीपूर्ण अवस्था रहेको, पहिलो संविधान सभामा मतभेदहरु समेत रहेको, सम्बन्धित मन्त्रालयका समितिमा गएर मसौदा हुने प्रचलन रहेको भए पनि समितिलाई उक्त प्रक्रियाबाट वन्चित गरेर अलग्गै विधायन समिति बनाइएकोमा दुःख व्यक्त गर्नु भयो। वहाँले संविधान सभाको थप स्मरण गर्दै विधायन समितिमा कार्यभार बढी हुने तर अन्य समिति खाली हुने अवस्था रहेकोमा दोश्रो संविधान सभामा सुधार गरिएको समेत जानकारी गराउँदै प्रदेशले सम्बन्धित समितिमा पठाउने अभ्यासको थालनी गरेको भए पनि जुन मन्त्रालयबाट जसरी उठान र विकास हुनुपर्ने हो, त्यस्तो हुन नसकेको स्वीकार समेत गर्नु भयो। प्रदेशमा एउटा मन्त्रालयसँग धेरै जिम्मेवारीहरु रहेको तर मानव श्रोत थोरै रहेको, सचिव एउटा विषयमा मात्र विज्ञ हुने तर सबै विषयहरु समेट्नु पर्ने अवस्था रहेकोमा यस प्रकारका विषयलाई के कसरी सम्बोधन गर्ने भन्ने चुनौती रहेको जानकारी गराउँदै विधेयक सभामा पठाई सकेपछि कतिपय विधेयक समितिमा र अन्य कतिपय सभामा जाने गरेको समेत जानकारी गराउनु भयो। वहाँले उक्त समिति र सभामा समेत दक्ष जनशक्तिको अभाव रहेको, विधेयक जुन गहिराई र अध्ययनका साथ जानुपर्ने हो त्यसरी जान नसकेको कतिपय विधेयकहरु तयार गरेपनि कार्यान्वयन गर्न नसकिएको धारणा व्यक्त गर्दै कानून बने पछि कार्यान्वयनयोग्य हुनु पर्ने सुझाव समेत दिनु भयो।

### श्री डिम्पल कुमारी झा, राज्यमन्त्री, प्रदेश सरकार

नेपाल कानून समाजले पहिलेदेखि नै कानून निर्माणमा काम गरेको, आवश्यक सुझावहरु संकलन गर्ने गरेकोमा खुशी व्यक्त गर्दै राज्यमन्त्री झाले सेवा प्रवाह सम्बन्धमा रक्षा, मुद्दा बाहेक सबै विषय प्रदेशलाई दिनु पर्नेमा त्यसो हुन नसकेकोमा समेत चिन्ता व्यक्त गर्नु भयो। वहाँले प्रहरी प्रशासनको विषय प्रदेश र स्थानीय तहमा ल्याउनु पर्ने, मुलुक एकात्मकबाट संघमा प्रवेश गरेपछि, ३ वर्षमा काँचो माटोबाट मूर्ति बन्ने प्रक्रियामा रहेकोले सिक्दै व्यवहारमा कार्यान्वयन गर्दै गएको धारणा व्यक्त गर्नु भयो। वहाँले प्रदेश सरकार र कर्मचारी बीच प्रभावकारी समन्वय हुन नसकेकोमा संघीयस्तरबाट नै सुधार भएर आउनु पर्ने धारणा राख्दै ५०० जना कर्मचारी चाहिने ठाउँमा संघीय सरकारले ५ जना मात्र पठाउने गरेका कारण कामगर्न कठिन भएको अनुभव रहेको जानकारी समेत गराउनु भएको थियो।

### श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

पूर्व उपप्रधानमन्त्री यादवले आफु कानूनमन्त्री हुँदा अनुभव आदान प्रदान गर्ने र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रमको आवश्यकता महशुश भएको, हिजोको कार्यक्रममा प्रदेश सभाका सदस्य, समितिका सभापति तथा पदाधिकारीहरु र प्रदेश सभाका कर्मचारीहरु बीच व्यापक छलफल भएको जानकारी समेत दिंदै वहाँले आन्दोलनको उद्देश्य, सामाजिक न्याय पायो कि पाएन भन्ने रहेको भए पनि आन्दोलनले परिवर्तन ल्याउछ तर सेवा प्रवाह गर्दैन। त्यसको अस्त्र संविधान हो, संविधान राजनीतिक दस्तावेज हो, त्यसलाई कार्यान्वयन गर्ने कानूनले हो। कानूनको निर्माणनै जटिल वा राम्रोसँग हुन सकेन भने सबै क्षेत्रलाई प्रभाव पार्दछ। कानूनको आवश्यकता, औचित्यता, त्यसको असर तथा व्यवहारमा आईपर्ने कठिनाईहरुका सम्बन्धमा व्यापक छलफल गर्नु आवश्यक रहेको, त्यसको लागि विज्ञ, विधायक र सरोकारवालाहरुसँग छलफल आवश्यक रहेको, विज्ञहरुले नै मसौदा गर्ने, उक्त मसौदामा छलफल, वहस गर्ने, विषयगत समितिमा छलफल गर्ने, संसदको कार्यकारी हाँगा समितिहरुनै भएको धारणा व्यक्त गर्नु भयो।

वहाँले कानून निर्माण त्यसको विधि र प्रक्रिया पनि महत्वपूर्ण भएको, त्यस्तो कानून कार्यान्वयन हुन नसकेमा जटिलता आउँने विचार व्यक्त गर्दै हाल प्रदेशबाट ४२ वटा कानून बने पनि कार्यान्वयन कति भएका छन् भन्ने विषयमा गम्भिर हुनुपर्ने आवश्यकता समेत औंल्याउनु भयो। वहाँका अनुसार कानून बनाउनु भन्दा कार्यान्वयन गर्ने महत्वपूर्ण रहेको त्यसका लागि कानून कार्यान्वयनको अवस्थाको मूल्याङ्कन आवश्यक रहेको धारणा राख्दै, मन्त्रिपरिषदले कार्यान्वयन गर्नको लागि हरसम्भव प्रयास गर्नुपर्ने सुझाव समेत दिनु भयो। वहाँका अनुसार कतिपय कानूनहरु नपढी कार्यान्वयन भएकोमा मन्त्रीहरुले कानून पढ्नै पर्ने आवश्यकता रहेको, बनेका कानूनहरु कार्यान्वयन गर्न नसक्दा अविश्वास पैदा हुने हुन्छ। कानून कार्यान्वयनका लागि सचिवलाई दोष दिएर मात्र नहुँने, कर्मचारीतन्त्र नै हो जसले प्रदेश बनाउने कुरामा महत्वपूर्ण भूमिका खेल्न सक्दछ। मन्त्रीले निर्णय गर्ने हो भने कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले हो। कर्मचारीको संख्या कम हुनु एउटा हो तर भएको श्रोतको प्रभावकारी प्रयोग आवश्यक रहेको धारणा राख्दै कानून ढिला भएर केही हुँदैन तर प्रभावकारी होस् भन्ने सुझाव समेत दिनु भयो। यसै क्रममा वहाँले अदालतसँग समेत छलफलका कार्यक्रमहरु रहेको जानकारी समेत गराउनु भयो। अन्तमा सबै सहभागी, मन्त्री तथा कर्मचारीहरुलाई पुरा समय कार्यक्रममा बसी सैद्धान्तिक, कानूनी र व्यावहारिक विषयमा छलफल गरी लाभ लिन अनुरोध गर्नुभयो।

## अध्यक्षतबाट मन्तव्य

### श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार

मुख्यमन्त्रीले मुलुक संघीयतामा गएपछि पहिलो गठन भएको सरकारलाई आवश्यक पर्ने ऐन, कानून, नीतिहरुमा अभाव रहेको, संविधानमा भएका अधिकार एकल सूचीका आधारमा, केही आफ्ना कठिनाई चिर्न र संघीय सरकारलाई बाध्य पार्न समेत ऐनहरु बनाएको जानकारी गराउनु भयो। वहाँले कानूनको शासनको लागि कामहरु गर्नु पर्ने आवश्यकता रहेको, कतिपय कठिनाईका कारण केही कानूनहरु बन्न नसकेको, केही राजनीतिक, प्राविधिक समस्याका कारण १, २ वटा ऐनहरु कार्यान्वयन हुन नसकेको स्वीकार गर्दै अन्य सबै कानूनहरु कार्यान्वयन भएको जानकारी गराउनु भयो। वहाँले प्रहरी ऐन, कार्यान्वयन नभएको जससँग निजामती सेवा ऐन जोडिएको, भोलि नै पास गर्ने तयारीमा रहेको जानकारी समेत दिंदै प्रदेश नं. २ ले सुरुवात नगरेको भए यी विषयहरुमा कानून नै नबन्ने ठोकुवा समेत वहाँले गर्नु भयो। कार्यान्वयनका सम्बन्धमा केही कठिनाई रहेको, कर्मचारीको सरुवा निकै छिटो हुने गरेको, प्रमुख सचिव समेत ३ वर्षको अवधिमा पाँचवटा फेरिएको र अन्य पदहरुमा छैठौ, सातौं समेत रहेको जानकारी दिनु भयो। वहाँले सबै कर्मचारी खराव नभएको, कतिपय निकै सहयोगी र अन्य केही भाग्न खोज्ने भएको तथा कर्मचारीतन्त्रको काम गर्ने तौर तरिका पनि समस्याको विषय भएको जानकारी समेत दिनु भयो।

प्रदेशका कर्मचारीहरुबाट प्रहरी ऐन र निजामती ऐनमा प्रभावकारी सहयोग प्राप्त भएको अनुभव राख्दै नेपालको संविधानले प्रमुख जिल्ला अधिकारलाई चिन्दैन तर पनि संघले बलियो बनाउदै लैजान खोजेकोमा चिन्ता व्यक्त गर्नु भयो। वहाँले सेवा प्रवाहका सम्बन्धमा एकीकृत सेवा दिन सकिने धारणा व्यक्त गर्दै प्रदेश सरकारले गरेका महत्वपूर्ण उपलब्धिहरुमा बालिका संरक्षण सम्बन्धी व्यवहार, अधिकार, पहिचान लगायतका विषय, महिलाको ५० प्रतिशत आरक्षणको व्यवस्था, दलित सशक्तिकरण ऐन बनेको लगायतका विषयहरु समेत राख्नु भयो। त्यसैगरी वहाँले मिडिया काउन्सिल ऐन बन्दै गरेको, अधिकांश विधेयकहरु समितिमा छलफल हुने गरेको, महिनौंसम्म छलफल हुने गरैको, नागरिक समाज संघ संस्था र सरोकारवालासँग समेत छलफल भएको अभ्यासहरु राख्दै कुनै कुनै विधेयकमा कमजोरी भएको हुन सक्ने कुरा भने स्वीकार गर्नु भयो।

वहाँले संघीयता कार्यान्वयनमा बलियो संघीय सरकार हुनु पर्दथ्यो तर आफ्नो बच्चालाई कसरी मार्ने भन्ने किसिमको राजनीतिक नेतृत्व भएका कारण समस्या उत्पन्न भएको धारणा व्यक्त गर्दै कर्मचारीहरुमा माथिको निर्देशन मात्र कार्यान्वयन हुने भएपछि र वृत्ती विकासमा प्रदेश सरकारको भूमिका नभएका कारण आवश्यक सहयोग हुन नसकेको विचार व्यक्त गर्नु भयो। वहाँले मन्त्रीहरु कानूनका ज्ञाता वा कानूनी पृष्ठभूमिका नहुन सक्दछन्, सचिवहरु नै हो जसले सहयोग गर्न सक्दछ। कानूनको अनभिज्ञता क्षम्य हुँदैन, भन्ने कुरामा आफुहरु सतर्क रहेको समेत धारणा व्यक्त गर्नु भयो। समस्याका सम्बन्धमा वहाँले संघीय सरकारबाट बन्नु पर्ने कानून नबनेको र आवश्यकता अनुसार सहयोग नभएका कारणले केही समस्याहरु भएको स्वीकार समेत गर्दै प्रदेशले बनाएका ९८ प्रतिशत कानूनहरु अभ्यासमा रहेको जानकारी दिनु भएको थियो। अन्तमा यस्तो कार्यक्रम गरी प्रदेश सरकारलाई सजक गराउने, क्षमता वृद्धि गर्ने र सुशासनमा टेवा पुऱ्याउने कार्यक्रम गरी सहयोग गरेकोमा नेपाल कानून समाज र स्वीस राजदूतावासलाई प्रदेश सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु।

## कार्यपत्र प्रस्तुती तथा छलफल

प्रदेश सरकारसँग सञ्चालन गरिएको यस कार्यक्रममा ६ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए। पहिलो सत्रको कार्यपत्रको रुपमा संघीय संरचनामा प्रदेश सरकारको कानून निर्माणमा योगदान र चुनौतीका सम्बन्धमा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री श्री लालबाबु राउतले अध्यक्षता गर्नु भएको थियो। श्री उपेन्द्र यादव, पूर्व उपप्रधानमन्त्रीले अध्यक्षता गर्नु भएको दोश्रो सत्रको कार्यपत्र लोकतन्त्र, संघीय स्वरुप र फौजदारी कानून निर्माणमा प्रदेश सरकारको भूमिका विषयमा श्री मोहनलाल आचार्य, अधिवक्ता तथा श्री लक्ष्मणलाल कर्ण, सांसद, प्रतिनिधि सभाले प्रस्तुती गर्नु भएको थियो। त्यसैगरी तेश्रो सत्र मुख्यमन्त्रीले अध्यक्षता गर्नु भएकोमा संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसरहरु विषयमा श्री परशुराम मेघी गुरुङ्गले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी प्रदेश र स्थानीय तहवीच समन्वय र विवाद समाधान, चुनौती र अवसरका सम्बन्धमा अधिवक्ता मोहनलाल आचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त सत्रको अध्यक्षता समेत श्री लालबाबु राउतले गर्नु भएको थियो। चौथो सत्रको रुपमा श्री विजय कुमार यादव, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालयले अध्यक्षता गर्नु भएको थियो भने राजश्व संकलन र न्यायेचित वितरण:प्राकृतिक श्रोत तथा वित्त आयोगको भूमिका विषयमा उक्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी अर्को कार्यपत्र प्रदेश सरकारको बजेट निर्माण र कार्यान्वयन सम्बन्धमा प्राध्यापक श्री उमाशंकर प्रसादले प्रस्तुती गर्नु भएको थियो।

पहिलो सत्र — **संघीय संरचनामा प्रदेश सरकारको कानून निर्माणमा योगदान र चुनौती**

अध्यक्षता — **श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार**

## कार्यपत्र प्रस्तुती

### श्री खिमलाल देवकोटा, वरिष्ठ अधिवक्ता तथा संविधान सभा सदस्य

मुख्यमन्त्री श्री राउतले अध्यक्षता गर्नु भएको पहिलो सत्रमा श्री खिमलाल देवकोटाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। वहाँले संघीय संरचना भनेको तहहरु बीच अधिकारको बाँडफाँड हो। राज्यशक्ति भनेको प्रहरीको क्षमता हो। संविधानको धारा ५६(६) बमोजिम संरक्षण गर्ने सबै तहलाई अधिकार दिइएको, प्रदेशको अधिकारको सूची लामो रहेको र उक्त सूची राज्यशक्तिको प्रयोगका सम्बन्धमा जाने धारणा व्यक्त गर्नु भयो। वहाँले आफ्नो दिमागमा भएको संविधानले काम नगर्ने तर हातमा भएको संविधानले कामगर्ने धारणा समेत राख्नु भयो। वहाँले समन्वय नेपालको संविधानको महत्वपूर्ण तत्व भएको, संविधानको भाग ५ र भाग २० सम्बन्धित रहेको, प्रजातन्त्र र संघीय प्रणाली महङ्गा हुन्छन भन्ने जान्दा जान्दै स्वीकार गरिएको धारणा राख्दै संघीय प्रणालीमा विवाद आउँनु स्वाभाविक भएको र त्यसको समाधानको लागि पनि संरचना र संयन्त्र बनाउनु आवश्यक रहेकोमा अन्तर प्रदेश परिषद र संवैधानिक इजलासको व्यवस्था गरिएको जानकारी गराउनु भयो।वहाँले साझा अधिकारका विषयमा कानून बनाउँदा अव संघलाई कुर्नु नपर्ने, बाझियो भने के गर्ने भन्ने सम्बन्धमा चिन्ता लिनु नपर्ने, समन्वयमा आवश्यक सूचनाको आदान प्रदान गर्ने, संघले प्रदेश र प्रदेशले स्थानीय तहसँग समन्वय गर्नु आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

वहाँले चुनौतीहरुका सम्बन्धमा नीतिगत समस्या, एकात्मक मानसिकता, क्षमता र श्रोतको अभाव आदि रहेको जानकारी दिंदै कानून निर्माणमा कमजोर रहेको मुलुकमा चुनौती सुधार गर्न सकिने तर नियत सुधार गर्न नसकिने धारणा व्यक्त गर्नु भयो। वहाँले प्रदेश आईसोलेशनमा नभएको, सबै चुनौतीहरुका बावजुद पनि संविधान नै मूल दस्तावेज भएको, प्रदेशहरुमा ऐन बनाउने प्रतिस्पर्धा भए पनि कार्यान्वयनमा कमजोरी रहेको, निर्देशिका वा कार्यविधि संसदमा नजाने र अधिकारको श्रृजना समेत नगर्ने भएकोले ऐन विना निर्देशिकाका आधारमा काम गर्न नहुने धारणा राख्दै प्रदेश सरकार सञ्चालन ऐन बन्नु पर्ने तर त्यस्तो नभएको समेत जानकारी दिनु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्नो प्रतिक्रियाहरु राख्नु भएको थियो:–

### श्री विजय कुमार यादव, मन्त्री, आर्थिक मामिला मन्त्रालय, प्रदेश सरकार

मन्त्री यादवले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका सम्बन्धमा थुप्रै समस्याहरु देखा परेको, प्रदेशले पाएका अधिकार कार्यान्वयनको लागि एक्लै मुख्यमन्त्री र मन्त्रीबाट मात्र सम्भव नहुने, त्यसको लागि कर्मचारीतन्त्रको सहयोग आवश्यक हुने र सहयोग नै प्राप्त पनि भएको धारणा व्यक्त गर्दै मन्त्रालयमा थुप्रै पदहरु रिक्त रहेको, उद्योगका एजेन्सीहरु संघ अन्तर्गत रहेको, नदीजन्य विषयहरुमा संघले कानून बनाउनु पर्नेमा स्पष्ट

कानून नभएको, हरेक ठाउँमा बाधाहरु आउने गरेको, बैक तथा वित्तीय संस्थाहरुका सम्बन्धमा स्पष्ट हन आवश्यक रहेको, बिमा कम्पनी सञ्चालनका समस्याहरु, सवारी करको सम्पूर्ण विषय प्रदेश भित्र हुनु पर्नेमा नभएको, यातायात व्यवस्था विभाग संघले उठाउने गरेको, जुन गलत भएको, संघबाट प्रदेशलाई अलग्याइएको राजश्व निकै कम रहेको अनुभवहरु राख्दै प्रदेश र स्थानीय तह सम्वृद्ध नभई संघ र मुलुक समृद्ध हुन नसक्ने धारणा समेत राख्नु भयो।

### श्री राम नरेश राय, मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकारले संविधान बमोजिम निर्माण गर्नुपर्ने कानूनहरु र सेवा प्रवाहमा कर्मचारीहरुको महत्वपूर्ण भूमिकाहरु रहन्छ। यसको लागि आवश्यक कर्मचारीको व्यवस्थापन हुनु पर्दछ। कर्मचारीहरु सबै एकै किसिमका हुँदैन।

सबै नकारात्मक सोंचका कर्मचारी आएका छैनन, सकारात्मक सोंच भएका पनि आएका छन्। सकारात्मक सोंच हुँदा हुँदैपनि श्रोत र जनशक्तिको अभावका कारण समस्या भएका छन्। संघमा आग्रह गर्दा गर्दै पनि सहयोग उपलब्ध हुन सकेन। संविधानमा भएको अधिकार समेत प्रयोग हुन सकेको छैन। प्रदेश नं. २ को सरकारले गरेर देखाएको छ। भएको कमी कमजोरी सुधार गरिने छ।

### श्री शैलेन्द्रप्रसाद शाह, मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

श्री शाहले विचार राख्ने क्रममा हामीले साझा सूचीमा पहिले संघले बनाउने त्यसपछि प्रदेशले बनाउने भन्ने बुझेका थियौं तर आजको कार्यक्रमबाट संघ, प्रदेश दुबैले नबाझिने गरी बनाउन पाइने कुरा बुझ्यौं। अबदेखि प्रदेशले आवश्यक कानून बनाउने र बाझीएको हकमा पछि व्यवस्थापन हुने विचार राख्नुभयो।

### श्री कृष्ण प्रसाद काप्री, प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय

श्री कायरीले प्रदेशमा कर्मचारी अभाव रहेको, प्रदेश सरकार सञ्चालन ऐन बनाएर जाँदा उपयुक्तनै हुने विचार व्यक्त गर्दै अस्पताल विकास समितिलाई कुन स्तरको कानून बनाएर अगाडि जाने भनि प्रश्न समेत गर्नु भयो। मन्त्रालयबाट आवश्यक कार्यविधि र निर्देशिकाहरु बनाउँदै आएको जानकारी दिनुभयो।

### श्री परशुराम मेघी गुरूङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

वहाँले आफुले प्रदेश नं. २ लाई ऋषिमुनी भनेर सम्मान गर्ने गरेको, समन्वय सम्बन्धी ऐनले धेरै हदसम्म काम गर्ने अपेक्षा रहेको, प्रदेश सरकार सञ्चालन ऐन पनि एउटा महत्वपूर्ण पाटो हुन सक्ने धारणा राख्दै निजामती सेवा सम्बन्धी कानून छिटो आउनु पर्दथ्यो। अन्तर सम्बन्धलाई स्पष्ट पारेपछि विषयवस्तु सजिलो हुने, संघमा समेत प्रदेश र संघको स्थानमा समय खर्च हुने गरेको भए पनि विस्तारै जनताको नजिक भएको सरकारनै शक्तिशाली हुने अवस्थामा रहेको धारणा व्यक्त गर्नु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री लालबाबु रावत, मुख्यमन्त्री, प्रदेश सरकार, प्रदेश नं. २

मुख्यमन्त्री श्री राउतले साझा अधिकारका सूचीका विषयमा अन्तर प्रदेश बैठकमा अध्यक्ष (प्रधानमन्त्री) लाई पटक पटक विषय राखिएको, साझा सूचीमा अन्यको पनि हक लाग्ने भनिएको, साना साना कुरामा समेत अदालतको

ढोकामा जानु पर्ने स्थिति श्रृजना भएको, आजको बैठकले साझा सूचीमा रहेका विषयमा बनाउन सकिने जानकारी प्राप्त भएकोमा खुशी व्यक्त गर्नु भयो ।वहाँले प्रदेश सरकार सञ्चालन ऐन पनि महत्वपूर्ण विकल्प भएको र अन्य विषयमा आफुहरु संघर्ष गरेर अगाडि बढ्दै गरेको जानकारी दिनु भयो। वहाँले अन्य प्रदेशका मुख्यमन्त्रीहरु समेत प्रदेश नं. २ मार्फत सर्वोच्च अदालतबाट निर्क्योल गर्न खोजेको जानकारी दिंदै संघीय सरकारको संघीयता बिरोधी मानसिकताका कारण समस्या भएको धारणा समेत व्यक्त गर्नु भयो।

दोश्रो सत्र — **लोकतन्त्र, संघीय स्वरूप र फौजदारी कानून निर्माणमा प्रदेश सरकारको भूमिका**

अध्यक्षता — **श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार**

श्री यादवले दोस्रो र तेस्रो सत्रको अध्यक्षता गर्नु भयो। दोस्रो सत्रमा श्री मोहन आचार्यले कार्यपत्र राख्नु भयो भने तेस्रो सत्रमा श्री पर्शुराम मेघी गुरुङले राख्नुभयो।

## कार्यपत्र प्रस्तुती

### श्री मोहनलाल आचार्य, अधिवक्ता

अधिवक्ता तथा नेपाल कानून समाजका वरिष्ठ कानून विशेषज्ञ श्री मोहनलाल आचार्यले आफ्नो प्रस्तुतीमा लोकतन्त्र र संघीय स्वरुपका सम्बन्धमा कानूनको शासन, तीन तहको संघीय प्रणाली, कानूनको स्वरुप, प्रदेश कानून निर्माण र फौजदारी दायित्व, प्रदेशको अधिकारको सूची, संघ, प्रदेश र स्थानीय तहः अन्तर सम्बन्ध तथा विवाद समाधान ऐनमा रहेको समन्वय सम्बन्धी व्यवस्था, फौजदारी कानूनका सम्बन्धमा रहेका समस्या र चुनौतीहरु अन्तर्गत एकल अधिकार अन्तर्गत कानून निर्माण गर्दा, साझा अधिकारको सूची अन्तर्गत प्रदेशको दायित्व श्रृजना हुने विषयमा, बन ऐन तथा कानून निर्माण गर्दा, प्रदेश प्रहरी समायोजन भएर आए पश्चात रहेका समस्याहरु, सरकारी वकिलको संरचना र अदालतको एकात्मक प्रकृति, दण्ड र सजाय विनाको कानूनको औचित्य आदि। वहाँले कानून निर्माणका सिद्धान्त, मापदण्ड र आधार सहित केही अन्तर्राष्ट्रिय अनुभव समेत प्रस्तुत गर्नु भयो।

प्रस्तुतीको अन्त्यमा वहाँले छलफलका विषयहरु राख्नु भएको थियो। जसमा संघीयताको मर्म अनुसारको कानून निर्माण गर्न प्रदेश सभाले पाउने अवस्थाको श्रृजना कसरी गर्ने, नागरिकको दैनिक जीवनमा तात्विक भिन्नता ल्याउन सकिने गरी सामाजिक आर्थिक रुपान्तरणको लागि फौजदारी दायित्व रहने गरी कानून निर्माण गर्ने प्रदेश सभाको अधिकारमाथि लागेको अंकुश कसरी हटाउने, फौजदारी न्याय र संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी सम्बन्धमा शिक्षामूलक कार्यक्रम के कसरी सञ्चालन गर्ने र यस विषयलाई सम्बोधन गर्न संविधान, मुलुकी अपराध संहिता र संघ, प्रदेश तथा स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) सम्बन्धी कानूनमा संशोधन गरेर जानु पर्ने वा नपर्ने लगायतका विषयहरु राख्नु भएको थियो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्नो प्रतिक्रियाहरु राख्नु भएको थियोः–

### श्री जितेन्द्र सोनल, मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश सरकार

मन्त्री सोनलले प्रदेश सरकारको निर्देशिका बनाएर काम गर्ने ट्रेण्ड नभए पनि बाध्यता भएको, मानव श्रोतको अभाव प्रदेश सरकार र सभामा भए पनि प्रदेशमा अभाव नभएको, अभियोजनका विषयमा ऐन बनाउने सम्बन्धमा फौजदारी संहिता वा अपराध संहितामा नदिदैमा पछि बन्ने कुनै ऐनले छुदैन भन्ने विषय कसरी सम्बोधन हुन्छ ? भन्ने जिज्ञासा राख्नु भयो । उक्त विषयमा संघीय संसदमा छलफल आवश्यक रहेको समेत टिप्पणी गर्नु भयो । जनताको नजिकको सरकार बलियो हुँदै जाने कुराले स्थानीय तहलाई बलियो बनाउने कुरा पुष्टि गर्ने भएकोले उक्त अवधारणाका कारण संघीयता धरासायी बन्ने समेत धारणा राख्नु भयो। शिक्षाका सम्बन्धमा एउटै विषयमा स्थानीय तहमा धेरै नीतिहरु बन्दा समस्या हुने धारणा राख्दै सिद्धान्तका आधारमा जानु पर्ने, संघीयतामा प्रदेश सरकारलाई बलियो बनाउन आवश्यक रहेको र प्रदेश सरकारको प्रहरी संघीय कानून बमोजिम चल्ने पद्धतीको अन्त्य हुनुपर्ने सुझाव समेत दिनु भयो।

### श्री विजय कुमार यादव, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

मन्त्री यादवले संविधानको धारा २०७, राजश्व र व्ययको अनुमानमा प्रदेश अर्थमन्त्री भनिएको तर यहाँ आर्थिक, योजना समेत भएकोले संविधान बमोजिम राख्न सकिने वा नसकिने भनी जिज्ञासा राख्नु भयो । हाल सम्मको अभ्यास अनुसार लामो समयदेखि स्थानीय सरकार सञ्चालनमा रहेको र संघीय सरकार एकात्मक प्रणाली बमोजिम सञ्चालनमा रहेकोमा प्रदेशको अभ्यास नौलो भएको र दुबैतर्फबाट प्रदेश माथी दवाव श्रृजना भएका कारण काम गर्न कठिनाई भएको, एसईइको प्रश्नपत्र बाहिरिएको विषयमा प्रदेश २ लाई दोष दिने काम गरिएको, बन्दुक र न्यायसँगै हुनु नहुने धारणा राख्दै वहाँले मन्त्रालयमा छुट्याएको बजेट सम्बन्धमा संघीय मन्त्रालयले परिपत्र नगर्दासम्म कार्यान्वयन गर्न नसकिने स्थिति श्रृजना भएको र स्थानीय तहको समन्वय संघसँग हुने तर प्रदेशसँग नहुने समस्या भएको जानकारी गराउनु भयो।

### श्री सरोज कुमार सिंह, राज्यमन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय

मन्त्री सिहले आएका समस्यामा वहाँको मन्त्रालय समेत फरक नरहेको जानकारी दिँदै कर्मचारीको अभाव उक्त मन्त्रालयमा समेत रहेको, ३ वर्षमा ४ जना सचिवहरु सरुवा भएको, योजना एकजना सचिवले तयार पार्ने र कार्यान्वयन अर्कोले गर्ने भएको, घटना हुँदा मन्त्रीलाई दवाव दिने प्रचलन रहेको तर प्रहरी यस मन्त्रालयको नियन्त्रणमा नरहेको, संविधानको धारा ६८ मा प्रदेश प्रहरी हुने व्यवस्था भए पनि प्रदेशलाई अधिकारविहीन बनाइएको चुनौतीहरु प्रस्तुत गर्दै प्रदेश सरकारले केन्द्रमा मुद्दा हालेको समेत जानकारी दिनु भयो। वहाँले समायोजन विधेयक प्रदेश सभाबाट पारित भए पनि अगाडि बढ्न नसकेको, विनियोजन ऐन, २०७७ मा संघीय संचित कोषबाट केही रकम खर्च गर्ने व्यवस्था रहेको तर अर्थ मन्त्रालयको सहमतिमा हुने भएकोले सहमति नै प्राप्त नहुने अवस्था रहेका कारण रकम खर्च नहुने अवस्थामा पुगेको जस्ता समस्याहरु रहेका कारण यस प्रकारका विषय कसले हेर्ने, दोष संघको हुने र भर्पाई प्रदेशले गर्नुपर्ने भनी प्रश्न गर्नु भयो । वहाँका अनुसार विकेन्द्रीकरणको भूमिका संघीय सरकारले निभाउन नसकेको, कुशल जनशक्तिको अभाव रहेको, निजामती ऐन अगाडि बढाईएको छ तर त्यसको

पनि मापदण्ड संघले तय गर्ने भएका कारण टुङ्गो लगाउन नसकिएको भन्दै शान्ति सुरक्षा र कानून कार्यान्वयन पक्षमा कमी कमजोरीहरु भएको स्वीकार गर्नु भयो ।

तेश्रो सत्र

## संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसर

### श्री परशुराम मेघी गुरूङ्ग, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

पूर्व उप–प्रधानमन्त्री श्री यादवले अध्यक्षता गर्नु भएको यस सत्रमा सभापति गुरुङ्गले संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौती र अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीको क्रममा वहाँले संविधानको कार्यान्वयन भनेको संघीयताको कार्यान्वयन भएकोले संविधानको कार्यान्वयनका कुरा गर्ने तर संघीयताको कार्यान्वयनका विषयमा नबोल्ने समस्या रहेको धारणा व्यक्त गर्दै संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्बन्ध र विवाद समाधान) ऐन प्रदेशहरुमा समेत २, २ पटक छलफल गरेर आएको जानकारी दिनु भयो । समन्वय भनेको के हो? परिभाषामा सहकारिता, समन्वय र सहअस्तित्वका आधारमा जाने धारणा सहित ६ वटा मात्र परिच्छेदहरुमा समेटिएको ऐनले मूलतः पोलिसी गाईड गरेको, परिच्छेद २ मा समन्वयको आधारहरु दिइएको, मौलिक हकको कार्यान्वयनका विषय समेत संघ र प्रदेशलाई दिइएको, परिच्छेद ३ मा अन्तरसम्बन्धको तरिका दिइएको,

दण्ड सजायका सम्बन्धमा संघको संरचना प्रयोग गरेर जानसक्ने बनाइएको छ । दण्ड सजाय विनाको कानून प्रभावकारी नहुने भन्ने विषयलाइ सम्बोधन गर्न खोजिएको तर अपराध संहिता र फौजदारी तथा देवानी संहितासँग तालमेल मिलाउनु पर्ने भएकाले केही समस्या रहेको, अन्तर प्रदेश परिषदको व्यवस्थाले केही निकाश दिने सम्भावना रहेको, परिच्छेद ६ मा विधि र प्रक्रिया तोकिएको, सम्पर्क र समन्वय सोभै गर्न सक्ने गरी खुलाईएको समेत जानकारी दिनु भयो ।

चौथो कार्यपत्र प्रस्तुती

## प्रदेश र स्थानीय तह बीच समन्वय र विवाद समाधान चुनौती र अवसर

### कार्यपत्र प्रस्तुती

### श्री मोहनलाल आचार्य, अधिवक्ता

श्री आचार्यले नेपालको संविधानको धारा ५७, ५८ तथा भाग २० अन्तर्गत धारा २३५ (२) र (३) का आधारमा प्रदेश र स्थानीय तहवीच अन्तर सम्बन्ध र विवाद समाधानका सम्बन्धमा प्रदेश सरकार तथा सभाका लागि लामो बहस र छलफलका आधारमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त पहलमा सातवटै प्रदेशमा भएका छलफलका आधारमा तयार पारिएको नमुना विधेयकका विशेषताहरु, यसको महत्व, संविधानको मक्सद र विधेयकमा रहेका मुख्य मुख्य प्रावधानहरु सहित छलफल गर्नु पर्ने विषयहरु समेत स्पष्टरुपमा राख्नु भएको थियो ।

प्रस्तुतीका क्रममा वहाँले मूलतः "प्रदेश र स्थानीय तह बीच समन्वय र विवाद समाधान चुनौति र अवसर" का सम्बन्धमा रहेका संवैधानिक व्यवस्था, विधेयकको प्रस्तावना, परिभाषा, प्रदेश तथा स्थानीय तहवीचका समन्वयका विषयहरु, समन्वय सम्बन्धी कार्यविधि, प्रदेश विषयगत समिति सम्बन्धी व्यवस्था र काम कर्तव्य र अधिकार, प्रतिवेदन सम्बन्धी व्यवस्था, विवाद समाधान, विशेष समिति तथा विशेषज्ञ सम्बन्धी व्यवस्था, विवाद समाधान गर्ने अवधि, विविध र अन्त्यमा विधेयकलाई अन्तिम रुप दिंदा ध्यान दिनुपर्ने विषयहरुका बारेमा विस्तृत रुपमा चर्चा गर्नु भएको थियो।

## श्री सुरेशकुमार साह, राज्यमन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

श्री साहले संविधान बमोजिम प्रदेश र स्थानीयले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका कार्यरत भइरहेको वर्तमान अवस्थामा कानून निर्माणमा संघ, प्रदेश र स्थानीय सरकारले कार्यान्वयनमा मात्र सीमित भएमा राम्रो हुने विचार राख्नुभयो। त्यसैगरी संविधानले नै न्यायिक समितिलाई न्यायिक निरुपणको अधिकार दिएको तर सो अनुरुप कार्य क्षमता र वातावरण नभएकोमा न्यायिक समितिलाई मेलमिलाप र मध्यस्थतामा सीमित गर्नुपर्ने विचार राख्नु भयो। स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्दै साधन स्रोत र जनशक्तिको विकास गर्दै अधिकार बढाउँदै लानुपर्ने सुझाव दिनुभयो।

## श्री गोकर्णमणि दुवाडी, प्रमुख सचिव, प्रदेश सरकार

प्रमुख सचिवले दण्ड सजायको विषय अझैपनि खुल्न नसकेको र विष र दाँत नभएको सर्पजस्तो दण्ड सजाय विनाको कानून प्रभावकारी नहुने धारणा राख्दै कानून कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीको भएको, नीति र कानून तय गर्दा धेरै कुरामा ध्यान दिनु आवश्यक रहेको र त्यसको लागि पर्याप्त संख्यामा र सक्षम कर्मचारीहरु आवश्यक हुने धारणा व्यक्त गर्नु भयो। कर्मचारीहरु सकारात्मक भएनन कि भन्ने सम्बन्धमा त्यसको लागि उपयुक्त वातावरण आवश्यक रहेको, कर्मचारीलाई जाउँ जाउँ भन्ने लाग्नु पर्ने धारणा समेत राख्नु भयो। वहाँले संघ, प्रदेश र स्थानीय तह अन्तर सम्बन्ध ऐनमा अझै त्रुटि रहेको, अपराध संहितामा समेत समस्या भएकोमा अन्योलपूर्ण वातावरणमा कर्मचारीलाई काम गर्न कठिन भएको,  र कार्यक्रमहरुबाट विषयको उठान हुने तर समाधान नआउने भयो भने काम गर्न झन कठिन हुने धारणा रख्नु भयो।

## श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधि सभा

श्री कर्णले समस्या भित्रैबाट काम गर्नु पर्ने धारणा राख्दै आफुहरुले सोंचेको संघीयता आउन नसकेको,  संघीयता नपच्ने सरकार आएको भए पनि सकारात्मक भएर काम गर्नु आवश्यक रहेको विचार व्यक्त गर्नु भयो। वहाँले कानून निर्माणमा दक्षताको कमी भएको, सबै मन्त्रालयमा मसौदा गर्ने विज्ञ राख्न नसकिए पनि एकै ठाउँमा राख्न सकिने र त्यसको लागि कानून आयोग वा कानून निर्माण समिति हुन सक्ने धारणा व्यक्त गर्नु भयो। यस सम्बन्धमा निराकरण गर्ने निजामती सेवा ऐन हो तर सोंच पुरानो भएका कारण समस्या रहेको, संविधानको पूरकको रुपमा समन्वय सम्बन्धी कानून आएको जसका लागि विधायन व्यवस्थापन समितिले निकै मेहनत गरेको जानकारी समेत दिनु भयो। वहाँका अनुसार एउटै ऐनमा ६० प्रतिशत भन्दा बढी सुधार भएर आउनु निकै राम्रो भएको र ऐनले २ वटा कुराहरु खोलेको, जसमा एकल अधिकारमा भएका विषयमा कानून बनाउन पाउने विषय समेत पर्ने धारणा राख्दै संघको प्रहरी ऐनले संघीयताको अवधारणा सकेको,प्रारम्भमा सशस्त्र प्रहरी र प्रहरी संघमा राख्ने र प्रहरी प्रसाशन

प्रदेशलाई दिने राखिएकोमा ऐन बन्दा हटाइएको, संवैधानिक अदालत बनाइएन, अदालतले लामो समय लगाउछ, तसर्थ अव संघले मुद्दा हाल्ने वातावरण बनाउन आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

वहाँले कर्मचारी संघका छन् सानो विषय देखेमा विवाद निकाल्ने गरेकोमा ऐनले साझा सूची समेत खुलाएको, परिषदको व्यवस्था गरेका कारण धेरै हदसम्म सहजीकरण गर्ने विश्वास रहेको धारणा व्यक्त गर्नु भयो। ऐनमा अनुसन्धानको भाग छोएको, महान्यायाधिवक्ता मार्फत भए पनि केही खुलाएको, जाहेरी आएकोमा थुनामा नराख्ने व्यवस्था फौजदारी संहितामा आएको, सहअभियुक्तलाई क्रम जाँच गर्ने व्यवस्था राखिएको र बनि सकेका ऐनमा नियमावली बनाउने हो जसमा निर्देशिका बनाउन आवश्यक नपर्ने गरी बनाउन आवश्यक रहेको जस्ता महत्वपूर्ण सुझावहरु दिनु भएको थियो।

वहाँले राजनीतिक र कानूनी विषय अलग गर्न कठिन हुने हुँदा सबै विषय कानूनी र राजनीतिक दुबै हुन सक्ने, पहिले राजनीतिक रुपमा समाधान भन्ने र भएन भने कानूनी रुपमा जाने उपाय समेत सुझाउनु भयो। वहाँका अनुसार अदालतबाट समस्या समाधान हुँदैन, संविधानमा व्यवस्था छैन भन्ने छ तर प्रधानमन्त्रीले गरेको निर्णयमा अनावश्यक छलफल भएको छ। १६ दिन भएको भए के गर्ने र हदम्याद धेरै नियन्त्रित गर्नु हुँदैन। ९० दिनमा फैसला गर्ने भनिएको छ। कानून लेख्दा तोड्ने गरी राख्नु हुँदैन भन्ने जस्ता महत्वपूर्ण विचार व्यक्त गर्नु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

पूर्व उपप्रधानमन्त्री यादवले कानूनी राज्यमा निर्देशिका बनाएर अगाडि बढाउने होइन। सोझै निर्देशिकामा जान पाइदैन। संविधानले समन्वयात्मक संघीयता अवलम्बन गरेको छ। त्यसको सबैभन्दा राम्रो नमुना क्यानडा हो। त्यसको अर्थ दुई तह मिलेर काम गर्ने अवधारणा हो। संघीय सरकारले प्रदेशको समस्यालाई हल गर्ने गरी श्रोत उपलब्ध गराइदिन्छ। नेपालको संघीयता समन्वयात्मक होइन। श्रोत ९ प्रतिशत मात्र दिने गरिएको छ, वित्त आयोगले त्यसो गर्ने गरेको छ। विभिन्न मुलुकको अवस्था हेर्दा हामीले नियन्त्रणमुखी व्यवस्था गरेका छौं। कानून बनाउन पाउने अनुसन्धान गर्न पाउने तर अभियोजन संघमा तान्ने प्रवृत्तिले संघीयतामा केन्द्रिकृत संघीय प्रणाली भएको धारणा व्यक्त गर्नु भयो।

वहाँले हालसम्मका सबै राजनीतिक परिवर्तनमा राजनीतिक पद्धती परिवर्तन भए पनि काठमाण्डौ केन्द्रित विषय परिवर्तन नभएको, राणा कालका निर्णयकर्ताहरु परिवर्तन नभएका, काठमाण्डौ केन्द्रित शक्तिको अभ्यासको मानसिकता अहिले पनि रहेको, अपराधका सम्बन्धमा भारतमा समेत अधिकांश मुद्दामा प्रदेश प्रहरीले हेर्ने गरेकोमा त्यति पनि यहाँ नदिइएको र यी सबै कुरा प्राप्त गर्ने तरिका संविधान संशोधन मात्र भएको विचार व्यक्त गर्नु भयो।

वहाँले प्रदेशस्तरमा निकाशको लागि नियमावली बनाएर जाने गर्नुपर्ने, निर्देशिका मार्फत जाने हो भने निरंकुश हुने, मन्त्रीहरु प्रदेश सभामा लगातार जाने, समितिको बैठकहरुमा भाग लिने सुझावहरु दिंदै संसदीय व्यवस्थामा संसदले सरकारको नियन्त्रण गर्ने जिम्मा समितिको भएको, समितिले मन्त्रीलाई बोलाउदा मन्त्री नजाने, स्पष्टता नदिने र मागेका विवरण पनि नदिने अभ्यास गलत भएको स्पष्ट पार्नु भयो। समितिले दिएको निर्देशन मन्त्रीले कार्यान्वयन गर्नु पर्ने, संसदीय व्यवस्था भनेको संसदको त्यसैको सर्वोच्चता भएको भए पनि सरकार र सदनवीचको सम्बन्ध भएन भन्ने विषय गम्भिररुपमा उठेको, मन्त्रीहरु नियमितरुपमा मन्त्रालयमा नगएको, सहयोगीले चलाउने गरेको, भन्ने जस्ता आरोपहरु सुनिने गरेकोले त्यसप्रति गम्भिर हुन आवश्यक रहेको, मन्त्रीहरुले राज्यमन्त्रीलाई

मन्त्रीनै नमान्ने कुरा पनि आएका छन्, यस्ता कुरामा अर्कोलाई मात्र दोष दिने अधिकार नहुने भएकाले सचेत रहन सुझाव दिनु भयो।

| चौथो सत्र | **वित्तीय संघीयतामा प्रदेश सरकारः चुनौती र अवसर तथा प्रदेश सरकारको बजेट निर्माण र कार्यान्वयन** |
|---|---|
| अध्यक्षता | **श्री विजय कुमार यादव, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय** |

चौथो सत्रमा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। जसमा पहिलो कार्यपत्र श्री बालानन्द पौडेल र दोस्रो कार्यपत्र प्राध्यापक श्री उमाशंकर प्रसादले प्रस्तुत गर्नुभयो।

## कार्यपत्र प्रस्तुती

### श्री बालानन्द पौडेल, अध्यक्ष, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग

अध्यक्ष पौडेलले नेपालको संघीय स्वरुपका सम्बन्धमा ७५३ पालिकामा सबै भुगोल र सबै जनसंख्या समेटिएको, नेपाल ३ तहबाट शासित हुनेहुँदा प्रशस्त ओभरल्यापका ठाउँहरु रहेको, तीन तहको काममा प्रष्टता भएन भने समस्या हुने र प्राकृतिक श्रोत तथा वित्त आयोग ३ वटै तहको समदुरीमा बसेर काम गर्ने धारणा व्यक्त गर्नु भयो। प्रस्तुतीका क्रममा वहाँले तीनवटै तहको साझा अधिकार संसारका कुनै संविधानमा नभएको र वित्तीय संघीयता नेपालको निम्ति र संसारको निम्ति समेत नयाँ विषय भएको जानकारी समेत दिनु भयो।

वहाँले खर्च र जिम्मेवारीको बाँडफाड, राजश्वको बाँडफाँड, प्रशासनिक खर्च केवल आन्तरिक श्रोत र रिणबाट मात्र पाईने, वित्तीय समानीकरण अनुदान महत्वपूर्ण रहेको, यसले ग्यापलाई सम्बोधन गर्ने समेतका धारणाहरु व्यक्त गर्नु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्नो प्रतिक्रियाहरु राख्नु भएको थियोः–

### श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

अध्यक्ष पौडेलले गर्नु भएको प्रस्तुतीमा श्री यादवले संविधानमा भएको व्यवस्था र कानूनमा भएको व्यवस्थाका आधारमा हुने व्याख्या प्रस्तुतीमा उपयुक्त ढंगबाट नै आएको, संघ प्रदेशहरुको युनियन हो, एकाई होइन साझेदार होभन्ने बुझाईमा समस्या रहेको, संघ भनेको एउटा राजनीतिक रुपले प्रदेशलाई जोड्ने कडी भए पनि त्यसतर्फ ध्यान जान नसकेको धारणा व्यक्त गर्नु भयो।वहाँका अनुसार संघीयताको जीवन प्रणाली वित्तीय संघीयता हो। यसमा धेरै बहसको आवश्यकता छ। या त उछिटिएर जानु पर्‍यो या ठोकिएर जानु पर्ने हुन्छ। संघीयताले जानपनि नदिने र ठोकिन पनि नदिने गर्दछ। मुलुकको श्रोतमा साझेदार गर्दछ। कुनै प्रदेशमा हिरा खानी छ भने संघले बाँडफाँड गर्दछ। चाइना एकात्मक हो तर संघीयताको अभ्यास र अवधारणा छ, अधिकारको बाँडफाँड हुन्छ। प्रदेशलाई कमजोर बनाएर संघ बलियो हुँदैन। अमेरिकी संघीयताले संघलाई बलियो बनाएको छ। संघले सुरक्षा,

मुद्रा र परराष्ट्रमा बलियो छ अन्य विषयमा प्रदेशहरुलाई जिम्मा दिइएको छ। क्यानडाको सामाजिक सुरक्षाको पद्धती निकै राम्रो छ। केन्द्रिकृत पद्धतीबाट आएको मुलुकले त्यो मानसिकताबाट मुक्त हुन आवश्यक छ भन्ने जस्ता महत्वपूर्ण सुझावहरु दिनु भयो। प्रदेश सरकारले प्रदेश सभासँग समन्वय गरेर काम गर्न सक्नु पर्दछ। कानून निर्माणमा सहज हुने ऐन बमोजिम नियमावली बनाउनुपर्ने, बजेट र योजनामा सम्बन्धित सरोकारवालाको सहभागिता गराउन अनुरोध गर्नुभयो।

वहाँले फेरीपनि यसलाई परिमार्जन गर्न सविधान संशोधन आवश्यक रहेको धारणा व्यक्त गर्दै समान न्याय र समन्याय आवश्यक रहेको त्यसको लागि कर्णाली प्रदेश र प्रदेश नं. २ मा ध्यान दिन आवश्यक रहेको, प्रदेश २ मा सहजता छ, सुविधा छ, तर पनि मानव विकास सुचकाङ्कमा सबैभन्दा तल कसरी भयो भन्ने कुरामा ध्यान जान आवश्यक रहेको, सबै सुविधा यतै छ, तर सूचक तल छ, त्यसको कारण खोज्नु आवश्यक रहेको, नीतिगत कमजोरी भएका कारण पछाडि परेको धारणा राख्दै भविष्यको सोचेर अगाडि बढ्यो भने प्रगती हुन सक्ने सुझावहरु समेत दिनु भएको थियो।

## प्रदेश सरकारको बजेट निर्माण र कार्यान्वयन

### श्री उमाशंकर प्रसाद, प्राध्यापक

प्राध्यापक श्री प्रसादले योजना तर्जुमामा मानव श्रोत र प्राकृतिक श्रोतको विषय महत्वपूर्ण रहेको, प्रदेशको मुख्य समस्या मानव श्रोत रहेको, राजनीतिक क्षेत्रमा उत्पादनमा सहभागिता नभएको, युवा, महिलाहरुको समस्या भए पनि विशेषज्ञता नभएको, वैशाखदेखि आषाढसम्म योजना तर्जुमा हुने भए पनि सूची उपयोग नभएको, पुराना र नयाँ कर्मचारीको संयोजन आवश्यक रहेको, योजना तर्जुमा दिग्दर्शन तर सही ढंगबाट उक्त दिग्दर्शनको प्रयोग गर्नु नभएको, राष्ट्रिय निर्देशिकाले प्रदेशमा कामगर्न कठिनाई हुने गरेको, परियोजना बैंकको लागि योजनाबद्धरुपमा काम गर्नुपर्ने आवश्यकता रहेको, तयारीमा समन्वयको अभाव रहेको, राजनीतिक हस्तक्षेप बढी भएको, पूजीको समस्या र सहभागितामा कमी, संसदमा छलफल कम हुने जस्ता समस्याका कारण प्रदेश कमजोर हुँदै गएको निष्कर्ष सहित वहाँले संघलाई २५ प्रतिशत प्रदेशलाई ४० प्रतिशत र स्थानीय तहलाई ३५ प्रतिशत हुनुपर्नेमा ९०, ५ र ५ प्रतिशतमा विभाजन भएको पूर्ण अवैज्ञानिक रहेको धारणा व्यक्त गर्नु भयो।

वहाँका अनुसार साधारण खर्च बढ्दै गएको, ६७ प्रतिशत र विकास खर्च ३३ प्रतिशत मात्र भएको, आयोगमा समावेशीकरण नभएको, योजना आयोगले निर्देशिका बनाएको तर त्यसका आधारमा काम गर्ने अभ्यास नहुने गरेका कारण प्रदेश नं. २ मा बेरुजुको अवस्था रहेको धारणा व्यक्त गर्नु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यपत्र प्रस्तुतीपश्चात सहभागीहरुबाट निम्न बमोजिम आ–आफ्नो प्रतिक्रियाहरु राख्नु भएको थियो:–

### श्री काशिराज दाहाल, सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार

श्री दाहालले सेवा प्रवाहको सम्बन्धमा तीन तहको अध्ययन हुनु आवश्यक रहेको, प्रदेश अझैपनि सिक्ने क्रममानै रहेका कारण समय लाग्ने, परिणाम र प्रक्रियासँगै गएको छैन। केही विषय फुकाउन समेत आवश्यक छ। २ नं. प्रदेशको खर्च ५० प्रतिशत पनि पुगेको छैन। खर्च गर्ने हो भने हालको बजेटले पुग्दैन। कर्मचारी बढाउदा साधारण खर्च बढ्छ,। योजनामा प्राथमिकीकरण गर्नु पर्दछ, दोहोरोपन हटाउनु पर्दछ। प्रदेशका योजनाहरु घोषणा भएका छन्

तर प्रदेशको बजेटले पुग्दैन, संघले सहयोग गर्नु पर्दछ। पूरा नभएका विकासले जनताको अपेक्षामा असर पार्दछ। स्थानीय तहले उठाएको गिटी बालुवा कर प्रदेशमा आएको छैन भन्ने जस्ता आफ्ना धारणाहरु राख्नु भयो।

### ■ श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार

मुख्यमन्त्रीले २ दिनको प्रशिक्षणको कार्यक्रममा विधेयक लगायतका विषयमा अत्यन्तै महत्वपूर्ण रहेको, यस अनुभवले आगामी दिनमा सहयोग गर्ने कुरामा आफु विश्वस्त रहेको धारणा व्यक्त गर्नु भयो। वहाँले प्रदेश २ को हदमा सम्वृद्धि र विकासका आधारहरु प्रशस्त रहेको तर एचडिआईमा तल परेको, सानो भूगोलमा जनसंख्या बढी भएको, त्यसैलाई आधार बनाएर श्रोत विनियोजन गर्नु आवश्यक रहेको, करिव ९५ प्रतिशत बजेट संघसँग रहेकोमा समस्या आगामी दिनमा हल हुने कुरामा आशावादी रहेको, सेवा प्रवाहका विषयमा भुगोल र जनसंख्या एउटै भएकोमा आग्रह पूर्वाग्रह भन्दा पनि जनतालाई कसरी प्रभावकारी सेवा दिन सकिन्छ भन्ने कुरामा ध्यान दिनु आवश्यक रहेको र संविधानका सूचीभित्र रहेर आफ्नो आफ्नो काम गर्ने तथा व्यवस्थामा टेकेर अगाडि बढ्दा उपयुक्त हुने धारणा राख्नु भयो।

वहाँले प्रादेशिक सरचना नयाँ भए पनि बीचको सरकारलाई प्रभावकारी बनाउनु पर्नेमा त्यसो नगरिएको, कोरोना महामारीमा प्रदेश र स्थानीय तहले आफ्ना महत्वपूर्ण भूमिका निर्वाह गरेका, सबैले आफ्नै हिसावले काम गरेका छन् तर तीन तहको समन्वय भएमा प्रभावकारी काम हुन सक्ला भन्ने अपेक्षा गरिएकोमा त्यसो हुन नसकेको, आफुहरुले भने ८ वटै जिल्लामा पिसिआर मेसिन राखेर काम गरेको भन्दै प्रदेश २ लाई प्राथमिकता दिनु पर्ने, कृषि, शिक्षा, स्वास्थ्यमा धेरै सुधार गर्न सकिने र प्राकृतिक श्रोत तथा वित्त आयोगले प्रथामिकता दिनेछ भन्ने अपेक्षा रहेको धारणा राख्नु भयो।

### ■ श्री बालानन्द शर्मा, अध्यक्ष, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग

सहभागीहरुबाट उठेका प्रश्नहरुको जवाफ दिंदै वहाँले ७० प्रतिशत जनसंख्यालाई दिएकोमा कर्णालीमा भूगोललाई कम महत्व दिएको विषय उठेको, आएको रकमको अधिकतम उपयोग गर्ने वातावरण बनोस भन्ने धारणा आयोगको रहेको, श्रोत चाहिन्छ भन्ने कुरामा विवाद नरहेको, ७०/३०/३० संघको एकल अधिकार भित्रको विषय हो (अनुसूची ५ अन्तर्गत संघीय कानून अन्तर्गत भएको हो।), कुल उत्पादनको २३ प्रतिशत राजश्व मोविलाईज गर्दछौं, यो चिन्ताजनक छ। ढुङ्गा गिटी बालुवा अनुसूची ९ मा २ ठाउँमा छ। संघले दावि नगरेकोले पाएको छैन स्थानीय तहलाई मात्र दिएको छ भन्ने प्रतिक्रियाहरु दिनु भयो।

## अध्यक्षबाट मन्तव्य

### ■ श्री विजयकुमार यादव, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

मन्त्री यादवले नेपालको संघीयताको मोडलनै संसारमा नभएको फरक खालको भएको देखा परेको, तीन तहको आर्थिक विषयको बाँडफाँडका सम्बन्धमा यातायात, मालपोत लगायतका विषयमा खासै उपलब्धिमूलक नभएको, ६७ प्रतिशत चालु खर्च र ३३ प्रतिशत विकास खर्च हुनु गलत भएको, संक्रमणकालमा भएका कारण जान, अन्जान तरिकाले समस्याहरु आउने गरेको, संघ समेत सरकार सञ्चालन गर्ने सम्बन्धमा अनुभवी भए पनि यो संविधानका सम्बन्धमा अनुभवी नभएका कारण समेत समस्या आएको धारणा व्यक्त गर्नु भयो। हामीले विभिन्न मन्त्रालय र कर्मचारीसँग समन्वय गरेर बजेट बनाउने र कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै आएको जानकारी दिनुभयो।

उच्च अदालत जनकपुर, मुख्य न्यायाधिवक्ताको कार्यालय र नेपाल कानून समाजद्वारा आयोजित

# न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश/स्थानीय सरकारको अपेक्षा तथा भूमिका विषयक कार्यशाला

बर्दिवास, महोत्तरी, प्रदेश नं २ ● चैत्र ७, २०७७

**कार्यक्रम प्रतिवेदन**

## १. पृष्ठभूमि

नेपाल कानून समाजले स्वीस राजदूतावाससँग सहकार्यमा प्रदेश नं २ को कानून निर्माण, क्षमता अभिवृद्धि र शासनको बारेमा विगत एक वर्षदेखि कार्य गर्दै आएको छ। उक्त परियोजना अन्तर्गत प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिकालाई सहयोग गर्ने तीनवटा आयामहरु रहेक छन्।

संविधान कार्यान्वयन र संविधान बमोजिम संसदीय अभ्यास, लोकतान्त्रिक तथा समावेशी कानून निर्माण तथा संघीय मूल्य तथा मान्यता र यी सवालहरुमा प्रदेश सरकार तथा प्रदेश सभाको विशेष भूमिकाको सम्बन्धमा छलफल गर्नका लागि नेपाल कानून समाजले प्रदेश नं २ को प्रदेश सभा सचिवालय तथा प्रदेश मुख्यमन्त्रीको कार्यालयसँग सहकार्य गरी २०७७ माघ ८ र ९ मा बर्दिवासको होटल पावन मिथिलामा एक छलफल कार्यशालाका आयोजना गरेको थियो।

न्यायसेवा प्रदान र प्रदेश सरकार तथा स्थानीय सरकारको अपेक्षा तथा भूमिकासँग सम्बन्धित परियोजनाको तेश्रो कार्यक्रम सम्पन्न भएको छ। यसै अन्तर्गत सो प्रदेशका उच्च अदालतका न्यायाधीशहरु तथा जिल्ला अदालतका न्यायाधीशहरुसँग एक अर्न्तक्रिया कार्यक्रम २०७७ चैत्र ७ मा वर्दिवास स्थित होटल पावन मिथिलामा आयोजना गरिएको थियो। उक्त अर्न्तक्रिया कार्यक्रममा उच्च अदालत जनकपुर, वीरगञ्ज र राजविराजका न्यायाधीशहरु तथा जिल्ला अदालतहरु धनुषा, महोत्तरी, सर्लाही, सिरहा, बारा, पर्सा, रौतहट र सप्तरीका न्यायाधीश तथा वरिष्ठ कर्मचारीहरुको सहभागिता रहेको थियो।

## २. कार्यक्रमको उद्देश्य

- प्रदेश नं २ का उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा रजिष्ट्रारहरुलाई एकै स्थानमा भेला गरी प्रदेशस्तरीय न्यायपालिकाको योगदान तथा चुनौतिहरुको बारेमा छलफल गर्ने,
- प्रभावकारी न्याय सेवा प्रवाहका लागि प्रदेश न २ का न्यायाधीशहरु, अदालतका पदाधिकारीहरु/कर्मचारीहरु, र प्रदेश सरकारका पदाधिकारीहरु/कर्मचारीहरु बीच संवादका लागि सहजीकरण गर्ने,
- प्रदेश न २ को प्रदेश सरकार तथा स्थानीय सरकारहरुले निर्माण गरेका कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश न २ का न्यायाधीशहरु, अदालतका पदाधिकारीहरु/कर्मचारीहरु, र प्रदेश सरकारका पदाधिकारीहरु/कर्मचारीहरु बीच संवादका लागि सहजीकरण गर्ने,

- संघीयताको कार्यन्वयनका लागि तथा न्यायपालिका प्रति आम नागरिकको भरोसा विश्वास अभिवृद्धिका लागि न्यायपालिकाको भूमिकाको संवादका लागि सहजीकरण गर्ने,
- स्थानीय तहको न्यायका साथसाथै स्थानीय न्यायिक समितिका बनौट र उनीहरुको कार्य सम्पादन र उनीहरुले भविष्यमा प्रभावकारी सेवा प्रवाहका लागि निर्माण गर्न पर्ने रणनीतिको सम्बन्धमा समीक्षा गर्न, र
- प्रदेश नं २ का नागरिकको न्यायमा पहुँच सम्बन्धीको अवस्था तथा त्यसमा अभिवृद्धि गर्न उनीहरुले भविष्यमा निर्माण गर्ने रणनीतिको सम्बन्धमा समीक्षा गर्न ।

## ३. कार्यक्रमको मुख्य उपलब्धी

- प्रदेशस्थित उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु तथा न्यायालयका अधिकारीहरु गरी जम्मा ६५ जना सहभागी एकैथलोमा जम्मा भई आ–आफ्नो विषयमा छलफल गर्ने अवसर प्राप्त भएको,
- पहिलो पटकनै प्रदेशस्तरका मुख्यमन्त्री तथा मन्त्रीहरु र उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरु बीच छलफल सम्पन्न भएको,
- प्रदेश तथा स्थानीय तहबाट निर्माण भएका कानूनहरु कार्यान्वयन गर्ने सम्बन्धमा सबै न्यायाधीशहरु बीच एकरुपता कायम भएको तथा सकारात्मक प्रतिक्रियाहरु प्राप्त भएको,
- प्रदेश सरकारबाट न्यायालयको लागि आवश्यक भौतिक पूर्वाधार, जनविश्वास विस्तार गर्न तथा श्रोत, साधन र कार्यक्रमहरु उपलब्ध गराउने प्रतिबद्धता प्राप्त भएको,
- सरकार र अदालत दुबैबाट स्थानीय न्यायिक समितिलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको,
- प्रदेशस्तरमा नमुना स्थानीय न्यायिक सेवा तालिम केन्द्र स्थापना गर्ने सहमती भएको,
- सरकार र अदालत बीच त्रैमासिक बैठक सञ्चालन गर्ने समेत सहमती भएको, आदि ।

## ४. कार्यक्रमको लक्षित समूह

- उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरु, जिल्ला अदालतका न्यायाधीशहरु, अदालतका अधिकृत तथा अन्य कर्मचारीहरु, प्रदेश मुख्यमन्त्री तथा मन्त्रीहरु र प्रदेश मुख्य न्यायाधिवक्ता ।

## ५. कार्यक्रम सञ्चालनमा देखा परेका मुख्य चुनौतिहरू

- नोभेल कोरोना भाईरस (कोभिड१९) को महामारीले कार्यक्रम कार्यन्वयनमा ढिलो हुन गयो, प्रस्तावित कार्यक्रम गत वर्ष नै सम्पन्न हुनुपर्थ्यो ।
- न्यायाधीशहरु, राजनीतिक दलका नेता तथा सरकारको नेतृत्व गर्नेहरुसँग खुलेर कुरा गर्न चाहदैनन् ।
- कार्यक्रमले प्रदेश नं २ का सबै जिल्ला समेट्ने प्रयास गरेको भए पनि कार्यक्रमबाट सबै न्यायाधीशहरुको होटलको व्यवस्था हुन नसक्दा केही जिल्ला अदालतका न्यायाधीशहरु आफ्नो कार्यस्थलबाट लामो दुरीको यात्रा गरी कार्यक्रम स्थलसम्म आउनका लागि केही समस्या भोग्नु पऱ्यो ।
- कार्यक्रममा उच्च तहका नेतृत्व, मुख्यमन्त्री, मन्त्रीहरु, सर्वोच्च अदालतका न्यायाधीश, उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको सहभागिता रहने हुँदा सबैलाई अनुकूल हुने समय तय गर्न निकै चुनौतिपूर्ण रह्यो ।

- एकै दिनमा चारवटा छलफल सत्र व्यवस्थापन गर्न समयको व्यवस्थामा चाप भएको।
- कार्यशालामा ५० देखि ६० न्यायाधीश वा कर्मचारी मात्र समावेश गर्न सकिने हुँदा सबै जनालाई कार्यशालामा सहभागिता गराउन सहज नभएको।

## ६. कार्यक्रमले सिकाएको मुख्य पाठ

- कार्यशालामा सर्वोच्च अदालतका वहालवाला न्यायाधीश तथा पूर्व प्रधानन्यायाधीशको उपस्थितिले प्रदेशबाट ठुलो संख्यामा न्यायाधीशहरुको सहभागिता आकर्षित गराउनका लागि सहयोग पुग्यो।
- कार्यशालामा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रीहरुको सहभागिता रहनाले वरिष्ठ न्यायाधीशहरुको कार्यक्रममा पूर्ण अवधिभरको सहभागिता आकर्षित गराउनका लागि सहयोग पुग्यो।
- परियोजनाबाट भ्रमण खर्च तथा आवासको खर्च व्यहोर्नाले सहभागीहरुको कार्यशालामा अर्थपूर्ण सहभागिताको सुनिश्चिताको लागि सहयोग पुग्यो।
- सहभागितामूलक छलफलको नमुनाले रचनात्मक संवादमा सहयोग पुग्यो।
- कार्यक्रम पूर्वका तयारी बैठकको आधारमा छलफलका विषय वस्तुको छनौंटले सरोकारवालाहरुको कार्यक्रममा रुची बढाउन मद्दत पुग्यो।
- सबैलाई पायक पर्ने हिसावले केन्द्रको छनौंट पनि कार्यक्रमलाई सफल पार्न उपयोगी हुन पुग्यो।
- कार्यशालामा सर्वोच्च अदालतका वहालवाला न्यायाधीश तथा प्रदेश सरकारको मुख्यमन्त्रीको उपस्थितिले न्यायाधीशहरुलाई कार्यक्रमको छलफल तथा नीति निर्माण र सेवा प्रदान गर्न रचनात्मक रुपमा उपयोगी हुन्छ भन्ने कुरा महशुश गर्न सहयोगी सिद्ध भयो।

## ७. कार्यक्रमको संक्षिप्त विवरण

### ७.१. उद्घाटन सत्र



उच्च अदालल जनकपुर, मुख्य न्यायाधिवक्ताको कार्यालय र नेपाल कानून समाजद्वारा आयोजित “न्यायपालिकाको सेवा प्रवाहमा प्रदेश सरकार तथा स्थानीय सरकारको अपेक्षा तथा भूमिका” विषयक एक दिने कार्यशाला गोष्ठी उच्च अदालल जनकपूरका मुख्य न्यायाधीश श्री प्रकाशचन्द्र गजुरेलको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले न्यायाधीशहरु, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीहरु, अदालतका अधिकृत तथा कर्मचारी लगायतका अन्य विशिष्ट सहभागीहरुलाई स्वागत गर्नु भएको थियो। कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै कार्यकारी निर्देशक श्री प्रधानले नेपाल कानून समाजले काठमाण्डौमा अवस्थित स्वीस राजदूतावाससँग मिलेर प्रदेश नं २ को सरकार, प्रदेश सभा तथा न्यायपालिकाको क्षमता अभिवृद्धि

तथा सेवा प्रदानको लागि कार्य गर्दै आएको बताउनु भयो। श्री प्रधानले कार्यक्रमको लक्ष्य केवल कानून निर्माण तथा त्यसको कार्यान्वयनमा मात्र नभई सरोकारवालाहरुसँग संवाद मार्फत सहजीकरण गरेर क्षमता अभिवृद्धि तथा समन्वय गर्नु समेत रहेको बताउनु भयो। कार्यक्रमको तेश्रो कार्यशालाको रुपमा प्रदेशस्तरका न्यायपालिका सबै वरिष्ठ न्यायाधीशहरुलाई कार्यक्रममा आमन्त्रण गरेर अन्तरक्रिया भैरहेको र यसका कारण प्रदेश सरकारका नेतृत्वसँग अर्थपूर्ण सम्वाद हुन सक्ने अवस्था रहेको समेत उहाँले उल्लेख गर्नु भयो। यस कार्यक्रमले विभिन्न कानूनहरुको व्याख्याको क्रममा एक रुपताको बुझाई निर्माण गर्न सहयोग पुग्नको साथै उहाँहरु बीच नजिकबाट समन्वय गर्ने अवस्थाको निर्माणमा समेत सहयोग पुग्ने बताउनु भयो। यस कार्यक्रम पछि नेपाल कानून समाजले स्थानीय सरकारको कानून निर्माण, कानून कार्यन्वयन तथा न्यायिक सेवाको क्षेत्रमा कार्य गर्ने सम्बन्धमा विभिन्न कार्यक्रम गर्ने कार्यकारी निर्देशकले सो अवसरमा बताउनु भयो।

## कार्यक्रममा अतिथिहरूको मन्तव्य

उद्घाटन सत्रमा अतिथिहरुले आ–आफ्ना धारणाहरु व्यक्त गर्नु भएको थियो।

### श्री दीपेन्द्र झा, मुख्य न्यायधिवक्ता, प्रदेश नं. २



कार्यक्रममा आफ्नो भनाई राख्दै मुख्य न्यायाधिवक्ता झा आफु शुरुको योजना निर्माणको चरणदेखि सहभागी रहेको बताउनु भयो। उहाँले प्रदेश सरकार, प्रदेश सभा तथा प्रदेश न्यायपालिकासँगको परामर्शमा उहाँहरुकै अनुरोधमा यो परियोजनाको कार्यक्रमको निर्माण गरेको बताउनु भयो। प्रदेश सरकार तथा प्रदेश सभासँग यसअघि भएको अन्तरक्रिया कार्यक्रमहरु निकै उपयोगी भएको उहाँले बताउनु भयो। परियोजनाको तेश्रो कार्यक्रम न्यायपालिकासँग सम्बन्धित रहेको र यसमा मुख्य न्यायाधिवक्ताको कार्यालय समेत नेपाल कानून समाजसँग आयोजकको रुपमा जोडिएको बताउनु भयो। परियोजनामा स्वीस राजदूतावासको सहयोगको लागि उहाँले दूतावासलाई धन्यवाद् समेत प्रदान गर्नुभयो। उहाँले कार्यक्रममा उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरुको साथै प्रदेश सरकारको मुख्यमन्त्रीको समेत सहभागिता रहने बताउनुभयो। उहाँले कार्यक्रमका सबै सहभागीहरुलाई आफ्ना विचार तथा भनाईहरु स्पष्टसँग र खुला रुपमा राख्न पनि आग्रह गर्नु भयो।

### श्री सारङ्गा सुवेदी, मुख्य न्यायाधीश, उच्च अदालत, विरगञ्ज



कार्यक्रममा आफ्नो भनाई राख्दै उच्च अदालत, वीरगञ्ज ईजलाशका मुख्य न्यायाधीश श्री सारङ्गा सुवेदीले यस प्रकारको संवाद कार्यक्रममा आफुले पहिलो पटक भाग लिएको बताउनु भयो। आफु वीरगञ्ज उच्च अदालतको न्यायाधीश रहँदाको वखतको आफ्नो अनुभव सुनाउँदै उहाँले अन्य प्रदेशको भन्दा यस प्रदेशको न्यायपालिकाको चुनौती फरक रहेको बताउनु भयो। न्याय सम्मको पहुँचको अभावको साथसाथै अदालतको

ढोकासम्म नागरिक पुग्न नसक्ने उनीहरुको अक्षमता यस प्रदेशको मुख्य चुनौती रहेको बताउनु भयो। उहाँले अगाडि भन्नु भयो यस प्रदेशको अदालतमा पुग्ने मुख्य विवाद या त अपराधसँग यात ईगोसँग सम्बन्धित रहेका हुन्छन्। यस खाले चुनौतीका पछाडि यस क्षेत्रमा व्याप्त अशिक्षा तथा गरीबी रहेको समेत उहाँले बताउनु भयो । प्रदेश सरकार र न्यायपालिकाको नजिकको सहकार्यले यस प्रकारका चुनौती उपर विजय पाउन सकिनेमा आफु आशाबादी रहेको समेत उहाँले बताउनु भयो। यस कार्याशाला त्यस्ता चुनौतिहरुलाई सहजीकरण गर्न र व्यवस्थापन गर्न सहज हुने समेत उहाँले आशा व्यक्त गर्नु भयो। यस कार्यमा सहयोग गर्न मुख्यमन्त्री र सरकारलाई अनुरोध गर्नु भयो।

## श्री डिल्ली आचार्य, मुख्य न्यायाधीश, उच्च अदालत, राजविराज



उच्च अदालत, राजविराजका मुख्य न्यायाधीश श्री डिल्ली आचार्यले कार्यक्रममा आफ्नो भनाई राख्दै आफु नेपाल कानून समाजको सदस्यका नाताले विगत दुई दशकदेखि समाजको कार्यक्रममा निरन्तर सहभागी हुँदै आएको बताउनु भयो। आफु यस कार्यक्रमको एउटा हिस्सा हुन पाएकोमा उहाँले खुशी पनि व्यक्त गर्नु भयो। आफुले न्यायाधीशको रुपमा प्रदेश नं २ मा वीरगञ्जमा २ वर्ष र राजविराजमा १ वर्ष गरी ३ वर्ष काम गरेको र यस प्रदेशको न्यायपालिकाले सामना गरेका चुनौती अन्यत्रको भन्दा फरक रहेको बताउनु भयो। न्यायपालिकाको समस्याको वारेमा प्रदेश मुख्यमन्त्री स्वंयले चासो र सरोकार राख्नु भएकोमा आफुलाई खुशी लागेको समेत उहाँले बताउनु भयो र त्यसको लागि मुख्यमन्त्रीलाई धन्यवाद समेत ज्ञापन गर्नुभयो। यस प्रदेशमा अन्यत्रको भन्दा बढी मुद्दा रहेको भन्दै उहाँले भन्नु भयो यस प्रदेशमा नेपाल भरीको मुद्दाका १८ प्रतिशत मुद्दा रहेको समेत जानकारी दिनुभयो। व्यावसायिक अभिवृद्धिको अभाव लगायतका अन्य कारणहरुले न्यायाधीशहरु यस प्रदेशमा सरुवा भई आउन नमान्ने स्थिति रहेको समेत उहाँले अवगत गराउनु भयो। उहाँले प्रदेश सरकारलाई यस प्रदेशमा आउने न्यायाधीशहरुलाई बढुवाका लागि उत्प्रेरणा (ईन्सेन्टिभ) वृद्धि गर्न समेत आग्रह गर्नु भयो। उहाँले न्यायिक सेवाको उपयोग गर्नका लागि मानिसलाई विश्वस्त तुल्याउन पनि ठुलो चुनौति रहेको समेत औंल्याउनु भयो। एकातिर प्रदेश सरकार प्रदेश न्यायपालिका प्रति त्यति सकारात्मक छैन भने अर्को तिर सेवा प्रदान सम्बन्धमा उहाँहरुको ठुलो अपेक्षा रहेको समेत उहाँले बताउनु भयो । प्रदेश सरकार र उच्च अदालतहरु बीच समय–समयमा सवालहरुमा संवाद गरी न्यायाधीश र कर्मचारीहरुको मनोवल बढाउन पहल गर्नका साथै सेवाग्राहीहरुलाई न्याय सरल र सुलभको साथ–साथै पाउँछौं भन्ने जनविश्वास बढाउनुपर्ने विचार राख्नुभयो।

## श्री ज्ञानेन्द्र कुमार यादव, मन्त्री, आन्तरिक मामिला तथा कानून, प्रदेश सरकार, प्रदेश नं. २

कार्यक्रममा आफ्नो भनाई राख्दै मन्त्री श्री कुमार यादवले आफ्नो माग अनुसार नै नेपाल कानून समाज र स्वीस राजदूतावासले आफ्नो प्रदेशमा कार्यक्रम गरेकोमा समाज र दूतावासलाई धन्यवाद ज्ञापन गर्नु भयो। मन्त्री यादवले आफु यस पूर्वको प्रदेश सरकार र प्रदेश सभासँगको कार्यक्रममा पनि प्रसन्न रहेको बताउनु भयो। मन्त्री यादवले उच्च स्तरका न्यायाधीशहरुको सहभागितामा सम्पन्न यस प्रकारको कार्य भविष्यमा पनि सहकार्य र बुझाईको अभिवृद्धि गर्नका लागि राम्रो अवसर भएको बताउनु भयो। प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयलाई परिचालन गरेर प्रदेश सरकारले न्यायपालिकासँग उदाहरणीय सहकार्य गर्न खोजेको पनि मन्त्री यादवले बताउनु भयो। उहाँले



यसले गर्दा सेवाग्राहीलाई पनि मद्दत नै मिल्नेछ भन्ने विश्वास राख्नु भयो। अदालतका निर्णय तथा फैसलाहरुको कार्यन्वयनको सम्बन्धमा उहाँले प्रदेश सरकारको तर्फबाट प्रतिबद्धता समेत जाहेर गर्नुभयो । उहाँले स्थानीय न्यायिक समितिले भोगेका विभिन्न समस्याहरुको बारेमा समेत आफ्नो धारणा राख्नुभयो र प्रदेश सरकार ती समितिहरुलाई सहयोग गर्न चाहेको समेत बताउनु भयो । साथै त्यसका लागि प्रदेश सरकारले सबै स्थानीय तहका न्यायिक समितिहरुमा कानून अधिकृत खटाउने समेत बताउनु भयो । उहाँले अदालतलाई स्थानीय न्यायिक समितिको अनुगमन गरी त्यस्तो अनुगमनबाट प्राप्त निष्कर्ष पनि आफुहरुसँग राख्न पनि आग्रह गर्नु भयो ता की प्रदेश सरकारले ती समस्यालाई सम्बोधन गर्न सकोस। कार्यक्रमको अन्तमा मन्त्री यादवले प्रदेश २ का सरकार, प्रदेश सभा र न्यायपालिकाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम निरन्तर सञ्चालन गर्नुका साथै स्थानीय सरकारलाई पनि कानून निर्माण र सेवा प्रवाहमा सहयोग गर्ने कार्यक्रमहरु सञ्चालन गर्न अनुरोध गर्नुभयो।

## श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार, प्रदेश नं. २

कार्यक्रममा आफ्नो भनाई राख्दै मुख्यमन्त्री राउतले कार्यक्रम आयोजक तथा कार्यक्रमका सबै सहभागीलाई धन्यवाद ज्ञापन गर्नु भयो।  आफ्ना मागको आधारमा नै परियोजनाको कार्यक्रमा आएकोमा मुख्यमन्त्री राउतले खुशी व्यक्त गर्नु भयो । प्रदेश नं २ मा नेपाल कानून समाजले स्वीस राजदूतावाससँग सहकार्य गरी विशेष कार्यक्रम गरेकोमा समाजलाई उहाँले धन्यवाद ज्ञापन गर्नु भयो। उहाँले अगाडि थप भन्नुभयो यस अगाडि भएको दुईवटा कार्यक्रमले ल्याएको सकारात्मक परिवर्तनको साक्षी उहाँ आफै हुनुहुन्छ। विधेयक निर्माण प्रक्रियाको सम्बन्धमा भएको अभिमुखीकरण पश्चात सो का लागि नागरिकसँग परामर्श गर्ने लगायतका सुधारका कार्यक्रमहरु उहाँ आफैले देख्नु भएको छ। त्यसैगरी प्रदेश सभासँगको कार्यक्रम पछि पहिले देखिने गणपूरक संख्याको अभाव जस्तो समस्याको पनि धेरै हदसम्म अन्त भएको छ र सरकार र सभा बीच समन्वयमा वृद्धि हुन पुगेको छ। त्यो भन्दा पनि अझ बढी उक्त अभिमुखीकरण पछि प्रदेश कर्मचारीतन्त्र प्रदेश सरकार प्रति विस्तारै जवाफदेही हुँदै गएको अवस्था छ, उहाँले अगाडि थप्नुभयो। यसै कार्यक्रमबाट पनि यस्तै परिणाम आउने अपेक्षा राखेको मुख्यमन्त्री राउतले बताउनु भयो। उक्त कार्यक्रममा आफु उपस्थित हुन पाएको यस मौकालाई सर्वोच्च अदालतका न्यायाधीश जो सर्वोच्च अदालतमा संवैधानिक वेञ्चको समेत सदस्य समेत हुनु हुन्छ, उहाँ समक्ष संघीयताको कार्यन्वयनको सम्बन्धमा प्रदेश नं २ ले सर्वोच्च अदालतमा दायर गरेको दर्जनौं मुद्दाहरुको सम्बन्धमा ध्यानाकर्षण गराउने अवसरको रुपमा पनि लिन चाहान्छु समेत भन्नुभयो। अदालतमा विचाराधीन मुद्दा निरोपण गर्न हुन जाने ढिलाईले सबैपक्षलाई मर्का परेको समेत उहाँले भन्नु भयो। यस कार्यक्रम पश्चात मुद्दा निरोपणमा छरितोपन आउने पनि उहाँले आशा व्यक्त गर्नु भयो। उक्त अवसरले प्रदेश सरकारलाई आफुले निर्माण गरेको कानून न्यायपालिकालाई बताउने एउटा अवसर समेत प्राप्त भएको र जसले



गर्दा ती कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने समेत बताउनु भयो। प्रदेश सरकारको तर्फबाट अदालतहरुसँग समन्वय र सहकार्य गर्ने समेत उहाँले प्रतिबद्धता व्यक्त गर्नु भयो। यस कार्यक्रममा माननीय न्यायाधीशहरुले भनेको जस्तै प्रदेश नं. २ का सेवाग्राहीहरुको न्यायमा पहुँच बढाउन र न्यायसेवाका न्यायाधीश र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न आगामी दिनमा नेपाल कानून समाजसँग सहकार्य गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने विश्वास दिलाउनु भयो।

## ■ श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार



श्री यादवले कार्यक्रम आयोजकलाई धन्यवाद ज्ञापन गर्दै आफ्नो भनाई राख्नु भयो। उहाँले प्रदेश नं २ मा यस प्रकारको कार्यक्रम आवश्यक भएकोले सो गर्नका लागि भनेर आफुले नेपाल कानून समाज र स्वीस राजदूतावाससँग कुरा गरेको स्मरण गर्नुभयो । उहाँले यस अघिका दुबै कार्यक्रममा पूर्ण अवधिभर भाग लिएको र यस कार्यक्रममा पनि त्यसै गर्ने बताउनु भयो। यस कार्यक्रमको ढाँचा त्यसरी नै तयार गरिएको थियो किनकि उनीहरु यस कुरामा विश्वस्त थिए कि प्रदेश नं २ का समस्या वा मुद्दाहरु सरकारका तीन अंगहरुको सहयोग, समन्वय र सहकार्यले मात्र समाधान हुन सक्थ्यो। प्रदेश नं २ अन्य प्रदेश भन्दा भूगोल, विकास र राजनीतिक रुपले समेत फरक रहेको बताउनु भयो। प्रदेश नं २ को सरकारले कुनै विधेयक तर्जुमा गर्दछ, त्यसले समस्या भोग्दछ, र त्यो समस्या उहाँ समक्ष आइपुग्छ उहाँले अगाडि भन्नुभयो। त्यसैगरी प्रदेश नं २ को प्रदेश सभाले कुनै विधेयक अनुमोदन गर्दछ, त्यसले समस्या भोग्दछ, त्यो विधेयक उहाँ समक्ष आइपुग्छ। त्यस्तैगरी न्यायिक सेवामा पनि केही समस्या छन् जुन समस्याहरु पनि पुनः उहाँ समक्ष आइपुग्छ। माननीय यादवले भन्नु भयो यी सबै समस्याको कारण समन्वय र सहकार्यको आवश्यकता यसमा उहाँ विश्वस्त हुनुहुन्छ। तसर्थ सहजीकरण संवाद कार्यक्रम सञ्चालन गर्न आवश्यक भनी उहाँले आयोजकहरुसँग कुरा गर्नु भएको थियो। न्यायपालिकासँगको अर्न्तक्रियाको सम्बन्धमा उहाँले न्यायाधीशहरुलाई आफ्ना कुराहरु राख्न र विषयवस्तुमाथि आफ्नो सुझाव प्रदान गर्न समेत आग्रह गर्नुभयो। उहाँले प्रदेश नं २ सरकारले उनीहरुका सरोकार वा मुद्दाहरु जहाँ जरुरी पर्दछ त्यँहा सम्बोधन गर्नेछ भन्नेमा विश्वास व्यक्त गर्नु भयो। उहाँले आफुले पर्याप्त श्रोत साधनको अभाव तथा न्यायमाथिको पहुँचमा समस्या रहेको वारे पनि सुनेको बताउनु भयो। त्यस्तो समस्याको सम्बोधनका लागि प्रदेश सरकारलाई आवश्यक कदम चाल्न पनि उहाँले आग्रह गर्नु भयो। उहाँले प्रदेश सरकारले कानून निर्माण गर्नु पछाडिको कारणलाई बुझ्न र त्यसको कार्यन्वयनमा सघाउन पनि आग्रह गर्नु भयो। कार्यक्रमको अन्तमा श्री यादवले प्रदेश नं. २ अन्य प्रदेशभन्दा फरक भएको हुँदा न्यायपालिका र सरकार बीच समय–समयमा छलफल गरी प्रमुख सवालहरुको पहिचान गरी न्याय सेवामा पहुँच वृद्धि गर्न र सेवा प्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न नेपाल कानून समाज र स्वीस राजदूतावासलाई अनुरोध गर्नुभयो।

## ■ श्री प्रतिज्ञा सिंखडा, राजनीतिक सल्लाहकार, नेपालस्थित स्वीस राजदूतावास

राजनीतिक सल्लाहकार श्री सिंखडाले नेपालस्थित स्वीस राजदूतावासले नेपाल कानून समाजसँग प्रदेश नं २ लाई तीनवटा कार्यक्रम संञ्चालन गर्नका लागि सहकार्य गरेको बताउनु भयो। कोभिड १९ को समस्याले दूतावासले यस पूर्वका दुईवटा कार्यक्रममा भने सहभागी हुन नसकेको बताउनुभयो। सिंगो नेपालमा संघीयताको



कार्यन्वयनका लागि प्रदेश नं २ मा विकास आवश्यक रहेको उहाँले बताउनु भयो। प्रदेश नं. २ का सरकार र प्रदेश सभाले संघीयता कार्यान्वयनमा सहयोग पुऱ्याएको विषयलाई स्वीस राजदूतावासले नजिकबाट हेर्दै आएको छ। संघीयता कार्यान्वयन र न्यायमा पिछडिएको समुदायको पहुँच वृद्धि गर्न आगामी दिनमा विभिन्न कार्यक्रम गर्न स्वीस सरकार सहयोग प्रदान गर्न इच्छुक रहेको बताउनु भयो। स्वीस अनुभव आदान प्रदान गर्नुको साँटो नेपालको आफ्नै विशिष्ट प्रकृतिको समस्या भएकाले स्वीस अनुभवलाई सन्दर्भको रुपमा मात्र हेर्न उचित हुने समेत उहाँले बताउनु भयो। नेपालको संवैधानिक व्यवस्था अनुसार नै संघीयता कार्यन्वयन गर्न यस्ता कार्यक्रमहरुले सहयोग पुर्‍याउनेछ भनी श्री सिंखडाले भन्नुभयो। कानूनको शासन कायम गर्न न्यायपालिकाको महत्वपूर्ण भूमिका हुने हुनाले स्विस सरकार यसमा आवश्यक सहयोग गर्न तयार रहेको समेत बताउनुभयो। कार्यक्रममा उच्च तहको सहभागिता रहेको हुनाले यस कार्यक्रमले उपयोगी सुझाव दिनेमा पनि उहाँले आशा गरेको बताउनु भयो। अन्तमा श्री सिंखडाले सहभागीहरु, प्रदेश सरकार, न्यायपालिका, प्रदेश सभा तथा नेपाल कानून समाज सबैलाई सहयोगको लागि धन्यवाद ज्ञापन गर्नु भयो।

## कार्यक्रमका अध्यक्षबाट मन्तव्य

### श्री प्रकाश चन्द्र गजुरेल, मुख्य न्यायाधीश, उच्च अदालत, जनकपुर

कार्यक्रममा अध्यक्ष मुख्य न्यायाधीश गजुरेलले न्यायाधीशहरु, मुख्यमन्त्री लगायत सबै वक्ताहरुले प्रदान गर्नुभएको रचनात्मक सुझाव तथा पृष्ठपोषणका लागि सबैको तारिफ गर्नु भयो। उहाँहरुको टिप्पणी तथा सुझावले प्रदेश सरकार, प्रदेश सभा र न्यायपालिका बीच समन्वय र सहकार्य गर्नका लागि विद्यमान अवस्थामा धेरै सुधार ल्याउनका लागि महत्वपूर्ण योगदान दिएको छ भन्नुभयो। प्रदेश स्तरीय न्यायपालिकाको अवसर र चुनौतीको सम्बन्धमा



माननीय न्यायाधीशहरुले राख्नु भएको दृष्टिकोण प्रति आफु पनि सहमत रहेकाले ती दृष्टिकोणहरुलाई समर्थन समेत गर्दछु भन्नुभयो। खाशगरी दुई खाले समस्या लामो समयदेखि विद्यमान रहेको बताउनु भयो। पहिलो न्याय प्रशासनमा कानूनी विधिको पालनामा समस्या र दोश्रो चाहिं अदालतका निर्णयहरुको कार्यान्वयनमा समस्याा। उहाँले अदालतका निर्णयको कार्यन्वयनको लागि प्रदेश सरकारको सहयोगको लागि आग्रह पनि गर्नु भयो। उहाँले प्रदेश सरकारका मुख्यमन्त्री तथा कानून मन्त्रीसँग प्रदेश नं २ मा आउने न्यायाधीशहरुको लागि व्यवसायिक क्षमता अभिवृद्धि सम्बन्धी उत्प्रेरणा युक्त कार्यक्रम ल्याउन आग्रह गर्नुभयो न्यायाधीशहरुलाई त्यँहा आएर काम गर्न रुची जागोस्। साथै उहाँले प्रदेशमा रहेका पदहरु पूर्ति गर्नका लागि सम्मानित सर्वोच्च अदालतसँग कुरा गर्न पनि सुझाउनु भयो। तत्कालै करारमा कर्मचारी नियुक्ति गर्ने प्रकृया अवलम्बन गर्न सके पनि तत्काललाई ठुलो राहत मिल्ने थियो, उहाँले अगाडि थप्नु भयो। साथै, प्रदेश सरकारको न्यायपालिकालाई सहयोग गर्ने केही ठोस, कार्य

जस्तो अदालतलाई आवश्यक भवन निर्माण गराउने जस्ता कार्यका लागि प्रदेश सरकारलाई धन्यवाद समेत प्रदान गर्नु भयो । उहाँले आवास तथा तालिम केन्द्रका भवन निर्माण गराउनका लागि थप सहयोग गर्न समेत आग्रह गर्नुभयो । त्यसैगरी सचेतना जगाउने कार्य संचालन गर्न तथा आवधिक रुपमा त्रैमासिक रुपमा संवाद कार्यक्रम संचालन गर्न समेत आग्रह गर्नुभयो। अन्तमा न्यायपालिकामा जनआस्था वृद्धि गर्न सबैभन्दा पहिले सेवाग्राहीहरुलाई अदातलसम्म आउने वातावरण बनाउनुपर्ने र समयमा नै न्यायसेवा प्रदान गर्न न्यायाधीश, कर्मचारी र भवनको सहज वातावरण बनाउनुपर्ने विचार राख्नुभयो । त्यसैगरी न्याय सेवा प्रदान गरेर मात्र पनि हुँदैन त्यसको कार्यान्वयनमा संघीय, प्रदेश र स्थानीय सरकार निरन्तर लाग्नुपर्ने र प्रदेश तथा स्थानीय सरकारले बनाएको कानून सबै अदालतमा नियमित रुपमा अनिवार्य पठाउनुपर्ने सुझाव दिनुभयो।

| | |
|---|---|
| पहिलो सत्र | **प्रदेश कानूनको निर्माण र विकास स्थितिको समीक्षा र प्रदेश कानून कार्यान्वयनमा न्यायपालिकाको सान्दर्भिकता** |
| अध्यक्षता | **श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश** |
| कार्यपत्र प्रस्तुत | **श्री दिपेन्द्र झा, मुख्य न्यायधिवक्ता**<br>**श्री लक्ष्मणलाल कर्ण, सदस्य, प्रतिनिधिसभा** |

कार्यक्रमको प्रथम कार्यसत्र पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले अध्यक्षता गर्नुभएको थियो। सो कार्यसत्रमा प्रदेश नं.२ का मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा र वरिष्ठ अधिवक्ता श्री लक्ष्मणलाल कर्णले **प्रदेश कानूनको निर्माण र विकास स्थितिको समीक्षा र प्रदेश कानून कार्यान्वयनमा न्यायपालिकाको सान्दर्भिकता** विषयक कार्यपत्रको प्रस्तुतीकरण गर्नु भएको थियो।



कार्यपत्र प्रस्तुतकर्ताहरुले प्रदेश २ को प्रदेश सभाबाट बनेका कानूनहरुको संख्या, कानूनले सम्बोधन गरेको मुद्दा, विषयवस्तु, सो कानूनको कार्यान्वयनको अवस्था र चुनौतीको विषयमा प्रकाश पार्नुभयो । उहाँहरुले प्रदेशमा निर्माण हुने कानूनहरुको कार्यान्वयनमा न्यायपालिकाको भूमिका सम्बन्धमा समेत चर्चा गर्नुभयो। उहाँहरुले प्रदेशले निर्माण गरेको कानूनका विरुद्ध अदालतमा दर्ता भएका मुद्दाहरुको बारेमा समेत जानकारी गराउनु भयो। अदालतमा ५० भन्दा बढी त्यस प्रकारका मुद्दाहरु विचाराधीन अवस्थामा रहेका छन् जस अन्तर्गत वन व्यवस्थापन,कर्मचारी व्यवस्थापन,प्रहरी, तीन तहबिचको समन्वय, भौतिक पूर्वाधार विकास, कोभिड व्यवस्थापनसँग सम्बन्धित छन् । उहाँहरुले प्रदेश सरकारले न्यायालयसँगको भौतिक संरचना निर्माण र सेवा प्रवाहका सम्बन्धमा समन्वय गर्न चालेका कदमहरुको बारेमा समेत उल्लेख गर्नुभयो । उहाँहरुले प्रदेश सरकार र न्यायपालिका बिचको सम्बन्धका सन्दर्भमा सतहमा देखिएको, भोगेका चुनौतिहरुको बारेमा समेत प्रस्ट पार्नुभयो । उहाँहरुले केही चुनौतीहरु बुँदागत रुपमा उल्लेख गर्नुभयो जसमध्ये

मुख्य रुपमा संघीय कानूनले प्रदेशको क्षेत्राधिकारमा हस्तक्षेप गरेको सम्बन्धमा प्रदेश सरकारले दायर गरेका क्षेत्राधिकार विवाद सम्बन्धस् मुद्दाहरुको सर्वोच्च अदालतको संवैधानिक वेञ्चमा सुनुवाईमा हुने ढिलासुस्ती, उच्च अदालतमा न्यायाधीश नियुक्ति हुँदा प्रदेश सरकारसँग समन्वय र सल्लाह नगर्नु, प्रदेश भित्रका उच्च अदालत र जिल्ला अदालतमा कर्मचारीको अभाव भएको र मुद्दाको चाप धेरै भएका कारण न्याय सम्पादनमा ढिलाई हुनु, न्याय परिषदलाई प्रदेश सम्म विस्तार गर्दै प्रदेश तहको पनि न्यायपालिका प्रति अपनत्व र सरोकार महसुस गर्ने वातावरण श्रृर्जना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँहरुले सहभागीहरु समक्ष सरकार र व्यवस्थापिकाको संरचना संघीय भएको तर न्यायपालिका एकात्मक हुँदा कसरी काम गर्न सकिन्छ भन्ने सम्बन्धमा पनि छलफल गर्न आग्रह गर्नुभयो । उहाँहरुले संघ,प्रदेश, र स्थानीय तहले बनाएको कानूनहरुको कार्यान्वयन गर्न न्यायपालिकाले सहयोग गर्दा भोग्नु परेका चुनौतिको बारेमा समेत धारण राख्नु भयो । प्रदेश तहले कानून बनाउँदा दण्ड सजायको व्यवस्था राख्न नपाउने शर्त राखी अपांग बनाइएको र त्यसरी प्रदेश तहले बनाएका कानूनहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्ने कुरा व्यक्त गर्नुभयो । यस्तै कारणले प्रदेश नं २ ले बनाएको ३९ वटा कानूनहरु कार्यन्वयन हुन नसकेको पनि बताउनु भयो । कानून निर्माणमा प्रदेश तह र स्थानीय तहबिच पनि प्रभावकारी समन्वय हुन नसकेको कारण स्थानीय तहले के कस्तो कानून निर्माण गरे भन्ने बारे प्रदेश समेत अनभिज्ञ रहने अवस्था औंल्याउनुभयो ।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल



कार्यपत्रको प्रस्तुति पछि माननीय न्यायाधीशहरु श्री रमेश रिजाल, श्री दिपेन्द्र अधिकारी, श्री ब्रजेश प्याकुरेल, श्री शान्ता सेढाईं, श्री हरि बगाले, श्री द्वारिकामान जोशी, श्री सारङ्गा सुवेदी, श्री प्रभा बस्नेत लगायतका सहभागीहरुले आ–आफ्ना सुझावहरु राख्नु भयो ।

सहभागी माननीय न्यायाधीशहरुले आफुहरु मुद्दा व्यवस्थापनमा केन्द्रित हुनुपर्ने हुँदा प्रदेश तह र स्थानीय तहले बनाएका थुप्रै कानूनहरुसँग जानकार हुन नपाएको बताउनु भयो । प्रदेश र स्थानीय तहले बनाएका कानूनहरुको अदालतमा समेत लगत राख्ने प्रणालीको विकास गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो। उहाँहरुले कानूनी प्रावधान र सामाजिक परम्पराहरु परस्परमा तालमेल नहुँदा कानून कार्यान्वयनमा चुनौति रहेको कुरा व्यक्त गर्नुभयो । उदाहरणका लागि विवाहको उमेर सम्बन्धी कानून र सामाजिक परम्परा, अभ्यास एक अर्कासँग मेल खाँदैनन् । प्रदेश नं २ मा २० वर्ष नपुगी विवाह गर्ने प्रचलन रहेको र विवाह सम्बन्धी कानूनले २० वर्ष नपुगी विवाह गर्न निषेध गरेको हुँदा २० वर्षको उमेर नपुगी गरिने विवाह दर्ता हुन नसक्ने भएकोले थप जटिलताहरु सिर्जना भएको अवस्था छ। उहाँहरुले प्रदेश नं.२ मा प्रदेश स्तरीय न्यायिक प्रतिष्ठान (तालिम केन्द्र) स्थापना गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो। त्यसरी तालिम केन्द्र स्थापना भएमा प्रदेश नं.२ मा आउने नयाँ न्यायाधीशहरुलाई त्यस प्रदेशको विशिष्टता बुझ्न र सोही बमोजिम न्याय सम्पादनमा सहजता हुने कुरा उल्लेख गर्नुभयो। त्यस्तै प्रदेश सरकारले यस प्रदेश सरकारले प्रदेशका अदालतहरुमा दोभासेहरुको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो किनभने प्रदेशको बहुसंख्यक सर्वसाधारणले नेपाली भन्दा स्थानीय भाषा बोल्दछन् जुन न्यायाधीशहरुलाई बुझ्न गाह्रो हुन्छ।

### अध्यक्षबाट मन्तव्य



पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले कार्यपत्र प्रस्तुतकर्ताहरु र सहभागीहरु दुबैको प्रसंशा गनुभयो । उहाँले भन्नुभयो प्रदेश सरकार,प्रदेश सभा र न्यायापालिका बीच समन्वय हुनु जरुरी छ। उहाँले सबै राजनीतिक दलका नेताहरुलाई यस सन्दर्भमा पहलकदमी लिन आव्हान गर्नुभयो । सहभागीले उठाएका सरोकारका विषयहरु सम्बोधन गर्न प्रदेश सरकारका मुख्यमन्त्रीलाई अनुरोध समेत गर्नुभयो । सहभागीले प्रदेश नं २ मा न्यायिक प्रतिष्ठान (तालिम केन्द्र) स्थापना गनुपर्ने सहभागीहरुको माग समर्थन गर्दै प्रदेश सरकारले सर्वोच्च अदालतसँग समन्वय गरी तालिम केन्द्रको जग्गा र घर व्यवस्थापन गरी नियमित तालिमको व्यवस्थापन गर्नसके न्याय सेवामा सहज हुने विचार राख्नुभयो । उहाँले प्रदेश सरकारले बनाएका कानून र स्थानीय तहले बनाएका कानूनहरुको व्यवस्थित लगत राख्ने प्रणाली विकास गर्न प्रदेश सरकारका कानून मन्त्रीलाई अनुरोध गर्नुभयो। यसो गर्दा न्यायाधीशहरुलाई न्यायसम्पादनमा समेत सहज हुने उल्लेख गर्नुभयो। विवाह सम्बन्धी कानूनको सन्दर्भमा आएको उदाहरणको सम्बन्धमा उल्लेख गर्दै यदि विवाहको उमेरको सम्बन्धमा प्रदेश २ को परम्परा अनुसार यसलाई अपवादको रुपमा स्वीकार गरी संघीय कानूनमा राखेर संशोधनको लागि पहल गर्न प्रदेश २ का नेताहरुलाई सुझाव दिनुभयो । प्रदेशका अदालतहरुमा नियुक्ति सहज बनाउनको लागि प्रदेशमा प्रदेश न्याय सेवा ऐन निर्माण गर्न अनुरोध गर्नुभयो।

| दोश्रो सत्र | **संघीयताको कार्यान्वयनमा न्यायपालिकाको भूमिका र जनआस्था बृद्धिमा चुनौती** |
|---|---|
| अध्यक्षता | **श्री उपेन्द्र यादव, पूर्व उप-प्रधानमन्त्री, नेपाल सरकार** |

दोश्रो कार्य सत्रको अध्यक्षता नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री माननीय श्री उपेन्द्र यादवले गर्नु भएको थियो भने सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतले **संघीयताको कार्यन्वयनमा न्यायपालिकाको भूमिका र जनआस्था वृद्धिमा** चुनौति विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

### कार्यपत्र प्रस्तुती

#### श्री प्रकाशमान सिंह राउत, न्यायाधीश, सर्वोच्च अदालत

कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै सर्वोच्च अदालतका न्यायाधीश श्री राउतले सुशासन र न्यायपालिकाको बारेमा चर्चा गर्नु भयो । उहाँले कानूनी शासन, समन्वय र पारदर्शिता लगायतका सुशासनका सुचकाङ्कको बारेमा छलफल गर्नु भयो। सो क्रममा उहाँले न्यायिक जवाफदेहिताको साथै न्यायपालिका प्रति आम नागरिकको विश्वासको वारेमा समेत आफ्ना विचारहरु राख्नु भयो। आफ्नो कार्यपत्रमा उहाँले अगाडि थप्नुभयो जब राज्यका सबै अंग वा निकायहरुका वारेमा प्रश्न उठ्दछ भने यसबाट न्यायपालिका मात्र अपवाद बन्न सक्दैन, त्यसैले यसको



वारेमा पनि प्रश्न उठ्छन नै । न्यायपालिकाले संविधान र कानूनी व्यवस्था अनुरुप नै न्याय प्रदान गर्न हर सम्भव प्रयास गरेको छ। २०७२ पछि नयाँ संविधानको व्यवस्था तथा नयाँ संरचना अन्तर्गत नै सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतले काम गरिरहेको पनि माननीय न्यायाधीश राउतले बताउनु भयो। न्याय सम्पादन गर्दा कानूनको उचित प्रक्रियाको अवलम्बन गरिनु पर्ने, कहिले काहीं त्यसको लागि लामो समय पनि लाग्न सक्ने उहाँले बताउनु भयो। न्यायपालिकामा विद्यमान श्रोत साधनको अभावको वारेमा समेत उहाँले चर्चा गर्नु भयो।

राजनीतिक दलसँगको आबद्धता रहेको भन्ने आरोप र न्याय निरुपणमा त्यसको प्रतिविम्ब झल्कने, नियुक्ति प्रक्रियामा पारदर्शिताको अभाव, शैक्षिक लगायतका योग्यताका पूर्ण रुपमा सम्परीक्षण गर्ने नगरिएको, मेरिटलाई अवमूल्यन गरिएको, समावेशीलाई अवमूल्यन गरिएको, राजनीतिक प्रभावका कारण न्याय परिषदले न्याधाधीश नियुक्तिको लागि सिफारीश गर्दा अदालत भित्रैबाट आउने कर्मचारीको ज्ञान तथा अनुभवलाई उचित मूल्याकन नगरेको, संवैधानिक परिषदको सिफारीस स्वंय दोष मुक्त हुन नसकेको, त्यस्ता सिफारीसहरु संसदीय सुनुवाई समितिमा आलोचित हुन पुगेको, संसदीय सुनुवाई आफैमा राजनीतिक रुपमा पूर्वाग्रही रहेको, न्यायाधीश तथा वकिलहरुको कार्य सम्पादनको परीक्षणको सुनिश्चितता नगरिएको, व्यावसायिक गलत अभ्यास हुने गरेको, न्यायिक गलत आचरण हुने गरेको, तथा भ्रष्टाचारजन्य अभ्यासलाई गम्भीरतापूर्वक हेर्ने नगरिएको जस्ता समस्या न्यायपालिकाले भोग्दै आएको चुनौतीको बारेमा वहाँले प्रकाश पार्नु भयो।

सो बाहेक पनि न्यायाधीश तथा न्यायपालिकामा पदाधिकारी कर्मचारीको सम्पत्ति विवरणको जाँच वा परीक्षणको अभाव, नियुक्ति, पदस्थापन तथा सरुवा वस्तुनिष्ठ कार्य सम्पादनको अभावमा नै गरिने गरेको, मुद्दाको दैनिक सुनुवाई सूची (कज लिष्ट)को व्यवस्थापन, न्यायाधीशलाई ईजलाश तोकिने, मुद्दा सुनुवाइको व्यवस्थापन, अदालती व्यवस्थापन, मुद्दा निरुपणको समयको व्यवस्थापन,  मुद्दा फर्छौटमा ढिलाई हुने कारणको नियमनकारी रणनीति, मुद्दा पन्छाउने वा पर धकेल्ने कार्य, सुनुवाईका स्थगन र समय व्यवस्थापन जस्ता न्यायपालिकासँग सम्बन्धित अन्य चुनौतिहरु समेत रहेको उहाँले उजागर गर्नुभयो।

समयमै आदेश वा फैसला लेखन सम्पन्न गरी जारी गर्ने, आफु संलग्न रहेको वा आफ्नो सरोकार रहेको मुद्दाबाट न्यायाधीश अलग रहने, अदालतको प्रकृयालाई हरसम्भव सघाउने, अदालतमा न्यायाधीशले अधिकतम समय बिताउने, न्यायाधीश तथा अधिकृतहरुको क्षमता अभिवृद्धि गर्ने, नैतिक आचरणको अनुशीलनता तथा अनुशासनको पालनाको अनुगमन, विपन्न वर्ग तथा सीमान्तिकृत समुदायलाई न्यायमा पहुँमा सहजीकरण जस्ता धेरै अन्य समस्याहरु रहेको समेत उहाँले उल्लेख गर्नु भयो।

कार्यपत्रमा न्यायाधीशको सम्मेलनले घोषणा गरेको न्यायिक आचार संहिताको पालनाको महत्व बारे पनि उहाँले चर्चा गर्नु भयो। मुद्दा मामिलामा सबै पक्षलाई समान र निष्पक्ष व्यवहार भएको प्रत्याभूति गराउनु, न्यायाधीशको स्वार्थ बाझिने मुद्दामा न्यायाधीश अलग्गै रहनु पर्ने, र जवाफदेहिताको पनि उत्तिकै जरुरी भएको उहाँले औल्याउनु भयो। उहाँले न्याय गर्ने मात्रै हैन न्याय गरेको पनि देखिनु पर्ने विचार राख्नुभयो। अन्तमा श्री राउतले न्यायमा सबैको पहुँच अभिवृद्धि गर्न र न्याय सेवा प्रवाह गर्न न्यायपालिकाको मात्र भूमिका नहुने हुँदा यसको लागि संघीय, प्रदेश र स्थानीय सरकार सबैको भूमिका हुनुपर्ने र कानूनी शासनको अनुभूति गराउन न्यायपालिका सक्षम र सहज

भएको जानकारी सहित जनआस्था र विश्वास वृद्धि गर्नुपर्ने विचार राख्नुभयो। यसको लागि नेपाल कानून समाज र प्रदेश तथा स्थानीय सरकारले न्यायपालिकासँग समन्वय गरी समय–समयमा यस खाले कार्यक्रम गरिराख्नुपर्ने सुझाव दिनुभयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि न्यायाधीशहरु श्री डिल्लीराज आचार्य, श्री ठगेन्द्र कट्टेल, श्री दुर्गाप्रसाद ढुङ्गेल र श्री रमेश ढकाल लगायतका सहभागीहरुले आ–आफ्ना सुझाव प्रस्तुत गर्नु भयो।



प्रदेश न्याय सेवा आयोगको स्थापनाद्वारा लाभान्वित हुने कुरा सहभागी न्यायाधीशहरुले बताउनु भयो। उहाँहरुले न्याय सेवा समन्वय समितिलाई मजबुत पार्नुपर्ने आवश्यकता समेत औंल्याउनु भयो। आफ्नो प्रतिक्रियामा निज न्यायाधीशहरुले उच्च अदालत, जिल्ला अदालत तथा स्थानीय तहमा रहेको न्यायिक समितिले गरेको कार्य समेत वार्षिक रुपमा समीक्षा हुनु पर्ने तर्फ औंल्याउनु भयो। न्यायालय प्रति झन्झटिलो (लम्बेतान) प्रक्रिया, पहुँचको अभाव तथा पारदर्शिताको अभावमा आम मानिसले दुख पाएको र जनविश्वासमा कमी रहेको हुनसक्ने बताउँदै उनीहरुको जनविश्वास बढाउन यस्तो विषयहरुको सम्बोधन हुनुपर्ने समेत उहाँहरुको सुझाव रहेको थियो। प्रदेश सभाले ३९ वटा कानूनहरु निर्माण गरी सकेको भए पनि आफुहरुले हालसम्म पनि ती कानून हेर्न नपाएको बताउनुभयो। कानूनद्वारा निर्धारित निशुल्क कानूनी सहायता व्यवहारमा कार्यान्वयन हुन नसकेको कुरा समेत उहाँहरुले बताउनुभयो। सरकारद्वारा प्रदान गरिने सेवा नागरिकको नजिक पुर्‍याउनका लागि संघीयताको अवलम्बन गरिएको भए पनि व्यवहारमा खाश त्यस्तो केही परिवर्तन हुन नसकेको कुरा समेत उहाँहरुले बताउनुभयो। त्यस्तै संविधानको अनुसूची ९ मा स्थानीय तहमा स्थानीय अदालतको व्यबस्था भए पनि सो कार्यान्वयनमा कोही पनि इच्छुक नभएको वा चासो नभएको समेत उहाँहरुले औंल्याउनु भयो।

## श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश

पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले संविधान, कानून तथा अदालत कागजी रुपमा प्रजातान्त्रिक तथा स्वतन्त्र भए पनि व्यवहारमा उनीहरु प्रति प्रश्न उठ्ने गर्छ । न्यायाधीशहरुको नियुक्ति, न्यायिक शासन तथा विधिले न्यायपालिका प्रति नै धेरै प्रश्नहरु आउने गरेका छन्। यस्ता समस्याहरुलाई उचित ढंगले सम्बोधन गरिए मात्र न्यायपालिका प्रति आम मानिसको विश्वास बढ्ने उहाँले बताउनु भयो। न्यायपरिषद्को सिफारिसमा न्यायाधीशहरु नियुक्ति गर्दा विगतको भूमिका जेजस्तो भए पनि न्यायाधीश नियुक्ति भएपछि न्यायाधीशको रुपमा काम गर्नुपर्ने र संविधान, सिद्धान्त र अन्तराष्ट्रिय अभ्यास बमोजिम न्यायिक मनको प्रयोग गरी न्याय दिनसक्नु न्यायाधीशको कर्तव्य भएको विचार राख्नुभयो। समावेशीता तथा पारदर्शिताको सुनिश्चितताको लागि न्यायाधीश नियुक्ति प्रकृयामा नै सुधार गर्नु पर्ने समेत उहाँले बताउनुभयो। न्यायाधीशहरु मात्र होइन तिनीहरुलाई नियुक्त गर्ने न्याय परिषदका काम कारवाही समेत पारदर्शी हुनु पर्छ। भाषा तथा जनशक्ति व्यवस्थापनको सम्बन्धमा उठेका चासो वा सरोकारको सम्बन्धमा सर्वोच्च अदालतका न्यायाधीशले उक्त विषयको समाधानका लागि उचित ठाउँमा उठाउनका लागि

जोड दिनुभयो। अदालतको आदेश, निर्णय तथा फैसलाको कार्यन्वयनको सम्बन्धमा सरोकार राख्न उहाँले प्रदेश मुख्यमन्त्रीलाई आग्रह गर्नु भयो। अन्तमा संघ, प्रदेश र स्थानीय सरकारले बनाएका कानूनहरु अदालतमा अनिवार्य पठाउनुपर्ने, न्याय सेवामा सबैको पहुँच वृद्धि गर्न साक्षरता कार्यक्रम र निशुल्क कानून सहायता कार्यक्रम गरी जनआस्था वृद्धि कार्यक्रम गर्नुपर्ने र न्यायपालिका र सरकार बीच समय–समयमा संवाद गरी समनवय, सहकार्य गरी नागरिकको न्यायपालिका प्रति जनआस्था वृद्धि हुने विचार राख्नुभयो।

## अध्यक्षबाट मन्तव्य

### ■ श्री उपेन्द्र यादव, पूर्व उप–प्रधानमन्त्री, नेपाल सरकार

कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री माननीय श्री उपेन्द्र यादवले न्यायाधीशहरु तथा प्रदेश सरकार बीचको छलफलको प्रकृति र विषय वस्तुको गाम्भिर्यताप्रति खुशी व्यक्त गर्नु भयो। नागरिकको आशा अनुरुपको प्रणाली निर्माण तथा सेवा प्रदानमा धैर्यताको आवश्यकता रहेको उहाँले बताउनु भयो। विस्तारै केही सुधारहरु हुँदै गैरहेको समेत उहाँले बताउनु भयो। उहाँले संविधान निर्माण प्रकृयामा न्यायालयलाई समेत संघीय ढाँचमा लैजाने प्रयास भए पनि सफल नभएको बताउनु भयो । तसर्थ आगामी दिनमा सर्वोच्च अदालतको संवैधानिक इजलाशले सो चासोलाई समयमै सम्बोधन गरी संविधानको कार्यान्वयनलाई सफल बनाउने कुरामा आशावादी रहेको बताउनु भयो। उहाँले कार्यक्रममा उपस्थित मुख्यमन्त्री तथा मुख्यन्यायाधीशलाइ समेत उहाँहरुको तर्फवाट कार्यक्रममा उठेका सरोकारहरुलाई सम्बोधन गर्न पहल गर्न समेत आग्रह गर्नु भयो। अन्तमा संघीयता कार्यान्वयन गर्न संघीय, प्रदेश र स्थानीय सरकारको भूमिका साथै न्यायपालिका पनि सक्रिय हुनुपर्ने विचार राख्दै न्यायपालिकाले संघीयता कार्यान्वयनमा आइपरेका सवालहरुलाई समयमा निरुपण गर्नुका साथै न्यायिक मनको प्रयोग गरी संविधानको भावनालाई सम्मान गरेमा भविश्यमा संघीयता संस्थागत हुने बताउनु भयो।

| | |
|---|---|
| तेश्रो सत्र | **स्थानीय न्यायको अवधारणा, न्यायिक समितिको कार्य तथा कार्य दक्षताको मूल्याङ्कन तथा चुनौतीहरू** |
| अध्यक्षता | **श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश** |

तेश्रो छलफल सत्रको अध्यक्षता पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले गर्नु भएको थियो। उक्त सत्रमा जिल्ला न्यायाधीशहरु श्री ब्रजेश प्याकुरेल र डा. श्री रमेश प्रसाद रिजालद्वारा **स्थानीय न्यायको अवधारणा, न्यायिक समितिको कार्य तथा कार्य दक्षताको मूल्याङ्कन तथा चुनौति** विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो।

## कार्यपत्र प्रस्तुती

श्री ब्रजेश प्याकुरेल, जिल्ला न्यायाधीश र डा. रमेश प्रसाद रिजाल, जिल्ला न्यायाधीश माननीय न्यायाधीशले स्थानीय न्यायको अवधारणा, तथा यसको बुझाईका साथसाथै नेपालमा स्थानीय न्यायिक निकायहरुको अवस्थाको बारेमा व्याख्या गर्दै आफ्नो कार्य पत्र प्रस्तुत गर्नु भयो। उहाँहरुले पञ्चवर्षीय न्यायिक रणनीतिको सम्बन्धमा समेत बोल्नुभयो। उक्त कार्यपत्रले स्थानीय शासन संचालन ऐन अनुरुप नेपालमा न्यायिक संरचना

तथा तीनका कार्यहरुमाथि प्रकाश पार्नु भयो । उहाँहरुले स्थानीय शासन संचालन ऐनको दफा ४७ (१) र (२) ले विस्तृत रुपमा व्यवस्था गरेको स्थानीय न्यायिक समितिले हेर्ने भनिएका विषयवस्तुहरु र स्थानीय न्यायिक समितिले भोगेका समस्याहरुको समेत चर्चा गर्नु भयो ।



कार्य पत्र प्रस्तोताहरुले अदालतबाट स्थानीय न्यायिक समितिको गरिएको अनुगमनको निष्कर्ष समेत सहभागीहरुका बीच आदान प्रदान गर्नुभयो । अदालतबाट न्यायिक समितिको अनुगमन गर्दा न्यायिक समितिहरुले नागरिकलाई सरल र छिटो न्याय दिन प्रयास गरेको पाइयो तर न्याय प्रदान गर्दा संविधान र ऐनको व्यवस्था बमोजिम प्रक्रिया पूरा गर्न सक्रियता नभएको हुँदा अदालतमा आउने पुनरावेदन प्रक्रियामा धेरै बदर हुने अवस्था देखिन्छ । त्यसको लागि सर्वप्रथम न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने, सेवा प्रवाहमा सहयोग गर्ने, जनशक्तिको व्यवस्था गर्नुपर्ने, राजनीतिक व्यक्तित्व भएको हुँदा न्यायिक मनको प्रयोग गर्ने वातावरण सृजना गर्ने र न्यायिक समितिले गरेको विवादको निरुपण र मिलापत्र कार्यान्वयन गर्न सहज हुने वातावरण बनाउनुपर्ने कुरामा जोड दिनुभयो । यसको लागि प्रदेश सरकार र स्थानीय सरकारले सहजीकरण गर्नुपर्ने विचार राख्नुभयो ।



अन्तमाः स्थानीय न्यायिक समितिलाई प्रभावकारी वनाउनको लागि आफ्नो सेवा वितरण कार्यलाई प्रभावकारी बनाउने, आफ्ना कार्यहरुलाई कानून सम्मत वनाउने, आम नागरिकको विश्वास बढाउन आफ्ना कार्यमा सुधार ल्याउने, नियमित रुपमा कार्यविधिको सम्बन्धमा उनीहरुलाई आवधिक रुपमा अभिमुखीकरण गर्ने, इजलास व्यवस्थापन गर्ने, र यथेष्ट पूर्वाधार प्रदान गर्ने लगायका सुधारका कार्य गर्नुपर्नेमा पनि उहाँहरुको सुझाव रहेको थियो ।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल

कार्यक्रममा श्री दुर्गा प्रसाद ढुङ्गेल, श्री रमेश पोखरेल, श्री वासुदेव आचार्य, श्री डिल्ली आचार्य, श्री शेखर पौडेल, श्री धर्मराज पौडेल, तथा श्री दिपेन्द्र झा लगायतका अन्य सहभागीहरुले आफ्नो भनाई तथा प्रतिक्रिया राख्नु भयो । उहाँहरुले स्थानीय न्यायिक समितिहरुको काम कारवाही अनुगमनको क्रममा देखेका कुराहरु जस्तो कि मुद्दा व्यवस्थापनमा कानूनको उचित प्रकृया (विधि सम्मत) को अभाव रहेको कुरा राख्नुभयो । त्यस्तै गरी मुद्दा हेर्दा आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर पनि हेर्ने गरेको , तथा मुद्दा व्यवस्थापनमा मेयर तथा वडा अध्यक्षहरुको हस्तक्षेप रहेको पाइएको बताउनु भयो ।



साथै मुद्दा व्यवस्थापन तथा न्यायिक समितिको निर्णयको कार्यन्वयनमा चुनौंतिहरु रहेको अनुभव सुनाउनु भयो। उहाँहरुले न्यायिक समिति तथा प्रस्तावित स्थानीय अदालतमा दुविधा रहेको कुरालाई औंल्याउनु भयो। न्यायिक समितिमा आम नागरिकको विश्वास न्यून रहेको कुरा पनि बताउनु भयो। धेरै स्थानमा मेयर तथा उप मेयर बीचको विवादको कारण न्यायिक समितिहरु सक्रिय हुन नसकेको कुरा समेत उहाँहरुले बताउनु भयो। कानूनको उचित प्रकृया (विधि सम्मत) को अभाव र अभिलेख व्यवस्थापनको अभावको परिणाम स्वरुप अदालतहरुद्वारा समितिका निर्णयहरु उल्टाइएको कुरा उहाँहरुले बताउनु भयो।

## अध्यक्षबाट मन्तव्य

### श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश

कार्यक्रमका अध्यक्ष श्री श्रेष्ठले कार्यक्रममा सहभागीहरुबाट कानूनको उचित प्रकृया (विधि सम्मत) को अनुशीलनतासँग जोडिएर आएका विषयवस्तुहरुलाई पूर्ण रुपमा ध्यान दिएमा आम नागरिकले आफ्नो घर दैलोमा नै न्याय पाउन सक्ने हुँदा उहाँले मुख्य न्यायाधीश तथा मुख्यमन्त्रीलाई सो विषयहरुमा ध्यान दिन आग्रह गर्नु भयो। करीव ९५ प्रतिशत महिलाहरुले नेतृत्व गरेको स्थानीय न्यायिक समितिहरु वेकामे बनाउन पुरुषहरुको निहित स्वार्थ हुन सक्ने तथ्यलाई ध्यान दिन पनि आवश्यक रहेको समेत उहाँले बताउनु भयो। त्यसैले त्यस्ता न्यायिक समितिलाई सफल बनाउन सबैले योगदान दिई आफुले सक्ने भूमिका निर्वाह गर्न समेत पर्ने भनी उहाँले थप्नुभयो। स्थानीय न्यायिक समितिहरुले उनीहरुलाई संविधानले नै प्रदान गरेको संवैधानिक भूमिका निवाह गर्नका लागि उपयुक्त वातावरण श्रृजना गर्न उहाँले सम्पूर्ण सरोकारवालाहरुलाई आग्रह गर्नुभयो। यस कार्यक्रम मार्फत प्रदेश सरकार तथा न्यायपालिकाले एक अर्काको विचार, दृष्टिकोण तथा चासो बुझ्ने अवसर समेत प्राप्त गरेका छन्।

न्यायिक समितिले विगत ४ वर्षदेखि नियमित रुपमा काम गर्दा र जिल्ला अदालतबाट समय–समयमा अनुगमन गर्दा देखापरेका चूनौति र अवसरहरु बारेमा धेरै सवालहरु आज उठेका छन यसलाई सम्बोधन गर्नु नै आजको कार्यक्रमको मुख्य उद्देश्य रहेको बताउनुभयो। नागरिकले सानातिना विवाद स्थानीयस्तरबाट नै सहज रुपमा पाउन भनेर नै संविधानले न्यायिक समितिको परिकल्पना गरको छ। तर यसको पूर्वाधार र जनशक्तिको व्यवस्थापन नगरी अधिकार कार्यान्वयनमा जाँदा माथि उठाएका सवालहरु आज हामीले भोगी रहेका छौं। यसको लागि प्रदेश सरकार र नेपाल कानून समाज जस्ता संस्थाहरुले भावि रणनीति तयार गरी संविधान र स्थानीय सरकार सञ्चालन ऐनको भावना बमोजिम संस्थागत संरचना, आवश्यक जनशक्ति र साधनस्रोतको व्यवस्थापन गर्नु पर्दछ। ऐनको ४७(१) बमोजिम विवाद निरुपण गर्न र ४७(२) बमोजिम मेलमिलाप मार्फत न्याय दिने काम सजिलो नभएको हुँदा यसको सैद्धान्तिक पक्ष र व्यावहारिक पक्षलाई ध्यानमा राखी कार्यक्रमहरु तय गर्नु पर्दछ।

| | |
|---|---|
| चौथो सत्र | **न्याय सेवामा सेवाग्राहीको पहुँच, चुनौती र अवसर** |
| अध्यक्षता | **श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार, प्रदेश नं. २** |

कार्यक्रमको चौंथो कार्यसत्रको अध्यक्षता श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकारले गर्नु भएको थियो। उक्त सत्रमा पूर्व प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ तथा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले **न्याय सेवामा सेवाग्राहीको पहुँच, चुनौति र अवसर** विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो।

| | |
|---|---|
| कार्यपत्र प्रस्तुतकर्ता | **श्री कल्याण श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश**<br>**श्री खिमलाल देवकोटा, वरिष्ठ अधिवक्ता** |

कार्यपत्र प्रस्तुतकर्ताहरुले न्याय एक सामाजिक मूल्य हो, जसले मानवीय सम्भाव्यतालाई अझ बढी जिवन्त तुल्याउछ, तथा यसले मानवलाई व्यक्तिगत तथा सामुहिक रुपमा थप उजागर गर्छ भन्नुभयो। न्यायमा पँहुचको उद्देश्य नै न्यायको सुनिश्चितता तथा सो को प्रत्याभूति गर्नु रहेको कुरा उहाहरुले बताउनुभयो।

न्यायपहुँचको निर्धारक तत्वहरु माथि प्रकाश पार्दै उहाँहरुले नेपालको संविधानका विभिन्न पाटाहरुलाई समेट्दै तथा न्याय उन्मुख संस्थाहरुको श्रृजना गर्नका लागि न्यायको गहन बुझाई हुनु आवश्यक रहेको कुरा उल्लेख गर्नुभयो। जोखिममा रहेका समूहहरुको सचेतना जगाउने, उनीहरुको न्यायको प्रत्याभूतिमा सहयोग गर्ने खालको प्रणालीको विकास गर्नु पर्ने पक्षमा समेत उहाँहरुले आफ्नो कार्यपत्रमा उल्लेख गर्नु भयो। गरीबी, असाक्षरता, सिमान्तीकरण तथा आर्थिक हैसियतको आधारमा वर्गीकरण र बहिष्करणको साथसाथै सामाजिक रुपमा कलकिंत गर्ने (स्टिग्माटाईज गर्ने) लगायतका इत्यादि कार्य न्याय प्राप्ति वा न्याय खोज्ने बाटोका चुनौतिको रुपमा रहेको उहाँहरुले औल्याउनु भयो। अभिलेख राख्ने प्रणाली, तथा औपचारिक अदालती प्रकृया, सहयोग संयन्त्रका सम्बन्धमा चेतना जगाउनु जरुरी रहेको कुरा समेत उहाँहरुले औंल्याउनु भयो। त्यसैगरी उहाँहरुले नेपालको संविधानमा मौलिक हकको रुपमा उल्लेख भएको न्याय सम्बन्धी हक, निष्पक्ष सुनुवाईको हक, अपराध पीडितको हक –न्यायिक प्रक्रियमा सरिक हुने, तथा क्षतिपूर्ति पाउने) तथा नेपाली न्यायपालिकामा अदालती व्यवस्थापन तथा कानूनी सुधारको लागि नेपालको न्यायपालिकाले अवलम्बन गरेको रणनीतिक योजनाको बारेमा समेत उहाँहरुले आफ्नो कार्यपत्रमा छलफल गर्नु भयो।

त्यसैगरी राष्ट्रिय न्यायिक प्रतिष्ठानको माध्यमबाट न्यायाधीशहरु तथा अदालती कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता तथा कानूनी सहायता सम्बन्धी कानून हुनु पर्ने आवश्यकता सम्बन्धमा पनि उहाँहरुले औल्याउनु भयो। छुवाछुतलाई अपराधीकरण गर्ने कानून तथा घरेलु हिंसा सम्बन्धी कानूनहरुको महत्वको वारेमा पनि उहाँहरुले थप चर्चा गर्नु भयो।

आगामी कार्य दिशाको सम्बन्धमा सर्वोच्च अदालतमा "न्यायमा पहुँच आयोग" गठन गर्नु पर्ने, न्यायमा पहुँचको दृष्टिकोणबाट समस्त न्याय प्रणालीको परीक्षण गर्नु पर्ने, कानूनी साक्षरतालाई थप अगाडि बढाउनु पर्ने, अदालती प्रकृया तथा कानूनी परामर्श सेवालाई थप सरलीकृत गर्ने वा नागरिकलाई परिचित गराउने, न्यायमा पहुँच

आयोगका आयुक्तहरुलाई मुद्दाको कारवाही सम्मको पहुँचको सुनिश्चितता गराई उनीहरुलाई नै अवस्था आफै देख्न र सुधारका लागि कार्य गर्ने अवस्था श्रृजना गर्न, सहजै क्षतिपूर्ति प्राप्त गर्ने, तथा मुद्दा मामिलाको दौरानमा कानून व्यवसायीलाई दिन परेको परामर्श शुल्क, ढिलो कार्यन्वयन हुँदा पुग्न गएको हानी तथा गलत झुट्ठा दावीका कारण पुग्न गएको हानीको लागत समेत सजिलै प्राप्त गर्ने प्रभावकारी संयन्त्रको निर्माण, पुनस्थापकीय न्यायका तत्वहरु न्याय प्रणालीमा नै मूल प्रवाहीकरण गर्ने, वैकल्पिक सँजाय निर्धारणको विधि शुरु गर्ने लगायतका कारागार सुधार गर्ने, मुलुकको सबै भागमा कानून व्यवसायीले आफै निश्वार्थ निशुल्क सेवा (प्रो बोनो) सेवा प्रदान गर्ने, प्रभावकारी पहुँच पुर्‍याउने कार्यक्रम संचालन गर्ने, पुनस्थापनमा जोड सहित न्यायिक चक्रलाई पूर्णता दिने, सामाजिक रुपमा पुनर्एकीकृत गराउने, तथा निको बनाउने तथा द्वन्द्वकालिन मुद्दालाई सत्य तथा मेलमिलाप आयोग (TRC) तथा नियमित अदालती प्रकृयाबाट पूरा गर्न समेत उहाँहरुले जिकीर गर्नु भयो।

## कार्यपत्रमाथि सहभागीहरूबाट छलफल



श्री दिपेन्द्र अधिकारी, श्री डिल्लीराज आचार्य, श्री किरण कुमारी गुप्ता, श्री रमेश रिजाल, श्री कुमार मास्के, श्री दिपेन्द्र झा, श्री रवि शर्मा अर्याल, श्री उपेन्द्र यादव, र श्री वासुदेव आचार्य लगायतका सहभागीहरुले आफ्नो भनाई राख्नु भयो।

प्रदेश नं २ का जोखिममा रहेका नागरिकको न्यायमा पहुँचको अभाव रहेको सहभागीहरुले बताउनु भयो। न्यायपालिकामा दर्ता भएका धेरै जसो मुद्दाहरु मुद्दाका पक्ष भन्दा पनि अरुहरुको उक्साहटमा ल्याइएको उहाँहरुले बताउनु भयो। जोखिममा रहेको नागरिक अदालतसम्म आइपुग्न मंहगो लागतले आइपुग्न नसकेको उहाँहरुको धारणा थियो। कानूनी सहायता नाम मात्रको रहेको समेत उहाहरुको बुझाई थियो। अदालतका कर्मचारीहरुलाई पनि सेवा ग्राहीहरुलाई सहजीकरण गर्नका लागि आफ्नो सोंच वा प्रवृत्तिमा परीवर्तन ल्याउनका लागि समेत आग्रह गर्नुभयो। साथसाथै उहाँहरुले आम रुपमा नागरिक सचेतनाको खाँचो रहेको समेत बताउनु भयो। वडातहमा नै मध्यस्थकर्ताको नियुक्तिको समेत जरुरी रहेको, र शिघ्र न्यायको प्रत्याभूतिको समेत जरुरी रहेको उहाँहरुले औंल्याउनु भयो।

सहभागीहरुले सर्वप्रथम विवाद आएपछि न्यायिक समितिमा जानुपर्ने अवधारणाको विकास गर्नुपर्ने, त्यसको लागि स्थानीय सरकारले सबै विवादित पक्षलाई स्थानीय समिति सम्म पुग्न सहज पहुँचको वातावरण बनाउनुपर्ने हुन्छ। समयमा निरुपण हुन्छ र न्याय पाइन्छ भनी जनविश्वास बढाउनुपर्ने र कार्यान्वयन हुन्छ भन्ने विश्वास दिलाउनु पर्दछ। यसको लागि न्यापालिका र स्थानीय/प्रदेश सरकारले रणनीतिक योजना सहित अगाडि बढ्नुपर्ने विचार राख्नु भयो। प्रदेश २ विशेष गरी पुरुषको बढी हावी हुने भएको हुँदा न्यायिक समितिको कार्यमा मेयर र दलका नेताहरुको बढी प्रभाव भएको हुँदा पीडितले समयमै सही रुपमा न्याय पाउन सकिरहेको छैन यस तर्फ पनि ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो।

## अध्यक्षबाट मन्तव्य

### श्री लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार, प्रदेश नं. २

चौथो सत्रका अध्यक्ष प्रदेश सरकारका मुख्यमन्त्री श्री राउतले आफुले आयोजकको तीन वटै कार्यक्रममा पूरै अवधिभर सहभागी भएको बताउनु भयो। प्रदेश सरकार र प्रदेश सभासँग गरिएका अघिल्लो दुई वटा कार्यक्रमहरुले ल्याएको परिणाम प्रति उहाँ आफु प्रसन्न हुनु भएको बताउनु भयो। अघिल्लो कार्यक्रमहरु जस्तै प्रदेश न्यायपालिकासँग सम्बन्धित यस कार्यक्रमले पनि सोही प्रकारको सकारात्मक असर छाड्नेछ भनी उहाँले बताउनु भयो। प्रदेशले निर्माण गरेका कानूनहरु तथा तीनका उद्देश्यहरुलाई न्यायाधीशहरुले यस कार्यक्रम मार्फत बुझ्न सक्षम भएको कुरा उहाँले थप्नु भयो। हाल सम्म प्रदेशले निर्माण गरेको ३९ वटा कानून उच्च तथा जिल्ला अदालतहरुलाई उपलब्ध गराउने समेत उहाँले बताउनु भयो।

कार्यक्रमको दोश्रो सत्रमा, सहभागीहरुले संघीय प्रणालीको मूल्य र मान्यताको बारेमा छलफल गरेको र सबै तहका न्यायाधीशहरुले सो कुरा बुझेको हुनु पर्ने बताउनु भयो। कार्यक्रममा उठाइका सरोकारहरुलाई सम्बोधन गर्नका लागि अदालतहरुले आगामी दिनमा प्रदेश सरकारलाई सहयोग गर्ने आशा व्यक्त गर्नु भयो। हालसम्मको अवस्था हेर्दा अदालतहरुले गरेको कानूनको व्याख्या आफ्नो अपेक्षा अनुरुप नभएको समेत बताउनु भयो।

कार्यक्रमको तेश्रो सत्रमा स्थानीय न्यायिक समितिको बारेमा विस्तृत रुपमा छलफल भएको बताउनु भयो। संविधान र कानूनको व्यवस्था बमोजिम ती समितिहरुलाई सवल बनाउन सबैले मिलेर सँगै कार्य गर्न हाल जरुरी रहेको उहाँले बताउनु भयो।

कार्यक्रमको चौथो तथा अन्तिम सत्रमा स्थानीय कानूनसँग सम्बन्धित समस्या लगायत श्रोत साधनसँग सम्बन्धित विषयमा छलफल भएको मुख्यमन्त्री श्री राउतले बताउनु भयो। कार्यक्रममा उठाइएका सबै सरोकारका विषयवस्तुहरुलाई सम्बोधन गर्न प्रदेश सरकारले आफ्नो तर्फबाट कार्य गर्ने बताउनु भयो। आगामी दिनमा त्रैमासिक रुपमा न्यायाधीशहरुसँग संवाद गर्ने पनि अपेक्षा गर्नुभएको बताउनु भयो। उहाँले प्रदेश नं २ को मुख्यमन्त्रीको हैंसियतले प्रथम चरणको कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेकोमा नेपाल कानून समाज तथा स्वीस राजदूतावासलाई धन्यवाद ज्ञापन गर्नुभयो। त्यसैगरी आगामी दिनमा पनि यस्तै कार्यक्रमको सहयोगको अपेक्षा गर्नु भयो। अन्तमा उहाँले सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीश, र जिल्ला अदालतका न्यायाधीश, अदालतका पदाधिकारी तथा कर्मचारीहरु, पूर्व प्रधानन्यायाधीश तथा विभिन्न क्षेत्रका विज्ञहरुलाई उहाँहरुको कार्यक्रममा उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्नुभयो।

# कार्यपत्रहरू

**कार्यपत्र १**
कानून निर्माणमा प्रदेश सभाको योगदान र प्रदेश सरकारसँग समन्वय...... ८७

**कार्यपत्र २**
संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र
स्थानीय तहसँगको समन्वय, चुनौति र अवसर................................ ८९

**कार्यपत्र ३**
प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा
विवाद समाधानको व्यवस्था गर्न बनेको विधेयक २०७७ .................... ९८

**कार्यपत्र ४**
संघीय स्वरुप र फौजदारी कानून निर्माणमा प्रदेश सरकारको भूमिका......१०३

**कार्यपत्र ५**
संसदीय समितिको भूमिका.....................................................१०६

**कार्यपत्र ६**
प्रदेश कानून कार्यान्वयनमा न्यायपालिकाको सान्दर्भिकता तथा
अन्य संघीय मुलुकका अभ्यास................................................. १०९

**कार्यपत्र ७**
न्यायिक जवाफदेहीता र असल शासनः सिद्धान्त र व्यवहार ................११४

**कार्यपत्र ८**
स्थानीय न्यायको अवधारणा न्यायिक समितिका कार्य प्रकृति
र कार्यदक्षता तथा चुनौतिहरु.................................................... १२२

# कानून निर्माणमा प्रदेश सभाको योगदान र प्रदेश सरकारसँग समन्वय

१. प्रदेश सभा र प्रदेश सरकार बीच प्रदेश कानून निर्माण सम्बन्धमा समन्वय र सहकार्यको अवस्था मजबुत रहेको छ। संयुक्त बैठकहरुबाट छलफल गरी कानून निर्माण गर्ने गरिएको छ।

२. संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको विषयमा अन्यौलता रहेको अवस्था छ। प्रदेशको क्षेत्राधिकारलाई पनि संघकै क्षेत्राधिकार भन्ने सामान्य बुझाई रहेको छ। खासमा स्थानीय तहको बुझाई फरक रहेको हुँदा सो विषयमा एकरुपता ल्याउन आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ।

३. प्रदेश कानूनका मस्यौदा गर्न भाषामा दखल, सम्बन्धित कार्यको विज्ञहरुको यस प्रदेशमा उपलब्धता नरहेको।

४. प्रदेश मन्त्रालयहरुका सचिवहरु छिटो छिटो सरुवा हुने कारणले पनि जनप्रतिनिधिहरुले चेक गरी ऐन कानून निर्माण गर्नुभन्दा पनि मन्त्रालयहरुले निर्देशिका, कार्यविधि बनाएर कार्य गर्न रुचाउने गरेको।

५. हुन त ऐनको आधारमा नियम, नियमको आधारमा विनियम, निर्देशिका, कार्यविधि बन्ने हो तर यहाँको ट्रेन्ड निर्देशिका, कार्यविधि बनाएर नै कार्य गर्ने भएको छ।

६. ऐन कानून निर्माण गर्दा पनि गम्भीर विषयवस्तुहरुमा अस्पष्टता तथा संघप्रतिको निर्भरता बढी देखिन्छ। उदाहरणः भर्खरै प्रमाणीकरण भएको प्रदेश २ को वन ऐनको दफा ८२ मा संघीय ऐन बमोजिम दण्ड सजायहुने व्यवस्था।

७. प्रदेश सभामा रहेका प्रदेश लेखा समिति, महिला तथा बालबालिका समिति, विकास समिति लगायतका समितिहरुलाई अझ सक्रिय बनाई कार्यहरु थप प्रभावकारी बनाउन आवश्यक रहेको देखिन्छ। यी समितिहरु मिनी पार्लियामेन्ट भएको हुनाले बढी भन्दा बढी सक्रिय भई अनुगमन तथा छानबिन गरी सम्बन्धित निकाय वा व्यक्तिलाई जवाफदेही बनाउने कार्यमा लाग्न तथा अध्ययन अनुसन्धानका कार्यमा समेत संलग्न हुन आवश्यक छ।

८. हालसम्म लगभग ४१ वटा कानूनहरु प्रदेश सभाबाट पारित भएको तथा केही छलफलमा रहेको अवस्था छ। तर पास भएका कानूनहरुको कार्यान्वयनको रोडम्याप मजबुत हुन सकेको छैन। पास भएका जनकल्याणकारी ऐन कानूनहरुको कार्यान्वयन हुन सकेको छैन, जसको उदाहरण जनलोकपाल र दलित ऐन हो।

९. प्रदेश सभाबाट बनेका कानूनहरुको क्षेत्राधिकारको विषयमा पनि संवाद आवश्यक छ। आर्थिक अनुशासनका विषयमा उठेका प्रश्नहरुको नीतिगत रुपमा प्रदेश सभाबाट सम्बोधन हुन सकेको छैन वा सम्बोधन र फलोअप गर्नका लागि संयन्त्र छैन। बनाइएका कानूनहरुको समाजमा कस्तो असर भएको विषयमा पोस्ट लेगिसलेटिभ समीक्षा गर्न समेत आवश्यक छ।

१०. हाल प्रदेश सरकार सिस्टम फंक्शन गराउनमा केन्द्रित रहेको छ, जसले गर्दा समाजलाई बढी वा प्रत्यक्ष फायदा हुने कार्यलाई प्राथमिकतामा राख्न नसकेको अथवा प्रदेश सभा विकास निर्माण भन्दा महत्वपूर्ण काम भनेको नीति र कानून निर्माण वा लेजिसलेटिभ पहिचान बनाउन आवश्यक .

११. प्रदेशमा विज्ञ कर्मचारीहरुको अभाव रहेको छ। संसद सेवाको विज्ञता भएको कर्मचारी वा सेवानिवृत्त कर्मचारीहरुलाई समेत विज्ञको रुपमा राख्न सकिन्छ।

१२. जनताको दैनिक जीवनका सवालहरु प्रदेश सभामा उठाउने र त्यसलाई सम्बोधन गर्न सम्बन्धित निकायलाई

ध्यानाकर्षण गराउने, विभागीय कारवाहीको सिफारिस गर्ने तथा दण्ड जरीवाना गर्ने प्रदेश सभाको संप्रभुताको प्रयोग दरिलो रुपमा हुन सकेको छैन। यसकालागि  तत्काल संवाद आवश्यक छ। जस्तै स्थानीय तहमा विभिन्न अनुदानमा गएका विकास निर्माणका योजनाहरुको अनुगमन तथा कारवाहीको सिफारिस हुन सकेको छैन।

१३. संघ सरकारले प्रदेश सरकारको क्षेत्राधिकार मिचेर कानून बनाउँदा वा समयमा हस्तान्तरण गर्नु पर्ने अधिकारहरु हस्तान्तरण नगर्दा वा दिइसकेको अधिकार पुन खोस्दा संघीयताको पहरेदार प्रदेश न. २ को प्रदेशसभा हो भन्ने सन्देश देशभरी सशक्त ढंगल दिन सकिन्थयो। यो मौका प्रदेश सभा निरन्तर रुपमा नचल्दा वा सक्रिय नहुँदा दिन सकिएको छैन।

१४. प्रादेशिक महोत्वका योजनाहरु जस्तै प्रदेश विश्वविधालय, प्रदेश अस्पताल, प्रदेश सडक, प्रदेश अनुसन्धान केन्द्र लगायत प्रादेशिक स्तरका योजनाहरुको निर्माण तथा कार्यान्वयनमा प्रदेश सभाले खासगरी समितिहरुलाई सक्रिय गराई प्रदेश सरकारका पदाधिकारीहरुलाई निर्देशन दिने संस्कृतिको विकासमा जोड दिन आवश्यक रहेको।

१५. क्षेत्रगत, जिल्लागत वा असमान बजेट वितरणलाई समतामूलक वा सन्तुलित विकास निर्माण तथा वातावरण मैत्री जस्तै नालाविनाको सडक ढलान, घर भन्दा सडकको उच्चाई बढि हुने, उपभोक्ता समितिको गठन तथा संचालन वा स्थानीय तहसँग प्रदेश सरकारको सहकार्य आदिको विषयमा प्रदेशसभा र प्रदेश सरकार बिच समन्वय र संवादका लागि संयन्त्रको निर्माण आवश्यक।

१६. प्रदेश सभालाई प्राज्ञिक वा बौद्धक वहसको थलोको रुपमा जस्तै प्राचीन याज्ञवल्क्य वा राजा जनकको दरवारको रुपमा विकास गर्न वा संघीयता, पहिचान र समावेशीताको विषयमा पटना, अमेरिका, बेलायत, भारत वा नेपालकै कानून अध्ययन वा अन्वेशणमा संलग्न विश्वविधालय र संस्थाहरुसँग सहकार्य गरी हप्तामा वा महिनामा कम्तिमा एउटा छलफल आयोजना गर्ने अध्ययन केन्द्रको रुपमा विकास गर्ने कार्य गर्न आवश्यक रहेको।

# संविधान बमोजिम कानून निर्माणमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय, चुनौति र अवसर

## प्रस्तुतीका विषयहरू

- नेपालको संघीयताको विशिष्ट अवस्था।
- राज्यको संरचना र शक्तिको बाँडफाँट।
- तीन तहको अन्तरसम्बन्धका आधार।
- तीन तहबाट अधिकारको प्रयोग कसरी हुने।
- तीन तहले एकल वा साझा अधिकारका विषयमा नीति वा कानून बनाउँदा विचार गर्नुपर्ने कुरा।
- तीन तहबीचको परामर्श र समन्वय।
- अन्तरसम्बन्धका संरचनात्मक प्रबन्ध।
- तीन तहबीच परामर्श र सम्पर्क।

## नेपाली संघीयताको मौलिकता

- राजतन्त्रबाट गणतन्त्र,
- एकात्मकबाट संघात्मक,
- हिन्दुअधिराज्यबाट धर्मनिरपेक्षता,
- समावेशीता सहितको राजनीतिक उपलब्धी सहितको संघीयता,
- संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार क्षेत्रको व्यवस्था,
- अवशिष्ट अधिकार संघमा रहेको,
- आत्मनिर्णयको अधिकार नरहेको,
- अनुभवको कमी र नियत संघीयता कार्यान्वयनका जटिलता,
- दोहोरो साझा अधिकारबाट सिर्जना हुने जटिलता,
- तीनै तह कोही कसैको मातहत हैनन वरु सबै संविधानका मातहत हुन्

## राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड

संविधानको भाग ५ धारा ५६ देखि ६० सम्म

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ।
- नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नेछन्।
- राज्यशक्तिको बाँडफाँट अर्थात अधिकारहरुको बाँडफाँट तीन तहको एकल र साझा अधिकारको रुपमा अनुसूची ५ देखि ९ सम्म गरिएको छ।

**अन्तरसम्बन्धका मूल आधार**

- सहकारिता
- सहअस्तित्व र
- समन्वयको सिद्धान्तमा आधारित। (धारा २३२)

**संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध, ऐन, २०७७ बमोजिम अन्तरसम्बन्धका आधार)**

- राष्ट्रिय एकता, गौरव र हितका विषय।
- मौलिक हकको कार्यान्वयन र नागरिकमा बीचमा समानता।
- राज्यका निर्देशक सिद्धान्त, नीति, राज्यको दायित्व, राष्ट्रिय नीतिको कार्यान्वयन।
- संविधानमा अन्तरनिहित आधारभूत मूल्य मान्यता एवं संविधानको समग्रताको सम्मान।
- सुशासन प्रवर्धन।
- प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण दीगो व्यवस्थापन र लाभको समान उपभोग।
- पारस्परिक सहयोग, सहकार्य र समन्वय।

**प्रदेश र स्थानीय तहको भूमिका**

- नेपालको राज्यशक्तिको प्रयोग गर्ने।
- स्वशासन (self rule) साझा शासन (Shared rule) गर्ने पद्धति कार्यान्वयन गर्ने
- संवैधानिक हैसियत प्राप्त सरकार।
- मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त कार्यान्वयनमा संघ जस्तै जिम्मेवारी

  धारा ५६(६): संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन्।

**अधिकारको प्रयोग**

- अधिकारको प्रयोग भन्नाले सो विषयको सञ्चालन प्रशासन गर्ने अधिकार हुने
- एउटै अधिकारभित्र पनि समतल (horizontal) र ठाडो (vertical) रुपमा प्रयोग हुने विषयवस्तु हुन सक्ने।
- साझा अधिकारमा रहेका विषयवस्तु मध्ये समतल (horizontal) र ठाडो (vertical) रुपमा प्रयोग हुने विषयवस्तुको कार्यान्वयनका लागि सिद्धान्ततः तीनै तहले कानून बनाउन सक्ने।
- समतल वा तेर्सो रुपमा प्रयोग हुनसक्ने अधिकारका लागि तीनै तहले अलग अलग कानून बनाउँदा दोहोरोपना हुनसक्ने।
- साझा अधिकारमा रहेका विषयमा संघीय कानून बमोजिम प्रदेश र स्थानीय तहले अधिकार प्रयोग गर्न सक्ने।
- अदालतलाई अधिकारक्षेत्र तोक्न सक्ने तर सोको मापदण्ड र आधार न्यायप्रशासन सम्बन्धी संघीय कानूनबाट तोकिनु पर्ने।

## कानून वा नीति बनाउँदा विचार गर्नुपर्ने

- अर्को तहको एकल अधिकारमा अतिक्रमण नगर्ने।
- लागत, दीगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले जुन तहले कार्यान्वयन गर्दा उपयुक्त हुन्छ सोही तहले कार्यान्वयन गर्ने।
- कार्यान्वयनमा दोहोरो नपर्ने गरी अर्को तहको समेत भूमिका रहने।
- प्रदेश वा स्थानीय तहले कानून वा नीति बनाउँदा संघले संविधान अनुरुप बनाएको संघीय कानूनसँग बाझिन नहुने, राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने गरी बनाउनु पर्ने।
- स्थानीय तहले पनि कानून वा नीति बनाउँदा संघ वा प्रदेशले संविधान अनुरुप बनाएको कानूनसँग बाझिन नहुने, राष्ट्रिय र प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने गरी बनाउनु पर्ने।
- मौलिक हक, संवैधानिक हक वा संघीय कानूनले दिएको हकमा प्रतिबन्ध लगाउने वा सीमा तोक्ने गरी प्रदेश र स्थानीय तहले कानून बनाउन नहुने।
- कुनै कुरालाई कसूरको रुपमा तोक्न वा कसूर तोकिएको कुरालाई कसूर नहुने बनाउन नहुने।

## एकल अधिकारको कार्यान्वयन

- जसको एकल अधिकारमा छ उसले सो विषयको कार्यान्वयन गर्न र त्यसका लागि कानून बनाउन सक्ने।
- प्रदेश वा स्थानीय तहले एकल अधिकारको प्रयोग गर्दा संघको एकल अधिकार अन्तर्गत बनेको कानून तथा संघीय नीति वा मापदण्ड अनुरुप हुनुपर्ने विषयमामा त्यस्तो संघीय कानून वा नीति मापदण्ड अनुरुप प्रयोग गर्नुपर्ने वा कानून बनाउनु पर्ने।
- एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयमा कानून बनाउँदा प्रदेशले संघको कानून अनुकूल र स्थानीय तहले संघ तथा प्रदेश कानून अनुकूल हुने गरी बनाउनु पर्ने।
- संघले आफ्नो एकल अधिकारमा परेको विषयमा प्रदेश वा स्थानीय तहलाई अधिकार दिने र प्रदेशले आफ्नो एकल अधिकारमा परेको विषयमा स्थानीय तहलाई अधिकार दिने गरी व्यवस्था गर्न सक्ने।

## साझा अधिकारको कार्यान्वयन

- संघ र प्रदेशको साझा
- तीनै तहको साझा
- प्रदेश र स्थानीय तहको साझा, संघ प्रदेश र स्थानीयको साझा ?
- एकभन्दा बढी तहको एकल
- प्रदेश वा स्थानीय तहको एकल तर कुनै संघीय नीति वा मापदण्ड अनुरुप हुनुपर्ने विषय
- साझा अधिकारमा परेको विषयमा देहायका विषय संघीय कानून बमोजिम हुने
  - कसूर र सजायको निर्धारण
  - राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचना
  - सबै प्रदेशमा समान रुपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन

- साझा अधिकारमा परेको विषयमा देहायका विषय प्रदेश कानून बमोजिम हुने
  - प्रदेशस्तरका पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन
  - शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि
  - रोजगार प्रवर्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा
  - प्रदेशस्तरको सेवा प्रवाह
  - सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन
- स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीय स्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट हुने ।

### संघीय कानूनबाटै व्यवस्थित हुने विषय

- संघको एकल अधिकारमा परेको विषय
- संघीय नीति वा मापदण्ड बमोजिम हुने विषय
- फौजदारी कसूर कायम गर्ने र सजाय निर्धारण गर्ने विषय तर प्रदेश तथा स्थानीय तहले प्रशासनिक दण्ड जरिवाना तोक्न सक्ने
- अदालत वा न्यायाधीकरण स्थापना गर्ने वा अधिकारक्षेत्र हेरफेर गर्ने विषय
- अवशिष्ट अधिकार

### एकात्मक न्यायपालिकाः विशिष्ट अवस्था

- फौजदारी कसूर र सजाय निर्धारण संघबाट
- फौजदारी कसूरको अनुसन्धान संघीय कानून बमोजिम संघीय वा प्रदेश (स्थानीय?) अधिकारी वा निकायबाट
- प्रशासनिक दण्ड जरिवाना प्रदेश वा स्थानीय तहबाट समेत
- सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तर वा स्थानीयस्तरको नियमन गर्दा छुट्टै जरिवाना तोक्न सक्ने नसक्ने ?
- प्रदेश वा स्थानीय अधिकारीले गरेको प्रशासनिक दण्ड जरिवानाको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्ने ।
- उच्च अदालतमा पुनरावेदनको व्यवस्था हुन सक्ने नसक्ने ?

### परामर्श र समन्वय

नेपाल सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नुपर्ने,–

- अनुसूची ९ मा उल्लिखित साझा अधिकारका विषयमा कानून वा नीति बनाउँदा
- राजश्वको बाँडफाँट तथा नयाँ कर प्रणाली लागू गर्ने क्रममा सो को नीतिगत विषयमा
- प्राकृतिक सोत तथा त्यसको बाँडफाँड गर्दा

- अवशिष्ट अधिकारको विषयमा कानून निर्माण गर्दा
- प्रदेश सरकारसँग सरोकार भएका अन्य विषय

नेपाल सरकारले प्रदेशसँग समन्वय र परामर्श गर्नुपर्ने,–

- अनुसूची ७ मा उल्लिखित साझा अधिकारका विषयमा
- दुई वा दुई भन्दा बढी प्रदेशको अनुरोधमा अनुसूची ६ का विषयमा कानून बनाउँदा
- राष्ट्रिय महत्वका ठूला वा अन्तरप्रदेशस्तरीय परियोजना वा कार्यक्रम सञ्चालन गर्दा
- प्रदेशले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय  योजना वा नीति बनाउँदा
- प्रदेशको अधिकार सूचीमा परेका विषयमा सन्धि वा संझौता गर्दा
- नेपाल सरकारले उपयुक्त ठहराएको अन्य विषय

नेपाल सरकारले स्थानीय तहसँग समन्वय र परामर्श गर्नुपर्ने,–

- स्थानीय तहले समेत पालना गर्नुपर्ने गरी राष्ट्रिय योजना वा नीति बनाउँदा
- नेपाल सरकारले उपयुक्त ठहराएको अन्य विषय

प्रदेशले नेपाल सरकारसँग परामर्श र समन्वय गर्ने,–

- अनुसूची ७ र ९ मा उल्लिखित विषयमा कानून वा नीति बनाउँदा

स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग परामर्श र समन्वय गर्नेः–

- अनुसूची ९ मा उल्लिखित विषयमा कानून वा नीति बनाउँदा

प्रदेशले स्थानीय तहसँग परामर्श र समन्वय गर्ने,–

- अनुसूची ९ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा

## योजना र कार्यक्रम तर्जुमा/कार्यान्वयन

- एकभन्दा भन्दा बढी प्रदेशमा पर्ने, राष्ट्रियस्तरको वा राष्ट्रिय महत्वको, जटील प्राविधिक क्षमता आवश्यक पर्ने, ठुलो लगानी आवश्यक पर्ने योजना तथा कार्यक्रम सङ्घले तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेशभित्र पर्ने, प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय र प्रदेशभित्रका एकभन्दा बढी स्थानीय तहमा पर्ने योजना तथा कार्यक्रम प्रदेशले तर्जुमा तथा कार्यान्वयन गर्ने।
- स्थानीय तहभित्र पर्ने वा स्थानीय तहले कार्यान्वयन गर्न सक्ने योजना तथा कार्यक्रम स्थानीय तहले तर्जुमा र कार्यान्वयन गर्ने।
- योजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन सम्बन्धी मापदण्ड सङ्घीय कानून बमोजिम हुने।
- सङ्घले तर्जुमा गरिदिएर प्रदेश वा स्थानीय तहले पनि कार्यान्वयन गर्न सक्ने।

## अन्तरसम्बन्धका संरचनात्मक प्रबन्ध

अन्तर प्रदेश परिषद संविधानको धारा २३४

| | | |
|---|---|---|
| गठन | प्रधानमन्त्री | – अध्यक्ष |
| | नेपाल सरकारका गृह मन्त्री | – सदस्य |
| | नेपाल सरकारका अर्थ मन्त्री | – सदस्य |
| | सम्बन्धित प्रदेशका मुख्यमन्त्री | – सदस्य |
| काम | संघ र प्रदेशबीच तथा प्रदेश–प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्ने | |
| सचिवालय | सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने र मुख्य सचिव यसको सचिव हुने। | |

राष्ट्रिय समन्वय परिषद् (ऐनको दफा १६)

| | | |
|---|---|---|
| गठन | प्रधानमन्त्री | – अध्यक्ष |
| | नेपाल सरकारका अर्थ मन्त्री | – सदस्य |
| | नेपाल सरकारका गृह मन्त्री | – सदस्य |
| | नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री | – सदस्य |
| | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री | – सदस्य |

## राष्ट्रिय समन्वय परिषदको काम

- साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमा गर्दा, प्रदेश र स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थ जोडिएको विषयमा, राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन सम्बन्धमा, अन्तरप्रदेश तथा स्थानीय तहलाई प्रभाव पार्ने कानून, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा र अन्तरप्रदेशमा सञ्चालित विकासका ठूला आयोजनाहरुको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने।
- संघीयता कार्यान्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानून तथा योजनाको समीक्षा तथा विश्लेषण गर्ने गराउने
- संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामञ्जस्यता कायम गर्न आवश्यक कार्यगर्ने।
- कानून निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई सुझाव दिने।
- नेपाल सरकार, मन्त्रिपरिषद, विषयगत समिति र प्रदेश समन्वय परिषदबाट छलफलको लागि पठाइएका विषयमा आवश्यकता अनुसार छलफल तथा समन्वय गर्ने।
- नेपाल सरकारले तोकेको निकायले संघ, प्रदेश तथा स्थानीय तहको कानूनको सम्बन्धमा अध्ययन गरी पेश गरेको प्रतिवेदन उपर अध्ययन तथा छलफल गर्ने
- प्रदेश समन्वय परिषदबाट पेश भएका विषयमा छलफल गरी सो परिषद, सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई मार्गदर्शन गर्ने।

विशेष समिति

- परिषदले आफ्नो काम कारबाही व्यवस्थित गर्न विशेष समिति गठन गर्न सक्ने .

सचिवालय तथा जनशक्ति

- परिषदको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने।
  सो कार्यालयको सचिवले परिषदको सचिवको रुपमा काम गर्ने।

## विषयगत समिति

- संघ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीच समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन विषयगत समिति रहने।

| | | |
|---|---|---|
| गठन | नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री | – अध्यक्ष |
| | प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री | – सदस्य |
| | अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष | – सदस्य |

- नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा समितिको सचिवालय रहने।
- अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको रा.प.प्रथम श्रेणीको अधिकृत समितिको सचिव हुने।

## विषयगत समितिको काम, कर्तव्य र अधिकार

- आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने।
- क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवं गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन समन्वय गर्ने।
- आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषदलाई सुझाव दिने।
- परिषदको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने।
- परिषदले तोकेका अन्य कार्य गर्ने।

### प्रदेश समन्वय परिषद गठन

| | |
|---|---|
| मुख्यमन्त्री | – अध्यक्ष |
| प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | – सदस्य |
| प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | – सदस्य |
| प्रदेश सरकारको प्रमुख सचिव | – सदस्य |
| प्रदेशभित्रका गाउँ कार्यपालिका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उप–प्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उप–प्रमुख मध्येबाट कम्तीमा एकतिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति | – सदस्य |
| प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव | – सदस्य |

### प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकार

- प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने।
- राष्ट्रिय समन्वय परिषदमा छलफल हुन उपयुक्त देखिएका विषय सो परिषदमा पठाउने।
- आवश्यकता अनुसार कुनै विषयमा समिति गठन गर्ने।
- प्रदेश र स्थानीय तह वीचको समन्वय र राजनीतिक विवाद समाधानकालागि प्रदेश कानून वमोजिम हुने भन्ने व्यवस्था संविधानको धारा २३५(२) र (३) मा व्यवस्था भएकाले सो सम्बन्धी छुट्टै कानून प्रदेश सभाले बनाउने र सो कानून वमोजिम प्रदेश सभाले समन्वय र विवाद समाधान गर्ने।

### संघीय एकाइबीच परामर्श तथा सम्पर्क

- प्रदेश वा स्थानीय तहले संघसँग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्ने।
- परामर्शका लागि प्राप्त विषय नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निरुपण गर्ने तर देहायका विषय विषयगत समितिमा पेश गर्नुपर्नेः–
  - साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन
  - अन्य प्रदेश वा स्थानीय तहबीच एकरुपता कायम गर्नुपर्ने नीतिगत विषय
  - सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने विषय
- मन्त्रालयबाट पेश भएका विषयमा विषयगत समितिले आफूले निरुपण गर्न सक्ने विषय आफैले गर्ने र निम्न विषय परिषदमा पेश गर्नुपर्नेः–
  - अन्य प्रदेशमा समेत समन्वय तथा एकरुपता कायम गर्नुपर्ने विषय
  - विषयगत समितिबाट निरुपण हुन नसक्ने राष्ट्रिय महत्वको विषय

- नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेशको सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहसँग सम्पर्क गर्नसक्ने।

### प्रतिवेदन पेश गर्ने

ऐन बमोजिम आफूले सम्पादन गरेका काम कारबाहीको सम्बन्धमा,–

- प्रदेश समन्वय परिषद र विषयगत समितिले राष्ट्रिय समन्वय परिषदमा, र
- राष्ट्रिय समन्वय परिषदले संघीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने।

### मुख्य चुनौति

- एकात्मकबाट संघीयतामा रुपान्तरण भएका कारण एकात्मक मानसिकता हावी हुने
- सामन्तवादी समाज पूजिवादमा प्रवेश गर्दै गरेको सन्दर्भमा अवशेषहरुको प्रभाव
- वाँडफाँड गरिएका अधिकारहरुको निर्क्योल संविधान आफैमा अस्पष्टता
- संविधानले प्रष्ट पारेका अधिकार पनि प्रयोगमा र पालनामा समस्या
- समयक्रममा समाधान हुदै जालान् त्यसैले समय लाग्ला, धैर्यताको खाँचो छ।
- सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा समाधान खोज्न पर्ने

### केही सम्भावनाहरू

- संघीयताको आत्मसात पहिलो शर्त हो।
- संघीय संरचनामा अपुरो छ यसमा असहमतिहरु छन्
- अधिकार र पहिचान र प्रतिनिधित्वमा समस्या छन्
- सोही संघीय संरचना बमोजिम बनेको यो ऐनले गरेका व्यवस्था उपर समेत सर्वोच्च अदालतमा मुद्दा परेर विचाराधीन छ
- सुधार गर्न पर्ने ठाउहरु धैरै छन् र अभ्यासबाटै संघीयताको विकास गर्न जरुरी छ।

# प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधानको व्यवस्था गर्न बनेको विधेयक २०७७

### संवैधानिक व्यवस्था

- संघ प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून वनाउनेछ। (यस सम्वन्धी कानून बनिसकेको अवस्था छ )
- प्रदेश, गाउपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने छ।
- विवाद समाधान गर्ने प्रकृया र कार्यविधि प्रदेश कानून वमोजिम हुनेछ भन्ने संविधानको धारा २३५(२) र (३) को व्यवस्था वमोजिम
- यो कानूनको आवश्यकता भएको छ यसकालागि संविधानको भाग ५ र भाग २० का व्यवस्था हरु र समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित संघीयता भन्ने कुरालाई पनि ध्यानमा राख्न पर्नेछ ।

### प्रस्तावना

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढिकरणका लागि संघीय इकाईको रुपमा रहेको प्रदेश तथा स्थानीय तह बीच समन्वय कायम गर्न
- त्यस्ता इकाईहरु बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधान गर्न वाञ्छनीय भएकोले,
- प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१ प्रारम्भिक

निम्न शव्दावलीको परिभाषा गरिएको छ

- “प्रदेश विषयगत समिति” भन्नाले दफा ७ बमोजिमको प्रदेश विषयगत समिति सम्झनु पर्छ।
- “प्रदेश समन्वय परिषद्” भन्नाले संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा २४ बमोजिम व्यवस्था भएको प्रदेश समन्वय परिषद् सम्झनु पर्छ।
- “विशेष समिति” भन्नाले दफा १० बमोजिम गठन भएको विशेष समिति सम्झनु पर्छ।
- “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ।
- “स्थानीय तह” भन्नाले प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।
- “राजनीतिक विवाद“ भन्नाले कुनै अदालतमा विचाराधीन रहेको विषय, अदालतबाट निरुपण गर्नुपर्ने विषय वा संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (क) बमोजिम संवैधानिक इजलासको अधिकारक्षेत्र अन्तर्गत पर्ने विषय बाहेक प्रदेश वा स्थानीय तहबीच उत्पन्न अन्य विवाद सम्झनु पर्छ। दफा ११(२)को स्पष्टिकरणमा परिभाषा गरिएको

**परिच्छेद–२ प्रदेश तथा स्थानीय तह बीचको समन्वय**

समन्वयका विषयहरु

क) संविधान बमोजिम प्रदेश र स्थानीय तहले प्रयोग गर्ने साझा अधिकारक्षेत्रको प्रयोग,

ख) आवधिक योजना व्यवस्थापन वा कार्यान्वयनमा रणनीतिक साझेदारी,

ग) नीतिगत रुपमा सामञ्जस्यता कायम गर्नुपर्ने काम कारबाही,

घ) प्राकृतिक स्रोतको उपयोग र त्यसको लाभको बाँडफाँड,

ङ) प्रदेशस्तरको निजामती सेवाको विषय,

च) कृषि उत्पादनको बजारीकरण तथा बजार सञ्चालन।

**समन्वय सम्बन्धी कार्यविधिः**

- प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्दा सम्बन्धित मन्त्रालयले सम्बन्धित स्थानीय तहमा
- स्थानीय तहले सम्बन्धित मन्त्रालयमा पत्राचार गरी समन्वयको प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

**परिच्छेद–३ प्रदेश विषयगत समिति**

| | |
|---|---|
| प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्रको जिम्मेवारी रहेको मन्त्री | – अध्यक्ष |
| प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखमध्ये अध्यक्षले तोकेको प्रमुख एकजना | – सदस्य |
| प्रदेशभित्रका नगर कार्यपालिकाका प्रमुखमध्ये अध्यक्षले तोकेको एकजना प्रमुख | – सदस्य |
| प्रदेशभित्रका गाउँ कार्यपालिकाको अध्यक्षमध्ये अध्यक्षले तोकेको एकजना | – सदस्य |
| प्रदेशभित्रका जिल्ला समन्वय समितिका उपप्रमुख, नगर कार्यपालिकाका उपप्रमुख तथा गाउँ कार्यपालिकाका उपप्रमुख मध्ये अध्यक्षले तोकेको समावेशी प्रतिनिधित्व हुने गरी तीन जना | – सदस्य |

**प्रदेश विषयगत समितिको काम, कर्तब्य र अधिकारः**

- योजना, नीति तथा कानूनको तर्जुमा गर्दा सम्बन्धित स्थानीय तहसँग परामर्श गर्ने,
- क्षेत्रगत योजना, नीति, आयोजना तथा कार्यक्रममा एकरुपता, निरन्तरता तथा गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति, आयोजना तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम व्यवस्था भएका राष्ट्रिय समन्वय परिषद, प्रदेश समन्वय परिषद तथा विषयगत समितिका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने।

**प्रतिवेदनः**

- प्रदेश विषयगत समितिले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको साउन मसान्त भित्र प्रदेश सभामुख समक्ष पेश गर्नुपर्ने छ।

- सो प्रतिवेदन प्रदेश सभामुखले प्रदेशसभामा पेश गर्नेछ।

## परिच्छेद–४ विवाद समाधान

- एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप नहुने र विवाद नआउने गरी सम्पादन गर्नु पर्नेछ।
- कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश र स्थानीय तहले वा सम्बन्धित स्थानीय तहहरुले आपसी परामर्श वा सहमतिबाट त्यस्तो विवाद समाधान गर्नुपर्नेछ।
- विवाद समाधान हुन नसकेमा सोको १५ दिनभित्र प्रदेश सभा सचिवालयमा सूचना दिनु पर्नेछ।
- उक्त सूचना प्राप्त भएको व्यहोरा प्रदेश सभा सचिालयले सभामुखलाई जानकारी गराउनेछ।
- उक्त सूचना प्रदेश सभालाई जानकारी गराउन प्रदेश सभामुखले प्रदेश सभामा पेश गर्नुपर्नेछ।
- प्रदेश सभाले त्यस्तो विवाद राजनीतिक विवाद भए वा नभएको निर्णय गर्नेछ।

### विशेष समिति गठन गर्नेः

- प्रदेश सभाले राजनीतिक विवाद भएको निर्णय गरेमा त्यस्तो विवाद समाधानको लागि प्रदेश सभाले आवश्यक कार्यादेश निर्धारण पाँचदेखि सात सदस्य रहेको एक विशेष समिति गठन गर्नेछ।
- विशेष समिति गठन गर्दा संभव भएसम्म प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी (विवादित क्षेत्रका निर्वाचित प्रतिनिधि नरहने गरी)समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।
- विशेष समितिले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।
- जिल्ला समन्वय समितिलाई पठाई सो सम्बन्धमा समन्वय तथा सहजीकरण गर्न वा सो विषयको वास्तविकता बुझी आफ्नो राय सुझाव सहितको प्रतिवेदन पेशगर्न लेखी पठाउन सक्नेछ।
- सम्बद्ध पदाधिकारीहरु र विज्ञहरुलाई वैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था समेत राखेको छ
- स्थलगत अध्ययन पनि गर्न सक्ने र विशेष समितिको वैठकको गणपूरक संख्या पचास प्रतिशत राखिएको छ

### विशेषज्ञ समूह गठन गर्ने

- विवादको अध्ययन र विश्लेषण गर्दा विवादमा कुनै कानूनी वा प्राविधिक जटिलता रहेको विषय कुनै समावेश भएको र त्यस्तो विषयमा सम्बन्धित विशेषज्ञबाट अध्ययन भई राय प्राप्त भएपछि मात्र विवादको निरुपण हुन विशेष समितिले उपयुक्त देखेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयसँग समन्वय गरी बढीमा तीन सदस्यीय सम्बन्धित विषयका स्वतन्त्र विशेषज्ञ समूह गठन गर्न सक्नेछ।
- विशेषज्ञ समूहको कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) विशेष समितिले विशषज्ञ समूह गठनगर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ।

### विवाद समाधानको माध्यमः वार्ता, छलफल र परामर्श गर्ने

- विशेष समितिले विवादका पक्षहरुसँग आवश्यक वार्ता, छलफल, परामर्श, मेलमिलाप वा सहजीकरण गर्न वा गराउन सक्नेछ।

- वार्ता, छलफल, मेलमिलाप र परामर्शको माध्यमबाट विवादको समाधान हुनसक्ने भएमा बुँदागत रुपमा समाधानका उपायहरु उल्लेख गरी विशेष समितिले प्रतिवेदन तयार गरी प्रदेश सभामुख समक्ष पेश गर्नु पर्नेछ।
- उक्त प्रतिवेदन प्रदेश सभामुखले निर्णयार्थ प्रदेश सभामा पेश गर्नेछ।

## आवश्यक निर्णय गर्न सक्ने

- वार्ता, छलफल, मेलमिलाप, सहजिकरण वा परामर्शबाट राजनीतिक विवाद समाधान हुनसक्ने सम्भावना नभएमा विशेष समितिले विवाद समाधानका उपाय र विवाद समाधानका आधार सहितको सुझावको सिफारिस प्रतिवेदन प्रदेश सभामुख समक्ष पेश गर्नेछ।
- प्रतिवेदन प्रदेश सभामुखले निर्णयको लागि प्रदेश सभामा पेश गर्नेछ।
- सभामा विचाराधीन विषय निर्णयको लागि पेश गर्न सकिने छैन।
- पेश भएको प्रतिवेदनको आधारमा प्रदेश सभाले प्रस्ताव पारित गरी उपयुक्त निर्णय गर्नेछ।
- प्रदेश सभाले गरेको निर्णय अन्तिम हुनेछ र विवादका पक्षलाई मान्य हुनेछ।

## विवाद समाधान गर्ने अवधिः

विवाद समाधान गर्ने अवधिः

- राजनीतिक विवादको सूचना दर्ता भएको नब्बे दिन भित्र त्यस्तो विवाद समाधान गर्नु पर्नेछ।
- तर विवादको सूचना दर्ता भएको सातदिन भित्र प्रदेश सभाको अधिवेशन अन्त्य भएमा वा सभाको अधिवेशन नभएको अवस्थामा दर्ता भएको विवादमा अर्को अधिवेशन शुरु भएको नब्बे दिनभित्र,

स्वतः निस्कृय हुने अवस्थाः

- विवाद समाधान नहुँदै प्रदेश सभाको पदावधि समाप्त भएमा वा प्रदेश सभा विघटन भएमा

समयावधि थप हुन सक्नेः

- विषयवस्तुको जटिलता वा काबु बाहिरको अन्य परिस्थिति उत्पन्न भई तोकिएको अवधिमा विवाद समाधान हुन नसक्ने भएमा प्रदेश सभाले प्रस्ताव पारित गरी उपयुक्त समय थप गर्न सक्नेछ

निर्णय कार्यान्वयनः

- राजनीतिक विवाद समाधानको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

## परिच्छेद–५ विविध

- प्रदेश र स्थानीय तहबीच सम्पर्क सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्नु पर्नेछ।
- कानूनी व्यवस्था, निर्णय वा आदेश कार्यान्वयनमा एक अर्काले सहयोग गर्न पर्नेछ
- प्रदेश तथा स्थानीय तह बीचको समन्वय तथा अन्तर सम्बन्धका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा लेखिएको कुरामा सोही ऐन बमोजिम हुनेछ।
- सङ्घीय कानूनमा उल्लिखित विषय बाहेक प्रदेश र स्थानीय तहबीचको समन्वय तथा विवाद निरुपण सम्बन्धमा

यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

- यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**विधेयकलाई अन्तिम रूप दिदा ध्यान दिन पर्ने विषयहरू**

- संविधानको भाग ५ भाग २० र धारा २३५(२) र (३) को मर्म आत्मसात गर्न सक्यो कि सकेन ?
- संविधानले अङ्गिकार गरेको समन्वय, सहकार्य र सहअस्तित्वको प्रतिनिधित्व गऱ्यो कि गरेन ?
- समन्वय गर्न पर्ने विषय र राजनीतिक विवादको विषयमा स्पष्टता ल्याउन सक्यो कि सकेन?
- समन्वय गर्ने र विवाद समाधान गर्ने विधि उपयुक्त भयो कि भएन ?
- विवाद समाधन गर्ने अवधि पर्याप्त छ कि छैन ?
- विशेष समितिको भूमिका र विज्ञहरुको भूमिका पर्याप्त भयो कि भएन ?
- संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ सँगको तादात्म्यता राख्छ कि राख्दैन ?
- प्रतिवेदन पेश गर्ने व्यवस्था उपयुक्त भयो कि भएन ?
- केही विषय बढी भयो वा थप्न पर्ने पो छन् कि ?

# संघीय स्वरूप र फौजदारी कानून निर्माणमा प्रदेश सरकारको भूमिका

१. संघ, प्रदेश, स्थानीय (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ जुन पारित भएको छ, यस ऐनको दफा ६ (१) (क) मा कसुर र सजायको निर्धारण संघीय कानून वमोजिम हुने उल्लेख गरेको छ। प्रदेशले वन ऐन वा कानून निमाण गर्दा वन अतिक्रमण भएको कसूरमा कसूर निर्धारण गर्न पाउनु पर्ने हो, यसमा त दण्ड पनि गर्न पाउनु पर्ने हो तर ऐनले वर्जित गर्न खोजेको देखिन्छ, यसलाई कसरी सम्बोधन गर्ने ? यस ऐनमा भएको प्रावधान कतिपय ठाउँमा संविधानको मर्म भावना समेटेको छ भने कतिपय ठाउँमा उल्लंघन गरेको देखिन्छ। संविधानको साझा अधिकारको सूचीमा भएको प्रावधान अनुसरा केही हद सम्म ऐनको व्यवस्थालाई लागु गर्न सकिएला तर प्रदेशको एकल अधिकारको अनुसूचीमा भएको व्यवस्था अनुसार ऐनको व्यवस्था स्वीकार्य हुने अवस्था छैन।

२. दण्ड विनाको कानूनको औचित्य हुँदैन। प्रदेश सभाले फौजदारी दायित्व हुने गरी दण्ड तोक्न नपाउने हो भन्ने कानून बनाएर के गर्ने। संघ, प्रदेश र स्थानीय (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ मा फौजदारी दायित्व संघलाई मात्र हुने, प्रदेशलाई नदिने भनेको छ, यसरी हो भने उद्योग, वातावरण सम्बन्धी कानून निर्माण गर्दा फौजदारी दायित्व बिनाको कानूनको कुनै औचित्य नै हुदैन।

३. संघको अधिकारको सूचीमा क्र.सं. ३० मा फौजदारी, देवानी कानूनको निर्माण भन्ने रहेको छ। यो भनेको के हो ? प्रदेशको अधिकारको अनुसूची को क्र.सं. ४ मा घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना रहेको छ।

४. प्रदेशले आफ्नो सूची भित्रको कानून बनाउदा खेरी, जस्तै वन सम्बन्धी कानून। वन व्यवस्थापन गर्न प्रदेशको एकल अधिकार हो , सोको कानून निर्माण गर्दा यदि कसैले वन फडानी, वा अन्य अपराधिक कार्य गरेको रहेछ भने त्यो हदसम्मको दण्ड जरिवाना वा सजाय गर्नु प्रदेश भित्र कै अधिकार हो। प्रदेशले कानून बनाउँदा दण्ड जरिवाना वा सजाय सहितको कानून निर्माण गर्न पाउनु पर्ने हो। Division of power को Dispute Settlement df Doctrine of pith and substance भन्ने सिद्धान्त रहेको छ। यस सिद्धान्त बमोजिम उद्योग, वन लगायत Province को Exclusive power भित्रको कानूनमा दण्ड जरिवाना वा सजाय सहितको कानून निर्माण गर्न पाउछ। Doctrine of pith and substance सिद्धान्तले मान्यता दिन्छ।

५. Province को Exclusive power भित्रको कानून निर्माण गर्दा चाहे त्यो वन सम्बन्धी होस वा अन्य क्षेत्र सम्बन्धी होस सोको विषयमा व्यवस्थापन र संरक्षणको लागि शतप्रतिशत दण्ड, जरिवाना, सजाय सहितको कानून निर्माण गर्न आवश्यकता अनुसार पाउने अधिकार राख्द छ। त्यो Implied power हो। यो कुनै पनि विश्वको संघीय राज्यमा division of legislative power रहेको हुन्छ। प्रदेशले कानून निर्माण गर्दा कानूनलाई पूर्णता दिनको लागि दण्ड गर्नु पर्‍यो, जरिवाना गर्नु पर्‍यो, सजाय गर्ने पर्‍यो भने सो सहितको व्यवस्था राख्न पाउछ। प्रदेशले यदि यो व्यवस्था राखेन भने कानूले पूर्णता पाउदैन। कानून नै काम लाग्दैन्। Doctrine of pith and substance को मूल मर्म यहि नै हो। संघले मात्र दण्ड सजायको अधिकार राख्नु सिद्धान्त विपरित हुन्छ, यो गलत अभ्यास हो।

६. प्रदेश प्रहरी समायोजन भएर प्रदेश प्रहरी समायोजन भएर आए पश्चात प्रहरीले मानिस समातेर ल्यायी सरकारी वकिलमा लगेर बुझाउने, अनि प्रदेशलाई कुनै पनि कार्यमा सहभागी नगराउने, मुख्यमन्त्री केहि भन्न नपाउने हो ? प्रदेशको गृह तथा कानून मन्त्री, मुख्य न्यायाधिवक्ता कसैको केही भूमिका नहुने बरु संघीय सरकारको आदेश नै चल्ने अवस्था हुन्छ। यसलाई कसरी समन्वय गर्ने ? समात्ने एउटा सरकार र मुद्दा चलाउने अर्को सरकारको संयन्त्र, यो मिलेको छ त ?

७. सामान्य ल एण्ड अर्डरको सिद्धान्त बमोजिम प्रदेश कै प्रहरी हुने। प्रदेश प्रहरीले शान्ति अमनचयन र स्थानीय स्तरको फौजदारी मुद्दामा अनुसन्धान गर्न पाउने। संविधानको अनुसूचीले पनि प्रदेश प्रहरी हुने र प्रहरीको अधिकारक्षेत्र भनेको शान्ति अमन लगायत अनुसन्धान गर्ने लगायतका अधिकार प्रत्यायोजित गर्ने भन्ने छ। मुद्दा मामिलाको अधिकार समेत दिनु पर्ने हुन्छ। Traditional Crime को मुद्दा प्रदेशमै हुनु पर्ने हुन्छ। संघ सरकारको International, national, Inter provincial, money laundry, white color crime etc अधिकारक्षेत्र भित्र पर्दछ। संघले कुन कुन प्रकृतिको मुद्दा हेर्ने, प्रदेशले केके कुन प्रकृतिको मुद्दा हेर्न पाउने भन्ने विषयमा अन्तरकृया हुन आवश्यक छ। यो विषय अदालत पनि गएको छ। व्याख्या हुने विषय बाँकी नै छ तर प्रदेशले Prosecution को अधिकार नदिई शान्ति सुरक्षाको कार्यभार पूरा गर्न सक्दैन। यो भनेको त प्रदेशले आफ्नो एकल अधिकार भित्रको अधिकार उपभोग गर्न नपाउने भयो। के प्रदेश भनेको पुलपुलेसा, बाटोघाटो मात्रै निर्माण गर्ने हो र ? यदि यहि हो भने प्रदेश नभएर एउटा विकासको एकाई मात्रै हुन्छ।

८. मुख्यमन्त्रीलाई घेराउ गर्दा मुख्यमन्त्रीले प्रहरी बोलाएर अभियोग लगाउ मुद्दा चलाउ भन्न नसक्ने हो ? यो गलत अभ्यास हो। यो संघीयताको मर्म र भावना विपरित अभ्यास भएकोले यसले संघीयतालाई समाप्त पार्छ। प्रदेशले कानून बनाउदै जाने हो दण्ड, सजाय सहितको। प्रदेशले फौजदारी दायित्व सहित कै कानूनहरु निर्माण गरिरहेको छ। हो कर्मचारीतन्त्रले यस विषयमा सहयोग नगर्ने अथवा मस्यौदामा सकभर हस्ताक्षर गर्न नपरे हुन्थ्यो भन्ने हिसावले कुरा राख्छन्। हुन त राजनीतिक रुपान्तरण गर्नको लागि कर्मचारीतन्त्रबाट धेरै अपेक्षा पनि गर्नु हुदैन। कर्मचारीतन्त्रको मूल चरित्र भइरहेकै अवस्था भित्रै आफ्नो स्पेस खोज्ने हो। प्रयोग गरी रहेको अधिकार कुनै न कुनै रुपमा आफूसँगै आईपुगोस भन्ने मनोविज्ञान हो। भोली फर्केर संघमा जाँदा आफनो करियर माथि कुनै असर नपरोस भन्ने भाव राख्नु स्वनभाविक पनि हो। तर, मेरो बुझाइमा संविधानले बोकेको मूल्य त्यस्तो छैन। अन्तरराष्ट्रिय अभ्यासको आधारमा अन्तरकृया गरेर अगाडि बढनुपर्छ। यस विषयमा संविधानिक प्रावधान भन्दा पनि हाम्रो सोचाईमा ग्याप छ। यसकारण यो विषयमा छलफल हुन आवश्यक थियो। यसका साथै मुलुकी अपराध संहिता मै प्रदेश र संघको अधिकारक्षेत्र सहितको व्यवस्था राख्नु पर्ने हुन्छ। यस विषयमा समेत संघसँग प्रदेशले negotiation गर्नु पर्ने हुन्छ। यो यो फौजदारी मुद्दामा संघले मुद्दा चलाउने, यो यो विषयमा प्रदेशले मुद्दा चलाउन पाउने क्षेत्रअधिकार मुलुकी अपराध संहिता मै हुनु पर्छ। भारतमा पनि panel code छ। सोही अनुसार नेपालको panel code निर्माण भएको हो। भारतको panel code ले traditional cases, धरपकड गर्ने, मुद्दा चलाउने अधिकारहरु केन्द्रले प्रान्तलाई दिएको छ। Tele communication, banking offence, money laundry offence etc को कुरा हरु केन्द्रलाई हुन्छ। यो यो विषयमा प्रदेशले मुद्दा चलाउने भन्ने विषयमा संघले प्रदेशलाई किटान गरी अधिकार दिनु पर्ने हुन्छ।

९. सबै तहमा संघीयताको साक्षरता पुगेको छैन। तहगत सरकारको अधिकार क्षेत्रको विषयमा संघीयता साक्षरता अभियान सञ्चालन गरेर अनि मात्र केहि कुरा बुझाउन सकिने अवस्था हुँन्छ। हाम्रो अन्तरकृया समेत पुगेको छैन। यो गोरेटो कोर्ने बेलामा हामीले अन्तरक्रिया गरेर बाटो निर्माण गर्नु पर्छ हैन भने राम्रो नतिजा दिदैन। संघीयता हाम्रो लागि नौलो विषय भएको कारण र त्यसको मूल्यलाई आन्तरिकीकरण गर्न नसकेको कारणले

देखिएको समस्या हो। विश्वसनीयताको समस्या देखियो। संविधानको अख्तियारीमा समस्या छैन केवल बुझाई र नियतमा समस्या देखिएको छ। हाम्रो दृष्टिकोणमा दीर्घकालीनपन देखिएको अहिलेको चुनौतीको विषय छ। राजनीतिक अस्थिरताले तदर्थ निणर्य गर्ने अवस्थामा पुऱ्याउदो रहेछ। संविधानमा प्रदेशको संरचना धेरै बलियो संरचनाको परिकल्पना गरिएको देखिन्छ।

१०. अहिले संघीयता काम लाग्ने भएन। यसले खासै काम गरेको जस्तो देखिएन भन्ने गुनासाहरु आइरहेको अवस्थामा। संघीयताको मूल मर्म अनुसारको कानून निर्माण गर्न प्रदेश सभाले पाउने अवस्था कसरी सिर्जना गर्न सकिन्छ ? जनताको दैनिक जीवनमा तात्विक भिन्नता ल्याउन सक्ने गरी सामाजिक र आर्थिक रुपान्तरणका लागि फौजदारी दायित्व रहने गरी कानून निर्माण गर्ने प्रदेश सभाको अधिकार माथि अंकुश नलगाइयो।

# संसदीय समितिको भूमिका

## विभिन्न राज्य प्रणालीमा संसदीय समिति

- एकात्मक
- सङ्घीय
- संसदीय (एक सदनात्मक/द्वीसदनात्मक)
- राष्ट्रपतीय

## समितिका प्रकार

- विषयगत स्थायी समिति
- विशेष समिति
- संयुक्त समिति

## समितिको महत्व

- सदस्यहरुले बोल्नका लागि पर्याप्त समय पाउन सक्ने
- छलफल खुल्ला हुन सक्ने
- विज्ञहरुबाट सुझाव प्राप्त गर्न सकिने
- सरोकारवालाहरुसँग छलफल गर्न सकिने
- सचिवालयबाट आवश्यक सहयोग प्राप्त हुने
- सामान्यतया निर्णयहरु सहमतीय आधारमा हुने
- सभालाई शो रुम र समितिलाई वर्कशप भन्न सकिने
- समितिलाई मिनी पार्लियामेण्ट पनि भनिन्छ
- अमेरिकी विद्वान विड्रो विल्सनको भनाइमा सभा भनेको समितिहरुको संयुक्त रुप हो।

## हाम्रो मुलुकमा प्रदेश सभाको समिति निर्माणका आधार

- संवैधानिक व्यवस्था (धारा १९३)–प्रदेश सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बमोजिम सभा सञ्चालन र समिति वा विशेष समिति गठन गर्न सक्ने।

## समितिको काम

- विधायन, कानून निर्माण,
- सरकारको नीति तथा कार्यको निगरानी

**विधेयकहरू**

- मूल विधेयक
- संशोधन विधेयक

**समितिमा विधेयक उपर छलफल प्रक्रिया**

- सैद्धान्तिक तथा नीतिगत छलफल (सरकारसँग)
- संशोधन प्रस्तावहरु प्रस्तुति
- विचारविमर्श कार्यक्रमहरु
- दफावार छलफल

**सैद्धान्तिक तथा नीतिगत छलफल**

- अवधारणा,
- उद्देश्य, प्रस्तावना
- आवश्यकता र औचित्य
- मानव संशाधन र संरचनागत व्यवस्था
- आर्थिक व्ययभार

**संशोधन प्रस्ताव**

- सैद्धान्तिक र नीतिगत आधारमा प्रस्तावको औचित्यता

**विचारविमर्श कार्यक्रमहरू**

- विषयविज्ञसँग
- सरोकारवालासँग
- कार्यान्वयनकारी निकायसँग
- जनस्तरमा सार्वजनिक सुनुवाइ
- सामाजिक सञ्जालको प्रयोग

**दफावार छलफलः ध्यान दिनुपर्ने विषयवस्तुहरू**

- प्रस्तावना
- परिभाषा
- विधेयकको संरचनागत व्यवस्था
- संस्थागत संरचना र मानव संशोधनको व्यवस्था
- आर्थिक व्यवस्था र कोष एवं व्ययभारको अवस्था
- कसूर र दण्ड सजाय सम्बन्धी व्यवस्था

- प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रावधान (सारवान/प्रक्रियागत)
- संविधान तथा अन्य सान्दर्भिक कानूनहरु
- दफाहरु बीच पारस्परिक तादात्म्यता
- प्रस्तावित दफाहरुमा औचित्यपूर्ण संशोधन
- कानून निर्माणका आधारभूत तत्वहरु
- खारेजी र बचाउ

## प्रतिवेदन तयारी

- विषय सम्बद्ध मन्त्रालय, कानून विषय हेर्ने मन्त्रालय र समिति सचिवालय बीच समन्वयमा समितिको निर्णयमा आधारित भई मस्यौदा लेखन
- आनुषंगिक सुधार।

## प्रतिवेदन पारित

- मस्यौदा प्रतिवेदन समिति सदस्यहरुलाई वितरण
- छलफल र पारित
- समितिद्वारा सभामा प्रतिवेदन पेश।

## नीतिगत निगरानी

- बनेका कानूनहरुको कार्यान्वयन मापन एवं मूल्याङ्कन
- सार्वजनिक खर्चको पुनरावलोकन
- वार्षिक वा आवधिक सरकारी नीति तथा कार्यक्रमको अनुगमन
- समसामियक घटनाहरुको अध्ययन, अनुगमन
- सभामा प्रस्तुत विभिन्न प्रतिवेदन (आयोग, समिति लगायतको) उपर छलफल
- नीतिगत निगरानीका लागि सभाले तयार गरेको कानूनी प्रवन्ध (नियमावली/निर्देशिका आदि) मा आधारित भई नीतिगत निगरानीको कार्यलाई वैज्ञानिक र विश्वसनीय बनाउने।

# प्रदेश कानून कार्यान्वयनमा न्यायपालिकाको सान्दर्भिकता तथा अन्य संघीय मुलुकका अभ्यास

## १. प्रदेश र न्यायपालिको सम्बन्ध

नेपालको संविधान, २०७२ ले नेपाललाई सङ्घीय स्वरुपमा परिणत गरेपनि नेपालको न्यायपालिकालाई एकीकृत संरचनामै राखेको छ। सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुका न्यायाधीश तथा कर्मचारीहरुको नियुक्ति, सरुवा वढुवा तथा अनुशासनात्मक कारवाही लगायतका सम्पूर्ण कामकारवाही न्याय परिषद् तथा न्याय सेवा आयोगले गर्ने व्यवस्था छ। जहाँ प्रदेश सरकार वा प्रदेश सरकारको कुनै पनि निकायको समावेशीकरण, परामर्श वा समन्वय हुने व्यवस्था रहेको देखिदैन। हुनलाई संविधानले प्रदेश न्याय सेवा आयोगको परिकल्पना गरको भए पनि काम कर्तव्य र अधिकार चाहिँ संघीय कानूनबमोजिम हुने भन्ने कुरा संविधानको धारा १५६ मा उल्लेख गरेको छ र हालसम्म सङ्घीय सरकारले यस सम्बन्धी विधेयक संसदमा दर्ता गरेको अवस्था छैन। प्रादेशिक संरचनामा गइसकेपछि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाको बीचको अन्तरसम्बन्ध तथा शक्ति सन्तुलनको उचित व्यवस्था गर्नु पर्ने पनि सङ्घीय अवधारणा वमोजिम हो। नेपालको सङ्घीय संरचनामा प्रदेश स्तरमा न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिका बीचको सम्बन्ध विस्तारको वारेमा आगामी दिनमा समेत छलफलबाट निकास निस्कने तथा न्यायिक र बौद्धिक वृत्तमा छलफल र वहसका लागि केही बुंदाहरु यस प्रकार राख्न चाहन्छु।

१. प्रदेश सरकारले गरेका कामकारवाही तथा प्रदेश विधायिकाले वनाएका कानूनको वारेमा जिल्ला अदालत, उच्च अदालत वा सर्वोच्च अदालतमा प्रश्न उठाउन पाइने व्यवस्था छंदैछ।सोहि वमोजिम प्रदेश दुईमा समेत विभिन्न व्यक्ति वा निकायले प्रदेश सरकार र प्रदेशसभालाई विपक्षी बनाई विभिन्न मुद्दाहरु हाल्दै आएका छन्। जस्तै महिलाहरुले खेल्ने तेक्वान्दो खेलसम्बन्धी मुद्दाको मुद्दा र यसका साथै गतवर्षको प्रदेश सरकारको ८६ करोडको भुक्तानी सम्बन्धी मुद्दामा उच्च अदालतको फुल बेन्च बसेर सुझाव समेत दिएको छ, कर्मचारीहरुको सरुवा तथा पदस्थापन सम्बन्धी ५० वटा भन्दा बढी मुद्दा प्रदेश सरकारले खेप्दै आएको छ सो मुद्दामा मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्दै आइरहेको छ। त्यस्तै प्रदेश सरकार आफैले पनि संघीय सरकारलाई विपक्षी वनाई विभिन्न मुद्दाहरु हालेका छन् जस्तै १. सागरनाथवनको व्यवस्थापन संघले गर्ने विरुद्धको मुद्दा, २. वन ऐन, २०७६ संविधानसँग प्रत्यक्ष बाझिएको विरुद्धको मुद्दा, ३. एक पटक समायोजन भईसकेका कर्मचारीहरु अन्तर प्रदेश पुनः समायोजन भइरहेको मुद्दा ४. प्रहरीको आवेदन संघले आह्वान गरेको विरुद्धको मुद्दा ५. संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी सङ्घीय संसदले पारित गरेको ऐन विरुद्धको मुद्दा र ६. प्रदेश सरकारलाई हस्तांतरण भएका भौतिक पूर्वाधार संघले फिर्ता माग गरेको विरुद्धको मुद्दा सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासमा।

२. कानूनी शासन कायम गर्ने सिलसिलामा प्रदेश सरकारले गरेका अनधिकृत तथा गैरकानूनी कामकारवाही वा प्रदेश सभाले वनाएका कानून, नियमहरुको वैधानिकता परीक्षण समेत उच्च अदालतहरुले गर्दै आएका छन्।

३. कोभिड१९ नियन्त्रण, उपचार तथा व्यवस्थापनका सन्दर्भमा जनकपुर उच्च अदालतको वीरगंज इजलासको आदेशले समेत प्रदेश सरकारको जवाफदेहिता निर्माणमा ठूलो भूमिका खेलेको छ (महत्वपूर्ण आदेश)।

४. तर प्रदेश सरकार वा प्रदेश व्यवस्थापिकाको प्रदेश उच्चअदालतसँग सम्बन्ध स्थापित गर्ने कुनै संयन्त्र बनेको देखिदैन । न त न्यायाधीश नियुक्ति, सरुवा वढुवा वा अन्य काम कारवाही गर्ने कामको लागि बन्ने न्यायपरिषदमा प्रदेश सरकारको कुनै सहभागिता, समन्वयवा परामर्श गर्ने व्यवस्था छ न त प्रदेश स्तरमा नियमित रुपमा उच्च अदालत र प्रदेश सरकार वा प्रदेश व्यवस्थापिकाको बीचमा कुनै किसिमको छलफल वा परार्मश गर्न सकिने औपचारिक संयन्त्रको निर्माण हुन सकेको छैन । यसबाट प्रदेश स्थित न्यायपालिका प्रदेश सरकारमाथिको नियन्त्रणकारी संयन्त्रको रुपमा मात्र रहने आभाष भविष्यमा नहोला भन्ने अवस्था छैन। तर कानूनीरुपमा बृहत् छलफल र परामर्श गरी यस्तो संयन्त्र वनाउनै नसकिने अवस्था पनि देखिदैन। यसकारण आजको छलफलले त्यस्ता संयन्त्रका संभावनाहरुको केही उदाहरण छलफलका लागि प्रस्तुत गरेको छु।

५. मैले यति भनिराख्दा प्रदेश २ सरकार र न्यायापालिका बीच अनौपचारिक र औपचारिक रुपमा अन्य प्रदेशको तुलनामा सबैभन्दा सुमधुर र घनिष्ठ सम्बन्ध र एकअर्काप्रति न्यानोपन छ। न्यायालयको भौतिक सौन्दर्यीकरण, छलफल, संवाद अन्य प्रदेशका लागि पनि उदाहरणीय छ।

६. न्याय क्षेत्रका सम्बन्धित सरोकारवालाहरुको बीच परामर्श हुने र न्याय क्षेत्रका लागि आइपर्ने समस्याहरु निप्टारा गर्ने परामर्श थलोको रुपमा केन्द्रीय न्याय क्षेत्र समन्वय समिति, उच्च अदालत न्याय क्षेत्र समन्वय समिति तथा जिल्ला अदालत न्याय क्षेत्र समन्वय समितिको व्यवस्था सम्बन्धित अदालतको नियमावलीले गरेको छ । जहाँ सर्वोच्च अदालत न्याय क्षेत्र समन्वय समितिमा कानून तथा न्याय मन्त्रालयको सचिवको प्रतिनिधित्व राखिएको छ त्यहीँ उच्च अदालत न्याय क्षेत्र समन्वय समितिमा भने प्रदेश सरकारको कुनै पनि मन्त्रालयको प्रतिनिधित्व रहने व्यवस्था छैन । साथै सर्वोच्च अदालत न्याय क्षेत्र समन्वय समितिमा महन्यायाधिवक्ताको कार्यालयको समेत प्रतिनिधित्व राखिएको छ भने उच्च अदालत न्याय क्षेत्र समन्वय समितिमा मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रतिनिधित्व राखिएको छैन। उच्च अदालत न्याय क्षेत्र समन्वय समितिमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई राख्ने व्यवस्था प्रदेशको अस्तित्वलाई स्वीकार नगरेको जस्तो देखिन्छ। (सर्वोच्च अदालत नियमावली २०७४ को नियम ११७ र उच्च अदालत नियमावली १६६) । यसकारण यो संसोधन गर्ने हो कि ?

७. उच्च अदालतलाई सम्बन्धित प्रदेश स्थित जिल्ला अदालतलाई निरीक्षण, अनुगमन र निर्देशन दिने अधिकार दिइएको छ। न्यायपालिकाको कामकारवाही चुस्त दुरुस्त र प्रभावकारी बनाई न्यायपालिकाप्रतिको जनविश्वास अभिवृद्धि गर्न यस्तो अनुगमन र निर्देशनलाई प्रभावकारी बनाइनु पर्दछ। प्रदेश सरकारले गरेका कामकारवाही, प्रदेश संसदले बनाएका ऐन कानूनहरुको विरुद्ध कस्ता प्रकृतिका मुद्दाहरु उच्च अदालतमा आउने गरेका छन र यसमा प्रदेश सरकार वा प्रदेश संसदले अपनाउनुपर्ने सतर्कताको लागि प्रदेश स्तरमा उच्चअदालत तथा प्रदेश सरकार र प्रदेश संसदको प्रतिनिधित्व भएको एक उच्च स्तरीय संयन्त्रको आवधिक छलफल वैठक गर्न सकियो भने राम्रो शुरुवात हुनेछ साथै प्रदेश सभाले वनाउने कानूनहरु न्यायासंगत बन्छ । जस्तै प्रदेश सभाका विभिन्न समितिहरुले छलफल गरी राय लिने साथै यस्तो वैठकमा न्यायपालिकामा रहेका मुद्दाहरु सम्बन्धमा प्रवृत्तिगत गुनासोहरु प्रदेश सरकारकोमा आएको भए यसलाई समाधान गर्न समेत आपसी छलफल गर्न सकिन्छ। अदालतको फैसला कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकारको समेत कतिपय भूमिका रहने हुन्छ र यस्तो वैठकमा ति छलफलले मद्दत गर्नेछ।

८. मुख्यन्यायाधिवक्ताको कार्यालयलाई समेत प्रदेश सरकारसँग सम्बन्धित मुद्दाहरुको फैसला कार्यान्वयनको स्थिति अनुगमन गर्ने अधिकारक्षेत्र मुख्यन्यायाधिवक्ताको काम, कर्तृव्य र अधिकार सम्बन्धी ऐनले दिएको

छ। साथै सम्बन्धित प्रदेशको हिरासत तथा कारागार अनुगमनको समेत अधिकार मुख्यन्यायाधिवक्तालाई दिइएको छ। तसर्थ फैसला कार्यान्वयन तथा हिरासत र कारागार अनुगमन सम्बन्धमा एक अर्काको अनुभव र चुनौति तथा त्यसमा प्रदेश सरकारले गर्नुपर्ने भूमिकाको सन्दर्भमा छलफल गर्न आवधिक परामर्श वैठकको आयोजना गर्न सकिन्छ  वा सँयुक्त रुपमा कारागार निरीक्षण गर्ने र फैसला कार्यावन्यन अनुगमन समिति वनाउने आदि।

९. संविधानको धारा १५६ वमोजिम प्रदेश न्याय सेवा आयोग प्रदेश सरकारले बनाउन सक्ने व्यवस्था छ तर त्यसको लागि आवश्यक संघीय कानून निर्माण नभएकोले हालसम्म सो आयोग बनाउन सकिएको छैन। यस सम्बन्धमा सङ्घीय कानूनको निर्माण गर्न माग गर्दै सर्वोच्च अदालतमा एक रिट निवेदन समेत परेको छ। आशा गरौ सङ्घीय कानून बनेर प्रदेश न्याय सेवा आयोगको गठन हुनेछ र यसले समेत आफनो अधिकारक्षेत्रभित्रको कामकारवाहि संचालन गर्नेछ।

## २. विश्वका केही संघीय मुलुकहरूमा संङ्घीय र प्रान्तीय क्षेत्राधिकार सम्बन्धमा रहेका कानूनी प्रावधान तथा अभ्यासहरू

१. अमेरिकामा रहेको अभ्यास हेर्दा एउटा प्रदेशको कानून अर्को प्रदेशसँग मिल्न जरुरी छैन, त्यसकारण एउटा प्रदेशमा कानूनको अभ्यास गर्न प्रमाणपत्र पाएका वकिलहरुले अर्को प्रदेशमा कानून व्यवसाय गर्ने प्रमाणपत्र स्वतः पाउँदैनन्। अमेरिकामा संघीय अदालतले प्रान्तको र प्रान्तले संघीय सवालहरुको मुद्दा पनि हेर्न सक्छ। प्रान्तीय अदालतहरुले संघीय अदालतहरुको भन्दा ३० गुना बढी  मुद्दा हेर्छ। अमेरिका मुद्दाको पक्ष रहेको र अमेरिकी संविधानको सवाल संलग्न रहेको विषयहरुमा  मुद्दा हेर्ने अधिकार संघीय अदालतको हुन्छ। टाट पल्टेको कानून, कपीराइट सम्बन्धी मुद्दा तथा समुद्री कानूनको विषयमा पनि संघीय अदालतको क्षेत्राधिकार हुन्छ। संघीय सरकारले व्यापारको नियन्त्रण,  युद्धको घोषणा गर्ने क्षेत्राधिकार राख्छ। कर लगाउने अधिकार दुबै सरकारलाई हुन्छ। विभिन्न प्रान्तको नागरिक संलग्न रहेको मुद्दामा यदि बिगोको रकम ७५,००० डलर भन्दा माथि रहेको छ भने त्यो मुद्दा पनि संघीय अदालतले हेर्छ। समान मुद्दामा पनि प्रान्तीय न्यायाधीशहरु संघीय अदालतका न्यायाधीशहरुको व्याख्यासँग असहमत पनि हुनसक्छन्।

२. २० औं शताब्दी शुरु भएपछि अमेरिकामा व्यापार अन्तर्गत पहिले नियमन धारा अन्तर्गत रहेको व्यापारका विषयहरु पनि संघीय सरकारको क्षेत्राधिकारको रुपमा प्रयोग भैरहेको छ। कुनै कुनै विषयमा दुबै अदालत – प्रान्त र संघीय अदालतलाई क्षेत्राधिकार प्राप्त हुन्छ जस्तो कि दुई प्रान्तका नागरिक संलग्न रहेको मुद्दा प्रान्तीय वा संघीय कुनै अदालतले पनि हेर्न सक्छ। कुन अदालतमा मुद्दा हाल्ने कुराको निर्णय वादीले गर्न सकछ। संघीय अदालतमा मुद्दा चलाउने प्रक्रिया केही महंगो हुन्छ।

३. भारत, अष्ट्रेलिया तथा क्यानाडाले सबै तहमा आवश्यक संख्यामा अदालतहरुको स्थापना गरेका छैनन् तर अमेरिकाले भने सबै तहमा अदालतहरुको स्थापना गरेको छ। अमेरिकामा संघीय अदालतले आफ्नो कार्यविधि निर्धारण गर्दछ भने प्रान्तीय अदालतले आफ्नो कार्यविधि निर्धारण गर्दछ। संघीय अदालतहरुको अधिकार विगतका वर्षहरुमा बढे पनि संघीय सवालहरुमा संघीय अदालतहरुले मात्रै आफ्नो क्षेत्राधिकार राख्दैनन्। झण्डै ९५ प्रतिशतभन्दा फौजदारी मुद्दाहरुको कारवाही प्रान्तीय अदालतहरुमा हुन्छन्। अमेरिकामा संघीय अदालतलाई विस्तृत न्यायिक अधिकार नदिइनुको पछाडि अवशिष्ट अधिकार प्रान्त अथवा जनतामा रहेको अवधारणाअनुकूल रहेको अर्थ लगाइन्छ। जुन देवानी मुद्दाहरु संघीय अदालतहरुमा दायर गर्न सकिन्छ, ती मुद्दाहरु प्रान्तीय अदालतहरुमा पनि दायर गर्न सकिन्छ। अमेरिकामा १७८९ पछि संघीयताको सवालमा द्वन्द्व

उत्पन्न हुँदैआएको छ। राष्ट्रवादीहरुले काँग्रेसमा संघीय संरचनाको अधिकार बढाउने कोशिश गर्दै आएका छन् भने प्रान्तको वकालत गर्नेहरुले प्रान्तको अधिकार बढाउनको लागि प्रयास गर्दैआएका छन्।

## क्यानाडा र अमेरिकामा रहेको व्यवस्थाको तुलना

१. विवाह र सम्बन्ध विच्छेद एवं फौजदारी अपराध क्यानाडामा संघीय सरकारको अधिकार क्षेत्रको विषयहरु रहेका छन् भने अमेरिकामा यी विषयहरु प्रान्तीय सरकारक विषयहरु रहेका छन्। त्यसैगरी श्रम कानून तथा अङ्गीकरणका विषयहरु क्यानाडामा प्रान्तीय विषयहरुको रुपमा रहेका छन्।

२. क्यानाडाका प्रान्तहरुलाई अमेरिकी प्रान्तहरुको तुलनामा स्थानीय व्यापारका क्षेत्रमा धेरै नै एकल अधिकार प्राप्त रहेको देखिन्छ। संघीय सरकारलाई प्रान्तहरुको सहमतिविना आर्थिक नीति तथा समाधानहरु गर्ने प्रभावकारी अधिकार रहेको देखिदैन । तुलनात्मकरुपमा अमेरिकी कांग्रेसलाई प्रायः सबै आर्थिक क्रियाकलापहरु नियमितगर्ने अधिकार प्राप्त रहेको देखिन्छ।

३. अमेरिकामा संघीय सरकारलाई लेखिएको अधिकार दिने र अवशिष्ट अधिकार प्रान्तलाई दिने योजनाको साथ व्यवस्था गरियो भने क्यानाडामा लेखिएको अधिकार प्रान्तलाई दिने र अवशिष्ट अधिकार केन्द्रलाई दिने योजनाका साथ कानूनी व्यवस्था गरियो। दुबै मुलुकमा अवशिष्ट अधिकार हुने सरकारले बढी भूमिका खेल्ने अपेक्षा गरिएको थियो। तर अमेरिकी संविधानमा भएको दशौं संशोधनले संघीय सरकारले नलिएको विषयमा मात्र प्रान्तलाई अधिकार दिने भनेर अवशिष्ट अधिकारमा कटौती गरियो। अन्तरप्रान्तको व्यापार नियमित गर्ने अधिकार पनि कांग्रेस (संसद) लाई दिइयो। अमेरिकामा प्रान्त र संघको अधिकारबीच कहिलेकाहीँ फरक निर्णयहरु हुनेगरेको देखिएको छ।

